# चितवनको साहित्यिक उन्नयनमा साहित्य सङ्गम चितवनको योगदान

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत

वीरेन्द्र बहुमुखी क्याम्पस भरतपुर नेपाली विभागको स्नातकोत्तर

तह (एम.ए.) दोस्रो वर्षको दसौं पत्रको

प्रयोजनका लागि प्रस्तुत

## शोधपत्र

**शोधार्थी**

निर्मलादेवी शर्मा

वीरेन्द्र बहुमुखी क्याम्पस, नेपाली विभाग

भरतपुर, चितवन

२०६७

# चितवनको साहित्यिक उन्नयनमा साहित्य सङ्गम चितवनको योगदान

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत
वीरेन्द्र बहुमुखी क्याम्पस भरतपुर नेपाली विभागको स्नातकोत्तर
तह (एम.ए.) दोस्रो वर्षको दसौं पत्रको
प्रयोजनका लागि प्रस्तुत

## शोधपत्र

**शोधनिर्देशक**
विष्णुप्रसाद सापकोटा
उपप्राध्यापक


**शोधार्थी**
निर्मलादेवी शर्मा
वीरेन्द्र बहुमुखी क्याम्पस, नेपाली विभाग
भरतपुर, चितवन
त्रि.वि. दर्ता नं. ४१२१८-९५


२०६७

# शोधनिर्देशकको मन्तव्य

**चितवनको साहित्यिक उन्नयनमा साहित्य सङ्गम चितवनको योगदान** शीर्षकको प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत वीरेन्द्र बहुमुखी क्याम्पस भरतपुर, नेपाली विभाग स्नातकोत्तर तह (एम.ए.) दोस्रो वर्षको दसौं पत्रको प्रयोजनका लागि छात्रा निर्मलादेवी शर्माले मेरा निर्देशनमा तयार पार्नुभएको हो । परिश्रमपूर्वक तयार पारिएको यस शोधपत्रबाट म पूर्णरुपमा सन्तुष्ट छु । अतः यस शोधपत्रको आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

मितिः- २०६७/ /

..................................

विष्णुप्रसाद सापकोटा

उपप्राध्यापक

नेपाली विभाग

वीरेन्द्र बहुमुखी क्याम्पस भरतपुर, चितवन

# कृतज्ञताज्ञापन

**चितवनको साहित्यिक उन्नयनमा साहित्य सङ्गम चितवनको योगदान** शीर्षकको प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत वीरेन्द्र बहुमुखी क्याम्पस स्नातकोत्तर तह नेपाली विषयको दोस्रो वर्षको दसौं पत्रको प्रयोजनका लागि तयार पारिएको हो । प्रस्तुत शोधपत्र तयार गर्ने क्रममा कुशल निर्देशन गर्नु हुने शोधनिर्देशक आदरणीय गुरु उपप्राध्यापक विष्णुप्रसाद सापकोटाप्रति हार्दिक कृतज्ञताज्ञापन गर्दछु । साथै प्रस्तुत शीर्षकमा शोधपत्र तयार गर्न अवसर प्रदान गर्नु हुने विभागीय प्रमुख प्रा.डा.नारायणप्रसाद खनाल तथा नेपाली विभागप्रति म सदा कृतज्ञ छु ।

अध्ययनका सन्दर्भमा आवश्यक सुझावका साथै सामग्रीसमेत उपलब्ध गराउनु हुने आदरणीय समालोचक डी.आर.पोखरेल, रविकिरण निर्जीव, साहित्य सङ्गम चितवनका अध्यक्ष भवनाथ सडौला, सचिव द्वारिका नेपाल, कोषाध्यक्ष रमेशप्रभात, इन्द्र रेग्मी, पोषराज पौडेल साथै विभिन्न सङ्घसंस्थाका अध्यक्ष एवम् पदाधिकारीहरुप्रति आभार व्यक्त गर्दछु । सामग्री सङ्कलन र अध्ययन कार्यलाई सहज तुल्याइदिने रामेश्वर पुस्तकालय, वीरेन्द्र बहुमुखी क्याम्पस पुस्तकालय र जिल्ला विकास समिति चितवनलाई म धन्यवाद दिन चाहन्छु । यसैक्रममा आफ्नो वैयक्तिक विवरण उपलब्ध गराइदिनु हुने साहित्य सङ्गम चितवनबाट सम्मानित प्रतिभाहरुप्रति पनि म आभारी छु । अध्ययनका लागि सहज वातावरण तयार गरिदिने मेरा आफन्तहरु साथै आफ्नो कार्यव्यस्तताका बीच पनि शोधपत्रलाई यथाशक्य शुद्रसँग टङकन गरिदिने मेरो भाइ मुरारीप्रसाद आचार्यलाई धन्यवाद दिन चाहन्छु । शोधपत्र तयार गर्ने क्रममा प्रत्यक्ष-अप्रत्यक्ष रुपमा सहयोग पुर्‍याउने सबैप्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

अन्त्यमा, प्रस्तुत शोधपत्र मूल्याङ्कनका लागि त्रि.वि.नेपाली विभाग वीरेन्द्र बहुमुखी क्याम्पस भरतपुर समक्ष प्रस्तुत गर्दछु ।

.............................

निर्मलादेवी शर्मा
नेपाली विभाग
वीरेन्द्र बहुमुखी क्याम्पस
भरतपुर, चितवन
शैक्षिक सत्र २०६२-०६४

मिति :- २०६७/६/१६

## सङ्क्षेपीकृत शब्दसूची

| | |
|---|---|
| एम.ए. | मास्टर्स अफ आर्ट्स |
| एफ्.एम्. | फ्रिक्वेन्सी अफ मोडुलेसन |
| गा.वि.स. | गाउँ विकास समिति |
| जि.वि.स. | जिल्ला विकास समिति |
| न.पा. | नगरपालिका |
| भ.न.पा. | भरतपुर नगरपालिका |
| डा. | डाक्टर |
| प्रा. | प्राध्यापक |
| त्रि.वि. | त्रिभुवन विश्वविद्यालय |
| जि.प्र.का. | जिल्ला प्रशासन कार्यालय |
| प्रा.वि. | प्राथमिक विद्यालय |
| नि.मा.वि. | निम्न माध्यमिक विद्यालय |
| मा.वि. | माध्यमिक विद्यालय |
| स्व. | स्वर्गीय |
| सम्पा. | सम्पादक |
| क्र.सं. | क्रमसंख्या |
| व.की.मी. | वर्ग किलोमिटर |
| वि.सं. | विक्रम सम्वत् |

## तालिकासूची


| | |
|---|---|
| तालिका नं. १ | चितवन जिल्लाका भाषिक संख्या विवरण |
| तालिका नं. २ | चितवन जिल्लाका धार्मिक संख्या विवरण |
| तालिका नं. ३ | चितवन जिल्लाका विद्यालयहरुको विवरण |
| तालिका नं. ४ | चितवन जिल्लामा स्थापित साहित्यिक संस्थाहरु |
| तालिका नं. ५ | साहित्य सङ्गम चितवनको नेतृत्व र समयावधि |
| तालिका नं. ६ | साहित्य सङ्गम सम्मानबाट सम्मानित प्रतिभाहरुको |
| तालिका नं. ७ | स्वर्गीय गणेश तथा हस्तकुमारी (लक्ष्मीदेवी) पन्त स्मृति पुरस्कारबाट सम्मानित प्रतिभाहरु |
| तालिका नं. ८ | सहिद शिव पौडेल स्मृति पुरस्कारबाट सम्मानित प्रतिभाहरु |
| तालिका नं. ९ | स्वर्गीय मदनमोहन जोशी स्मृति पुरस्कारबाट सम्मानित प्रतिभाहरु |
| तालिका नं. १० | नौलो राँको पूर्णाङ्क ६, २०४७ मा समाहित रचनाहरुको विवरण |
| तालिका नं. ११ | नौलो राँको पूर्णाङ्क ७, २०५६ मा समाहित रचनाहरुको विवरण |
| तालिका नं. १२ | नौलो राँको पूर्णाङ्क ८, २०६४ मा समाहित रचनाहरुको विवरण |
| तालिका नं. १३ | नौलो राँको पूर्णाङ्क ९, २०६६ मा समाहित रचनाहरुको विवरण |
| तालिका नं. १४ | साहित्य सङ्गम चितवनको प्रकाशन नौलो राँकोको संक्षिप्त परिचय |
| तालिका नं. १५ | साहित्य सङ्गम चितवनबाट प्रकाशित पुस्तकहरु |

# विषय-सूची

## परिच्छेद : एक


**१ शोधपरिचय** **१-६**
१.१ विषयपरिचय १
१.२ समस्याकथन १
१.३ शोधकार्यका उद्देश्य २
१.४ पूर्वकार्यको विवरणसमीक्षा २
१.५ शोधकार्यको औचित्व तथा महत्त्व ५
१.६ शोधकार्यको क्षेत्र र सीमा ५
१.७ सामग्री सङ्कलन विधि र शोधविधि ५
१.८ शोधपत्रको रुपरेखा ६


## परिच्छेद दुई


**२ चितवन जिल्लाको सङ्क्षिप्त परिचय** **८-१८**
२.१ पृष्ठभूमि ८
२.२ नामकरण ८
२.३ सीमाना ९
२.४ प्राकृतिक स्वरुप ९
२.५ नदी, नाला र कुण्ड १०
२.६ राजनीतिक विभाजन १०
२.७ जाति र भाषा १०
२.८ धर्म ११
२.९ जनसंख्या ११
२.१० पयर्टन १२
२.११ शिक्षा १२
२.१२ यातायात १३
२.१३ कृषि वालीहरु १३
२.१४ हावापानी तथा तापक्रम १४
२.१५ सञ्चार १४

२.१६ स्वास्थ्य १४
२.१७ उद्योग १५
२.१८ साहित्य सृजनापरम्परा १५
२.१९ निष्कर्ष १८

## परिच्छेद : तीन

**३ चितवन जिल्लाका साहित्यिक सङ्घसंस्थाहरु २०-३९**
३.१ पृष्ठभूमि २०
३.२ दर्ता भई सक्रिय भएका साहित्यिक सङ्घसंस्थाहरु २१
३.२.१ साहित्य सङ्गम चितवन २१
३.२.२ चितवन साहित्य परिषद २२
३.२.३ चितवन वाङ्मय प्रतिष्ठान २३
३.२.४ वाल्मीकि साहित्य सदन २४
३.२.५ अभिव्यञ्जना साहित्य प्रतिष्ठान २४
३.२.६ गजल मञ्च चितवन २५
३.२.७ पल्लव साहित्य प्रतिष्ठान २६
३.३ दर्ता नभएका तर सक्रिय रहेका साहित्यिक सङ्घसंस्था २६
३.३.१ हाम्रो मझेरी साहित्य प्रतिष्ठान २६
३.३.२ कैलाश साहित्य मञ्च २७
३.३.३ कविडाँडा साहित्य प्रतिष्ठान २८
३.३.४ अक्षर समूह २८
३.३.५ गजल सन्ध्या चितवन २८
३.३.६ मध्यक्षितिज वाङ्मय प्रतिष्ठान २९
३.३.७ शब्द सञ्चार नेपाल चितवन २९
३.३.८ गजल शिविर चितवन २९
३.३.९ एकिकृत अखिल नेपाल जनसाँस्कृतिक महासङ्घ ३०
३.४ विगतमा साहित्यिक गतिविधि सञ्चालन गरेका तर हाल निस्क्रिय रहेका सङ्घसंस्थाहरु ३०
३.४.१ नारायणी पुस्तकालय ३०
३.४.२ ज्ञानोदय पुस्तकालय ३१
३.४.३ चितवन साहित्य समिति ३१
३.४.४ अन्नपूर्ण परिवार ३१

३.४.५ समर्पण नाट्यसमूह ३१
३.४.६ सहिद नारायण दाहाल साहित्य परिषद ३२
३.४.७ सगरमाथा साहित्य समाज ३२
३.४.८ महाकवि देवकोटा पुस्तकालय ३२
३.४.९ साहित्य सुधा कुञ्ज ३२
३.४.१० गुराँस नाट्यसमूह ३३
३.४.११ माडी साहित्य समिति ३३
३.४.१२ उत्साही नारी प्रतिष्ठान ३३
३.५ गैर साहित्यिक उद्देश्यले खुले पनि साहित्यिक कार्य गरेका सङ्घसंस्थाहरु ३३
३.५.१ नारायणी कला मन्दिर ३३
३.५.२ रामेश्वर पुस्तकालय ३४
३.५.३ चितवन अध्ययन केन्द्र ३४
३.५.४ देवकोटा अध्ययन केन्द्र ३५
३.५.५ सिनर्जी एफ्.एम्. ३५
३.५.६ कालिका एफ्.एम्. ३६
३.५.७ हाम्रो एफ्.एम्. ३६
३.५.८ त्रिवेणी एफ्.एम्. ३६
३.५.९ रेडियो चितवन ३७
३.५.१० नारायणी एफ्.एम्. ३७
३.६ निष्कर्ष ३९

## परिच्छेद : चार

**४. साहित्य सङ्गम चितवनको परिचयात्मक विवरण ४१-९८**
४.१ पृष्ठभूमि ४१
४.२ स्थापना तथा संस्थापकहरुको भेला ४२
४.३ नामकरण ४२
४.४ संस्था दर्ता ४३
४.५ उद्देश्यहरु ४३
४.६ सदस्यता ४४
४.६.१ साधारण सदस्य ४४
४.६.२ आजीवन सदस्य ४४
४.६.३ संस्थापक सदस्य ४६

४.७ साहित्य सङ्गम चितवनका अधिवेशनहरु ४७
४.८ कार्य समिति र तिनका कार्य ४७
४.८.१ पहिलो कार्य समिति ४७
४.८.२ दोस्रो कार्य समिति ४८
४.८.३ तेस्रो कार्य समिति ४९
४.८.४ चौथो कार्य समिति ५०
४.८.५ पाँचौ कार्य समिति ५१
४.८.६ छैटौं कार्य समिति ५२
४.८.७ सातौं कार्य समिति ५३
४.९ आयस्रोत ५५
४.१० साहित्य सङ्गम चितवनले गरेका कार्यहरु ५५
४.१०.१ स्रस्टा सम्मान तथा पुरस्कार ५५
४.१०.१.१ साहित्य सङ्गम सम्मानबाट सम्मानित प्रतिभाहरुको सङ्क्षिप्त परिचय ५६
४.१०.१.१.१ गोरखराज भारो ५६
४.१०.१.१.२ मदनमोहन जोशी ५७
४.१०.१.१.३ आनन्ददेव भट्ट ५८
४.१०.१.१.४ पोषराज पौडेल ५८
४.१०.१.१.५ निनु चापागाईं ५९
४.१०.१.१.६ पूर्णविराम ६०
४.१०.१.१.७ डी.आर.पोखरेल ६०
४.१०.१.१.८ कृष्णसेन इच्छुक ६२
४.१०.१.१.९ रविकिरण निर्जीव ६२
४.१०.१.२ स्व गणेश तथा हस्तकुमारी (लक्ष्मीदेवी) पन्त स्मृति पुरस्कारबाट सम्मानित प्रतिभाहरुको सङ्क्षिप्त परिचय ६३
४.१०.१.२.१ निमेष निखिल ६४
४.१०.१.२.२ निभा शाह ६४
४.१०.१.२.३ सरस्वती प्रतीक्षा ६५
४.१०.१.३ सहिद शिव पौडेल स्मृति पुरस्कारबाट सम्मानित प्रतिभाहरुको परिचय ६६
४.१०.१.३.१ रविकिरण निर्जीव ६७
४.१०.१.३.२ कपिल अज्ञात ६८
४.१०.१.४ स्व.मदनमोहन जोशी स्मृति पुरस्कार ६९
४.१०.१.४.१ खुशिराम पाखिन ६९

४.१०.२ मुखपत्र नौलो राँको प्रकाशन ७०
४.१०.२.१ नौलो राँको (अङ्क १, पूर्णाङ्क ६, २०४७ असोज) ७०
४.१०.२.२ नौलो राँको (अङ्क १, पूर्णाङ्क ७, २०५६) ७३
४.१०.२.३ नौलो राँको (अङ्क १, पूर्णाङ्क ८, २०६४) ७५
४.१०.२.४ नौलो राँको (वर्ष ४१, अङ्क ९, २०६६ मार्ग) ७७
४.१०.३ साहित्य सङ्गम चितवनद्वारा प्रकाशित साहित्यिक कृतिहरु ८१
४.१०.३.१ श्यामप्रसाद शर्मा र उनको लेखसङ्ग्रह साहित्यमा सापेक्षता (२०५४) ८१
४.१०.३.२ डी.आर.पोखरेल र उनको कृति यथार्थवादी समालोचनाको गोरेटोमा (२०५८)८१
४.१०.३.३ ध्रुवकिरण रेग्मी र उनको कृति दरिद्रताको परिवेश (२०६२) ८२
४.१०.३.४ डी.आर.पोखरेल र उनको कृति साहित्य सङ्गम चितवनको विगत र वर्तमान (२०६४) ८३
४.१०.३.५ पूर्णबहादुर अधिकारी र उनको कृति अनुभूतिका त्रिवेणी (२०६५) ८४
४.१०.३.६ प्रकाश चापागाईं र उनको कृति स्मृतिका बिम्बमा सीता (२०६५) ८४
४.१०.३.७ चेतकान्त चापागाईं र उनको कृति चेतनमनका गुञ्जन (२०६६) ८६
४.१०.३.८ धनेश्वर भट्टराई र उनको कविता सङ्ग्रह आस्थाका स्वरहरु (२०६६) ८७
४.१०.३.९ सरिता तिवारी र उनको कविता सङ्ग्रह अस्तित्वको घोषणापत्र (२०६७) ८९
४.१०.३.१० डी.आर.पोखरेल र उनको कृति समालोचनाको रुपरेखा (२०६७) ९०
४.१०.४ मासिक साहित्य सङ्गम ९२
४.१०.५ जयन्तीहरु ९३
४.१०.५.१ भानुजयन्ती ९३
४.१०.५.२ रिमाज जयन्ती ९३
४.१०.५.३ कवि युद्धप्रसाद मिश्र जयन्ती ९४
४.१०.५.४ पारिजात स्मृति कार्यक्रम ९४
४.१०.५.५ कृष्णसेन इच्छुक स्मृति दिवस ९४
४.१०.५.६ हृदयचन्द्र सिंह विचार गोष्ठी ९४
४.१०.५.७ गोकुल जयन्ती ९५
४.१०.६ साधनाकारण (मैले कसरी लेख्न सिके/थाले) कार्यक्रम ९५
४.१०.७ लोकतान्त्रिक आन्दोलनमा सहभागिता ९५
४.१०.८ गणतान्त्रिक कविता आन्दोलन सम्पन्न ९६
४.१०.९ पारिजात काव्ययात्रा गणतान्त्रिक कविता प्रतियोगितामा ऐक्यवद्धता ९६
४.१०.१० गणतान्त्रिक कविता उत्सवमा ऐक्यवद्धता ९६
४.११ निष्कर्ष ९७

# परिच्छेद : पाँच


**५. चितवनको साहित्यिक उन्नयनमा साहित्य सङ्गम चितवनको योगदान** **१००-१०५**

५.१ पृष्ठभूमि १००

५.२ योगदान १००

५.३ साहित्य सङ्गम चितवनको शक्ति र सीमा १०२

५.४ निष्कर्ष १०५


# परिच्छेद : छ


**६. उपसंहार** **१०७-११३**

६.१ पहिलो परिच्छेद १०७

६.२ दोस्रो परिच्छेद १०७

६.३ तेस्रो परिच्छेद १०७

६.४ चौथो परिच्छेद १०८

६.५ पाचौं परिच्छेद १०९

६.६ छैटौं परिच्छेद ११०

६.७ समग्र निष्कर्ष ११०


# सन्दर्भग्रन्थसूची **११५-११६**


सन्दर्भ पुस्तकसूची ११५

सन्दर्भ पत्रिकासूची ११५

सहयोग लिएका अन्य पत्रिकाहरु ११६


# परिशिष्ट खण्ड **११७-१३०**


व्यक्ति परिचय फारमको नमुना ११७

लिखित अर्न्तवार्ताका लागि प्रश्नावली ११९

साहित्य सङ्गम चितवनको विधान १२०

साहित्य सङ्गम चितवनबाट प्रकाशित पुस्तक तथा नौलो राँकोका अङ्कहरु १२७

चितवन जिल्लाको नक्सा १३०

# परिच्छेद एक

# १ शोधपरिचय

## १.१ विषयपरिचय

चितवनका प्रगतिशील लेखकहरुको सक्रियतामा वि.सं. २०४४ सालमा स्थापित यो संस्था मार्क्सवादमा विश्वास राख्ने प्रगतिशील साहित्यकारहरुको साझा मञ्च हो । यो चितवन जिल्लामा स्थापित सबैभन्दा जेठो साहित्यिक संस्था पनि हो । यसले चितवनको साहित्यिक उन्नयनमा उल्लेखनीय योगदान पुऱ्याएको छ । स्थानीय प्रतिभाको खोजी, भाषा, कला साहित्य र संस्कृतिको विकास, संरक्षण सम्बर्द्धन गर्न यसले आफ्ना गतिविधिहरु संचालन गर्दै आएको छ । आफ्नो स्थापनाको शुरुवातदेखि नै विभिन्न साहित्यिक कार्यक्रमहरुलाई निरन्तरता दिंदै आएको यस संस्थाले संस्था दर्ता भएको वर्ष २०४७ देखि २०२६ साल देखि प्रकाशित हुंदै आएको "नौलो राँको' पत्रिकालाई आफ्नो मुख पत्रको रुपमा निरन्तरता दिंदै आएको छ । विभिन्न पुस्तक प्रकाशन, पत्रिका प्रकाशनका साथै पुरस्कार वितरणार्थ अक्षयकोष स्थापना तथा स्रस्टा सम्मान कार्यक्रम निरन्तर रुपमा गर्दै आएको छ । विभिन्न स्थानीय तथा राष्ट्रिय स्तरका व्यक्तित्व तथा संस्थाहरुसित हातेमालो गर्दै नेपाली साहित्यको श्रीवृद्धिमा लागिरहेको छ । आवधिक निर्वाचन, संस्थागत विकास, नेतृत्व विकास आदिका माध्यमबाट पनि यो संस्थाले आफ्नो पहिचानलाई अझै लोकप्रिय र व्यवस्थित बनाएको छ । मोफसलमा रहेर पहिलो स्थापित साहित्यिक संस्थाको रुपमा परिचित भइसकेको परिप्रेक्षमा यसको स्थापना औचित्यपूर्ण रहेको र यसले चितवनको साहित्यिक उन्नयनमा योगदान पुऱ्याएको हुनाले यसको योगदान माथि प्रकाश पार्नु, यसबारे शोधअनुसन्धान गर्नु यसको विषय प्रसङ्ग मानिन्छ ।

## १.२ समस्याकथन

प्रस्तुत चितवनको साहित्यिक उन्नयनमा साहित्य सङ्गम चितवनको योगदान शीर्षकको शोधपत्रका समस्याहरु यस प्रकार रहेका छन्:

क) चितवनको भौगोलिक र साहित्यिक अवस्था कस्तो छ र यहाँका सङ्घसंस्थाका गतिविधि के कस्ता छन् ?

ख) साहित्य सङ्गम चितवनको स्थापनाको ऐतिहासिक पृष्ठभूमि, उद्देश्य, दर्ता, नेतृत्व आदिको अवस्था कस्तो छ ?

ग) साहित्य सङ्गम चितवनले गरेका साहित्यिक गतिविधि के कस्ता रहेका छन् ?

घ) साहित्य सङ्गम चितवनले स्थापना गरेका पुरस्कार तथा सम्मानहरु के कस्ता रहेका छन् ?

ङ) साहित्य सङ्गम चितवनले प्रत्यक्ष परोक्ष रुपमा चितवनको साहित्यिक उन्नयनमा के कस्तो योगदान पुऱ्याएको छ ?

यिनै समस्याहरुको परिवेशमा बाँधिएर यिनै समस्या माथि समीक्षा गर्नु नै यो शोधकार्यको समस्याकथन रहेको छ ।

## १.३ शोधकार्यका उद्देश्यहरु

प्रस्तुत शोधकार्यका निम्न लिखित उद्देश्यहरु छन्:

क) चितवन जिल्लाको संक्षिप्त परिचय दिई यहाँका सङ्घसंस्थाहरुको गतिविधिका बारेमा संक्षिप्त प्रकाश पार्नु

ख) साहित्य सङ्गमको परिचय दिदै सङ्गमको ऐतिहासिक पृष्ठभूमि, उद्देश्य, दर्ता नेतृत्व आदिको बारेमा चर्चा गर्नु,

ग) साहित्य सङ्गम चितवनको साहित्यिक गतिविधिहरुको आद्योपान्त चर्चा गर्न,

घ) साहित्य सङ्गम चितवनले संयोजन, संरक्षण तथा वितरण गरेका पुरस्कार तथा सम्मानहरुको विवरण दिदै यसले प्रकाशन गरेका सामग्रीका बारेमा परिचय गराउनु,

ङ) चितवनको समग्र साहित्यमा सङ्गमको योगदानको बारेमा चर्चा गर्नु ।

यिनै उद्देश्यहरु परिपूर्ति गर्नमा प्रस्तावित शोधपत्र केन्द्रित रहेको छ ।

## १.४ पूर्वकार्यको विवरण र समीक्षा

साहित्य सङ्गम चितवन वि.सं. २०४४ सालमा स्थापना भई हाल सम्म निरन्तर रुपमा साहित्यिक गतिविधिहरु सञ्चालन गर्दै आएको पहिलो स्थापित साहित्यिक संस्था हो । यस संस्थाबाट भए गरेका कार्य र प्रकाशित सामग्रीबारे यस अघि गरिएका पूर्वकार्यहरुको कालक्रमिक विवरण यसप्रकार रहेको छ :

क) हरिहर खनाल, **साहित्य र अनुसन्धानका क्षेत्रमा चितवन**, 'विवेक' वर्ष २, अङ्क ५, २०४६, पृ.२४६, नामक लेखमा खनालले चितवनको साहित्यको बारेमा उल्लेख गर्दै साहित्य सङ्गम चितवनको स्थापनाको प्रसङ्ग उठाउदै सामान्य चर्चा गरेका छन् ।

ख) लक्ष्मणप्रसाद गौतम, **चितवनको साहित्य सर्वेक्षण र विश्लेषण,** चितवन वाङ्मय प्रतिष्ठान, २०५२, पृ.१२२ मा साहित्य सङ्गम चितवन चितवनका प्रगतिशील साहित्यकारहरुको मञ्च हो भन्दै यसले राष्ट्रिय व्यक्तित्वहरुलाई निम्त्याएर साहित्यिक कार्यक्रमहरु गरी चितवनको साहित्यिक उन्नयनमा योगदान पुऱ्याएको छ भन्ने कुरा उल्लेख गरेका छन् ।

ग) हरिहर खनाल, **साहित्यः एक विहङ्गम् दृष्टि**, चितवन महोत्सव स्मारिका २०५५, पृ.५२ साहित्यिक लेखनमा खनालले चितवनको साहित्यिक उत्थानमा संस्थागत रुपमा सक्रिय रहेका संस्थाहरु मध्ये साहित्य सङ्गम चितवन एक हो । इतिहासको कालक्रममा साहित्य सङ्गम चितवनको प्रगतिशील साहित्यको उत्थानमा महत्त्वपूर्ण भूमिका खेलेको कुरा जनाएका छन् ।

घ) लक्ष्मणप्रसाद गौतम, **चितवनको साहित्य यात्रा र प्रवृत्ति**, चितवन महोत्सव स्मारिका, २०५७ पृ.९९ मा गौतमले चितवनको साहित्यका विकासमा चितवनका साहित्यिक सङ्घसंस्थाहरुको योगदानको उल्लेख गर्दै चितवनको साहित्यिक इतिहासमा पच्चीसवटा साहित्यिक सङ्घसंस्थाहरुको इतिहास देखिएतापनि हाल साहित्य सङ्गम चितवन, चितवन साहित्य परिषद, चितवन वाङ्मय प्रतिष्ठान, नारायणी कला मन्दिर आदि केही संस्थाहरु मात्र सक्रिय छन् भन्ने उल्लेख गरेका छन् ।

ङ) लक्ष्मणप्रसाद गौतम, **चितवनको लोकतान्त्रिक आन्दोलनमा स्रष्टाहरुको भूमिका, विवरणात्मक विवरण**, चितवन महोत्सव स्मारिका, २०६३ मा गौतमले लोकतान्त्रिक आन्दोलनलाई सफल बनाउन स्रस्टाहरुको भूमिकाको बारेमा चर्चा गर्दै सोही आन्दोलनलाई सफल बनाउन ऐक्यबद्वता जनाई सक्रिय भूमिका खेल्ने संस्थाहरु मध्ये साहित्य सङ्गम चितवन पनि एउटा संस्था हो भन्दै यसबारे समीक्षात्मक टिप्पणी समेत गरेका छन् ।

च) सम्पादकीय, **नौलो राँको र साहित्य सङ्गम चितवनको जन्म नौलो राको** अङ्क १, पूर्णाङ्क ७, २०५६ नामक रचनामा साहित्य सङ्गम चितवन र नौलो राँकोको जन्मको प्रसङ्ग उठाउदै साहित्य सङ्गम चितवनको स्थापना र यसको मुखपत्र नौलो राँकोको प्रकाशनले गर्दा नै कतिपय लेखक कलाकारहरुले आस्थाको निकास पाएको र घृणित निजी स्वार्थका विरुद्ध खबरदारी गर्न पाएको कुरा उल्लेख गरिएको छ ।

छ) केदारनाथ खनाल, **वाङ्मयको विकासमा चितवनका साहित्यिक सङ्घसंस्थाहरु,** चितवन महोत्सव स्मारिका २०६१, पृ. ३३ मा खनालले साहित्य सङ्गम चितवनले संस्थागत रुपमा २०४४ देखि साहित्यिक गतिविधि सञ्चालन गर्दै आए पनि २०४७ मा दर्ता भएको जानकारी गराउदै यसका उद्देश्यहरुको बारेमा उल्लेख गरेका छन् ।

ज) हरिहर श्रेष्ठ, **साहित्य सङ्गम चितवनको केही अतीत केही वर्तमान** स्रष्टा अङ्क २ २०६१ पृ. ७६ मा श्रेष्ठले यस संस्थाको स्थापनाको बारेमा चर्चा गर्दै पञ्चायत कालमा साहित्यिक संस्था खोली गोष्ठीको सुरुवात गर्ने साहित्य सङ्गम चितवन हो

। यसको नेपालको प्रगतिशील साहित्यिक संस्थाहरुको इतिहासको हारमा उच्च मूल्याङ्कन हुनेछ भन्ने कुरा उल्लेख गरेका छन् ।

झ) रामकला कोइराला, **चितवन जिल्लाबाट प्रकाशित साहित्यिक पत्रपत्रिकाहरुको विवरणात्मक अध्ययन,** अप्रकाशित स्नातकोत्तर शोधपत्र त्रि.वि. नेपाली विभाग वीरेन्द्र ब.क्या.२०६१, नामक अनुसन्धानात्मक शोधको पृ.२३ मा कोइरालाले साहित्य सङ्गम चितवनको जन्मको प्रसङ्ग उठाउदै यसले चितवनमा छरिएर रहेका साहित्यकारहरुलाई सङ्गठित गरी प्रगतिशील साहित्यलाई उन्नत बनाउने र प्रतियोगितात्मक एवम् सामान्य दुवै खाले साहित्यिक कार्यक्रमका माध्यमबाट साहित्यको उन्नयन गर्ने सन्दर्भमा साहित्य सङ्गम चितवन सक्रिय संस्थाको रुपमा देखापर्छ भनि उल्लेख गरेकी छन् ।

ञ) श्रीचन्द्र वाग्ले, **चितवनका साहित्यिक सङ्घसंस्थाहरुको सर्वेक्षण र मूल्याङ्कन**, अप्रकाशित स्नातकोत्तर शोधपत्र त्रि.वि. (नेपाली विभाग वीरेन्द्र ब.क्या.भरतपुर २०६३) पृ.१९ मा वाग्लेले साहित्य सङ्गम चितवनको स्थापनाको चर्चा गर्दै राजनीतिको प्रत्यक्ष छायाँ देखिएतापनि चितवनमा रहेका साहित्यकारहरुलाई सङ्गठित गरी प्रगतिशील साहित्यलाई उन्नत बनाउने, प्रतियोगितात्मक एवम् सामान्य साहित्यिक कार्यक्रमका माद्यमबाट साहित्यको उन्नयन गर्ने सन्दर्भमा साहित्य सङ्गम चितवन सक्रिय संस्थाको रुपमा देखापर्छ भनि उल्लेख गरेका छन् ।

ट) डी.आर. पोखरेलले **साहित्य सङ्गम चितवनको विगत र वर्तमान** शीर्षक दिएर पुस्तिका तयार गरी उक्त पुस्तकमा साहित्य सङ्गम चितवनको इतिहासबारे उल्लेख गरेका छन् ।

ठ) मदनमोहन जोशी, **नौलो राँको र साहित्य सङ्गम चितवनको सम्बन्ध,** नौलो राँको वर्ष ३९, अङ्क १ पूर्णाङ्क ८ २०६४, पृ.१३१ लेखमा जोशीले नौलो राँको र साहित्य सङ्गम चितवनको स्थापना र सम्बन्धको बारेमा उल्लेख गर्दै नौलो राँकोले प्रकाश फिँजाउने र सङ्गमले त्यसको व्याख्या गर्दै जाने क्रियाले समाजले नयाँ उपलब्धि पाउनुका साथै समाजलाई फड्को मार्न सक्ने बनाउन र यस परिवर्तनकारी कार्यमा यो सम्बन्धको निरन्तरता रहने कुरा उल्लेख गरेका छन् ।

ड) कपिल अज्ञात, **चितवनको संस्थागत साहित्य र विकास,** चितवन महोत्सव स्मारिका २०६५, पृ.१४३, समालोचकीय प्रस्तुतिमा अज्ञातले चितवनका प्रमुख संस्थाहरुको परिचय र संस्थागत विवरण दिने क्रममा साहित्य सङ्गम चितवनको परिचय र उद्देश्य दिदै यसबाट प्रकाशित पत्रिका र पुस्तकहरुको नाम उल्लेख गरेका छन् ।

ढ)	भवनाथ सडौला, **साहित्य सङ्गम चितवन र मदनमोहन जोशीको सम्बन्ध** नौलो राँको, वर्ष ४१, अङ्क ९ २०६६ पृ.११७, टिप्पणीमूलक प्रस्तुतिमा सडौलाले साहित्य सङ्गम चितवनको जन्मको पृष्ठभूमि कोट्याउदै करीब दुई दशकसम्म तत्कालीन व्यवस्थाको आँखाको तारो बनेका, कैयौंपटक प्रशासनको कठघरामा उभिएर स्पष्टिकरण दिन परेका अनि कति दिन त हिरासतको चिसो छिंडिमा दिन बिताएर पनि आफ्नो विवेक र मान्यतालाई चिरस्थायी बनाइराखेका अग्रज स्रस्टाहरुको सतप्रयासको उपजस्वरुप साहित्य सङ्गमको जन्म भएको हो भनि उल्लेख गरेका छन् ।

यी माथिका पूर्वकार्यहरुले साहित्य सङ्ग चितवनको सर्वाङ्गपूर्ण अध्ययन गर्न सकेका देखिदैनन् । प्रारम्भकालीन अवस्थादेखि वर्तमानसम्मका झण्डै तीस वर्षका अवधिमा यो साहित्यिक संस्थाले साहित्यका विविध विद्यामा गरेको योगदान अविस्मरणीय देखिन्छ । यसर्थ यस संस्थाकाबारेमा विस्तृत अध्ययन गरी चितवनको साहित्यिक उन्नयनमा साहित्य सङ्गम चितवनको योगदानलाई छर्लङ्ग पार्न शोधकार्य गरिएको छ ।

## १.५ शोधकार्यको औचित्य तथा महत्व

भाषा र साहित्यको आयामभित्र स-सानै भएपनि भाषिक तथा साहित्यिक क्रियाकलापहरुको साहित्यिक सङ्गठन साहित्य सङ्गम चितवनले आजसम्म निरन्तर रुपमा नेपाली साहित्यलाई संख्यात्मक तथा गुणात्मक रुपमा पुऱ्याएको योगदान, स्थानीय तथा क्षेत्रीय रुपमा यसका क्रियाकलापहरुको स्तरीयता आदिका आधारमा साहित्य सङ्गमलाई राष्ट्रिय सन्दर्भमा परिचित गराउने कार्यमा प्रस्तुत शोधकार्य औचित्यपूर्ण देखिन्छ साथै चितवन जिल्लाको साहित्यिक क्षेत्रको अध्ययनका लागि पनि यो शोधकार्य एक महत्त्वपूर्ण पाइला हुनेछ । यसमै यस शोधपत्रको औचित्य र महत्त्व झल्कन्छ ।

## १.६ शोधकार्यको क्षेत्र र सीमा

प्रस्तुत शोधपत्र जिल्लाको भौगोलिक, जनसांख्यिक, शैक्षिक, ऐतिहासिक, जाति, धर्म, भाषाका सीमामा बाँधिएर यो संस्थाको मुखपत्र साहित्यिक विधा अन्य सङ्घसंस्थाहरुसँगको अन्तरसम्बन्ध समेतका क्षेत्रका परिधिमा बाँधिएर यो शोधकार्य सम्पन्न गरिएको छ ।

## १.७ सामग्री सङ्कलन विधिः र शोधविधि

प्रस्तुत शोधपत्र तयार गर्नका लागि आवश्यक सामग्रीका निम्ति क्षेत्रीय र पुस्तकालयीय विधिलाई आधार बनाइएको छ । साथै साहित्य सङ्गम चितवनका पदाधिकारीहरु, सङ्गमसँग आवद्ध

साहित्यिक स्रस्टाहरु तथा सङ्गमबारे जानकारी राख्ने अन्य विभिन्न व्यक्तित्वहरुसँग सोधपुछ समेत गरी प्रकाशित विभिन्न पत्रपत्रिका, निर्णयपुस्तिका, समाचारपत्र, अप्रकाशित शोधपत्रहरु, मुखपत्र, स्मारिका अन्य पुस्तकबाट सामग्री सङ्कलन गरिएको छ । यसका लागि पुस्तकालयविधिको प्रयोग गरिएको छ । त्यस्तै गरी आवश्यकताअनुसार संस्थाका पदाधिकारी तथा सम्बद्ध व्यक्तिसँग कुराकानी, लिखित, मौखिक तथा फोन अन्तर्वार्ता र इमेल सेवाको पनि सहयोग लिइएको छ ।

सङ्कलन गरिएका सामग्रीहरुलाई निगमनात्मक विधिबाट अध्ययन गरिएपनि सामान्यतया वर्णनात्मक, विश्लेषणात्मक, ऐतिहासिक तथा कालक्रमिक शोधविधिबाट अध्ययन गरिएको छ ।

## १.८ शोधपत्रको रुपरेखा

प्रस्तुत शोधपत्र निम्न लिखित छ परिच्छेदमा विभक्त रहेको छः

क) परिच्छेद एकः शोधपरिचय

यस परिच्छेदमा विषय परिचय, समस्याकथन, उद्देश्य, पूर्वकार्यको विवरण, औचित्य, सीमाङ्कन, शोधविधि, शोधपत्रको रुपरेखा आदि प्रस्तुत गरिएको छ ।

ख) परिच्छेद दुईः चितवन जिल्लाको सङ्क्षिप्त परिचय

यस परिच्छेदमा चितवन जिल्लाको नामकरण, सीमाना, प्राकृतिक स्वरुप, राजनीतिक विभाजन, हावापानी, नदीनाला तथा ताल तलैया, जनसङ्ख्या, धर्म, जाति, भाषा, शिक्षा, स्वास्थ्य, सञ्चार, यातायात आदिको परिचय प्रस्तुत गरिएको छ ।

ग) परिच्छेद तीनः चितवन जिल्लाका साहित्यिक सङ्घ-संस्थाहरु

यस परिच्छेदमा चितवन जिल्लाका साहित्यिक सङ्घ-संस्थाहरुको स्थापनाको पृष्ठभूमि तथा आवश्यक सङ्क्षिप्त परिचय दिइएको छ ।

घ) परिच्छेद चारः साहित्य सङ्गम चितवनको परिचयात्मक विवरण

यस परिच्छेदमा साहित्य सङ्गम चितवनको स्थापना कालदेखि आद्योपान्त गतिविधहरुको आवश्यक विवरण प्रस्तुत गरिएको छ ।

ङ) परिच्छेद पाँचः चितवनको साहित्यिक उन्नयनमा साहित्य सङ्गम चितवनको योगदान

यस परिच्छेदमा चितवनको साहित्यिक उन्नयनमा साहित्य सङ्गम चितवनको योगदानको चर्चा गरिएको छ ।

च) परिच्छेद छः उपसंहार

यस परिच्छेदमा शोधपत्रको उपसंहारलाई प्रस्तुत गरिएको छ ।

यसरी शोधपत्रका मुख्य र सहायक अङ्ग-प्रत्यङ्गहरुका साथै अन्त्यमा सन्दर्भग्रन्थ सूची र परिशिष्ट, अग्रभागमा स्वीकृतिपत्र, शोधनिर्देशकको मन्तव्य, कृतज्ञताज्ञापन, संक्षेपीकृत शब्दसूची, तालिकासूची जस्ता विषय प्रसङ्गहरुसमेत यो शोधपत्रमा समावेश गरिएको छ ।

# परिच्छेद दुई

# चितवन जिल्लाको संक्षिप्त परिचय

# परिच्छेद दुई

## २ चितवन जिल्लाको संक्षिप्त परिचय

### २.१ पृष्ठभूमिः

दक्षिण पूर्वी एशियामा अवस्थित नेपाल राज्य सगरमाथाको देश, विविध भाषाभाषी र संस्कृतिको देश, अनेकतामा एकताको देश आदि विशेषणको रुपमा परिचित रहेको छ । मनोरम हिमश्रृङखला, नदीनाला, पहाड, पर्वत वनजंगल र समथर भूमिको विविधपनले नेपाल प्राकृतिक सौन्दर्यमा अद्वितीय छ । विश्व मानचित्रमा सानो भईकन पनि विविधताले समृद्ध देश, भूपरिवेष्ठित देश, तेस्रो ध्रुवको देश र विकासोन्मुख देशको नामले पनि नेपाललाई चिन्ने गरिन्छ ।

एशिया महादेशको ०.३ प्रतिशत भू-भाग र विश्वको ०.०३ प्रतिशत भू-भाग ओगटेको यस देशको क्षेत्रफल १,४७,१८१ वर्ग कि.मी.रहेको छ ।[१] नेपाललाई वि.सं. २०१८ सालमा चौध अञ्चल ७५ जिल्लामा विभाजन गरियो ।[२] ती चौध अञ्चलमध्ये एउटा नारायणी अञ्चलमा पर्ने पाँचवटा जिल्ला अन्तर्गत चितवन पनि पर्दछ । यस जिल्लाको क्षेत्रफल २२३८.३९ वर्ग कि.मी. रहेको छ । यस जिल्लालाई विश्व मानचित्रमा हेर्दा उत्तरी अक्षांश ८३°५५ देखि ८४°४८ सम्म र पूर्वी देशान्त २७°२१ देखि २७°४६ सम्म रहेको देखिन्छ ।[३] दुईवटा नगरपालिका र ३६ वटा गा.वि.स. रहेको यो जिल्लाको पूर्वमा मकवानपुर र पर्सा, पश्चिममा नवलपरासी र तनहुँ, उत्तरमा धादिङ र गोरखा अनि दक्षिणमा भारतको विहार राज्य पर्दछ ।[४] यस जिल्लाको सदरमुकाम भरतपुर र प्रमुख बजार नारायणगढ मानिन्छ । तापनि टाँडी, रामपुर, माडी, बसन्तपुर नयाँ बजारका रुपमा विकसित हुँदा छन् ।

### २.२ नामकरणः

नेपालका अधिकांश जिल्ला, शहर, बजार र पुराना सार्वजनिक महत्त्वका स्थलहरुको नामकरणका पछाडि कतिपय किम्बदन्तीहरु तथा ऐतिहासिक पक्षले महत्त्वपूर्ण स्थान ओगटेको पाइन्छ । चितवन जिल्लाको इतिहास हेर्ने हो भने यो ठाउँ आदिकाल देखि नै ऋषिमुनिहरुको तपोस्थलको रुपमा रहेको देखिन्छ । यस जिल्लाको नामकरणको सम्बन्धमा विभिन्न मतभिन्नताहरु पाइन्छन् । 'संस्कृत भाषा स्रोतबाट आएका चित्र' र 'वन' शब्दहरुको योगबाट निर्मित समस्त शब्द 'चित्रवन' शब्दको शब्दहरुको योगबाट निर्मित समस्त शब्द **चित्रवन** को तद्भव रुपनै चितवन रहेको पाइन्छ ।[५] अर्थका दृष्टिले हेर्ने हो भने **चित्रवन** शब्दको अर्थ सुन्दर हुन्छ । यहि संस्कृतको

१- ज्ञानेश्वर भट्टराई, बृहत ज्ञानकोश २०६३ पृ. १५३ ।
२- ऐजन ।
३- नेपाल सरकार सञ्चार मन्त्रालय सुचना विभाग मेची देखि महाकाली, २०३१ पृ.१२०७ ।
४- चितवन जिल्ला एक परिचय, जि.वि.स. चितवन २०६५, पृ. उल्लेख नभएको ।
५- नारायण प्रसाद खनाल, "चित्रवन शब्द:निर्वचन प्रक्रियाको कसिमा" विवेक (वर्ष ५, अङ्क २, २०४६) पृ. १५४ ।

चित्रवनबाट **चित्रवन>चितवन>चिताउन>चितौन** गरी अपभ्रंश रुप देखिएपनि चितवन नै शिष्ट प्रयोग हो भन्ने अनुभव गर्न सकिन्छ ।[६] यस चित्रवन शब्दको प्रयोग हितोपदेशमा भएको पाइन्छ । 'तदस्माकं मित्र हिरण्यको नाम मुषिकराजो गण्डकीतीरे चित्रवने निवसति'[७] मा प्रयुक्त 'चित्रवन' शब्दले स्पष्टतः चितवनलाई सङ्केत गरेको छ । सीतावन, चितुवावन, चित्तपावन आदि शब्दहरुका आधारमा कालान्तरमा 'चितवन' नामकरण भएको भनिएपनि वा चित्रसेन राजाको नामका आधारमा चितवनलाई हेरिएपनि चितवनको चारकोसे झाडीका नामले परिचित चितवनको वन वर्तमानमा चित्र विचित्रको वन रहेको तथ्य हाम्रो सामु छँदैछ । अति दुर्लभ पशुपंक्षीहरुको आश्रयस्थल एवम् तिनीहरुको बसोबासले पर्यटकीय स्थल बन्न पुगेको चितवन 'हितोपदेश' को रचनापूर्व साँच्चै चित्रवन थियो र त्यही 'चित्रवन' शब्दले वर्तमानमा चितवन जिल्लालाई बुझाउछ ।

## २.३ सीमानाः

समुद्री सतहबाट १४४ मी.देखि १९४७ मी. सम्मको उचाइँ सतह भएको यो जिल्ला मध्यमाञ्चल विकास क्षेत्रको नारायणी अञ्चलमा तराइको भावर प्रदेशदेखि महाभारत पर्वतसम्म फैलिएको छ ।'[८] 'पूर्वमा मकवानपर र पर्सा, पश्चिममा नवलपरासी र तनहुँ, उत्तरमा धादिङ र गोरखा अनि दक्षिणमा भारतको विहार राज्यले यस जिल्लालाई सीमाङ्कन  गरेका छन् ।[९] त्यसैगरी यो जिल्लाको उत्तरी विन्दु दारेचोक गा.वि.स.को कुरिनटार, दक्षिणविन्दु अयोध्यापुरी गा.वि.स.को बाँदरझुला, पूर्वी तर्फ लोथर गा.वि.स.को चौरसडाँडा र पश्चिम तर्फ शाही चितवन राष्ट्रिय निकुञ्जको नारायणी नदीको किनारी भागहरु पर्दछन् ।[१०] यस जिल्लाको पूर्व पश्चिम लम्बाइ बढीमा ८८ की.मी. रहेको छ भने उत्तरदक्षिण चौडाई बढीमा पचास की.मी. रहेको छ ।[११]

## २.४ प्राकृतिक स्वरुपः

चितवन जिल्ला नेपाल राज्यका पचहत्तर जिल्लाहरुमध्ये एक नारायणी नदीको दक्षिण–पश्चिम भागमा राप्ती उपत्यकाको नामले समेत परिचित जिल्ला हो ।[१२] यो झण्डै समकोण त्रिभुजको आकारमा रहेको छ ।[१३] यसको पूर्व तथा दक्षिणतर्फ फराकिलो र पश्चिम तथा उत्तरतर्फ साँगुरिएको देखिन्छ ।[१४] दक्षिणमा रामेश्वर श्रृङ्खला र यही श्रृङ्खलाको काखमा अवस्थित माडी उपत्यका, पूर्व–पश्चिम फैलिएको चारकोसे झाडी एवम् चितवन राष्ट्रिय निकुञ्ज, राप्तीद्वारा

---

६- लक्ष्मणप्रसाद गौतम, चितवनको साहित्य सर्वेक्षण र विश्लेषण, चितवनः (चितवन वाङ्मय प्रतिष्ठान, २०५२) पृ.१ ।
७- ऐजन पृ.१ ।
८- जिल्लाको भौगोलिक तथा भौतिक स्थिति चित्रण, चितवन जिल्ला पार्श्व चित्र २०६१, पृ.८ ।
९- ऐजन पृ.८ ।
१०- ऐजन पृ.८ ।
११- ऐजन पृ.८ ।
१२- चितवन जिल्ला एक परिचय, जि.वि.स.चितवन हातेपत्रिका २०६५, पृ. उल्लेख नभएको ।
१३- लालकृष्ण शर्मा "चितवन जिल्लाको भौगोलिक परिचय" विवेक (वर्ष ५ अङ्क २ २०४६) पृ.१५ ।
१४- चितवन जिल्ला एक परिचय, पूर्ववत ।

सिंचित पूर्वी चितवन, नारायणी सिंचित बेलौत र मेघौली समेतको उर्वर बसोबास योग्य समथर जमिन रहेको छ भने उत्तरवर्ती काउले, सिद्धि, कोराक गा.वि.स. का रुपमा परिचित विशाल भू-भाग फैलिएको उच्च पहाडी पर्वतीय श्रृङ्खलाका भूबनोटले निर्मित चितवन जिल्ला आफैमा एउटा विविधतायुक्त, अनेकौं विशेषताले सम्पन्न जिल्लाका रुपमा परिचित छ ।[१५]

## २.५ नदी, ताल र कुण्ड

हिमालय पर्वतलाई उद्‌गम स्थान बनाई चितवनको उत्तर तथा पश्चिम सीमानाको नारायणी नदीका साथै राप्ती, लोथर, रिग्दी, रिऊ आदी यहाँका ठूला नदी हुन भने अन्य साना नदी खोलाहरु पनि प्रशस्त रहेका छन् । जसका नाङदी, जुगेडी, काली, सक्नौती, महर, बारुङ आदी प्रसिद्ध रहेका छन् ।[१६] यस जिल्लालाई सिगार्ने नदीनाला मात्र नभई यहाँ महत्त्वपूर्ण तालकुण्डहरु पनि रहेका छन् । ती तालहरुमा सत्रहजार, बीसहजार, सत्ताइसहजार, मुण्डा ताल, देवी ताल, नन्दभाउजु ताल, तमोरघैला, कसरा ताल, गडुवाताल, परशुराम कुण्ड र बैकुण्ठ आदि कुण्डहरु रहेका छन् ।[१७] यी नदीनालाहरुमा वर्षाको बेलामा पानीको प्रवाह अति नै धेरै हुन्छ भने हिउदँमा अनि नै न्यून वा सुख्खा समेत देखिन्छ ।

## २.६ राजनीतिक विभाजनः

नेपाल राज्यको मध्यमाञ्चल विकासक्षेत्रको नारायणी अञ्चलअन्तर्गत रहेर सिङ्गो राष्ट्रकै केन्द्रस्थल बन्न पुगेको यो जिल्लामा छत्तीस गा.वि.स. दुईवटा नगरपालिका, तेह्रवटा इलाका र पाँचवटा निर्वाचन क्षेत्र कायम गरिएको राजनैतिक स्वरुप रहेको छ । अञ्चल सदरमुकाम हेटौंडा हो भने जिल्ला सदरमुकाम भरतपुर हो ।[१८]

## २.७ जाति र भाषाः

चितवन जिल्ला जातीय एवम् भाषिक वैविध्य भएको जिल्ला हो । थारु, चेपाङ, दनुवार, कुमाल, माझी यहाँका प्रमुख आदिवासी हुन् । यिनीहरुको आ-आफ्नै भाषा रहेको छ ।[१९] ब्राहमण, क्षेत्री, गुरुङ, तामाङ, नेवार आदि जातिहरुको बसोबास समेत भएको चितवन जिल्लामा भाषिक विविधता पाइन्छ । आधिक्यका आधारमा नेपाली भाषा बोल्नेहरुको संख्या अग्रस्थानमा रहेको छ । वि.सं. २०५८ को जनगणना अनुसार यस जिल्लाको भाषिक संख्या निम्नानुसार देखिन्छ :[२०]

---

१५- चितवन जिल्ला पार्श्वचित्र, पूर्ववत्, पृ.९ ।
१६- ऐजन पृ.१४-१५ ।
१७- चितवन जिल्ला एक परिचय, पूर्ववत् ।
१८- ऐजन ।
१९- चितवन जिल्ला पार्श्वचित्र, पूर्ववत् पृ.२९ ।
२०- ऐजन पृ.२९ ।

**तालिका नं. १**

| भाषा | प्रतिशत | भाषा | प्रतिशत |
|---|---|---|---|
| नेपाली | ६८.९६ | दराई | १.२२ |
| थारु | १२.१५ | भोजपुरी | ०.७४ |
| तामाङ | ५.२४ | हिन्दी | ०.६९ |
| गुरुङ | २.९१ | बोटे | ०.२५ |
| चेपाङ | २.५६ | मैथली | ०.२३ |
| नेवार | २.२९ | अन्य | २.७६ |

## २.८ धर्मः

चितवन जिल्लामा जसरी जाति र भाषामा विविधता पाइन्छ, त्यसैगरी धर्ममा पनि विविधता पाइन्छ । यहाँ हिन्दु बौद्ध, मुस्लिम र क्रिश्चियन धर्मावलम्बीहरु रहेका छन् । तिनका मठ मन्दिर, गुम्बा, चैत्य, विहार, मस्जिद र चर्चहरु पनि ठाउँ ठाउँमा रहेका छन् ।[२१] देवघाट सबै भन्दा ठूलो तीर्थस्थल हो, यो तनहुँ र चितवन गरी दुई जिल्लामा बाँडिएको छ । यसका साथै शिवघाट, त्रिवेणी, विक्रमबाबा, परशुरामकुण्ड आदि तिर्थस्थलहरुको पनि धार्मिक महत्त्व रहेको छ ।[२२] वि.सं २०५८ सालको जनगणना अनुसार यस जिल्लाको धार्मिक संरचना निम्नानुसार रहेको छ ।[२३]

**तालिका नं. २**

| धर्म | प्रतिशत |
|---|---|
| हिन्दु | ८२.७४ |
| बौद्ध | १५.४७ |
| इस्लाम | ०.७७ |
| किराँत | ०.०७ |
| अन्य | ०.९५ |

## २.९ जनसंख्याः

जनसंख्याको दृष्टिले चितवनलाई हेर्दा यहाँको जनसंख्या अत्याधिक रुपमा बढेको छ । वि.सं. २०५८ सालको जनगणनाअनुसार यस जिल्लाको कुल जनसंख्या ४७२०४८ रहेको छ । जसमध्ये महिला २३६९६४ र पुरुष २३५०८४ रहेका छन् । यस जिल्लाको जनघनत्व २१३ (प्रति व.कि.मी.)

२१- लक्ष्मणप्रसाद गौतम, पूर्ववत् पृ.२ ।
२२- चितवन जिल्ला एक परिचय, पूर्ववत् ।
२३- पार्श्वचित्र २०६१, पूर्ववत् पृ.२९ ।

रहेको छ भने घर परिवार संख्या ९२८६३ रहेका छन् । त्यस्तै गरी वार्षिक जनसंख्या वृद्धिदर २.६२ प्रतिशत रहेको छ ।[२४]

## २.१० पर्यटन

पर्यटनको दृष्टिकोणले हेर्दा चितवन नेपालको तेस्रो स्थानमा आउँछ । पर्यटन व्यवसायलाई चाहिने प्राकृतिक सम्पदाका आधारहरु यहाँ प्रशस्त छन् ।[२५] राणाकाल देखिनै विदेशी पाहुनाको लागि शिकार खेल्ने स्थलका रुपमा प्रयोग हुदै आएको यस जिल्लामा आधुनिक पर्यटनको विकास भने 'टाइगर टप्स' होटलको स्थापना सँगै सन् १९६० देखि शुरु भएको पाइन्छ । तत्पश्चात सन् १९७३ मा चितवन राष्ट्रिय निकुञ्जको स्थापना भएपछि यो जिल्लाको ढोका विदेशी पाहुनाहरुका लागि समेत खुल्यो । सन् १९८४ मा युनेस्कोले शाही चितवन राष्ट्रिय निकुञ्जलाई विश्व सम्पदा सूचिमा समावेश गरेपछि चितवन जिल्लाले नेपाललाई विश्वमा चिनाउन महत्त्वपूर्ण भूमिका खेलेको पाइन्छ ।

धार्मिक पर्यटकीय स्थलको रुपमा देवघाट, बागेश्वरी, गणेशस्थान, शिवघाट, त्रिवेणी, विक्रमबाबा, सूर्योदय तथा सूर्यास्त अवलोकनका लागि सिराइँचुली तथा ऐतिहासिक जानकारीका लागि उपरदाङगढी, चिसापानीगढी, सोमेश्वरगढी आदी रहेका छन् । त्यस्तै गरी बीसहजार ताल, राइनोताल, हात्तीसार, देवीताल आदी स्थलहरु महत्त्वपूर्ण रहेका छन् । यहाँ आउने पर्यटकहरु पश्चिम युरोप, एशियाका विभिन्न मुलुक, उत्तर अमेरिका, अस्ट्रेलिया र प्रशान्त क्षेत्रका रहेका छन् भने आन्तरिक पर्यटकहरु पनि असंख्य रुपमा देख्न सकिन्छ । पर्यटकको बसाइ दुई देखि सात दिनसम्म रहेको छ ।[२६]

## २.११ शिक्षा

शैक्षिक दृष्टिकोणले हेर्दा चितवनले निकै नै उन्नति गरेको पाइन्छ । यहाँका क्याम्पस र विद्यालयको संस्थागत र गुणात्मक स्थितिबाट शैक्षिक क्षेत्रको उन्नतिको अनुभव सजिलै गर्न सकिन्छ । यस जिल्लाका विद्यालयहरु राष्ट्रिय स्तरका छन् । यस जिल्लाको साक्षरता ७१.० प्रतिशत रहेको छ । जसमध्ये महिला साक्षरता ६३ प्रतिशत छ भने पुरुष साक्षरता ७९.३ प्रतिशत रहेको छ ।[२७] यस जिल्लामा २०६६ आषाढ मसान्तसम्म विभिन्न तहको अध्यापन गराउने संस्थाहरुको विवरण यस प्रकार रहेको छ ।[२८]

---

२४- चितवन जिल्ला परिचय, पूर्ववत् ।
२५- विश्व मल्ल, समृद्ध र पूर्ण नेपाल, चितवन महोत्सव स्मारिका २०६५, पृ.८७ ।
२६- चितवन जिल्ला पार्श्वचित्र, पूर्ववत् पृ.४० ।
२७- चितवन जिल्ला एक परिचय, पूर्ववत् पृ.उल्लेख नभएको ।
२८- ऐजन ।

**तालिका नं. ३**

जिल्लाका विद्यालयहरुको विवरण

| विद्यालय | सामुदायिक | संस्थागत | कुल |
|---|---|---|---|
| प्रा.वि. | २४७ | ४५ | २९२ |
| नि.मा.वि. | ५० | १७ | ६७ |
| मा.वि. | ६७ | ८६ | १५२ |
| उ.मा.वि. | २० | ७ | ४१(+२) समेत |

यसका साथै बीसवटा भन्दा बढी क्याम्पसहरु यस जिल्लाको शैक्षिक समुन्नतिमा समर्पित पाइन्छन् ।[२९] त्यस्तैगरी चितवन मेडिकल कलेल, शिक्षण अस्पताल भरतपुर, भरतपुर मेडिकल कलेज आदिबाट चिकित्साशास्त्रमा स्नातक र स्नातकोत्तर को पठनपाठन भइरहेको छ भने स्कुल अफ हेल्थ साइन्स, नेपाल पोलिटेक्निक इन्स्टिच्युट, ओएसिस मेडिकल कलेज आदि लगायत दर्जनौं स्वास्थ्यसँग सम्बन्धित शैक्षिक संस्थाहरुले थुप्रै स्वास्थ जनशक्ति उत्पादन गर्ने शैक्षिक कार्यक्रम सञ्चालन गरिरहेका छन् ।[३०]

## २.१२ यातायात

आधुनिक मानव सभ्यताको विकासमा यातायात विकास एउटा महत्त्वपूर्ण र अभिन्न पाटो हो । चितवन जिल्लाका केही सीमित गा.वि.स. बाहेक अन्य ठाउँ र गा.वि.स.हरुमा यातायात विकास भएको छ । यो जिल्ला देशको मध्यभागमा रहेको छ । महेन्द्रराजमार्गले पूर्व-पश्चिम छुने गरी बीचभागबाट काट्नुको साथै उत्तरतर्फ राजधानीसँग नारायणगढ-मुग्लिन राजमार्ग र पृथ्वीराजमार्गले जोडेको छ । जिल्ला भरिमा सबै स्तरका कालोपत्रे, ग्रावेल, कच्ची गरी जम्मा पाँचसय छयत्तर कि.मी. सडक छ ।[३१] यस जिल्लाबाट देशका विभिन्न भागमा बस, मिनीबस, माइक्रो, ट्याक्सी आदी जस्ता यातायातका साधन चल्ने गरेको पाइन्छ भने जिल्लाका ग्रामीण भेगमा पनि स्थानीय व्यवसायीहरुका सक्रियतामा ट्याक्सी, टेम्पो, रिक्सा आदि सेवा सञ्चालनमा रहेका छन् ।[३२] यहाँ भरतपुर र मेघौलीमा गरी दुईवटा हवाई मैदान रहेका छन् ।

## २.१३ कृषि बालीहरु

चितवन जिल्लालाई कृषिको दृष्टिले हेर्दा सम्पन्न मान्न सकिन्छ । यहाँ विभिन्न किसिमका खाद्यन्न नगदे तरकारी, दलहन र तेलहन बालीहरु लगाउने गरिन्छ । यहाँका प्रमुख बालीहरुमा धान, मकै, गहुँ, फापर, जौ,  राजमा, रहर,  मुसुरा,  तोरी, चना, केराउ, बोडी, उखु, सर्स्यु, तील, आलस,

२९- केदारनाथ खनाल, चितवन शैक्षिक नगरको रुपमा, चितवन महोत्सव स्मारिका २०६५, पृ. १०७- १०८ ।
३०- ऐजन पृ.१०८-१०९ ।
३१- चितवन जिल्ला पार्श्वचित्र, पूर्ववत् पृ.७० ।
३२- ऐजन पृ.७० ।

सूर्यमुखी, आलु, बन्दा, काउली, गोलभेंडा, सिमी, करेला, फर्सी आदी रहेका छन् ।[३३]

## २.१४ हावापानी तथा तापक्रम

अक्षांशीय विस्तारअनुसार चितवन जिल्ला समशीतोष्ण मण्डलमा पर्दछ भने हावापानीको वितरणअनुसार उष्णमौसमी हावापानीको क्षेत्रमा पर्दछ । यहाँको औसत अधिकतम तापक्रम गर्मीमा ४२.५ सेलसियस र औसत न्यूनतम तापक्रम ७ सेल्सियस पाइन्छ । यहाँ भाद्रमा सबै भन्दा बढी र पौषमा सबैभन्दा कम वर्षा र तापक्रम पाइन्छ भने आषाढमा सबै भन्दा बढी तापक्रम पाइन्छ ।[३४]

## २.१५ सञ्चार

जनआन्दोलन एक २०४६ पछि नेपालमा सञ्चारको विकास तीब्र रुपमा भएको देखिन्छ । यसै सिलसिलामा चितवन जिल्लामा पनि सञ्चारको विकास तीब्र रुपमा भएको कुरा यहाँबाट प्रकाशित हुने पत्रिका र एफ्.एम्.रेडियोहरुबाट सजिलै महसुस गर्न सकिन्छ । वि.सं. २०२१ मा 'चितवनको चिनो' नामक पत्रिका प्रकाशनबाट पत्रिकाको इतिहास शुरु भएदेखि हालसम्म आइपुग्दा यस जिल्लाबाट आठदर्जन भन्दा बढी दैनिक, साप्ताहिक, पाक्षिक, मासिक, द्वैमासिक, त्रैमासिक, अर्धवार्षिक पत्रिकाहरु प्रकाशनमा आएको देखिन्छ ।[३५] त्यस्तै गरी गत २०६६ साल बैशाखसम्म साधारण टेलिफोन १९६०४, पोष्टपेड मोवाइल ४२३५, प्रिपेड मोवाइल १०५४२५, सिडिएमए स्काइ रिम १४००८, सिडिएमए प्रिपेड ४४०० थान वितरण गरेको छ । यसैगरी युटिएल र मेरो मोवाइलले पनि सेवा प्रदान गर्दै आएका छन् । जिल्लामा जिल्ला हुलाक एक, अतिरिक्त हुलाक पच्चीस, इलाका हुलाक तेह्र, एफ्.एम्. रेडियो सात, चलचित्र भवन चौध, स्थानीय टेलीभिजन दुई रहेका छन् ।[३६] जिल्ला प्रशासन कार्यालय चितवनमा हालसम्म सन्तानब्बे वटा पत्रिका दर्ता भएका छन् यस मध्ये एक दर्जन पत्रिकाले मात्र निरन्तरता दिएका छन् ।[३७]

## २.१६ स्वास्थ्य

स्वास्थ्यको दृष्टिले हेर्दा पनि चितवन अग्रणी स्थानमा रहेको छ । यहाँ विभिन्न स्वास्थ्य संस्था मार्फत् स्वास्थ्य सेवाका साथै विभिन्न किसिमका जनशक्ति पनि उत्पादन हुने गरेका छन् यस जिल्लामा जिल्ला अस्पताल एक, क्यान्सर अस्पताल एक, आँखा अस्पताल एक, निजि नर्सिङ होम चौध, आयुर्वेद छ, स्वास्थ्य चौकी छ, प्राथमिक स्वास्थ्य केन्द्र चार, उपस्वास्थ्य चौकी एकतीस र मेडिकल कलेज दुई रहेका छन् । यस जिल्लामा चिकित्सकको संख्या एकसय त्रिपन्न, महिला स्वास्थ्य सेविका चारसय पाँच रहेका छन् ।[३८] त्यस्तै गरी दर्जनौ स्वास्थ्यसँग सम्बन्धित शैक्षिक

---

३३- चितवन जिल्ला एक परिचय, पूर्ववत् ।
३४- ऐजन ।
३५- रमेशकुमार पौडेल, 'चर्चा चितवनका पत्रपत्रिकाको', रामेश्वर स्मारिका २०६४, पृ.९९।
३६- चितवन जिल्ला एक परिचय २०६५, पृ. उल्लेख नभएको ।
३७- रमेशकुमार पौडेल, पूर्ववत् पृ. ९९ ।
३८- चितवन जिल्ला एक परिचय, पूर्ववत् ।

संस्थाहरुले स्वास्थ्यसँग सम्बन्धित विभिन्न स्तरका जनशक्ति उत्पादन गरिरहेका छन् ।[३९]

## २.१७ उद्योग

उद्योग व्यवसायमा पनि यस जिल्लाले महत्त्वपूर्ण भूमिका खेलेको छ । यहाँ घरेलु उद्योगहरु प्रशस्त रहेका छन् भने यिनै घरेलु तथा मझौला उद्योग व्यवसायहरुले जिल्लाको विकासमा महत्त्वपूर्ण टेवा पुऱ्याएका छन् । यहाँ निजी स्तरका अठ्चालीस र साझेदारी एक गरी उन्पचास वटा घरेलु उद्योग सञ्चालनमा रहेका छन् ।[४०]

## २.१८ साहित्य-सृजनापरम्परा

प्रारम्भमा घना जंगल र चेपाङ, थारु आदि जातिको मूल थलोको रुपमा रहेको चितवन वि.सं. २०११ सालमा औलो उन्मुलन भई 'राप्ती दुन विकास योजना' लागु भएपछि पचहत्तर जिल्लाका मानिसहरु आई बसोबास गर्न थाले । उनीहरुसँगै उनीहरुको सिर्जना र प्रतिभा चितवन भित्रियो अनि चितवनको साहित्य भरिलो हुन केही बेर लागेन । विगत तर्फ फर्केर थारु जातिको अलिखित लोकसाहित्य र पहाडका आ-आफ्ना ठाउँबाट ल्याइएका लोकसाहित्य नै केही समय अस्तित्वमा रहे ।[४१] वि.सं. २०१६ सालमा कलानाथ अधिकारीले थारु लोककथा 'जितिया पावनी' लाई थारु भाषा मै लिपिबद्ध गरी प्रकाशनमा ल्याउने कार्य गरे ।[४२]

बसाइँ सराइँकै क्रममा चितवन आएर चितवनलाई आफ्नो कर्मथलो बनाएका शिक्षित एवम् चेतनशील व्यक्तिहरुमा साहित्यानुरागका अतिरिक्त केही गरौं भन्ने चाहना विकसित हुँदै जान थाल्यो फलतः वि.सं. २०१८ सालमा नारायणी कला मन्दिरको स्थापना भयो । साहित्य, सङ्गीत र कलाको साधना स्थलको रुपमा रहेको नारायणी कला मन्दिर हालसम्म क्रियाशील छ । वि.सं.२०२१ सालमा प्रकाशित 'चितवनको चिनो' नामक पत्रिकाले साहित्य सिर्जन परम्परामा थप टेवा पुऱ्यायो । यो नै चितवनबाट प्रकाशित पहिलो साहित्यिक पत्रिका हो ।[४३] चितवनको साहित्यिक उत्थानको जग हाल्ने कार्यमा वि.सं. २०२२ सालमा भरतपुरमा स्थापना भएको वीरेन्द्र इन्टर कलेजको महत्त्वपूर्ण भूमिका रहेको छ । त्यस कलेजका तत्कालीन प्राचार्य आनन्ददेव भट्टले स्थिर रहेको चितवनको साहित्यिक वातावरणमा एक प्रकारको उत्साह भने कार्य गरे । फलतः नवसर्जकहरु जुर्मुराएर उठे ।[४४] वि.सं. २०२२ सालमा रामपुरमा सम्पन्न राष्ट्रव्यापी साहित्यिक सेमिनारले पनि यहाँको सिर्जनात्मक परिवेशलाई माथि उठाउन केही सहयोग पुऱ्यायो ।[४५] यसैगरी वि.सं. २०२३ सालमा

---

३९- केदारनाथ खनाल, पूर्ववत् पृ.१०८ ।
४०- चितवन जिल्ला एक परिचय, पूर्ववत् ।
४१- लक्ष्मणप्रसाद गौतम, पूर्ववत् पृ. ३ ।
४२- ऐजन पृ.३ ।
४३- डी.आर.पोखरेल, चितवनको साहित्यिक पत्रपत्रिकाको सङ्क्षिप्त रुपरेखा, हाम्रो सिर्जना २०६६,अङ्क ८ र ९ असोज, पृ.५-६ ।
४४- हरिहर खनाल, 'चितवनको साहित्यिक प्रकाशन', चितवन महोत्सव स्मारिका २०५७ पृ.८५ ।
४५- ऐजन पृ. ८५ ।

प्रेम विनोद नन्दनले 'सपनीबाट व्युँझेर' (गितहरुको सङ्गालो) प्रकाशन गरे ।[४६] वि.सं. २०२४ सालमा भरतपुरमा भएको देवघाट सङ्गमको राष्ट्रियस्तरको गोष्ठीले चितवनको साहित्यिक विकासमा महत्त्वपूर्ण योगदान पुऱ्याउने प्रेरणाको स्रोत बन्यो ।[४७] त्यसैगरी २०२५ सालमा आनन्ददेव भट्ट लगायत नौ जनाको संयुक्त प्रयासमा 'दोभान' साहित्यिक पत्रिकाको प्रकाशन, २०२६ मा 'नौलो राँको' र २०२७ मा 'छहरो' प्रकाशन भए । फलस्वरुप चितवनको साहित्यिक विकासमा अर्को इटा थपियो ।[४८] वि.सं. २०२० को दशकमा यिनै कृति, पत्रिका र साहित्यिक गतिविधिले महत्त्वपूर्ण कार्य गरे । वि.सं. २०३० को दशकमा बामदेम पण्डितको **ब्रहमाण्डभित्र** (२०३१), खेमलाल त्रिपाठीको **मार्कण्ड** (?) अनिल सिग्देलको **'केही समालोचनात्मक रेखाङ्कन'** (समालोचना), **मिलन** (खण्डकाव्य) **जीवन क्षितिजमा** (कवितासंग्रह) आदी देखा परे  वि.सं. २०४० को दशकमा सुवर्ण कक्षपतिको **मेरी धवला** र प्रकाश चापागाईंको **बदला** नाटक प्रकाशन भए । यस दशकमा रविकिरण निर्जीव, हरिहर खनाल, खुशीराम पाख्रिन, जगतराज पौडेल, पोषराज पौडेल, देवदत्त पौडेल, मित्रलाल ढकाल जस्ता साहित्यकारहरु सक्रिय रहेका देखिन्छन् । वि.सं. २०४६ सालको जनआन्दोलनबाट प्रजातन्त्र प्राप्ति पछि साहित्यको विकास तीब्र रुपमा भएको देखिन्छ । यसै दशकमा मित्रलाल विनयको **म आएको छु,** गोविन्दराज विनोदीको **मेरो वर्तमानमा,** कपिल अज्ञातको **अज्ञातका कविता,** हरिहर खनालको **बमको छिर्का** आदि कृतिहरु प्रकाशित भए । यस्तैगरी वि.सं. २०५० को दशकमा हरिहर खनालको **आस्थाको गोरेटो,** जगतराज पौडेलको **श्रद्धाञ्जलीका फूलहरु**, सरस्वती रिजालको **एक झुल्को घाम**, प्रेम विनोद नन्दनको **विपनीका पाइलाहरु**, ध्रुवकिरण रेग्मीको **नारी पीडा,** कृष्ण कँडेलको **बुद्धका आँखामा देश**, धर्म प्रधान 'अकिञ्चन'को **मृग मरिचिका**, कमल कँडेल र कल्पना कँडेलको **प्रकृति स्मृति**, गोबर्धन पूजाको **धर्तीको धुलो**, धनराज गिरीको **राष्ट्रै टुहुरो भयो**, श्रीभक्त अच्युत वाग्लेको **म भित्रको मान्छे,** एकनारायण पौडेलको **बादलका चोटहरु**, रेवतीरमण खनालको **कथोपकथन** जस्ता कृतिहरु प्रकाशित भए । यसैगरी समालोचनातर्फ लक्ष्मणप्रसाद गौतमको **चितवनको सर्वेक्षण र विश्लेषण**, नन्दनको **काव्यिक परिवेश,** डी.आर. पोखरेलको **यथार्थवादी समालोचनाको गोरेटोमा**, कपिल अज्ञातको **समालोचनाको सन्दर्भ** र **साहित्य सिर्जन प्रक्रिया** आदि प्रकाशित भए ।[४९] यसै दशकमा प्रकाशित निबन्धहरुमा तिलकराज शर्माको **पार्टी खोल्ने धुनमा**, रामबाबु घिमिरेको **लेख्नै नपर्ने कुराहरु** आदि छन् भने कथामा डा.सूर्यमणि अधिकारीको **आत्मावतार** रहेको छ ।[५०] यसै चरणमा राजकृष्ण कँडेलको **सपनाका छालहरु** (खण्डकाव्य), **द्रौपदीको पश्चताप** (खण्डकाव्य), पोषराज पौडेलको **सहिद गाथा** रहेका छन् । यसैगरी वि.सं. २०६० को दशकमा कविता संङ्ग्रह तर्फ

---

४६- डी.आर.पोखरेल, चितवनको साहित्यिक, साँस्कृतिक र ऐतिहासिक रुपरेखा, हाम्रो सिर्जना २०६४ पौष पृ.१३ ।
४७- केदारनाथ खनाल, चितवनको साहित्य र संस्कृति, रत्ननगर दशै महोत्सव स्मारिका २०५७, पृ.उल्लेख नभएको ।
४८- हरिहर खनाल, पूर्ववत् पृ. ८७ ।
४९- कपिल अज्ञात, चितवनको संस्थागत साहित्य र विकास, चितवन महोत्सव स्मारिका २०६५, पृ.१४४ ।
५०-हरिहर खनाल, पूर्ववत् पृ.८३ ।

केदारनाथ खनालको **अनुभूतिका शब्द तरङ्ग**, सुरेन्द्र अस्तफलको **बिम्ब शिविर**, डी.डी. शर्माको **प्रति ध्वनि**, शंकर सुवेदीको **चाँदनी,** गोर्खे साईलोको **कादम्बरी**, हुसैन खाँको **मरुद्यान,** गीता लामिछानेको **म पनि गुराँस हुन पाए**, ध्रुवकिरण रेग्मीको **दरिद्रताको परिवेश**, प्रकाश चापागाईको (सम्पा.) **स्मृतिका विम्बमा सीता** प्रकाशित भए । वि.सं. २०४० सालदेखि गजल लेख्न थालिएतापनि वि.सं. २०६० को दशकमा चितवनमा गजलले आफ्नो आयतन निकै फैलायो । यस दशकमा प्रकाशित गजल सङ्ग्रहहरुमा शीतल कादम्बिनीको **सुगन्धयात्रा**, कृष्ण कुमारी महतको **संयोगवियोग,** वालकृष्ण थपलियाको **धारा एक सय सत्ताईस,** इन्द्रलाल श्रेष्ठ 'अद्धितीय'को **नयाँआकाश नयाँ इतिहास, बिम्बप्रतिबिम्ब,** पुष्प आचार्यको **दैलो भित्र दैलो बाहिर,** गोर्खे साईलोको **सम्मोहन, मुस्कान, सुत्रमाला,** विमलप्रकाश देवकोटाको **पलपलका परिमलहरु,** पुष्प अधिकारी 'अञ्जली'को **मनभित्रको मन, गजलयात्रा, गजलदिप,** किसान प्रेमीको **गजव छ मान्छे,** धनराज गिरीको **गजलामृत, कुन्साङकाका,** कपिल अज्ञातको **समयसमयका स्वरहरु** र उत्सव खरेलको **टाढिएका वसन्त** रहेका छन् भने नाटक तर्फ पुष्प आचार्यका **अन्तिम लाश, हराएको सूर्य, नेपाल गयो भन्दिनु है,** प्रकाशित भए । यस दशकका निबन्धहरुमा राजकृष्ण कँडेलको **संबेदनाका स्वरहरु,** केदारनाथ खनालको **शिक्षा केही गन्थन केही मन्थन,** रामबाबु घिमिरेको **अनर्गल प्रलाप,** कृष्णकुमारी सुवेदीको **माया तथा लीला,** जीवनाथ तिमिल्सिना 'अनुपम'को **स्वर्गको निर्माण,** कपिल अज्ञातको **भूलहरुका विरुद्ध,** पूर्ण बहादुर अधिकारीको **अनुभूतिका त्रिवेणी** आदी रहेका छन् । यसै गरी यस दशकमा कथा, हाइकू, मुक्तक, खण्डकाव्य, महाकाव्य आदि पनि प्रकाशित भए भने समीक्षा र अनुसन्धानमुलक लेख, इतिहास सम्बन्धी लेख आदी विविध विधाहरुले पनि मुन्टो उघारेको देखिन्छ ।[५१]

पुस्तक जस्तै साहित्यिक पत्रिका प्रकाशनको दृष्टिले पनि चितवन जिल्ला उर्वर देखिन्छ । प्रकाशित ती पत्रिकाहरुमा चितवनको चिनो (२०२१), दोभान (२०२५), प्रकाशपुञ्ज (२०२५), वेणी ( २०२६), नौलो राँको (२०२६), रात्री प्रकाश (२०२६), नयाँ गोरेटो (२०२७), छहरो (२०२७), तिर्सना ( २०२७), मारुनी (२०२८), नयाँ जोश (२०३०), भृकुटी (२०३४), जाँगर (२०३६), इन्द्रकमल (२०३७), नौलो समाज (२०३७), आरन (२०३७), ऋचा (२०३८), गोधुली (२०४०), सेरोफेरो (२०४४), वागीश्वरी (२०४७), सम्प्रेषण (२०४७), जनसाहित्य (२०४७), पाइला प्रवाह (२०४८), प्रेरणा ( २०५०), मधुलिका (२०५१), पल्लव (२०५२), समाजदर्पण (२०५२), समुन्नत (२०५२), हाम्रो मझेरी (२०५७), पल्लवी सन्देश (२०५९), अभिव्यञ्जना (२०५९), हाम्रो सिर्जना (२०६१), स्रष्टा (२०६१), सरोजिनी (२०६२), सिराइचुली (२०६३), सञ्जीवनी (२०६४), प्रलेस चितवन (२०६४), गणतान्त्रिक कविता (२०६५), मध्यक्षितिज (२०६५) आदि रहेका छन् ।[५२]

यसै गरी चितवनको साहित्यिक विकासमा सङ्घ संस्थाहरुको पनि महत्त्वपूर्ण योगदान रहेको

---

५१- कपिल अज्ञात, पूर्ववत् पृ.१४४-१५१ ।
५२- डी.आर.पोखरेल, हाम्रो सिर्जना, पूर्ववत् पृ.५-६ ।

छ । वि.सं. २०१६ मा नारायणी पुस्तकालयको स्थापनादेखि हालसम्म आइपुग्दा साहित्यिक सङ्घसंस्थाहरुको स्थापना पनि तीव्रतर रुपमा भएको छ । यसै गरी स्थानीय स्तरमा स्थापना भएका सञ्चारका माध्यमहरुले त झन चितवनको साहित्यिक विकासमा बाढी नै ल्याईदिएका छन् । यही आफ्नो विशिष्ट चिनारी लिएर चितवन चिनिएको छ ।

## २.१९ निष्कर्ष

चितवन जिल्ला प्राकृतिक सौन्दर्य र रमणीय छटाहरुले भरिपूर्ण जिल्ला हो । विभिन्न ताल तलैया, नदीनालाहरुबाट अभिसिञ्चित, जैविक विविधता, जातीय एवम् धार्मिक विविधतायुक्त भित्री मधेशीय जिल्ला हो । यो जिल्ला कला, संस्कृति, भू-बनावट, हावापानी, शिक्षादीक्षा, भाषा साहित्य आदीका दृष्टिले पनि उल्लेखनीय रहेको छ । यसैगरी यातायात, सञ्चार, स्वास्थ्य आदिका दृष्टिले पनि यो जिल्ला उल्लेखनीय देखिन्छ । यसैगरी पर्यटकीय स्थल र ऐतिहासिक स्थलका रुपमा पनि यो उत्तिकै चर्चित रहेको छ ।

# परिच्छेद तीन

# चितवन जिल्लाका साहित्यिक सङ्घसंस्थाहरू

# परिच्छेद तीन

## ३. चितवन जिल्लाका साहित्यिक सङ्घसंस्थाहरु

### ३.१ पृष्ठभूमि

नेपाली संस्कृति एवम् भाषा साहित्यको उन्नतिको सन्दर्भमा गठित सङ्घसंस्थाहरुको आफ्नै महत्त्व र गरिमा छ । कुनै पनि सामुहिक लक्ष्यलाई प्राप्त गर्न जुनसुकै परिस्थितिमा पनि एकताको खाँचो परेकै हुन्छ । यसप्रकारको एकताको भावनामा व्यक्ति-व्यक्तिको सम्बन्ध र त्यस सम्बन्ध सुत्रलाई बनाइ राख्ने कुनै पनि भेला वा सभाको ठूलो महत्त्व रहेको हुन्छ । यस्तो भेलालाई स्थायीत्व प्रदान गर्ने उद्देश्य अनुरुप विभिन्न सङ्घसंस्थाहरुको उत्पत्ति भएको हुन्छ ।[१] यसैले सङ्घसंस्थाकै माद्यमबाट नै भेला भई आपसी सम्बन्धको बाटो तयार मात्र नभई कुनैपनि सामुहिक समस्यालाई छलफलद्धारा समाधान गने महत्त्वपूर्ण कार्य हुन्छ । सङ्घसंस्थाहरुले जहिले पनि त्यहाँको जीवित गतिविधिलाई जानकारी दिने महत्त्वपूर्ण माद्यमको काम गरेका हुन्छन् । त्यसैले भाषा साहित्यको उन्नयनका लागि सङ्घसंस्थाहरुको जन्म हुनै पर्दछ ।

नेपालमा सर्वप्रथम मोतिमण्डली खोलेर मोतिराम भट्टले नेपाली साहित्यको संस्थागत विकास गर्ने प्रयत्न गरे ।[२] त्यसपछि वि.सं. १९९३ मा रसिक समाजको स्थापना भई संस्थागत विकासमा अर्को पृष्ठ थपियो ।[३] वि.सं. १९७० मा गोरखाभाषा प्रकाशिनी समिति, वि.सं. १९९४ मा भाषानुवाद परिषद स्थापना भएपछि त झन संस्था स्थापना गर्नमा प्रेरणा मिल्यो ।[४] यिनै पृष्ठभूमिबाट नेपालमा सङ्घसंस्थाहरु स्थापना हुन थाले ।

नेपालको मध्यभागमा अवस्थित चितवन प्रारम्भमा घना जङ्गल, दुर्लभ वन्यजन्तुको आश्रय स्थल र चेपाङ, थारु जातिको मूलथलो थियो । अधिराज्यका विभिन्न जिल्लाहरुबाट मानिस आई बसोबास गर्नु पूर्व यहाँका आदिवासी थारु, चेपाङ, दनुवार आदी समुदायको अस्तित्व थियो ।[४] उनीहरुका अलिखित लोकसाहित्यिक सुसेली नै चितवनको साहित्यको आद्यस्वरुप मान्न सकिन्छ । अधिराज्यका विभिन्न जिल्लाबाट बसाईँसराइँको क्रममा चितवन भित्रिएका मानिसहरुले आफुसँगै ल्याएका लोकसाहित्यिक परम्पराहरुको अस्तित्व पनि केही समय सम्मका लागि अलिखित रुपमै रह्यो ।[५] वि.सं. २०१६ सालमा कलानाथ अधिकारीले थारुभाषामा लिपिबद्ध 'जितिया पावनी' नामक कृति प्रकाशनमा ल्याएपछि नै औपचारिक रुपमा थारुलोक साहित्यले संरक्षकत्व पाएको हो ।[६]

---

१- कपिल अज्ञात, पूर्ववत् पृ.१४४ ।
२- डा.दयाराम श्रेष्ठ, साहित्यको इतिहास, सिद्धान्त र सन्दर्भ, (काठमाडौ त्रिकोण प्रकाशन २०५९), पृ.१६४ ।
३- ऐजन, पृ.१६४।
४- ऐजन, पृ. १६५ ।
५- लक्ष्मणप्रसाद गौतम, पूर्ववत, पृ.३ ।
६- ऐजन पृ. ३ ।

बसाइँसराइँकै क्रममा चितवन आइपुगेका केही सचेत युवाहरुको सक्रियतामा विस्तारै शैक्षिक साहित्यिक एवम् बौद्धिक प्रयासहरु आरम्भ सँगै साहित्यको संरक्षण र सम्बर्द्धन गर्ने चेतना जाग्न थाल्यो । यसकै परिणामस्वरुप वि.सं. २०१६ सालमा नारायणी पुस्तकालयको स्थापना भयो । चितवन जिल्लामा सर्वप्रथम स्थापित सार्वजनिक पुस्तकालयको रुपमा रहेको नारायणी पुस्तकालय नै आधिकारिक र पहिलो साहित्यिक संस्था हो ।[७] त्यसपछि वि.सं २०२१ सालमा चितवन हाइस्कुलबाट **चितवनको चिनो** नामक पत्रिका प्रकाशित भयो यो नै चितवन जिल्लामा सर्वप्रथम प्रकाशित पत्रिका हो ।[८] त्यसैगरी वि.सं. २०२२ सालमा रामपुरमा राष्ट्रिय साहित्य गोष्ठी सम्पन्न भयो भने वि.सं.२०२४ सालमा भरतपुरमा जिल्लास्तरीय साहित्य गोष्ठी सम्पन्न भएको देखिन्छ । वि.सं. २०२५ सालमा आनन्ददेव भट्ट लगायत नौजनाको संयुक्त प्रयासमा दोभान साहित्यिक पत्रिकाको प्रकाशन भएको देखिन्छ भने वि.सं २०२६ सालमा **नौलो राँको** र वि.सं. २०२७ सालमा **छहरो** को प्रकाशन भएको पाइन्छ ।[९] यिनै पृष्ठभूमिमा शहरीकरण र शैक्षिक जागरणसँगै विभिन्न समयमा साहित्यिक संस्थाहरु खुल्न थाले ।

चितवन जिल्लाको साहित्यिक उत्थान तथा विकासमा विभिन्न सङ्घसंस्थाहरुको पनि महत्त्वपूर्ण हात रहेको छ । यस जिल्लामा वि.सं. २०१६ देखि अहिलेसम्म थुप्रै साहित्यिक सङ्घसंस्थाहरु एवम् पुस्तकालयहरु स्थापित भएका छन् भने स्थापित ती सङ्घसंस्थाहरुले स्थानीय साहित्यिक विकासमा जीवन्त र क्रियाशील रुपमा उल्लेख्य भूमिका खेलिरहेका छन् । यस परिच्छेदमा चितवन जिल्लामा स्थापना भएका साहित्यिक सङ्घसंस्थाहरुको सामान्य परिचयको बारेमा कालक्रमिक चर्चा गरिएको छ

## ३.२ दर्ता भई सक्रिय भएका साहित्यिक सङ्घ-संस्थाहरु

चितवन जिल्लामा स्थापित भई दर्ता भएका साहित्यिक सङ्घ-संस्थाहरुको परिचय कालक्रमिक आधारमा निम्नअनुसार गर्न सकिन्छ :

### ३.२.१ साहित्य सङ्गम चितवन

चितवनका प्रगतिशील लेखकहरुको सक्रियतामा स्थापित यो संस्था मार्क्सवादमा विश्वास राख्ने प्रगतिशील साहित्यकारहरुको साझा मञ्च हो । साहित्य सृजना र यसको प्रकाशन तथा प्रचारबाट अन्याय, अत्याचार, शोषण र उत्पीडनको विरोध र उन्मूलन गर्ने ध्येयले वि.सं. २०४४ साल कार्तिक २८ गते स्थापना भएको हो ।[१०] यस संस्थाको बारेमा पछिल्ला परिच्छेदमा विस्तृत व्याख्या गरिएको छ ।

---

७- ऐजन पृ. ३ ।
८- कपिल अज्ञात, पूर्ववत्, पृ.१४४ ।
९- ऐजन, पृ. १४४ ।
१०- संस्थाका पूर्व अध्यक्ष रविकिरण निर्जीवबाट लिइएको लिखित अन्तर्वार्ताबाट प्राप्त जानकारी ।

### ३.२.२ चितवन साहित्य परिषद

साहित्यकार कोमलनाथ कोइरालको अध्यक्षतामा एघार सदस्यीय तदर्थ समिति गठन गरी वि.सं. २०४५ सालमा चितवन साहित्य परिषदको स्थापना भएको हो ।[११] भाषासाहित्यको अध्ययन, अनुसन्धान गर्ने, नवप्रतिभाको खोजी, स्थापित प्रतिभाको सम्मान, रचना सङ्कलन, सम्पादन र प्रकाशन गर्ने आदि विविध माध्यमद्धारा भाषा साहित्यको श्रीवृद्धि गर्ने उद्देश्य लिई स्थापना भएको चितवन साहित्य परिषदले बैधानिकता प्राप्ति भने वि.सं. २०४६-२-३२ गते गरेको देखिन्छ ।

यस संस्थाले आफ्नो स्थापनाकाल देखि नै राष्ट्रियस्तरका साहित्यकारहरुलाई बोलाएर साहित्यिक कार्यक्रम गर्नुका साथै संस्मरण गोष्ठी, लेखनाथ, लक्ष्मीप्रसाद देवकोटा जयन्ती, बुहभाषिक सम्मेलन, गजल कार्यशाला गोष्ठी, राष्टकवि माधवप्रसाद घिमिरे रथयात्रा तथा अभिनन्दन जस्ता उच्चस्तरीय कार्यक्रमहरु गर्दै आएको छ ।[१२] पुरस्कार वितरणार्थ अक्षयकोष स्थापना, चिसाप प्रतिभा पुरस्कार तथा कृष्णाकुमारी गुरुङ स्मृति पुरस्कार वितरण जस्ता कार्यक्रमहरुलाई निरन्तरता दिँदै आएको छ ।[१३] हालसम्म चिसाप प्रतिभा सम्मानबाट सोह्र जना स्रस्टा सम्मानित भएका छन् भने विभिन्न एघारवटा कृतिका लागि कृष्णाकुमारी स्मृति पुरस्कार प्रदान गरेको छ । सम्मानित हुने प्रतिभाहरुमा प्रेमविनोद नन्दन, गोविन्दराज विनोदी, रामबाबु घिमिरे, हरिहर खनाल, नारायणप्रसाद खनाल, विजयराज भट्टराई, खुमनारायण पौडेल, नारायणदत्त शास्त्री, लक्ष्मणप्रसाद गौतम, राजकृष्ण कँडेल, केशवराज आमोदी, गायत्री श्रेष्ठ, सरस्वती रिजाल, कपिल अज्ञात, केदारनाथ खनाल, डी.आर.पोखरेल, सूर्यमणि अधिकारी, मोहन दुवाल, रमेश श्रेष्ठ, खगेन्द्र लुइटेल, भूपिन व्याकुल, शैलेन्द्रप्रकाश नेपाल, माधव वियोगी आदि रहेका छन् ।

परिषदले वागेश्वरी नामक पत्रिकालाई आफ्नो मुखपत्रको रुपमा प्रकाशित गर्दै सत्रौं अङ्कसम्म प्रकाशनमा ल्याएको छ । यस परिषदले कविता, कथा, निबन्ध, हाइकू, गजल, समालोचना विधाका तीन दर्जनभन्दा बढी कृतिहरु प्रकाशित गरेर साहित्यिक कृति प्रकाशनको मेलो देखाइ चितौनेली साहित्यिक उन्नयनमा एउटा इटा थप्ने काम गरेको छ । ती प्रकाशित कृतिहरुमा प्रेमविनोद नन्दनको **विपनीका पाइलाहरु** (२०५२), कपिल अज्ञातको **समालोचनाको सन्दर्भ**, गोविन्दराज विनोदीको **निर्मम निर्मम घडीहरु,** रामबाबु घिमिरेको **लेख्न नपर्ने कुराहरु** (२०५६), डा. सूर्यमणि अधिकारीको **आत्मावतार** (२०५६), श्रीभक्त अच्युत वाग्लेको **म भित्रको मान्छे** (२०५७) श्यामानन्द पौडेलको **शिवशक्ति शिखरिणी** (२०५८), गोविन्दराज विनोदीको **छन्द विनोद** (२०५९), नारायणदत्त शास्त्रीको **कृषि डायरी** (२०५९), राजकृष्ण कँडेलका **द्रौपदीको पश्चाताप** (२०५९) र **संवेदनका स्वरहरु** (२०६२), नरेन्द्रराज पौडेलको **एलोसीमाथिको साँझ** (२०६०), विमलप्रकाश देवकोटाको **विमलदर्पण** (२०६०), प्रकाश पौडेल माइलाको **पर्दाफास** (२०६१), केदारनाथ खनालको

११- रामबाबु घिमिरे र अन्य (सम्पा.) 'प्रकाशकीय' बागेश्वरी (वर्ष २, अङ्क १, २०४७ पृ.अ.) ।
१२- संस्थाका उपाध्यक्ष सुरेन्द्र अस्तफलबाट भरिएको संस्था विवरण फारमअनुसार ।
१३- ऐजन ।

**अनुभूतिका शब्दतरङ्ग** (२०६१), गायत्री श्रेष्ठको **बादलको घुम्टोभित्र** (२०६२), शीतल कादम्बिनीको **सुगन्धयात्रा** (२०६२), इन्द्रलाल श्रेष्ठ 'अद्वितीय'को **भावनामा राष्ट्र बोल्छ** (२०६२), कल्पना अधिकारीको **आमा** (२०६२), सुरेन्द्र अस्तफलको **बिम्बशिविर** २०६२), बालकृष्ण थपलियाको **धारा १२७** (२०६२), होमनाथ पौडेलको **विभूति दर्पण** (२०६२), सरस्वती रिजालको **प्रबोधन** (२०६२), कृष्णकुमारी महतको **संयोग वियोग** (२०६३), खेमराज दवाडीको **अमेरिकाको यात्रा** , केदारनाथ खनालकै **यात्राका स्पन्दनहरु** (२०६५), पुष्प आचार्यको **दैलोभित्र दैलो बाहिर** (२०६५) आदि रहेका छन् ।[१४] यसरी संस्थाबाट जिल्लाभरी कै अधिकांश स्रस्टाहरुले मञ्च प्राप्त गरेका छन् र चितवन को साहित्यिक समुन्नयनको दीप उज्जल बन्दै गएको छ ।

## ३.२.३ चितवन वाङ्मय प्रतिष्ठान

साहित्यकार खुमनारायण पौडेल, हरिहर पौडेल, लक्ष्मणप्रसाद गौतम, लीलामणि भट्टराई, धर्म प्रधान 'अकिञ्चन', युवराज अर्याल र प्रकाश थापाको सक्रियतामा वि.सं. २०५१ सालमा चितवन वाङ्मय प्रतिष्ठानको गठन भएको हो । नेपाली भाषा, कला र साहित्यको अनुसन्धान गर्दै तिनको संरक्षण र सम्बर्द्धन गर्ने उद्देश्य रहेको यस प्रतिष्ठाले वैधानिकता प्राप्ति भने वि.सं. २०५२ सालमा गरेको हो ।[१५] समय समयमा विभिन्न गोष्ठीहरु सञ्चालन गर्दै आएको यस प्रतिष्ठानले वि.सं. २०५१ सालमा व्यक्तिगत रुपमा लीलामणि भट्टराईको सम्पादनमा प्रकाशन भएको पत्रिका **मधुलिका** लाई संस्थागत रुपमा आफ्नो मुखपत्रको रुपमा प्रकाशनमा ल्याइ निरन्तरता दिएको छ ।[१६] यसको २०६६ सम्म पछिल्लो दशौं अङ्क प्रकाशन भएको छ ।[१७]

त्यस्तैगरी प्रतिष्ठानले हालसम्म कविता, निबन्ध, कथा, गजल, समालोचना विधाका एक दर्जन भन्दा बढी कृति प्रकाशन गरिसकेको छ भने ती प्रकाशित कृतिहरुमा हरिहर पौडेलको **इतिवृत्त** (२०५१), लक्ष्मणप्रसाद गौतमका **नन्दनको काव्यिक परिवेश** (२०५२), **चितवनको साहित्यःसर्वेक्षण र विश्लेषण** (२०५२), एकनारायण पौडेलको **बादलका चोटहरु** (२०५७), गोविन्दराज विनोदीको **आँखाका नानी** (२०५७), गोपाल पौडेलको **छातिभरी तिम्रो माया** (२०५९), खनाल रेवतीरमणको **कथोपकथन** (२०५९), श्रीओम श्रेष्ठ रोदनको **समयका सम्भावनाहरु** (२०५९), कृष्णकुमारी सुवेदीको **माया तथा लीला** (२०६०), हरिहर पौडेलको **कालो उज्यालो** (२०६२), सीताराम कोइरालाको **अनर्थ** ( २०६२), एल.बी.क्षेत्रीको **त्रिशङ्कुशको देश** (२०६३), जीवनाथ तिमिल्सिनाको **अनुपम को स्वर्गको निर्माण** (२०६४) र **आख्यानपुरुष ध्रुवचन्द्र गौतम अभिनन्दनग्रन्थ** रहेका छन् ।[१८]

यसैगरी प्रतिष्ठानले प्रेमविनोद नन्दन, गोविन्दराज विनोदी, भीम विरागलाई सम्मान गरेर सम्मानको श्रृङ्खला बढाउदै गएको छ ।[१९]

---

१४- कपिल अज्ञात, पूर्ववत् पृ.१४४-१४५ ।
१५- श्रीचन्द्र वाग्ले, चितवनका साहित्यिक सङ्घसंस्थाहरुको सर्वेक्षण र मूल्याङ्कन अप्रकाशित स्नातकोत्तर शोधपत्र त्रि.वि.२०६३, पृ.२३ ।
१६- ऐजन, पृ.३५।
१७- मधुलिका (वर्ष १३, पूर्णाङ्क १०, २०६५) पृ. ११९ ।
१८- कपिल अज्ञात, पूर्ववत् पृ.१४६-१४७।
१९- ऐजन, पृ.१४७।

## ३.२.४ बाल्मीकि साहित्य सदन

केशवराज आमोदीको अध्यक्षतामा साहित्यको उन्नयनलाई नै आफ्नो अभिस्ट ठानेर चितवनको दोस्रो नगरपालिका रत्ननगरमा रामबाबु घिमिरेको घरलाई कार्यालय बनाई बाल्मीकि साहित्य सदनको गठन भएको हो । औपचारिक आरम्भ वि.सं. २०५६ सालमा भएको यस सदनको विधिवत आरम्भ वि.सं. २०४७ सालमा भएको हो ।[२०] संस्कृत साहित्य आदिकवि महर्षि बाल्मीकिको जन्मस्थल चितवन जिल्लाकै माडी बघौडा गा.वि.स. मा पर्ने भएकाले उनकै पुण्यस्मृतिमा यस संस्थाको नामकरण गरिएको हो ।

अन्य संस्थाले जस्तै यस सदनले पनि विभिन्न साहित्यिक कार्यक्रमहरुलाई निरन्तरता दिदै आएको छ । विशेष गरेर वरिष्ठ साहित्यकारहरुको जन्म जयन्ती पारेर खुला कविता प्रतियोगिता, प्रतियोगितात्मक गोष्ठी, पुस्तक विमोचन र अभिनन्दन जस्ता कार्यहरु गर्दै आएको छ । त्यस्तै गरी वि.सं. २०६० सालमा **शान्तिका लागि सडकमा साहित्यकार** कार्यक्रम गरी रत्ननगर इलाकालाई प्रजातान्त्रिक जोश भरिदिने काम गरेको छ ।[२१]

सदनले पहिलेदेखि प्रकाशित हुँदै आएको पत्रिका **सम्प्रेषण** लाई तेह्रौं अङ्कबाट आफ्नो मुखपत्रको रुपमा निरन्तरता दिदै आएको कविता, निबन्ध र गजल विधाका सातवटा कृतिहरु प्रकाशन गरी प्रकाशनको श्रृङ्खला बढाउदै गएको छ । ती प्रकाशित कृतिहरुमा धनराज गिरीका **गोजीको गजल र हाइकू** (२०६०), **गजलामृत** (२०६०), केशवराज आमोदीको **गजलतरङ्ग**(२०६०), केशवराज आमोदी र विमलप्रकाश देवकोटाको **गजलदीपिका** (२०६०), रामबाबु घिमिरेको **म हरेश खान थालेको छु** (२०६१), चन्द्रबहादुर बस्नेतको **तीर्थयात्रा स्मृति** (२०६३), गीता लामिछानेको **म पनि गुराँस हुन पाए** (२०६४) रहेका छन् ।[२२]

यस सदनले वि.सं. २०६१ सालदेखि 'बाल्मीकि साहित्य सम्मान'लाई निरन्तरता दिदै आएको छ । यस बाल्मीकि साहित्य सम्मानबाट केशवराज आमोदी, तीर्थराज कोइराला, तिलकराज शर्मा, राजकृष्ण कँडेल, धनराज गिरी, डी.आर.पोखरेल, केदारनाथ खनाल, डा.नारायण प्रसाद खनाल, कपिल अज्ञात, कृष्ण धारावासी, हयग्रीव आचार्य आदि लगायत एक दर्जन भन्दा बढी स्रस्टाहरु सम्मानित भएका छन् ।[२३]

## ३.२.५ अभिव्यञ्जना साहित्य प्रतिष्ठान

साहित्यकार रमेश प्रभातको अध्यक्षतामा वि.सं. २०५९ सालमा अभिव्यञ्जना साहित्य प्रतिष्ठानको गठन भएको हो । युवा पुस्ताका रचनालाई विशेष प्राथमिकताका साथ प्रकाशन गर्ने,

२०- संस्थाका वर्तमान अध्यक्ष रामबाबु घिमिरेले २०६५ चैत्र १८ गते शोधार्थीलाई दिइएको जानकारीअनुसार ।
२१- ऐजन ।
२२- कपिल अज्ञात, पूर्ववत् पृ.१४९-१५० ।
२३- रामबाबु घिमिरे र पारदर्शी राष्ट्रिय दैनिक वर्ष १४, अङ्क ४०, २०६६ २ महिना १६ गते ।

साहित्यको संरक्षण र सम्वर्द्धन गर्ने आदि उद्देश्य लिई स्थापित यस संस्थाको वैधानिकता प्राप्तिको लागि वि.सं. २०५९।१२।३० गते जि.प्र.का. चितवनमा दर्ता गरिएको हो ।[२४]

यस प्रतिष्ठानले आफ्नो स्थापनाकालदेखि नै गजल गोष्ठी, गजल प्रतियोगिताजस्ता साहित्यिक कार्यक्रमलाई निरन्तरता दिदै आएको छ भने माघ १६ गते आफ्नो स्थापना दिवसको अवसर पारेर छिटफुट रुपमा साहित्यिक कार्यक्रमहरु गर्दै आएको छ ।

त्यसैगरी यस प्रतिष्ठानले आफ्नो मुखपत्र **अभिव्यञ्जना** प्रकाशित गर्दै द्धारिका नेपालको **ओभ्रेलमा परेका तस्वीर** (२०६०), वालकृष्ण थपलियाको (सम्पा) **गजलपथका यात्रीहरु** (२०६१), विद्या भण्डारी 'चिराग'को **इन्द्रेणीको गेट** (२०६२), किसानप्रेमीको **गजब छ मान्छे** (२०६३), कपिल अज्ञातको **भूलहरुका विरुद्ध** (२०६४), विद्या भण्डारी 'चिराग' कै **नेपथ्यका कुरा** (२०६४), सरस्वती रिजालको **प्रसङ्ग भ्रम र पात्रहरु** (२०६५), जी शर्माको **शब्दक्रान्ति** (२०६६) जस्ता कृतिहरु दिएर चितवनको साहित्यिक उन्नयनमा थप उर्जा थपेको छ ।[२५]

त्यसै गरी यस प्रतिष्ठानले केशबराज आमोदी, रामबाबु घिमिरे, केदारनाथ खनाल, गोविन्दराज विनोदी, लक्ष्मणप्रसाद गौतम र गायत्री श्रेष्ठलाई अभिव्यञ्जना साहित्य सम्मानबाट सम्मान गरी सम्मानको मेलो पनि देखाइसकेको छ ।[२६]

## ३.२.६ गजल मञ्च चितवन

नवोदितहरुमा गजल सिर्जनको रहर र एफ्.एम्.हरुको साङ्गीतिक कार्यक्रमहरुको प्रभावद्धारा गजलको लहर उर्लिएको परिवेशमा गजलप्रेमी स्रस्टा अनुरागीहरुद्धारा वि.सं. २०६१ सालम गजल मञ्च चितवनको गठन भएको हो । गजलकार धनराज गिरीको अध्यक्षतामा गठन भएको यो मञ्च वैधानिकता प्राप्तिका लागि वि.सं. २०६३ सालमा जि.प्र.का.चितवनमा दर्ता गरिएको हो ।[२७] विशेष गरी गजलको संरक्षण, सम्बर्द्धन र विकास गर्ने उद्देश्यले स्थापित यस मञ्चले प्रतियोतात्मक गजल गोष्ठी, नियमित गजल श्रृङ्खला र वार्षिक रुपमा साहित्यिक कार्यक्रमहरुलाई निरन्तरता दिँदै आएको छ ।

यस मञ्चले **गजल सारथि** नामक पत्रिका प्रकाशन गरेर स्थानिय गजलकारहरुलाई मञ्च प्रदान गरेको छ भने धनराज गिरीको **कुन्साङ काका** (२०६२), धनराज गिरी कै **ढल्दैन स्वाभिमान कसै गरे पनि** (२०६४), कपिल अज्ञातको **समय समयका स्वरहरु** जस्ता गजल सङ्ग्रह प्रकाशित गरी सकेको छ । यस मञ्चले विमलप्रकाश देवकोटा र विद्या भण्डारी 'चिराग'लाई **गजल स्रस्टा सम्मान** द्धारा सम्मान गरिसकेको छ ।[२८]

---

२४- संस्थाका वर्तमान अध्यक्ष सुरेन्द्र अस्तफलबाट भरिएको संस्था विवरण फारामअनुसार ।
२५- सुरेन्द्र अस्तफल, प्रकाशकीय, शब्द क्रान्ति (चितवन अभिव्यञ्जना साहित्य प्रतिष्ठान २०६६ पृ.७।)
२६- सुरेन्द्र अस्तफल, पूर्ववत् ।
२७- संस्थाका सचिव पुष्प अधिकारी अञ्जलीले २०६६/३/२४ गते शोधर्थीलाई दिइएको जानकारीअनुसार ।
२८- ऐजन ।

### ३.२.७ पल्लव साहित्य प्रतिष्ठान

साहित्यकार गोर्खे साइलोको अध्यक्षतामा वि.सं. २०६३ सालमा पल्लव साहित्य प्रतिष्ठानको गठन भएको हो । साहित्यको संरक्षण, सम्बर्द्धन र विकास गर्ने उद्देश्यले गठित यस प्रतिष्ठानलाई पल्लव साहित्य विविधको ठूलो रुप मानिन्छ । यसको वैधानिकता प्राप्तिको लागि सोही साल जि.प्र.का. चितवनमा दर्ता गरिएको हो ।[२९] हाल यस प्रतिष्ठानले गोर्खे साइलो र भरतराज लामिछानेको उत्साह, आर्थिक स्रोत र जाँगरको सञ्जिवनी पाई छोटो अवधिमै ठूला ठूला साहित्यिक जमघट तथा पाठकीय बजारको समेत विस्तार गरेको छ ।[३०]

यस प्रतिष्ठानले **पल्लब साहित्यिक** नामक पत्रिकालाई मुखपत्रको रुपमा प्रकाशन गर्दै गोर्खे साइलोका **सम्मोहन** (२०६२), **मुस्कान** (२०६२), **कादम्बरी** (२०६३), **सुत्रमाला** (२०६३), शङ्कर सुवेदीको **चाँदनी** (२०६३), विमलप्रकाश देवकोटाको **पलपलका परिमनहरु** (२०६३), शुकदेव शर्मा लामिछानेको **गौरी पुत्र गजानन** (२०६४), हुसैन खाँको **मरुद्यान** (२०६५), गोविन्दराज विनोदीको **हिमस्पर्श** (२०६६), टिकाप्रसाद लामिछानेको **अनुवाद कृति प्रणायम रहश्य** (२०६६), **प्रश्नोत्तर धर्म सम्वाद** (२०६६), युसुफदिन मिया 'पाल्पाली'को **पाल्पालीका गजल** (२०६६) प्रकाशन गरेको छ ।[३१]

यस प्रतिष्ठानले खनाल रेवतीरमण, एल्.वी.क्षेत्री, अनिल सिग्देल, सङ्गीत आयाम, कपिल अज्ञात, नरेन्द्रराज पौडेल, सरस्वती रिजाल, भागवतशरण न्यौपाने, राधिका राय, बुँद राना, माधव वियोगी, केशवराज आमोदी, श्रीराम श्रेष्ठ, कृष्णप्रसाद कोइराला, इन्द्रलाल श्रेष्ठ, केदारनाथ खनाल, नगेन्द्रराज शर्मा, नवराज सुब्बा र सडानन्द अभागीलाई **पल्लव सम्मान** द्वारा सम्मान गरेको छ । यस प्रतिष्ठानले सम्मान गर्ने स्रस्टा मेचिदेखि महाकाली जुन सुकै ठाउँका पनि हुने गरेको पाइन्छ ।[३२]

## ३.३ दर्ता नभएका तर सक्रिय रहेका साहित्यिक सङ्घसंस्थाहरु

चितवन जिल्लाभित्र स्थापना भई दर्ता नभएपनि साहित्यिक कार्यहरु गर्दै आएका साहित्यिक सङ्घ संस्थाहरुको परिचय स्थापनाको कालक्रमिक आधारमा यस प्रकार रहेको छः-

### ३.३.१ हाम्रो मझेरी साहित्य प्रतिष्ठान

गजलकार पुष्प अधिकारी 'अञ्जली'को सक्रियतामा वि.सं. २०५७ सालमा हाम्रो मझेरी साहित्य प्रतिष्ठानको गठन भएको हो । विशेष गरी नेपाली भाषा, साहित्य, कला र संस्कृतिको जगेर्ना गर्ने, ओझेलमा परेका स्रस्टाहरुलाई समाजमा पहिचान गराउने र नयाँ प्रतिभालाई प्रोत्साहन गर्ने यस प्रतिष्ठानको उद्देश्य रहेको छ । यस प्रतिष्ठानले पुस्तक प्रकाशन, पत्रिका प्रकाशन,

---

२९- संस्थाका अध्यक्ष ऋषि लामिछानेले २०६६/३/१८ गते शोधार्थीलाई दिएको जानकारीअनुसार ।
३०- कपिल अज्ञात, पूर्ववत्, पृ.१४७ ।
३१- ऐजन, पृ.१४७ ।
३२- संस्थाका अध्यक्ष ऋषि लामिछाने, पूर्ववत् ।

अभिनन्दन (पुरस्कार) का साथै विभिन्न साहित्यिक कार्यक्रम गरी चितवनको साहित्यको सम्बर्द्धनमा महत्त्वपूर्ण भूमिका खेलेको छ ।[३३]

यस प्रतिष्ठानले हालसम्म गजल र मुक्तक गरी नौवटा कृति प्रकाशन गरिसकेको छ भने ती प्रकाशित कृतिहरुमा पुष्प अधिकारी 'अञ्जली'का **गजलविम्ब** (२०६१), **मनभित्रको मन** (२०६२), **गजय यात्रा १** (सम्पा) (२०६३), **एक अञ्जुली घाम, स्वप्निल नयन** (२०६३), **गजलदिप** (सम्पा) ( २०६२), **जुन फुलेको बस्ती** (२०६५), **गजल यात्रा २** (सम्पा २०६५), **समयका स्वरहरु** (सम्पा २०६५) रहेका छन् । त्यस्तै गरी **हाम्रो मझेरी** र **पुष्पाञ्जली** नामक पत्रिकालाई निरन्तरता दिदै आएको छ ।[३४]

यस प्रतिष्ठानले विशिष्ट साहित्यकारहरुको जन्मजयन्तीको अवसर पारेर विभिन्न साहित्यिक कार्यक्रम एवम् स्मृतिजन्य कार्यक्रमहरु गर्दै आएको छ भने यथासम्भव नेपालभरका प्रतिभाहरुलाई भेला गराएर प्रत्येक वर्ष मैत्रीपूर्ण साहित्यिक वनभोज कार्यक्रम गर्दै स्थानीय तथा राष्ट्रिय साहित्यिक गतिविधिलाई गति दिएको छ । त्यसैगरी नेपाली भाषा, साहित्य र संस्कृतिको क्षेत्रमा उल्लेखनीय योगदान गर्ने व्यक्ति तथा संस्थालाई सम्मान गर्दै आएको छ । प्रतिष्ठानले हालसम्म पूर्णचन्द्र घिमिरे, नवराज लम्साल, खगेन्द्र गिरी 'कोपिला' सहन प्रधान, इन्द्रकुमार 'विकल्प', रमेश जोशी, प्रेमविनोद नन्दन, धनराज गिरी, नरेन्द्रराज पौडेल, दामोदर पुडासैनी 'किसोर' प्रकाश राजपुरी, गोविन्दराज विनोदी, केशवराज आमोदी, गङ्गा सुवेदी, कृष्णदेवी शर्मा, बद्रीबहादुर कार्की, सरला जोशी, गोर्खे साइँलो, विष्णुबहादुर सिंह, किसान प्रेमी, मिलन 'समिर', देवकी निरौला, इन्द्रलाल श्रेष्ठ लगायत सिनर्जी एफ्.एम्., कालिका एफ्.एम्., अन्नपूर्ण एफ्.एम्., मनकामना एफ्.एम्. र न्यु संसार टेलरिङ्गलाई सम्मान गरेको छ ।[३५]

## ३.३.२ कैलाश साहित्य मञ्च

कैलाश साहित्य मञ्च जुटपानी गा.वि.स. सूर्यपुरका स्थानीय साहित्यकारहरुको सक्रियतामा स्थापना भएको हो । नेपाली भाषा, कला, साहित्यलाई संरक्षण गरी प्रचार-प्रसार गर्ने, प्रतिभाहरुको खोजी गरी प्रोत्साहन गर्ने तथा पत्रिका प्रकाशनलाई निरन्तरता दिने जस्ता उद्देश्य लिएर वि.सं. २०६१ सालमा स्थापना भएको हो । योगेन्द्र पौडेलको अध्यक्षतामा गठन भएको यस संस्थाको नेतृत्व हाल रुविन पौडेलले सम्हालेका छन् भने यस मञ्चले साहित्यिक पत्रिका **कैलाश विविध** प्रकाशन गरी निरन्तरता दिदै आएको छ । यसले समय समयमा साहित्यिक कार्यक्रम गरी स्रस्टाहरुलाई सम्मान गरी प्रोत्साहन गरेको छ ।[३६]

---

३३- संस्थाका अध्यक्ष पुष्प अधिकरी अञ्जलीबाट भरिएको संस्था विवरण फारमअनुसार ।
३४- कपिल अज्ञात, पूर्ववत् पृ.१४९-१५० ।
३५- पुष्प अधिकारी, पूर्ववत् ।
३६- श्रीचन्द्र वाग्ले, पूर्ववत्, पृ.२८ ।

## ३.३.३ कविडाँडा साहित्य प्रतिष्ठान

एल्.वि.क्षेत्रीको अध्यक्षतामा वि.सं. २०६० सालमा कविडाँडा साहित्य प्रतिष्ठानको स्थापना भएको हो । साहित्यिक कार्यक्रम गर्ने नवसर्जकलाई प्रोत्साहन र पुराना सजर्कहरुलाई सम्मान गर्ने यस संस्थाको उद्देश्य रहेको छ ।

यस प्रतिष्ठानले भानु जयन्ती, मोती जयन्ती आदि जयन्तीका अवसर पारेर साहित्यिक कार्यक्रम गर्ने, अर्न्तराष्ट्रिय लेखक दिवस, विश्व कविता दिवस, विजया दशमी आदिको अवसर पारेर साहित्यिक अन्तरक्रिया, गोष्ठी, पुस्तक विमोचन, स्रस्टा सम्मान आदि कार्यक्रमहरु गर्दै आएको छ । यसले आगामी दिनहरुमा साहित्यिक अन्तरक्रियालाई निरन्तरता दिदै नयाँ प्रतिभाको खोजी गरी प्रोत्साहन गर्ने, पत्रिका प्रकाशन गर्ने जस्ता कार्यक्रम गर्ने भावी योजना रहेको छ ।[३७]

## ३.३.४ अक्षर समूह

युवा साहित्यकार भूपिन व्याकुलको संयोजनमा वि.सं. २०६२ सालमा अक्षर समूहको गठन भएको हो । साहित्यको प्रवर्द्धन गर्ने, अन्तरक्रिया गर्ने, गम्भीर साहित्य सिर्जनालाई प्राथमिकता दिई त्यसतर्फ उन्मुख हुने, स्वस्थ्य साहित्य सिर्जना गर्ने आदि उद्देश्य लिई स्थापना भएको यस समूहमा सङ्गीत आयाम, सरिता, भूपिन व्याकुल, होमर श्रेष्ठ, शिखर आरोहण, सिर्जन अविरल, उदय अधिकारी रहेका छन् ।[३८] यस समूहले स्रस्टा सरुभक्तको सशुल्क पहिलो एकल कविता वाचन कार्यक्रम सम्पन्न गरेको छ । यो कार्यक्रम अक्षर समूहको मात्र पहिलो नभएर चितवन जिल्लाकै सम्भवत पहिलो कार्य हो जुन नारायणी कला मन्दिरमा गरिएको थियो । यसका अतिरिक्त यस समूहले सङ्गीत आयामको लामा कविताहरुको सङ्ग्रह **चक्रव्यूह** र **युद्धपीडा** र लक्ष्मणप्रसाद गौतमको **नेपाली साहित्यमा उत्तर आधुनिक** समालोचना सङ्ग्रह तथा प्रकाश सायमीको **नेपाली सङ्गीतको एक शतक** माथि लेखक तथा स्रस्टाहरु बीच अन्तरक्रिया तथा **अक्षरहरुका माभ कवि भीष्म उप्रेती** नामक एकल कविता वाचन कार्यक्रम गरिसकेको छ ।[३९]

## ३.३.५ गजल सन्ध्या चितवन

गजलको संरक्षण तथा प्रचार गर्ने, गजल लेखन, साहित्यिक अन्तरक्रियाका माद्यमबाट साहित्यको सम्बर्द्धन गर्ने, प्रतियोगितात्मक साहित्यिक गोष्ठी आदि गर्ने उद्देश्यले वि.सं. २०६२ सालमा गजल सन्ध्या चितवनको गठन भएको हो । पुष्प अधिकारी अञ्जलीको नेतृत्वमा गठन भएको यस सन्ध्याको नेतृत्व हाल हरि चालिसेले सम्हालेका छन् । यस सन्ध्यामा किसान प्रेमी, इन्द्रलाल श्रेष्ठ, इन्दिरा अधिकारी, खेमराज ढकाल गोर्खाली, सरला जोशी, भीम न्यौपाने आदि

---

३७- संस्थाका कोषाध्यक्ष सुरेन्द्र अस्तफलबाट २०६६/३/२८ गते प्राप्त जानकारीअनुसार ।
३८- संस्थाका सदस्य सङ्गीत आयामबाट २०६६/३/१४ गते प्राप्त जानकारीअनुसार ।
३९- संस्थाका संयोजक भूपिन व्याकुलबाट २०६६/३/२४ गते प्राप्त जानकारीअनुसार र २०६७/३/२ गते प्राप्तजानकारी ।

स्रस्टाहरु आवद्ध रहेका छन् । यस सन्ध्याले मासिक रुपमा गजल सन्ध्या सञ्चालन गर्दै आएको छ भने यसको भावी योजना मुखपत्र प्रकाशन गर्ने रहेको छ ।[४०]

### ३.३.६ मध्यक्षितिज वाङ्मय प्रतिष्ठान

चितवनको मध्यभागमा रहेको पटिहानीलाई केन्द्र मानी मध्यक्षितिज विशेषण राखी नामकरण गरिएको मध्यक्षितिज वाङ्मय प्रतिष्ठान विमलप्रकाश देवकोटाको अध्यक्षताा वि.सं. २०६३ सालमा एघार जना युवाहरुको क्रियाशीलतामा गठन भएको हो । भाषा साहित्यको श्रीवृद्धि, अग्रज स्रस्टाहरुको सम्मान, नवसाधकहरुलाई साहित्य लेखन प्रति जागरुक र क्रियाशील गराउँदै साहित्यिक पत्रिका प्रकाशन आदि उद्देश्यले स्थापित प्रतिष्ठानको महत्त्वपूर्ण उपलब्धि मुखपत्र प्रकाशन हो । यसले **मध्यक्षितिज** नामक पत्रिकालाई आफ्नो मुखपत्रको रुपमा प्रकाशन गर्दै आएको छ भने चेतकान्त चापागाईं र गोर्खे साइलोलाई सम्मान गरी सम्मानको श्रृङ्खला बढाउदै गएको छ । त्यस्तै गरी वर्षमा एक पटक कविता प्रतियोगिता गर्दै आएको छ । यसले पुस्तक प्रकाशन भने गर्न सकेको छैन ।[४१]

### ३.३.७ शब्द सञ्चार नेपाल, चितवन

लोकतन्त्रप्रति प्रतिवद्ध रही गद्यकविता लेख्ने चितवनका केही उत्साही युवा कविहरुले वि.सं. २०६५ सालमा शब्द सञ्चार नेपाल साहित्यिक संस्थाको गठन गरेका हुन् । आधुनिक सञ्चारका माद्यमबाट नेपाली साहित्यलाई संरक्षण तथा प्रचार प्रसार गर्ने, भाषा साहित्यको सम्बर्द्धन गर्ने, नयाँ प्रतिभाहरुको खोजी गरी लेखनमा प्रोत्साहन गर्ने, प्रतियोगितात्मक साहित्यिक गोष्ठी गर्ने, प्रतिभा सम्मान र पुस्तक प्रकाशन गर्ने आदि उद्देश्य लिएको यस संस्थामा जी.शर्मा, सुरेन्द्र अस्तफल, गोपाल पौडेल, नवराज ढुंगाना आदि युवा कविहरु आवद्ध रहेका छन् ।[४२] यो संस्था नयाँ भएकोले यसका काम हेर्न बाँकी छ ।

### ३.३.८ गजल शिविर चितवन

गजल लेखन, गजलको संरक्षण, सम्बर्द्धन तथा प्रचार प्रसार गर्ने उद्देश्यले वि.सं. २०६५ सालमा गजल शिविर चितवनको गठन भएको हो । समय समयमा गजलप्रधान साहित्यिक कार्यक्रम गर्दै आएको यस शिविरमा गीता पौडेल, मिथिला प्याकुरेल, विनोद अनुज, पावना पाठक, टंक ढकाल, भीम न्यौपाने, जीवन सुवेदी 'प्रणय', कृष्ण बराल, इन्दिरा अधिकारी, दीपिका अधिकारी, शिव सेढाइ आदि गजलकारहरु रहेका छन् । यस शिविरले गजलकार बुँद रानाको एकल गजल वाचन कार्यक्रम गरेर गजलको क्षेत्रमा थप टेवा दिएको छ ।[४३]

---

४०- पुष्प अधिकारी अञ्जलीबाट २०६६/५/८ गते प्राप्त जानकारीअनुसार ।
४१-संस्थाका अध्यक्ष विमलप्रकाश देवकोटाबाट २०६६/३/९ गते प्राप्त जानकारीअनुसार ।
४२- बालकृष्ण थपलिया, चितवनको साहित्यिक उन्नयनमा चितवन साहित्य परिषदको योगदान, अप्रकाशित शोधपत्र २०६७ पृ.३० ।
४३- संस्थाका सदस्य भीम न्यौपानेले २०६७/४/३ गते शोधार्थीलाई दिएको जानकारीअनुसार ।

## ३.३.९ एकिकृत अखिल नेपाल जनसाँस्कृतिक महासङ्घ

राजनीतिक विचारधाराबाट प्रभावित एकिकृत अखिल नेपाल जनसाँस्कृतिक महासङ्घ प्रगतिशील साँस्कृतिक सङ्गठन र अखिल नेपाल जन साँस्कृतिक महासङ्घको एकीकरण भएर वि.सं. २०६५ सालमा गठन भएको हो । इन्द्र रेग्मीको संयोजकत्वमा गठन भएको यस महासङ्घमा तेत्तीस जना सदस्यहरु आवद्ध छन् । साहित्य र संस्कृतिलाई जनताको घरदैलोमा पुऱ्याउने, वर्गीय साहित्यको विकास गर्ने, तल्लो वर्गको उत्थान गर्ने र उनीहरुमा प्रगतिशील चेत ल्याउने उद्देश्य बोकेको यस महासङ्घले स्थापना भएको हप्ताभित्रमा नै माडीमा बृहत् राष्ट्रिय स्तरको कवि गोष्ठी गरिसकेको छ । यसैगरी प्रगतिशील साँस्कृतिक सङ्गठनको मासिक नियमित कार्यक्रम **घरदैलो**को नाम परिवर्तन गरी **प्रतिभा प्रवाह** राखी निरन्तरता दिदै आएको छ । यसका अतिरिक्त बृहत कार्यक्रमको योजना र साँस्कृतिक सहिदहरुको सम्झनामा वाटिका निर्माण गर्ने योजना रहेको छ ।[४४]

उपर्युक्त साहित्यिक संस्थाहरुको अतिरिक्त जिल्लामा साहित्यको विकासमा धेरथोर भएपनि कार्य गरेका साहित्यिक संस्थाहरु प्रशस्तै मात्रामा भेटिन्छ । कालीगण्डकी साहित्य मञ्च, पल्लवी सन्देश साहित्यिक मञ्च, पदमपुर साहित्य समाज, रत्न साहित्य कुञ्ज, अखिल नेपाल लेखक सङ्घ, लेखक सङघ चितवन, गजल अनुसन्धान संरक्षण केन्द्र आदि साहित्यिक संस्थाहरुले पनि समय समयमा साहित्यिक कार्यक्रम गर्ने, स्रस्टाहरुलाई सम्मान गर्ने, पत्रिका प्रकाशन गर्नेजस्ता कार्य गरेर साहित्यको विकासमा थप टेवा पुऱ्याएका छन् ।

## ३.४ विगतमा साहित्यिक गतिविधि सञ्चालन गरेका तर हाल निस्क्रिय रहेका सङ्घसंस्थाहरु

चितवन जिल्लामा कतिपय सङ्घ-संस्थाहरुले जन्म लिएर पनि सक्रियता देखाउन सकेनन् । उर्लदो बाढी झै देखिएर इतिहास बनेर भएपनि आफ्नो नाम कमाएर हराउने संस्थाको जमात पनि ठूलै रहेको छ । साहित्यको विकासमा ती सङ्घसंस्थाहरुले सानै भए पनि इँटा थप्ने काम गरेका हुनाले तिनीहरुको चर्चा स्थापनाको कालक्रमिक आधारमा निम्ननुसार गरिन्छः-

## ३.४.१ नारायणी पुस्तकालय

चितवनको नारायणगढमा वि.सं. २०१६ सालमा शैक्षिक, साहित्यिक र बौद्धिक जागरणका निम्ति प्रथम प्रयास स्वरुप नारायणी पुस्तकालयको स्थापना भएको हो । यसका संस्थापक र वर्तमान अध्यक्ष महेश्वरलाल श्रेष्ठ रहेका छन् । यस पुस्तकालयले वि.सं. २०२७-२९ सालमा **तिर्सना** साहित्यिक पत्रिकाको तीन अङ्क प्रकाशित गरेको थियो । तत्कालीन समयमा केही उदण्ड व्यक्तिहरुले पुस्तकालयका सम्पूर्ण पुस्तक नारायणीमा बगाइदिएकोले पुनःव्यवस्थित गरेर सञ्चालन गर्न कठिनाई

४४- संस्थाका संयोजक इन्द्र रेग्मीबाट २०६६/५/१३ गते प्राप्त जानकारीअनुसार ।

हुनुका साथै पञ्चायती शासनकालमा बारम्बार आक्रमण भएको पनि पाइन्छ । हाल यो केवल वाचनालयको रुपमा मात्र सञ्चालित छ ।[४५]

## ३.४.२ ज्ञानोदय पुस्तकालय

चितवनका केही उत्साही युवाहरुद्धारा वि.सं. २०२६ सालमा ज्ञानोदय पुस्तकालयको स्थापना भएको हो । चितवन जिल्लाको शारदानगरमा अवस्थित यो संस्थाको चितवनमा साहित्यिक जागरण ल्याउनमा महत्त्वपूर्ण भूमिका रहेको छ । यस संस्थाले वि.सं. २०२७ देखि २०५७ सम्म छहरोको पाँच अङ्क प्रकाशन गरेको देखिन्छ । हाल यो संस्था त्यति सक्रिय देखिदैन ।[४६] जे होस् हाल निस्क्रिय रहेपनि साहित्यिक पत्रिका प्रकाशन गर्नु संस्थाको उल्लेख्य कार्य हो ।

## ३.४.३ चितवन साहित्य समिति

अनिल सिग्देल, चिरञ्जीवी नेपाली आदिजस्ता आठजना युवाहरुको सक्रियतामा वि.सं. २०३९ सालमा चितवन साहित्य समितिको गठन भएको हो । यस समितिले आफ्नो स्थापनाकालमा कविता वाचन, कवि गोष्ठी, वरिष्ठ साहित्यकारहरुको जन्मजयन्ती आदि मनाउने गरेको थियो । संस्था स्थापनाको नौ वर्ष पछि अनिल सिग्देल विक्षिप्त हुन पुगे भने अर्का सक्रिय व्यक्तित्व चिरञ्जीवी नेपालीको असामयिक निधन भएकोले यो संस्थाले पुनर्जीवन पाउन सकेन । फलतः यो संस्था निस्क्रिय हुन पुग्यो तापनि चितवनको साहित्यिक विकासमा यस संस्थालाई विर्सन सकिदैन ।[४७]

## ३.४.४ अन्नपूर्ण परिवार

'अन्नपूर्ण परिवार' कृषि तथा पशुविज्ञान अध्ययन संस्थान रामपुर क्याम्पस भित्रका विद्यार्थी र प्राध्यापकहरुको सक्रियतामा वि.सं. २०४६ सालमा स्थापित संस्था हो । यस संस्थाले आफ्नो स्थापनाको शुरुवातमा कविता गोष्ठी र 'अन्नपूर्ण' नामक पत्रिका दुई अङ्कसम्म प्रकाशन गरेको पाइन्छ । त्यसपछि कुनै कार्यक्रम र अङ्क प्रकाशन गर्न नसकेको यो संस्था हाल आएर पूर्ण रुपमा निस्क्रिय रहेको छ ।[४८] हाल यो संस्था निस्क्रिय भएपनि तत्कालीन अवस्थामा चितवनको साहित्यलाई गति प्रदान गरेको थियो ।

## ३.४.५ समर्पण नाट्य समूह

चितवनका युवा कलाकारहरुको सक्रियतामा वि.सं. २०४६ सालमा समर्पण नाट्य समूह को स्थापना भएको हो । नाटकको क्षेत्रमा काम गर्ने समूहले स्थापनाको समयमा विभिन्न रचनात्मक

---

४५- लक्ष्मणप्रसाद गौतम, पूर्ववत् पृ.१२१ ।
४६- श्रीचन्द्र वाग्ले, पूर्ववत्, पृ.९४ ।
४७- लक्ष्मणप्रसाद गौतम, पूर्ववत्, पृ.१२२ ।
४८- ऐजन पृ.१२२ ।

कार्यहरु गरेको पाइन्छ । तीन दर्जन जति नाटक प्रदर्शन गरिसकेको यो संस्था हाल निस्क्रिय रहेको छ ।[४९]

## ३.४.६ सहिद नारायण दाहाल साहित्य परिषद

वि.सं. २०४६ सालमा बहुदलीय व्यवस्थाको घोषणा भएपछि खुशीयाली मनाउन सडकमा उत्रिएका रत्ननगर कमर्श क्याम्पसका छात्र नारायण दाहालको प्रहरीको गोलीद्वारा मृत्यु भएपछि उनकै स्मृतिमा **सहिद नारायण दाहाल साहित्य परिषद** को गठन भएको हो । वि.सं. २०४७ सालमा स्थापना भएको परिषदले शुरुका दिनहरुमा कलेज भित्र साहित्यिक कार्यक्रमहरु र दाहालको जन्मजयन्ती मनाउदै आएको यो संस्था हाल निस्क्रिय रहेको छ ।[५०]

## ३.४.७ सगरमाथा साहित्य समाज

चितवन जिल्लास्थित कृषि तथा पशुविज्ञान अध्ययन संस्थानमा अध्ययनरत विद्यार्थीहरुले विद्यार्थीहरु बीच लुकेर रहेको साहित्यिक प्रतिभालाई बाहिर ल्याउने उद्देश्यले यस संस्थाको गठन भएको हो । वि.सं. २०४८ सालमा स्थापना भएको यस संस्थाले शुरुका दिनहरुमा केही साहित्यिक कार्यक्रम गर्नुका साथै **पाइला र प्रवाह** नामक मुखपत्रको प्रकाशन समेत गरेको देखिन्छ । हाल यो संस्था पूर्णरुपमा निस्क्रिय रहेको छ ।[५१]

## ३.४.८ महाकवि देवकोटा पुस्तकालय

रत्ननगर नगरपालिकामा वि.सं. २०४८ सालमा महाकवि देवकोटा पुस्तकालयको स्थापना गरिएको हो । यस संस्थाले स्थापनाको समयमा प्रतियोगितात्मक कवि गोष्ठी, महाकवि लक्ष्मीप्रसाद देवकोटा जयन्ती जस्ता कार्यक्रमलाई निरन्तरता दिएको पाइन्छ । शैक्षिक उद्देश्यले स्थापना भएको यस संस्थाले साहित्यिक कार्य गरेको भएपनि पुस्तकालय र वाचनालयको रुपमा परिचित छ । हाल यो संस्था निकै निस्क्रिय देखिएको छ ।[५२]

## ३.४.९ साहित्य सुधा कुञ्ज

चितवन जिल्ला शिवनगर वरिपरि रहेका कवि तथा साहित्यकारहरुको सक्रियतामा साहित्य सुधा कुञ्ज स्थापना गरिएको हो । वि.सं.२०५० सालमा स्थापना भएको कुञ्जले समय समयमा जिल्लास्तरीय प्रतियोगितात्मक कविता प्रतियोगिता गर्नुका साथै प्रत्येक महिनाको अन्तिमतिर कविता वाचन कार्यक्रम पनि गर्दै आएको थियो । हाल यो संस्था निस्क्रिय रहेको छ तापनि चितवनको साहित्यिक विकासमा यो संस्था पनि उल्लेखनीय रहेको छ ।[५३]

---

४९- ऐजन पृ.१२३ ।
५०- ऐजन, पृ.१२३ ।
५१- श्रीचन्द्र वाग्ले, पूर्ववत्, पृ.९६ ।
५२- ऐजन, पृ.९६ ।
५३- ऐजन, पृ.९६ ।

### ३.४.१० गुराँस नाट्य समूह

विशेष गरेर नाटकको क्षेत्रमा महत्त्वपूर्ण कार्य गर्ने उद्देश्य लिएर वि.सं.२०५० सालमा गुराँस नाट्य समूहको स्थापना भएको हो । दुई दर्जन भन्दा बढी नाटक प्रदर्शन गरि सकेको यो संस्था हाल चर्चामा छैन तापनि चितवनको साहित्यिक विकासमा यसलाई भुल्न सकिदैन् ।[५४]

### ३.४.११ माडी साहित्य समिति

स्थानीय स्तरका साहित्यकारहरुलाई चिनाउने, जीवनमूलक साहित्यको विकास गर्ने उद्देश्यले वि.सं. २०५० सालमा माडी साहित्य समितिको स्थापना भएको हो । पोषराज पौडेलको अध्यक्षतामा सात सदस्यीय कार्य समिति सहित गठन भएको यस संस्थाले छिटफुट रुपमा केही साहित्यिक कार्यक्रम बाहेक अरु केही गर्न सकेको छैन । स्थापनाको शुरुवातमा निकै सक्रिय देखिएको यो संस्था हाल निस्क्रिय बन्दै गएको छ ।[५५]

### ३.४.१२ उत्साही नारी प्रतिष्ठान

नारी स्रस्टाहरुको प्रतिभा प्रस्फुटन गर्न र नारीहरुले केही गर्नुपर्छ भन्ने सोचले वि.सं. २०६१ सालमा **उत्साही नारी प्रतिष्ठान** को गठन गरिएको हो । शोभा अधिकारीको अध्यक्षतामा स्थापित यस संस्थाले स्थापनाको साहित्यिक कार्यक्रम गरेको पाइन्छ भने हाल यो निस्क्रिय रहेको छ ।[५६]

यसैगरी समर्पण साहित्य परिषद, सिस्नुपानी नेपाल चितवन, मितज्यू साहित्य प्रतिष्ठान आदि संस्थाहरुले पनि समय समयमा साहित्यिक कार्यक्रम गरेर साहित्यको विकासमा थप टेवा दिएका छन ।

## ३.५ गैर साहित्यिक उद्देश्यले खुले पनि साहित्यिक कार्य गरेका सङ्घसंस्थाहरु

चितवन जिल्लामा स्थापना भएका थुप्रै सामाजिक, शैक्षिक र साँस्कृतिक संस्थाहरु मध्ये केही सङ्घ संस्थाहरुले साहित्यिक कार्यहरु गरेको पाइन्छ । यस्ता सङ्घ संस्थाहरुको चर्चा स्थापनाको कालक्रमिक आधारमा निम्नानुसार गरिन्छः-

### ३.५.१ नारायणी कला मन्दिर

प्रेमविनोद नन्दन, ऋद्धिचरण श्रेष्ठ आदि साहित्यकार एवम् कलाकारहरुको सक्रियतामा वि.सं. २०१८ सालमा नारायणी कला मन्दिरको स्थापना भएको हो । नारायणी नदीको नाममा नामकरण गरिएको नारायणी कला मन्दिर नृत्य, अभिनय, कला, साहित्य र संस्कृतिका क्षेत्रमा चितवन बासीका निम्ति गौरव गर्न योग्य संस्था हो ।[५७] स्थापना भएको दश वर्ष पछि

---

५४- ऐजन, पृ. ९६ ।

५५- संस्थापक अध्यक्ष पोषराज पौडेलले २०६६/६/१४ गते शोधार्थीलाई दिइएको जानकारीअनुसार ।

५६- संस्थाकी कोषाध्यक्ष सजल नयनले २०६६/५/३ गते शोधार्थीलाई दिइएको जानकारीअनुसार ।

५७- कपिल अज्ञात, पूर्ववत्, पृ.१४७।

२०२८।०८।२४ मा जि.प्र.का. चितवनमा दर्ता भएको यस संस्थाले साहित्य र संस्कृति दुवै क्षेत्रमा महत्त्वपूर्ण कार्य गर्दै आएको छ ।[५८]

यस संस्थाले हालसम्म धर्म प्रधान 'अकिञ्चन'को **रागी** (गीत सङ्ग्रह), हरिहर खनालको **विगत आगत** (कथा), कपिल अज्ञातको **साहित्य सिर्जन प्रक्रिया** (खोजमुलक), पुष्प आचार्यको **नेपाल गयो भन्दिनु है** (नाटक), सरस्वती रिजाल र गायत्री श्रेष्ठको **नारायणी अञ्चलका नारी साहित्यकारहरु** (समीक्षा), पुष्प आचार्य कै **अन्तिम लास, हराएको सूर्य** (नाटक) आदि कृतिहरु प्रकाशित गरिसकेको छ । यस्तै गरी **मारुनी** नामक पत्रिका बाह्रौं अङ्क सम्म प्रकाशन गरिसकेको छ यस्तै गरी यस संस्थाले नृत्य प्रशिक्षण देशभित्र र बाहिर विभिन्न साँस्कृतिक कार्यक्रमहरु सञ्चालन गर्दै आएको छ भने हरेक इन्द्रेणी साँझ र जुनेली रात चितवन महोत्सवका अवसरमा हुने साँस्कृतिक कार्यक्रमको संयोजन आदि गर्दै आएको छ ।[५९]

## ३.५.२ रामेश्वर पुस्तकालय

तत्कालीन स्थानीय समाजसेवी, जनप्रतिनिधि र शिक्षा प्रेमीहरुको सक्रियतामा वि.सं. २०४५ सालमा रामेश्वर पुस्तकालयको स्थापना भएको हो । सोमनाथ पौडेलको अध्यक्षतामा स्थापना भएको यस पुस्तकालयको वैधानिकता प्राप्तिका लागि वि.सं. २०५५ सालमा जि.प्र.का.चितवनमा दर्ता गरिएको पाइन्छ । यस पुस्तकालयले दैनिक पुस्तकालय सेवा दिदै अन्य साहित्यिक, सामाजिक क्रियाकलाप पनि सञ्चालन गर्दै आएको छ । यस पुस्तकालयले  वि.सं. २०६४ सालमा रामेश्वर स्मारिका प्रकाशन गरेको छ भने गजल गोष्ठी सम्पन्न गरी गजलकार धर्म प्रधान 'अकिञ्चन' तथा शीतल कादम्बिनीलाई सम्मान गर्दै सम्मानको श्रृङ्खला अगाडि बढाएको छ । यस्तै गरी डी.आर.पोखरेलको निबन्धसङ्ग्रह **खुलाआकाश तर्फ** र बालकृष्ण थपलियाको गजलसङ्ग्रह **धारा एक सय सत्ताइस** विमोचन गरेको छ । यसका साथै रक्तदान, आँखा तथा दन्त शिविर, क्यान्सर सचेतना, महिला र बालबालिका केन्द्री विविध कार्यक्रम सञ्चालन गर्दै आएको छ ।[६०]

## ३.५.३ चितवन अध्ययन केन्द्र

चितवनका बौद्धिक व्यक्तित्वमा गनिने डा.लीलानाथ सुवेदी एवम् डी.आर. पोखरेलको सक्रियतामा वि.सं. २०५३ सालमा चितवन अध्ययन केन्द्रको स्थापना भएको हो । यसको नामबाटै अध्ययनको गहनतामा जोड दिने सङ्केत मिल्ने यस संस्थाले अध्ययन अनुसन्धान गर्ने गराउने, वाचनालयबाट सामाजिक कार्यमा सहयोग पुऱ्याउने, जनचेतना जगाउन प्रशिक्षण लिने दिने गोष्ठी, विचार र कार्यशालाबाट मत लिने आदि उद्देश्य लिएको छ ।[६१]

५८- श्रीचन्द्र वाग्ले, पूर्ववत्, पृ.७२ ।
५९- कपिल अज्ञात, पूर्ववत्, पृ.१४७ ।
६०- पुस्तकालयकी लाइब्रेरियन गणेशमाया शाहीबाट प्राप्त जानकारीअनुसार र सदस्य डी.आर.पोखरेलबाट प्राप्त जानकारीअनुसार ।
६१- संस्थाका सल्लाहकार डी.आर.पोखरेलले २०६६/३/८ गते शोधार्थीलाई दिएको जानकारीअनुसार ।

यस केन्द्रले **पाल्पा राज्यको इतिहास भाग २** (इतिहास), जनकलाल शर्मा र कृष्णबम मल्लको **राप्ती उपत्यका** (दो.स.), डा. लीलानाथ सुवेदीको **मद्यपान र यसका असर** (स्वास्थ्य), कपिल अज्ञातको **ज्योतिष र साहित्य** आदि कृति प्रकाशन गरेको छ । यसका अतिरिक्त यस केन्द्रले जि.वि.स. चितवनसँग मिलेर चेपाङ जातिको अध्ययन र पर्यावरणीय सेवा केन्द्रसँग मिलेर थारु जातिको अध्ययन कार्य गरिसकेको छ ।[६२] यो भ.न.पा.मा रहेको छ ।

## ३.५.४ देवकोटा अध्ययन केन्द्र

उदय अधिकारीको अध्यक्षतामा वि.सं. २०६० सालमा देवकोटा अध्ययन केन्द्रको स्थापना भएको हो । अध्ययन गर्ने संस्कृतिको निर्माण गर्ने, छरिएर रहेका बौद्धिक व्यक्तित्वहरुलाई साझा मञ्च प्रदान गर्ने उद्देश्य रहेको यस केन्द्रको विधिवत आरम्भ पनि वि.सं. २०६० सालमा नै भएको हो । यस केन्द्रले सङ्गीत आयामको **चक्रव्यूह** र **युद्धपीडा** जस्ता कृतिको प्रकाशन गरी प्रकाशनको मेलो पनि देखाइसकेको छ । यसले प्रत्येक वर्ष देवकोटा जयन्तीको अवसर पारेर साहित्यिक कार्यक्रम गर्दै आएको छ । यसका अतिरिक्त यसले वार्षिक उत्सवको अवसर पारेर पनि विभिन्न साहित्यिक कार्यक्रम गर्दै आएको छ ।यसैगरी स्थापनाको शुरुतिर कालिका एफ्.एम्.बाट सञ्चालन हुने **पल प्रतिपल** कार्यक्रममा सर्वोत्कृष्ट ठहरिएको रचनालाई पुरस्कृत गर्दै आएको थियो तर हाल यो कार्य बन्द भएको छ ।[६३]

## ३.५.५ सिनर्जी एफ्.एम्.

वि.सं. २०५८ सालमा स्थापना भएको सिनर्जी एफ्.एम्. ९१.६ मेगाहर्ज चितवन जिल्लाको पहिलो रेडियो स्टेशन हो । साहित्येत्तर संस्था हुँदा हुँदै पनि साहित्यिक कार्य गर्ने यस स्टेशनले साहित्यसम्बन्धी विविध कार्यक्रम सञ्चालन गर्दै आएको छ । यस स्टेशनबाट प्रसारण हुने कार्यक्रमहरुमा अनुराग, शब्दसंसार, मनको मझेरीमा, मुटुदेखि मुटुसम्म, मुक्तक मनोहर, प्रणयसुधा आदि रहेका छन् । यसैगरी आफ्नो स्थापनाको शुरुवात देखिनै भानुजयन्ती, मोतीजयन्ती, लेखनाथ जयन्ती, लक्ष्मी जयन्ती आदि अवसरहरुमा साहित्यिक कार्यक्रमहरु गर्दै आएको छ भने स्थानीय स्तरमा हुने विशेष प्रकारका साहित्यिक कार्यक्रमहरुको प्रत्यक्ष प्रसारण समेत गर्दै आएको छ । यसै गरी कला, साहित्य र संस्कृतिको संरक्षणमा महत्त्वपूर्ण भूमिका खेल्ने स्रस्टा, गायक वा अन्य प्रतिभावान व्यक्तिहरुलाई सम्मानित गर्दै आएको छ । यसैगरी समय समयमा स्रस्टाहरुसँग अर्न्तक्रिया र संवाद गरेर नवोदित प्रतिभाहरुलाई सहयोग पुऱ्याउँदै आएको छ ।[६४]

---

६२- ऐजन ।
६३- संस्थाका वर्तमान निर्देशक सङ्गीत आयामले २०६६/३/१० गते शोधार्थीलाई दिएको जानकारीअनुसार ।
६४- कपिल अज्ञात, पूर्ववत्, पृ.१५२ र कार्यक्रम सञ्चालक भूपिन व्याकुलबाट प्राप्त जानकारीअनुसार ।

### ३.५.६ कालिका एफ्.एम्.

वि.सं. २०५९ सालमा स्थापना भएको कालिका एफ्.एम्. चितवनमा स्थापित दोस्रो रेडियो स्टेशन हो । ९५.२ मेगाहर्जमा प्रसारित यस स्टेशनले **पलप्रति पल, सुगम सङ्गीत, गजल सरोवर** आदि साहित्यिक कार्यक्रम सञ्चालन गर्दै आएको छ । यसका अतिरिक्त भानु, मोती, लक्ष्मी, लेखनाथ आदि प्रतिभाहरुको जन्म दिवसका अवसरमा विविध कार्यक्रम गर्नुका साथै स्थानीय स्तरमा हुने विशेष साहित्यिक कार्यक्रमहरुको प्रसारण पनि गर्दै आएको छ । यसैगरी यस स्टेशनले विविध साहित्यिक सामग्रीहरु समावेश गरी कालिका यात्रा स्मारिका प्रकाशन गरको छ भने सिर्जन अविरलद्धारा रचित **म आकाश हेरिरहेको छु** (२०६१) शीर्षकको कविता सङ्ग्रह आफ्नै लगानीबाट प्रकाशन गरेको छ ।[६५] यसैगरी यसले कला, साहित्य, संस्कृति, गीत र सङ्गीतको क्षेत्रमा महत्त्वपूर्ण योगदान दिने व्यक्तिलाई कालिका स्रस्टा सम्मानबाट सम्मानित गर्ने गरेको छ । हाल सम्म यस संस्थाबाट एक दर्जन भन्दा बढी व्यक्तिहरु सम्मानित भैसकेका छन् । यस्तै गरी बेलाबेलामा स्रस्टाहरुप्रति अन्तर्क्रिया र अन्तसंवाद गरेर नवोदित प्रतिभाहरुलाई मलजल पु¥याउने काम गरेको छ ।

### ३.५.७ हाम्रो एफ्.एम्.

वि.सं. २०६४ सालमा स्थापना भएको हाम्रो एफ्.एम्. ९४ मेघाहर्ज चितवन जिल्लाको तेश्रो रेडियो स्टेशन हो । यो एफ्.एम्.ले समाचार प्रसारण, सामयिक वस्तुस्थितिको बोध, राजनैतिक विश्लेषणमा मात्र केन्द्रित नभइ समय समयमा भाषा साहित्य प्रति पनि चासो देखाउँदै साहित्यिक कार्यक्रम **पीयूष, बिम्ब, प्रेमालाप, सर्जक सृजना, आख्यानमाला, यात्रा गजलपथको, गजलामृत** जस्ता सञ्चालन गर्दै आएको छ । यसका अतिरिक्त भानु, मोती, लक्ष्मी आदि लगायत थुप्रै विशिष्ट साहित्यकारहरुको जन्मजयन्तीको अवसर पारेर कार्यक्रम गर्दै आएको छ भने विविध साहित्यिक सामग्री समेत समावेश गरी **हाम्रो पाइला** स्मारिका प्रकाशन गर्दै आएको छ । यसैगरी विभिन्न स्रस्टासँग संवाद तथा अन्तरक्रिया र स्थानीयरुपमा हुने विशेष साहित्यिक कार्यक्रमको प्रसारण यस स्टेशनले पनि गर्दै आएको छ ।[६६]

### ३.५.८ त्रिवेणी एफ्.एम्.

वि.सं. २०६४ सालमा स्थापना भएको त्रिवेणी एफ्.एम्. १००.६ मेगाहर्ज चितवनको चौथो रेडियो स्टेशन हो । अन्य स्टेशनहरुले जस्तै यस स्टेशनले पनि विभिन्न किसिमका साहित्यिक कार्यक्रमहरु सञ्चालन गर्दै आएको छ । यसले **शब्द बिम्ब, मनको मझेरीमा, मेरो कथा मेरो गीत, मधुरात्री, इन्द्र धनुष, बायोग्राफी, छालहरु डोबहरु, श्रुतिसंवेग** आदि जस्ता साहित्यिक कार्यक्रम

---

६५- कपिल अज्ञात, पूर्ववत्, पृ.१५२ ।

६६- हाम्रो एफ्.एम्. का कार्यक्रम प्रस्तोता केशव तिवारी 'घायल'ले २०६७/४/१३ गते शोधार्थीलाई दिएको जानकारीअनुसार ।

सञ्चालन गर्दै आएको छ । यसका अतिरिक्त विभिन्न विशिष्ट साहित्यकारहरुको जन्मजयन्तीको अवसर पारेर विभिन्न कार्यक्रम सञ्चालन गर्नुका साथै स्रस्टासँग अन्तरक्रिया, संवाद जस्ता कार्य गरी नवोदित प्रतिभाहरुलाई हौसला प्रदान गरेको छ । यस्तै गरी वार्षिकोत्सव को अवसर पारेर पनि विभिन्न कार्यक्रम गर्दै आएको छ ।[६७]

## ३.५.९ रेडियो चितवन

वि.सं. २०६५ सालमा स्थापना भएको रेडियो चितवन ९४.६ मेगाहर्ज ले चितवनको पहिलो सामुदायिक रेडियो स्टेशन हो । यस स्टेशनले पनि अन्य संस्थाले जस्तै विविध साहित्य सम्बन्धी कार्यक्रम सञ्चालन गर्दै आएको छ । यसले **शब्द सुगन्ध, मुक्तक मधुरिमा, गजल सुधा, परिवर्तित बस्तीहरु** कार्यक्रम सञ्चालन गर्दै आएको छ । यसका अतिरिक्त विशिष्ट साहित्यिक प्रतिभाहरु लगायत वार्षिकोत्सवको अवसर पारेर साहित्यिक कार्यक्रम सञ्चालन गर्दै आएको छ ।[६८]

## ३.५.१० नारायणी एफ्.एम्.

चितवन जिल्लाको पछिल्लो रेडियो स्टेशन १०५.२ मेगाहर्ज नारायणी एफ्.एम्. हो । यस स्टेशनले पनि अन्य स्टेशनले जस्तै विभिन्न साहित्यिक कार्यक्रमहरु सञ्चालन गर्दै आएको छ । यसले **साहित्य र सृजना, त्रिवेणी, साक्षात्कार, उपन्यास यात्रा** आदि जस्ता साहित्यिक कार्यक्रम सञ्चालन गर्दै आएको छ ।[६९]

**चितवन जिल्लामा स्थापित साहित्यिक एवम् साहित्य सम्बद्ध संस्थाहरुको कालक्रमिक विवरणः-**

**तालिका नं. ४**

| क्र.सं. | संस्थाको नाम | स्थापना |
|---|---|---|
| १ | नारायणी पुस्तकालय | २०१६ |
| २ | नारायणी कला मन्दिर | २०१८ |
| ३ | चितवन साहित्य समिति | २०३९ |
| ४ | सगरमाथा साहित्य समाज | २०४० |
| ५ | साहित्य सङ्गम चितवन | २०४४ |
| ६ | चितवन साहित्य परिषद | २०४५ |
| ७ | अन्नपूर्ण परिवार | २०४६ |

६७- बालकृष्ण थपलिया, अप्रकाशित शोधपत्र, चितवनको साहित्यिक उन्नयनमा चितवन साहित्य परिषदको योगदान २०६७ पृ.३० ।
६८- ऐजन, पृ.३० ।
६९- ऐजन, पृ.३० ।

| | | |
|---|---|---|
| ८ | सहिद नारायण दाहाल साहित्य परिषद | २०४७ |
| ९ | महाकवि देवकोटा पुस्तकालय | २०४८ |
| १० | साहित्य सुधाकुञ्ज | २०५० |
| ११ | गुराँस नाट्य समुह | २०५० |
| १२ | माडी साहित्य समिति | २०५० |
| १३ | चितवन वाङ्मय प्रतिष्ठान | २०५२ |
| १४ | चितवन अध्ययन केन्द्र | २०५३ |
| १५ | पल्लवी सन्देश साहित्यिक मञ्च | २०५८ |
| १६ | अभिव्यञ्जना साहित्य प्रतिष्ठान | २०५९ |
| १७ | प्रगतिशील साँस्कृतिक सङ्गठन | २०५९ |
| १८ | ज्ञानज्योति साहित्य समूह | २०६० |
| १९ | समर्पण साहित्य परिषद | २०६० |
| २० | कविडाँडा साहित्य प्रतिष्ठान | २०६० |
| २१ | देवकोटा अध्ययन केन्द्र | २०६० |
| २२ | साहित्य सुधा कुञ्ज | २०६० |
| २३ | उत्साही नारी प्रतिष्ठान | २०६१ |
| २४ | कैलाश साहित्य मञ्च | २०६१ |
| २५ | पदमपुर साहित्य समाज | २०६१ |
| २६ | सिस्नोपानी समाज चितवन | २०६१ |
| २७ | गजलमञ्च चितवन | २०६१ |
| २८ | कालीगण्डी साहित्य मञ्च | २०६१ |
| २९ | मीतज्यू साहित्य प्रतिष्ठान | २०६२ |
| ३० | पल्लव साहित्य प्रतिष्ठान | २०६३ |
| ३१ | मध्यक्षितिज वाङ्मय प्रतिष्ठान | २०६३ |
| ३२ | अक्षर समूह | २०६३ |
| ३३ | अखिल नेपाल लेखक सङ्घ | २०६५ |
| ३४ | गजल अनुसन्धान संरक्षण केन्द्र | २०६५ |

*स्रोतः कपिल अज्ञात, चितवनको संस्थागत साहित्य र विकास, चितवन महोत्सव स्मारिका २०६५ पृ.१४४ ।*

## ३.६ निष्कर्ष

यसरी चितवनका साहित्यिक सङ्घसंस्थाहरुलाई अध्ययन गर्दा सर्वप्रथम स्थापित संस्था **नारायणी पुस्तकालय** (२०१६) विशुद्ध साहित्यिक दृष्टिकोणबाट स्थापित **साहित्य सङ्गम चितवन** ( २०४४), दर्ता भई वैधानिकता प्राप्त पहिलो साहित्यिक संस्था **चितवन साहित्य परिषद** (२०४६) र अन्य उद्देश्यले खुलेपनि साहित्यिक कार्य गर्ने **नारायणी कला मन्दिर** (२०१८)लाई लिन सकिन्छ । अर्थ अभावको पीडा चितवनका सबै सङ्घ-संस्थाहरुले भोग्नु पर्ने बाध्यता सबै संङ्घसंस्थाहरुमा रहेको छ । वि.सं. २०६० देखि यता सङ्घसंस्थाहरुको स्थापनामा तीव्रता आएपनि तिनीहरुलाई व्यवस्थित गर्न सकिएको छैन । प्रशस्त मात्रमा सङ्घसंस्था खुलेपनि कतिपय हराएर गएका छन् भने कतिपयले आकार लिन सकेका छैनन् भने केही संस्थाहरु सक्रिय रुपमा  अगाडि बढ्न सफल भएका छन् । तर राष्ट्रिय स्तरमा आफ्नो पहिचान भने दिन सकेका छैनन् । विशुद्ध मन लिएर जाति, सम्प्रदाय वाद, प्रणाली र राजनीतिबाट माथि उठेर काम गरेको खण्डमा चितवनका साहित्यिक सङ्घसंस्थाहरुले राष्ट्रिय पहिचान बनाउन सक्ने देखिन्छ भने संख्यात्मक हिसावले उल्लेखनीय ठहरिएका चितवनका सङ्घसंस्थाहरुलाई सुव्यवस्थित बनाएर चलाएमा चितवनको साहित्यले अग्रगति लिन सक्ने देखिन्छ ।

# परिच्छेद चार

# साहित्य सङ्गम चितवनको परिचयात्मक विवरण

# परिच्छेद चार

## ४. साहित्य सङ्गम चितवनको परिचयात्मक विवरण

### ४.१ पृष्ठभूमि

साहित्य जीवनको सूक्ष्म अनुभूति र त्यसको कलात्मक अभिव्यक्ति हो । यसमा सामाजिक जीवनको यथार्थ चित्रण हुने भएकाले यसलाई **समाजको ऐना** भन्ने पनि गरिन्छ । समाज रुपान्तरणमा यसको महत्त्वपूर्ण हात रहन्छ । यसैले साहित्यलाई रुपान्तरणको औजार पनि भनिन्छ ।

वि.सं. २०२१ सालतिर चितवन जिल्लामा भर्खर स्कुलहरु खुलेका थिए । चितवन हाइस्कुलबाट **चितवनको चिनो** नामक पत्रिका वि.सं. २०२१ सालमा नै प्रकाशन भएको देखिन्छ । संस्थागत रुपमा प्रकाशित भएको यो पत्रिका नै चितवनको पहिलो पत्रिका हो ।[१] यसपछि वि.सं. २०२२ सालमा रामपुरमा सातदिने राष्ट्रिय साहित्यिक सेमिनार भयो भने वि.सं. २०२४ सालमा जिल्ला स्तरीय साहित्यिक गोष्ठी सम्पन्न भयो । त्यस पछि चितवनमा क्याम्पसहरु खुल्ने क्रम बढ्दै जान थाल्यो र भरतपुरमा वीरेन्द्र इन्टर कलेज र रामपुरमा कृषि क्याम्पसको स्थापना भयो ।[२] तिनीहरुबाट पत्रिका प्रकाशन हुन थाल्दछन् । यसै क्रममा वि.सं. २०२५ सालमा **दोभान** साहित्यिक पत्रिकाको प्रकाशन भयो । वास्तवमा दोभान चितवनका स्रस्टाहरुको पहिलो संयुक्त प्रयास थियो ।[३] त्यसपछि सामान्यलेखन, वाचन र प्रतियोगितामा छलफल गर्दै आएका केही उत्साही प्रगतिवादी लेखकहरु वि.सं. २०२५ सालमा मदनमोहन जोशीको घरमा भेला भएर प्रगतिशील विचारको प्रतिनिधित्व गर्ने साहित्यिक पत्रिकाको प्रकाशन गर्ने निर्णय अनुरुप **नौलो राँको** पत्रिकाको जन्म भई वि.सं. २०२६ आषाढमा **नौलो राँको**को पहिलो अङ्क प्रकाशन भयो । भोका नाङ्गा र शोषित पीडित जनतालाई दासताबाट मुक्त हुने बाटो देखाउँछ भनेर प्रकाशन गरिएको यस पत्रिकाले प्रगतिशील कवि, लेखकहरुलाई गोलबद्ध गराउने काम गऱ्यो ।[४] पहिलो, दोस्रो, तेस्रो स्वभाविक अङ्कका रुपमा प्रकाशित भए । चौथो अङ्क चितवन अङ्कको रुपमा प्रकाशित भयो भने पाँचौ अङ्कमा तत्कालीन पञ्च-प्रशासकको वक्रदृष्टि पऱ्यो र त्यसका सम्पूर्ण प्रतिहरु जफत भए ।[५] यसपछि **नौलो राँको** प्रकाशित हुन सकेन ।

यसरी चितवनका प्रगतिवादी स्रस्टाहरु पञ्चायतकालीन निरङ्कुशता र बर्वरताको प्रताडनाबाट मुक्त हुन विभिन्न माध्यम अपनाइरहेका थिए । सामान्तवादी, भाग्यवादी सोंच र परम्परावादी साहित्यिक मान्यताहरुको विपरित यथार्थवादी, प्रगतिवादी, जनवादी र समाजवादी

---

१ डी.आर.पोखरेल, चितवनको साहित्यिक पत्रपत्रिकाको सङ्क्षिप्त रुपरेखा, हाम्रो सिर्जना, २०६६, अङ्क ८ र ९ असोज पृ.५ ।
२ डी.आर पोखरेल, साहित्य सङ्गम चितवनको विगत र वर्तमान, २०६४, पृ.३ ।
३ ऐजन, पृ.३ ।
४ ऐजन, पृ.३ ।
५ ऐजन, पृ.४ ।

चिन्तनधारा र समाजवादी यथार्थवादी साहित्यिक धाराबाट प्रभावित भई सामयिक सशक्त अभिव्यक्तिहरु दिइरहेका थिए । तर साझा चौतारीको अभाव थियो । संस्थागत गतिविधिको अभाव महसूस हुँदै गएको थियो । यही क्रममा वि.सं. २०४४ सालमा साहित्यकार पारिजात चितवन आएर साझा साहित्यिक संस्था खोल्ने सल्लाह दिइन् एकातिर भने अर्कोतिर साहित्यिक भेटघाट गर्ने सिलसिलामा संस्थाको अभाव झन खड्किन गयो । यस अभाव पूर्तिका निम्ति यहाँका स्रस्टाहरुको आपसी भेटघाट र छलफल घनिभूत हुन थाल्यो ।[६] चितवनका प्रगतिशील साहित्यकारहरु मिलेर साहित्यिक संस्थाको स्थापना गर्ने सोंच राखे ।[७] नौलो राँको जफत भएपछि अर्को उपाय खोजिरहेका सर्जकलाई यो निर्णय सर्वस्वीकार्य नै थियो । प्रगतिशील लेखक सङ्घ र नौलो राँकोका कर्मीहरुको पुर्नजागरणले एउटा बाटो पहिल्यायो र त्यही बाटो हिड्ने क्रममा साहित्य सङ्गम चितवन को गर्भाधान भयो । साहित्य सङ्गम चितवनको जन्म पूर्वको पृष्ठभूमिमा दुई तत्त्वले काम गरेको देखिन्छ । पहिलो राजनीतिक चेत र दोस्रो साहित्यिक चेत । त्यसैले साहित्य सङ्गम चितवनको जन्म हुनुमा राजनीतिक र साहित्यिक दुवैको समिश्रण रहेको देखिन्छ यसमा कुनै दुई मत छैन ।

## ४.२ स्थापना तथा संस्थापकहरुको भेला

पञ्चायतकालीन निरङ्कुशता र बर्बरताको प्रताडनामा बौद्धिक जमातको आफूभित्रको असन्तुष्टि वा विद्रोह पोख्ने उपयुक्त माद्यमको खोजी एकातिर भइरहेको र अर्कोतिर शासकीय गतिविधिहरुको विरोध गर्नेहरुको जमात बढिरहेको अवस्थामा वि.सं. २०४४ साल कार्तिक २८ गते स्थानीय नारायणगढ स्थित रामहरि श्रेष्ठको घरमा तत्कालीन अग्रज चितौनेली प्रगतिवादी साहित्यकारहरु होम रेग्मी, हरिहर खनाल, इन्द्रप्रसाद रेग्मी, हरिहर सविता, जगतराज पौडेल, पुण्यप्रसाद रेग्मी, साध्यबहादुर भण्डारी, बालकृष्ण पौडेल, हरिश्चन्द्र पण्डित, पुष्पराज पौडेल, मदनमोहन जोशी, रविकिरण निर्जीव र रामहरि श्रेष्ठको एक भेलाको आयोजना गरी साहित्य सङ्गम चितवन नामक संस्थाको गठन भएको हो ।[८] त्यतिबेला नेपाली साहित्यको माद्यमबाट शासकीय निरङ्कुशतालाई चुनौती दिने सङ्घसंस्थाको जुन आवश्यकता थियो, त्यसको परिपूर्ति यस संस्थाले गरेको स्पष्ट गर्न सकिन्छ । यसै दिन अग्रज स्रस्टाहरुको भेलाले प्रत्येक महिनाको तेस्रो शनिबार साहित्यिक गोष्ठी गर्ने निर्णय गरेको पाइन्छ ।[९]

## ४.३ नामकरण

साहित्य सङ्गमको नामकरण अन्य संस्थाहरुको जस्तै साधारण अर्थमा राखिएको पाइन्छ । जिल्लामा यस अघि कुनै साहित्यिक संस्था नभएको र स्रस्टाहरु भेला भई विचारको निकास दिने

६ ऐजन, पृ.४-५ ।
७ संस्थाका पूर्व अध्यक्ष इन्द्र रेग्मीले २०६६ भाद्र २३ गते शोधार्थीलाई दिएको जानकारीअनुसार ।
८ संस्थाका आजीवन सदस्य रामहरि श्रेष्ठले २०६६ श्रावण २५ गते शोधार्थीलाई दिएको जानकारीअनुसार ।
९ इन्द्र रेग्मी, पूर्ववत् ।

ठाउँ नभएकाले प्रतिभा पहिचान लेखन तथा प्रकाशन र तिनको संरक्षण गर्न संस्थाको अभाव बोध भएर चितवनलाई सम्बोधन गर्दै साहित्यिक रुपमा सबै भेला हुने/भेट हुने सङ्गमको रुपमा यसको नामाकरण भएको पाइन्छ । साथै यो नाम हरिहर खनालले प्रस्ताव गरेका हुन् ।[१०]

## ४.४ संस्था दर्ता

साहित्य सङ्गम चितवन वि.सं. २०४४ साल कार्तिक २८ गते स्थापित प्रगतिवादी स्रस्टाहरुको साझा मञ्च हो । संस्था स्थापना गर्न जति सजिलो हुन्छ, हुर्काउन, बढाउन र निरन्तरता दिन निश्चय नै कठिनाई हुन्छ । त्यसमा पनि पञ्चायतकालीन चरम दमनको अवस्थामा साहित्य सङ्गम चितवनको स्थापना भएकोले कार्यक्रमलाई निरन्तरता दिन र विधान बनाई संस्था दर्ता गराउन कम चुनौतिपूर्ण थिएन । यस्तो चुनौतिपूर्ण अवस्थाको सामना गर्दै गई वि.सं. २०४७ साल जेठ २ गते मदनमोहन जोशीको नेतृत्वमा जिल्ला प्रशासन कार्यालय चितवनमा विधिवत दर्ता भएको हो ।[११]

## ४.५ उद्देश्यहरु

कुनै पनि वस्तु निर्माण तथा सङ्घसंस्था स्थापनाको पछाडि कुनै न कुनै उद्देश्य रहेको हुन्छ । सोही अनुरुप साहित्य सङ्गम चितवन स्थापना गर्नुमा पनि आफ्नै खालका उद्देश्यहरु रहेका छन् जुन निम्नानुसार रहेका छन्:

क) यो संस्था मुनाफारहित जनहितकारी संस्था हुनेछ,

ख) लेखकहरुको हकहितको संरक्षण तथा सम्बर्द्धनका लागि प्रयत्नशील र कार्यरत रहने,

ग) विद्यमान स्वदेशी तथा विदेशबाट आयातीत जनविरोधी साहित्य तथा संस्कृतिको विरुद्ध संघर्ष गर्दै मौलिक राष्ट्रिय जन साहित्यको योजनाबद्ध निर्माणको लागि प्रयत्नशील रहने,

घ) प्रगतिशील लेखनलाई सम्वृद्धशाली र विकसित तुल्याउन सङ्गठित एवम् योजनाबद्ध रुपमा कार्यरत रहने,

ङ) विभिन्न जातिका भाषाहरुको समानुपातिक विकास अन्तरजातीय तथा अन्तरभाषिक सामञ्जस्यता र प्रत्येक जातिहरुको भाषिक एवम् साहित्यिक विकासको कार्यमा निरन्तर लाग्ने,

च) राष्ट्रिय स्वाधिनता, सार्वभौमिकता, क्षेत्रीय अखण्डता तथा राष्ट्रिय अर्थतन्त्रको पक्षमा रहँदै सबै प्रकारका असमान सन्धिहरुको खारेजीको निम्ति प्रयत्नशील रहने र राष्ट्रिय विरोधी क्रियाकलापहरुको विरुद्धमा उभिने,

---

१० रामहरि श्रेष्ठ, पूर्ववत् ।

११ संस्थाका सल्लाहकार डी.आर.पोखरेलबाट प्राप्त जानकारीअनुसार ।

छ) जनताका प्रत्येक न्यायपूर्ण संघर्षको पक्षमा कलम चलाउने र निरङ्कुशताको दृढतापूर्वक विरोध गर्दै मानव अधिकारको पूर्ण वहालीको निम्ति प्रयत्नशील रहने,

ज) कुनै एक भाषाको मात्र विकासले विभिन्न भाषाहरु बोल्ने जातिहरुबीच साम्प्रदायिक कलह सिर्जना हुन सक्ने भएकाले सबै भाषाको समानाधिकार र समान रुपमा उत्थानको लागि संघर्षशील रहने,

झ) आवश्वकताअनुसार विभिन्न विदेशी तथा स्वदेशी भाषाका कृतिहरुलाई एक-अर्काको भाषामा अनुवाद गर्ने,

ञ) विभिन्न जातिका जनताहरुबीच फुट, जातीय द्वेष, अहंकार फैलाउने र साम्प्रदायिक विचार भट्काउन खोज्ने तत्व र प्रयत्नहरुको विरुद्धमा कलम चलाउने,

ट) कुनै पनि शक्ति राष्ट्रहरुको विश्व प्रभुत्व प्राप्त गर्न खोज्ने क्रियाकलाप र अन्यायपूर्ण आक्रमणको विरोध गर्ने र प्रत्येक देशको सामाजिक मुक्ति संघर्ष र विश्व शान्तिको पक्षपाति रहने,

ठ) स्वदेशका प्रगतिशील तथा जनवादी संस्कृति साहित्यिक सङ्गठनहरुसँग भाइचारा एवम् मैत्रीपूर्ण सम्बन्ध राख्ने ।[१२]

## ४.६ सदस्यता

साहित्य सङ्गम चितवनको आम कार्यक्रम र उद्देश्यसँग सहमत कुनैपनि साहित्यकार र लेखनकार्यमा संलग्न त्यस्ता व्यक्तिहरु जसका कम्तिमा दुईवटा रचना प्रकाशित भइसकेको, नेपाली नागरिक, मगज नबिग्रेको, दामासाहिमा नपरेको, सम्बन्धित संस्थाको व्यवसायमा निजी स्वार्थ नभएको, कुनै कसुर गरी अदालतबाट सजाय पाएको कम्तीमा पनि एक वर्ष व्यतित गरेको व्यक्तिले सदस्यता प्राप्त गर्न सक्ने प्रावधान विधानमा रहेको छ ।[१३]

### ४.६.१ साधारण सदस्यहरु

साहित्य सङ्गम चितवनको आमकार्यक्रम र उद्देश्यसँग सहमत कुनै पनि साहित्यकार तथा लेखन कार्यमा संलग्न व्यक्तिहरु जसका कम्तिमा दुईवटा रचनाहरु प्रकाशित भइसकेका छन् भने सङ्गमको सदस्य बन्न सक्ने कुरा विधानमा उल्लेख गरिएको छ ।[१४] तर हाल सबै सदस्यहरु आजीवन सदस्य भइसकेकोले यहाँ साधारण सदस्यको नामवली दिइएको छैन् ।

### ४.६.२ आजीवन सदस्यहरु

साहित्य सङ्गम चितवनको विधानलाई मान्ने, प्रगतिशील लेखन भएका र साहित्य सङ्गम

---

१२ साहित्य सङ्गम चितवनका अध्यक्ष भवनाथ सडौलाले उपलब्ध गराउनु भएको विधानअनुसार, पृष्ठ उल्लेख नभएको ।

१३ ऐजन ।

१४ भवनाथ सडौला पूर्ववत् ।

चितवनको सदस्य बन्न इच्छुक व्यक्तिलाई आजीवन सदस्यता प्रदान गरेको पाइन्छ ।[१५] साहित्य सङ्गम चितवनका आजीवन सदस्यहरुको नामावली निम्नानुसार रहेको छः-[१६]

| | |
|---|---|
| १. हरिहर खनाल | २. पोषराज पौडेल |
| ३. रामहरि श्रेष्ठ | ४. रविकिरण निर्जीव |
| ५. डी.आर. पोखरेल | ६. भागवतशरण न्यौपाने |
| ७. जनचेतना वाचनालय | ८. होमनाथ सापकोटा |
| ९. सरिता तिवारी | १०. गोपिलाल देवकोटा |
| ११. जगन्नाथ थपलिया | १२. देवराज पौडेल |
| १३. विष्णुहरि तिमिल्सिना | १४. कृष्णप्रसाद तिवारी |
| १५. बालकृष्ण पौडेल | १६. चेतकान्त चापागाई |
| १७. डा.रविमोहन सापकोटा | १८. कृष्णप्रसाद घिमिरे |
| १९. सोमराज महतो | २०. निर्मलकुमार शर्मा |
| २१. शशिकिरण रेग्मी | २२. प्रेमराज रिमाल |
| २३. मीना घिमिरे (रेग्मी) | २४. विद्याधर पोखरेल |
| २५. रामप्रकाश अधिकारी | २६. इन्द्रप्रसाद रेग्मी |
| २७. रेशमलाल श्रेष्ठ | २८. विवेकी |
| २९. प्रकाश सुवेदी | ३०. केशब सुवेदी |
| ३१. डा.भीमराज अधिकारी | ३२. रामकुमार तिवारी |
| ३३. जगतराज पौडेल | ३४. लक्ष्मीकान्त शर्मा |
| ३५. रविचन्द्र न्यौपाने | ३६. मोदनाथ मरहट्ठा |
| ३७. दधिराम शर्मा पौडेल | ३८. शिवलाल आचार्य |
| ३९. डा.बालकृष्ण थापा | ४०. हीरादेवी शर्मा |
| ४१. डा.अर्जुन श्रेष्ठ | ४२. चूडा ढकाल |
| ४३. महेश न्यौपाने | ४४. पूर्णबहादुर अधिकारी |
| ४५. डा.गणेशप्रसाद खराल | ४६. बाबुराम पाण्डे |
| ४७. वैजनाथ देवकोटा | ४८. राजेन्द्र घायल |
| ४९. श्यामसुन्दर पन्त | ५०. देवराज पौडेल |
| ५१. सूर्यप्रकाश जमरकट्टेल | ५२. खनाल रेवतीरमण |
| ५३. भूपिन व्याकुल | ५४. रमेश प्रभात |

१५ ऐजन ।
१६ साहित्य सङ्गम चितवनको विधान, नौलो राँको, वर्ष ४१, अङ्क ९, २०६६ पृ.१२९ ।

५५. पद्मपाणि विरक्ति
५६. कमलराज देवकोटा
५७. रमाकान्त सापकोटा
५८. द्वारिका नेपाल
५९. किसान प्रेमी
६०. राजनविफल पौडेल
६१. खेमनारायण उपाध्याय
६२. रामकिरण रेग्मी
६३. भानुप्रसाद उपाध्याय
६४. खोमकान्त रेग्मी
६५. धनेश्वर भट्टराई
६६. तारा बराल
६७. कल्पना आचार्य
६८. कृष्णहरि देवकोटा
६९. मिथिला प्याकुरेल
७०. भवनाथ सडौला
७१. नमूना शर्मा
७२. नारायणप्रसाद
७३. वासुदेव वाग्ले
७४. ध्रुवकिरण रेग्मी
७५. रणेन्द्र बराली
७६. चन्द्रमणि महतो
७७. धर्मराज प्रसाई
७८. तेजराज सुवेदी
७९. हरिबहादुर अधिकारी
८०. उदयनाथ रेग्मी
८१. कपिल अज्ञात
८२. भक्तबहादुर नेपाली

## ४.६.३ संस्थापक सदस्यहरु

साहित्य सङ्गम चितवनको गठन निरङ्कुश पञ्चायती व्यवस्थाको उत्तरार्द्ध चरण वि.सं. २०४४ कार्तिक २८ गते भएको हो । तत्कालीन व्यवस्थामा कुनै पनि सामाजिक संस्था खुल्नु भनेको शासकका आँखाको कसिङ्गर बन्नु हो तर यसप्रकारको कुनैपनि बाधा व्यवधानको परवाह नगरी यस क्षेत्रका प्रबुद्ध प्रगतिशील व्यक्तिहरुले सरसल्लाह र छलफल गरी तत्कालीन निरङ्कुश व्यवस्थाका विरुद्ध प्रहार गर्न सक्ने सशक्त साहित्यिक संस्थाको स्थापना गर्ने अठोट गरे अनुरुप तेह्र जना सदस्य सहित साहित्य सङ्गम चितवनको गठन भएको हो । जसलाई सङ्गमले संस्थापक सदस्यहरुका रुपमा मान्यता प्रदान गरेको छ । ती सदस्यहरु निम्नानुसार रहेका छन्:-[१७]

१. मदनमोहन जोशी
२. हरिहर खनाल
३. इन्द्र रेग्मी
४. हरिहर सविता
५. होम रेग्मी
६. जगतराज पौडेल
७. पुण्यप्रसाद रेग्मी
८. साध्यबहादुर भण्डारी
९. रविकिरण निर्जीव
१०. बालकृष्ण पौडेल
११. हरिश्चन्द्र पण्डित
१२. रामहरि श्रेष्ठ
१३. पुष्पराज पौडेल

१७ डी.आर.पोखरेल, पूर्ववत्, पृ.५ ।

## ४.७ साहित्य सङ्गम चितवनका अधिवेशनहरु

**तालिका नं. ५**[१८]

| क.सं. | अधिवेशन | मिति | नेतृत्व |
|---|---|---|---|
| १. | प्रथम | २०४७/७/१७ | मदनमोहन जोशी |
| २. | दोश्रो | २०४९/१/१ | हरिहर खनाल |
| ३. | तेश्रो | २०५५/११/११ | रविकिरण निर्जीव |
| ४. | चौथो | २०५८/७/२५ | पोषराज पौडेल |
| ५. | पाँचौ | २०६०/१०/१० | डी.आर.पोखरेल |
| ६. | छैठौं | २०६२/११/२७ | इन्द्रप्रसाद रेग्मी |
| ७. | सातौं | २०६४/१०/२६ | भवनाथ सडौला |

उल्लेखित तालिकाअनुसार साहित्य सङ्गम चितवनको स्थापनादेखि हालसम्म सातवटा अधिवेशन सम्पन्न भैसकेको देखिन्छ । साहित्य सङ्गम चितवनको विधानअनुसार अधिवेशनको कार्यविधि दुई वर्षे देखिन्छ तर यस तालिकाबाट भने पहिलो अधिवेशनबाट बनेको कार्य समितिको कार्यावधि एक वर्ष छ महिना चौध दिन देखिन्छ भने दोस्रोको छ वर्ष दश महिना दश दिनको देखिन्छ । तालिकाबाट सबभन्दा लामो अवधि दोस्रो कार्यकालको र छोटो अवधि प्रथम कार्यकालको रहेको छ ।

## ४.८ कार्य समिति र तिनका कार्य

साहित्य सङ्गम चितवनले आफ्नो स्थापनाको करिब अढाई दशक लामो श्रृङ्खला पार गरिसक्दा विभिन्न सातवटा कार्य समितिहरु फेरिसकेको छ । साहित्य सङ्गम चितवनको समुन्नतिमा समर्पित कार्यसमितिका पदाधिकारीहरु तथा कार्य समितिका मुख्य मुख्य कामहरु यसप्रकार छन्:

### ४.८.१ पहिलो कार्य समिति

साहित्य सङ्गम चितवनको स्थापना वि.सं. २०४४ सालमा भएपनि निर्वाचित कार्यसमिति वि.सं. २०४७ साल कार्तिक १७ गते पहिलो अधिवेशन भई निर्वाचित गरेको पाइन्छ । त्यसैले २०४७ साललाई साहित्य सङ्गम चितवनको उठानकाल पनि भनिन्छ । पहिलो कार्यसमिति र सल्लाहकारहरु यसप्रकार रहेका छन् :-[१९]

---

१८ ऐजन, पृ.६ ।
१९ डी.आर.पोखरेल, पूर्ववत्, पृ.७ ।

**कार्यसमिति**

| | |
|---|---|
| **अध्यक्ष-** | मदनमोहन जोशी |
| **उपाध्यक्ष-** | इन्द्रप्रसाद रेग्मी |
| **सचिव-** | मीन सहाय |
| **सह-सचिव-** | शरद परासर |
| **कोषाध्यक्ष-** | प्रकाश चापागाई |
| **सदस्यहरु-** | |
| | भुवन अधिकारी |
| | देवराज पौडेल |
| | रविकिरण रेग्मी |
| | जगतराज पौडेल |
| | हरिहर सविता |
| | रामहरि श्रेष्ठ |
| **सल्लाहकारहरु-** | |
| | घनश्याम पौड्याल |
| | ईश्वरी ओझा |
| | होमनाथ सापकोटा |
| | पोषराज पौडेल |

यस समितिले साहित्य सङ्गम चितवनको दर्ता गरेको छ भने सबै भन्दा महत्त्वपूर्ण कार्य **नौलो राँको** पत्रिकालाई आफ्नो मुखपत्रको रुपमा प्रकाशन आरम्भ गरेको पाइन्छ । त्यसैगरी महिनाको तेस्रो शनिबार नियमित रुपमा साहित्यिक कार्यक्रमहरु सम्पन्न गर्दै आएको देखिन्छ । यस्ता साहित्यिक कार्यक्रमहरुमा प्रतियोगितात्मक, कवि गोष्ठी, प्रगतिवादी वरिष्ठ साहित्यकारहरुको जन्मजयन्ती आदि रहेका छन् ।[२०]

## ४.८.२ दोस्रो कार्यसमिति

वि.सं. २०४९ बैसाख १ गते पुर्नगठित भएको कार्यसमिति यसप्रकार रहेको छः-[२१]

**कार्यसमिति**

| | |
|---|---|
| **अध्यक्ष-** | हरिहर खनाल |
| **उपाध्यक्ष-** | राम विनय |

---

२० ऐजन, पृ.१६ ।
२१ ऐजन, पृ.७-८ ।

| | |
|---|---|
| **सचिव-** | उत्तम न्यौपाने |
| **सह-सचिव-** | विष्णुप्रसाद सापकोटा |
| **कोषाध्यक्ष-** | प्रकाश चापागाई |
| **सदस्यहरु-** | |
| | होमनाथ सापकोटा |
| | मीनसहाय |
| | पोषराज पौडेल |
| | हरिहर सविता |
| | देवराज पौडेल |
| | रविकिरण निर्जीव |
| | सुदर्शन प्रधान |
| **सल्लाहकारहरु-** | |
| | घनश्याम पौड्याल |
| | भरत पोखरेल |
| | इन्द्रप्रसाद रेग्मी |
| | जगतराज पौडेल |
| | मदनमोहन जोशी |

साहित्य सङ्गम चितवनको यस कार्य समितिको कार्यकाल सबै भन्दा बढी भएपनि त्यति कार्यहरु सम्पन्न गरेको देखिदैन् । साहित्यिक कार्यक्रमहरु सम्पन्न भने भएको पाइन्छ भने यसै कार्यकालमा एउटा काठको दराज किनिएको पनि पाइन्छ ।[२२]

## ४.८.३ तेस्रो कार्यसमिति

वि.सं. २०५५ साल फागुन ११ गते पुनर्गठन भएको कार्यसमिति यसप्रकार रहेको छः- [२३]

**कार्यसमिति**

| | |
|---|---|
| **अध्यक्ष-** | रविकिरण रेग्मी |
| **उपाध्यक्ष-** | लक्ष्मीकान्त शर्मा पौड्याल |
| **सचिव-** | प्रकाश चापागाई |
| **सह-सचिव-** | टङ्कराज ढकाल |
| **कोषाध्यक्ष-** | शारदा श्रेष्ठ |

२२ ऐजन, पृ.१६ ।
२३ ऐजन, पृ.८ ।

**सदस्यहरु-**

पोषराज पौडेल

चेतकान्त चापागाईं

गुणराज लोहनी

रमेश प्रभात

दीपक पाठक

पदमपाणि विरक्ति

**सल्लाहकारहरु-**

मदनमोहन जोशी

जगतराज पौडेल

भागवतशरण न्यौपाने

हरिहर खनाल

होमनाथ सापकोटा

यस कार्यसमितिको कार्यकाल उल्लेख्य देखिन्छ । यस समितिको कार्यकालमा भरतपुर नगरपालिकाबाट भरतपुर १० शंकरटोल साविक भरतपुर ५(क) कि.नं. २१३ को दशधुर जग्गामध्ये ५ धुर (०-०-५) जग्गा नगरपालिका कै स्वामित्वमा रहनेगरी प्राप्त गरेको छ । तर टोल समितिसँगको विवादका कारण अहिलेसम्म उपभोग गर्न सकिएको छैन ।[२४] यस्तै गरी यसैकार्यकालदेखि स्रस्टा सम्मानको कार्यक्रम आरम्भ गरिएको पाइन्छ । यसका अतिरिक्त नौलो राँकोको सातौं अङ्क प्रकाशन गर्नुका साथै नियमित साहित्यिक कार्यक्रमहरुलाई निरन्तरता दिएको देखिन्छ ।[२५]

## ४.८.४ चौथो कार्यसमिति

वि.सं. २०५८ साल फागुन २५ गते पुनर्गठन भएको कार्य समिति यसप्रकार रहेको छः-[२६]

**कार्यसमिति**

| | |
|---|---|
| **अध्यक्ष-** | पोषराज पौडेल |
| **उपाध्यक्ष-** | उत्तम न्यौपाने |
| **सचिव-** | रामहरि श्रेष्ठ |
| **सह-सचिव-** | सरिता तिवारी |
| **कोषाध्यक्ष-** | सूर्यप्रसाद शर्मा |

२४ संस्थाका वर्तमान अध्यक्ष भवनाथ सडौलाले २०६६/८/४ गते शोधार्थीलाई उपलब्ध गराएको जानकारीअनुसार ।
२५ डी.आर.पोखरेल, पूर्ववत्, पृ.१७ ।
२६ ऐजन, पृ.९ ।

**सदस्यहरु-**

रविकिरण निर्जीव

डी.आर.पोखरेल

सिर्जन अविरल

चेतकान्त चापागाईं

जनक तिवारी

वर्षा गजमेर

**सल्लाहकारहरु-**

मदनमोहन जोशी

जगतराज पौडेल

हरिहर खनाल

लक्ष्मीकान्त शर्मा

यस कार्यकालमा देशमा सङ्कटकाल रहेको हुँदा अध्यक्ष सुरुमै पक्राउ परी एक वर्ष कारागार बस्नुपरेको देखिन्छ । बचेको एक वर्षे कार्यकालमा आजीवन सदस्यताको आरम्भ, अक्षयकोषको शुरुवात, लेखापरीक्षणको शुरुवात, डी.आर.पोखरेलको **यथार्थवादी समालोचनाको गोरेटोमा** (समालोचना सङ्ग्रह) कृति प्रकाशन जस्ता महत्त्वपूर्ण कार्य गरेको देखिन्छ । यसै कार्य समितिले महान् सहिद कृष्णसेन इच्छुकको स्मृति दिवस मनाउनुका साथै मासिक साहित्यिक कार्यक्रमहरुलाई निरन्तरता दिंदै मदनमोहन जोशी र पूर्ण विरामलाई अभिनन्दन गरेको पाइन्छ ।[२७]

## ४.८.५ पाँचौ कार्यसमिति

वि.सं. २०६० माघ १० गते पुनर्गठन भएको कार्य समित यसप्रकार रहेको छ:-[२८]

**कार्यसमिति**

| | |
|---|---|
| **अध्यक्ष-** | डी.आर. पोखरेल |
| **उपाध्यक्ष-** | सरिता तिवारी |
| **सचिव-** | नमूना शर्मा |
| **सह-सचिव-** | चेतकान्त चापागाईं |
| **कोषाध्यक्ष-** | पूर्णबहादुर अधिकारी |

**सदस्यहरु-**

प्रेमराज रिमाल

२७ ऐजन, पृ.१७ ।
२८ संस्थाका सचिव द्वारिका नेपालले उपलब्ध गराउनु भएको माइन्यूटअनुसार ।

विष्णुप्रसाद सापकोटा

चूडा ढकाल

टङ्कराज ढकाल

रामकुमार तिवारी

राजेन्द्र हमाल

**सल्लाहकारहरु-**

मदनमोहन जोशी

होमनाथ सापकोटा

हरिहर खनाल

प्रकाश चापागाईं

रविकिरण निर्जीव

पोषराज पौडेल

इन्द्रप्रसाद रेग्मी

भवनाथ सडौला

जगतराज पौडेल

यस कार्यकालमा अध्यक्ष डी.आर. पोखरेल दुर्घटनामा पर्नुभएकोले हुनुपर्ने जति काम भएको देखिदैन । तर पनि संस्था नवीकरण, आजीवन सदस्यताको विस्तार, कृति प्रकाशन, विमोचनजस्ता कार्य हुनुका साथै स्रस्टा सम्मान कार्यक्रमलाई निरन्तरता दिँदै साहित्यिक कार्यक्रम यथावत रुपमा हुँदै आएको देखिन्छ । त्यस्तै गरी साहित्यिक कार्यक्रम **जुही र यथार्थ कुरा** दुई पत्रिकाहरु (झापा)सँग मिलेर हरिहर खनालको अभिनन्दनको लागि सह-आयोजकको भूमिका निभाएको पाइन्छ ।[२९]

## ४.८.६ छैटौं कार्यसमिति

वि.सं. २०६२ साल माघ १० गते पुनर्गठित कार्यसमिति यसप्रकार रहेको छः-[३०]

**कार्यसमिति**

| | |
|---|---|
| **अध्यक्ष-** | इन्द्रप्रसाद रेग्मी |
| **उपाध्यक्ष-** | चेतकान्त चापागाईं |
| **सचिव-** | नमूना शर्मा |
| **सह-सचिव-** | शिवलाल आचार्य |
| **कोषाध्यक्ष-** | महेश न्यौपाने |

२९ डी.आर.पोखरेल, पूर्ववत्, पृ.१६ ।
३० ऐजन, पृ.१० ।

**सदस्यहरु-**

सरिता तिवारी

पूर्णबहादुर अधिकारी

चूडा ढकाल

ध्रुवकिरण रेग्मी

लीलानाथ रेग्मी

सूर्यप्रकाश जमरकट्टेल

**सल्लाहकारहरु-**

मदनमोहन जोशी

हरिहर खनाल

रविकिरण निर्जीव

डी.आर.पोखरेल

होमनाथ सापकोटा

प्रकाश चापागाईं

पोषराज पौडेल

रामहरि श्रेष्ठ

भवनाथ सडौला

जगतराज पौडेल

यस कार्यसमितिको कार्यकालको महत्त्वपूर्ण कार्यमा **नौलो राँको** को आठौं अङ्क प्रकाशनलाई मान्न सकिन्छ । यस्तैगरी यस समितिले **म किन लेख्छु ?** (साधनाकारण) भन्ने विषयमा चितवनका स्रस्टाहरुबीच अन्तरक्रिया गराएर नयाँ खालको कार्यक्रम गरेको देखिन्छ भने अक्षयकोषको स्थापना, स्व. गणेश तथा हस्तकुमारी (लक्ष्मीदेवी) पन्त स्मृति पुरस्कारको स्थापनालाई पनि उपलब्धि मान्न सकिन्छ । यस्तै गरी समितिले आजीवन सदस्यताको विस्तारलाई निरन्तरता दिएको छ भने पोषराज पौडेल र डी.आर.पोखरेललाई सम्मान गरी सम्मानको श्रृङखला पनि थप्दै गएको देखिन्छ । यसका साथै पुस्तक प्रकाशन लगायत नियमित साहित्यिक कार्यक्रमहरुलाई निरन्तरता दिँदै आएको छ ।[३१]

## ४.८.७ सातौं कार्यसमिति

वि.सं. २०६४ साल माघ २६ गते पुनर्गठन भएको कार्यसमिति यसप्रकार रहेको छः-[३२]

---

३१ डी.आर.पोखरेल, पूर्ववत्, पृ.१७ ।

३२ द्वारिका नेपाल, पूर्ववत् ।

**कार्यसमिति**

| | |
|---|---|
| **अध्यक्ष-** | भवनाथ सडौला |
| **उपाध्यक्ष-** | भूपिन व्याकुल |
| **सचिव-** | द्वारिका नेपाल |
| **सह-सचिव-** | शारदा चौलागाइँ |
| **कोषाध्यक्ष-** | रमेश प्रभात |
| **सदस्यहरु-** | |
| | पूर्णबहादुर अधिकारी |
| | देवराज पौडेल |
| | गोपीलाल देवकोटा |
| | किसान प्रेमी |
| | भानुभक्त पौडेल |
| | मिथिला प्याकुरेल |

**सल्लाहकारहरु-**

मदनमोहन जोशी

रविकिरण निर्जीव

डी.आर.पोखरेल

इन्द्र रेग्मी

होमनाथ सापकोटा

चेतकान्त चापागाइँ

सरिता तिवारी

यस समितिको कार्यकालका महत्त्वपूर्ण कार्यमा सहिद शिव पौडेल स्मृति पुरस्कार, मदनमोहन जोशी स्मृति पुरस्कार, नौलो राँकोको नवौं अङ्क प्रकाशनलाई मानिन्छ । यस्तै विभिन्न विधाका पुस्तक प्रकाशन गर्नुका साथै नियमित साहित्यिक कार्यक्रमलाई निरन्तरता दिनु अर्को उपलब्धिको पाटो मानिन्छ ।[३३] यस कार्यसमितिको कार्यकाल चालु रहेकोले यसका काम हेर्न अझै बाँकी छ ।

यसरी साहित्य सङ्गम चितवनको साहित्यिक उन्नयनका लागि स्थापना कालदेखि छ वटा कार्यसमितिहरुले आफ्नो कार्यकाल पूरा गरिसकेको छ भने हाल सातौं कार्यसमितिको रुपमा भवनाथ सडौलाको नेतृत्व समिति रहेको छ । यी कार्यसमितिहरुमध्ये सबै भन्दा बढी कार्य चौथो, छैटौं र सातौं कार्यसमितिले गरेको देखिन्छ भने सबै भन्दा कम दोस्रो कार्य समितिको देखिन्छ ।

३३ संस्थाका अध्यक्ष भवनाथ सडौलाले २०६६ जेठ ८ गते उपलब्ध गराउनु भएको जानकारीअनुसार ।

उपलब्धिको हिसावले सबै भन्दा पहिले **नौलो राँको** को प्रकाशन गर्ने श्रेय मदनमोहन जोशीको अध्यक्षताको पहिलो कार्यसमितिलाई जान्छ । यस्तै गरी तेस्रो कार्यसमितिले स्रस्टा सम्मान आरम्भ गरेको छ । त्यसैगरी चौथो कार्यसमितिले अक्षयकोषको शुरुवात, आजीवन सदस्यताको विस्तार, लेखापरीक्षणको शुरुवात गरेको पक्ष पनि मननीय देखिन्छ । यस्तै गरी पाँचौ कार्य समितिबाट गणेश हस्तकुमारी (लक्ष्मीदेवी) पन्त स्मृति पुरस्कारको संयोजन गरेको छ । यस्तै गरी हाल सञ्चालनमा रहेको कार्यसमितिले सहिद शिव पौडेल स्मृति पुरस्कार, मदनमोहन स्मृति पुरस्कार, नौलो राँकोको नवौं अङ्क प्रकाशन गर्नुका साथै बढी कृति प्रकाशन गरेको छ ।

## ४.९ आयस्रोत

साहित्य सङ्गम चितवन मुनाफारहित साहित्यिक संस्था हो । यस संस्थाको कुनै नियमित प्राप्त हुने आयस्रोत छैन् । यसले आफ्ना गतिविधिहरु सञ्चालन गर्न सदस्यता शुल्क, विज्ञापन, पत्रिका र पुस्तक विक्री र सदस्यबाट प्राप्त सहयोगबाट सम्पन्न गर्ने गरेको छ । यसले अन्य कुनै सरकारी तथा संघ-संस्थासँग सहयोगको लागि याचना गरेको पाइदैन । यसको नियमित आयस्रोत नभएकाले थप नवीन कार्य गर्न आर्थिक समस्या यथावत रहेको छ । यसरी साहित्य सङ्गम चितवनले येनकेन रुपमा न्यून आर्थिक स्रोतमा कार्यक्रम सम्पन्न गर्ने गरेको छ ।[३४]

## ४.१० साहित्य सङ्गम चितवनले गरेका कार्यहरु

वि.सं. २०४४ सालमा चितवनको माटोमा स्थापित साहित्य सङ्गम चितवन जिल्ला प्रशासन कार्यालय चितवनमा दर्ता भएर हालसम्म विविध कार्यक्रमहरु गरी अस्तित्वमा रहिरहेको छ । वि.सं. २०४० को दशकदेखि २०६० को दशकसम्म आइपुग्दा थुप्रै आरोह अवरोह व्यतित गरेको देखिन्छ भने आफैमा जेठो वृक्ष भई साहित्यप्रेमीहरुलाई शीतल ओत दिनुका साथै प्यास मेटाउने काम समेत गरेको छ  यसले आफ्नो स्थापना कालदेखि नै नेपाली भाषा साहित्यको उत्थान तथा प्रतिभा प्रस्फुटनका लागि विविध गतिविधि सञ्चालन गर्दै चितवनका अन्य संस्थाहरुका बीचमा आफ्नो अलग्गै पहिचान बनाउन सफल भएको छ । यसैक्रममा यस संस्थाले पत्रिका प्रकाशन, पुस्तक प्रकाशन, पुरस्कारको संयोजन तथा वितरण, स्रस्टा सम्मान र विभिन्न साहित्यिक कार्यक्रमहरु गरेर नेपाली साहित्यको श्रीवृद्धिमा लागि परेको छ । यहाँ यसका कार्यहरुको संक्षिप्त चर्चा गरिएको छ ।

### ४.१०.१ स्रस्टा सम्मान तथा पुरस्कार

साहित्य सङ्गम चितवनले गरेका कार्यहरुमध्ये एउटा महत्त्वपूर्ण पाटो यसले  स्थापना गरेका विभिन्न पुरस्कार र सम्मानको भूमिकाले पनि नेपाली साहित्यको विकासमा टेवा पुर्‍याएको पाइन्छ ।

---

३४ संस्थाका कोषाध्यक्ष रमेश प्रभातले २०६६/३/२ गते उपलब्ध गराउनु भएको जानकारीअनुसार ।

स्रस्टालाई सम्मान गर्ने औपचारिकतामा एक मिनेटको मौन धारण गरेर मृत्युपछि गोहीका आँसु चुहाउने परम्पराभन्दा माथि उठेर जीवित रुपमै सम्मान गर्ने परम्पराको थालनी हुनु राम्रो कुरा हो । यसै अनुरुप साहित्य सङ्गम चितवनले पनि विगत केही वर्षयतादेखि स्थानीय तथा राष्ट्रिय रुपका साहित्य सङ्गम सम्मान, स्व. गणेश तथा हस्तकुमारी (लक्ष्मीदेवी) पन्त स्मृति पुरस्कार, सहिद शिव पौडेल स्मृति पुरस्कार र स्व.मदनमोहन जोशी स्मृतिजस्ता सम्मान तथा पुरस्कारको संयोजन, संरक्षण तथा वितरण गर्दै आएको छ । चितवन जिल्ला र वरपरका क्षेत्र तथा जिल्लाभन्दा बाहिरका भाषा, कला, संस्कृति, सङ्गीत, साहित्य आदि विभिन्न विधा र क्षेत्रका सेवीहरु तथा साहित्यकारहरुलाई यसप्रकारका पुरस्कार तथा सम्मान वितरण गरी नेपाली संस्कृति, साहित्य तथा वाङ्मयको सम्बर्द्धनमा यस संस्थाले दरिलो सहयोग पुऱ्याएको छ । यी पुरस्कार तथा सम्मानको परिचयात्मक चर्चा यसरी गरिन्छ ।

### ४.१०.१.१. साहित्य सङ्गम सम्मानबाट सम्मानित प्रतिभाहरुको संक्षिप्त परिचय

यस संस्थाले वि.सं. २०५८ साल देखि प्रत्येक दुई वर्षमा प्रगतिशील साहित्यको विकासमा योगदान दिने स्थानीय तथा राष्ट्रिय गरी दुईदेखि चार जनासम्म स्रस्टालाई **साहित्य सङ्गम सम्मान**बाट सम्मान गर्ने परिपाटी बसालेको छ । यस संस्थाबाट वि.सं. २०५८ देखि हालसम्म नौ जना स्रस्टाहरु सम्मानित भएका छन् ।[३५] यहाँ ती सम्मानित स्रस्टाहरुको परिचय दिइएको छः-

### ४.१०.१.१.१. गोरखराज भारो

वि.सं. १९८२ साल भाद्र नवमीका दिन ललितपुरको नपसल टोलमा जन्मिएका गोरखराज भारो प्रगतिवादी स्रस्टा हुन् । पिता मदनराज भारो र माता जगतकुमारी भारोका कुशल पुत्रका रुपमा जन्मेका भारो वि.सं. २०१५ सालमा तेत्तीस वर्षको जल्दोबल्दो उमेरमा चितवन झरेका हुन् । चितौनेली प्रगतिवादी साहित्यका एक उदीयमान हस्ताक्षर रहेका भारो मुलतः कवि हुन् । आफ्ना रचना मार्फत् समाजका शोषक र सामन्तवर्गप्रति तीब्र आक्रोश र विद्रोह व्यक्त गर्ने भारोका पुस्तकाकार कृतिमा **क्रान्तिया पल, साहित्ययम्, महात्मागान्धीको जीवन** आदि रहेका छन् भने उनका थुप्रै फुटकर रचनाहरु विभिन्न स्थानीय र राष्ट्रिय पत्रिकामा प्रकाशित भएका छन् । सँधै संघर्षशील कविता लेखिरहने भारो वि.सं. २०५८ सालमा **साहित्य सङ्गम सम्मान**बाट जेठो साहित्यकारको रुपमा सम्मानित भएका हुन् । वर्तमान विकृति तथा विसङ्गतिको विरोधी तथा यथास्थितिवादका विपक्षी भारोको वि.सं. २०६३ सालमा देहावसान भयो ।[३६]

---

३५ डी.आर.पोखरेल, पूर्ववत्, पृ.२० ।
३६ रविकिरण निर्जीव, स्रस्टा चिनारी, वर्गीकृत राष्ट्रिय दैनिक, २०६२ माघ २६ चितवन, पृ.१२ ।

## ४.१०.१.१.२ मदनमोहन जोशी

चितवनको प्रगतिशील साहित्यिक फाँटमा मदनमोहन जोशी अति चर्चित नाम हो । वि.सं. १९९३ साल भाद्र २१ गते तनहुँ बन्दीपुर, नारायणटोलमा जन्मिएका मदनमोहन जोशी वामपन्थी विचारका पक्षपाती एवम् सुदृढ मनोबलका धनी व्यक्तित्व हुन् । पिता गणेशमान जोशी र माता पुतलीमाया जोशीका प्रथम पुत्रका रुपमा जन्मेका जोशीले राजनीतिमा एम.ए. गरेका छन् । तनहुँ बन्दीपुरमा जन्मेर चितवनलाई कर्मथलो बनाएका जोशी चितवनका अग्रणी समाजसेवी हुन् । यसका अतिरिक्त चितवन जिल्लाका जेठो र प्रथम पत्रकार पनि हुन् । साहित्य र पत्रकारितालाई सँगसँगै लगेका जोशी मार्क्सवादबाट प्रभावित देखिन्छन् । वि.सं.२०१० सालमा बन्दीपुरबाट प्रकाशित हुने **मूलबाटोमा** पत्रिकामा **फोहोर** शीर्षकको कविता छपाएर औपचारिक रुपमा साहित्य यात्रा शुरु गरेका जोशीले **जोशीलो प्रकाशन** नामको आफ्नै प्रकाशन संस्था स्थापना गरी मौलिक अनुदित साहित्यिक र राजनीतिक फाँटका बत्तीसवटा पुस्तक प्रकाशन गरेका छन् । विभिन्न स्थानीय र राष्ट्रिय पत्रपत्रिकाहरुमा रचना प्रकाशित गरेका जोशीका मौलिक र अनुदित गरी पन्ध्रवटा कृतिहरु प्रकाशित छन् । उनका मौलिक कृतिहरुमा **मेरो एउटा प्रेमपत्र, हो ची मिन्ह, म मर्दिन, संविधान प्रतिको मोह भङ्ग, प्रतिक्रियावादी संविधानको खैलाबैला, भरियाको कथा, जोशी वंशावली** रहेका छन् भने **अतिबुद्धिमानीपना बराबर बेइमानीपना** नामक एउटा सहलेखन रहेको छ । यसैगरी उनका **कम्युनिस्ट पार्टीको घोषणापत्र, पेकिङ्ग स्वास्थ्य निवास, स्तलिनबारे, महिलामुक्ति आन्दोलन, प्रारम्भिक कम्युनिस्ट शिक्षा, कम्युनिस्ट के चाहन्छन् र जनताको सेवा गर** जस्ता अनुदित कृति रहेका छन् ।

साहित्य सङ्गम चितवनका संस्थापक सदस्य र आजीवन सदस्य रहेका जोशीले भरतपुर टाउन प्लानिङ्ग कमिटीको सचिव, व्यापारसङ्घ नारायणगढको प्रथम सह-सचिव, भरतपुर नारायणगढ बजार योजना समितिको सचिव भएर जिम्मेवारी निर्वाह गरिसकेका छन् । यस्तैगरी भरतपुर गाउँ पञ्चयातको पहिलो निर्वाचित प्रधानपञ्च, देवघाट विकास समितिको सचिव, नेपाल युवक सङ्गठन चितवनको सभापति लगायत विभिन्न सामाजिक संस्थामा आवद्ध भएर उत्कृष्ट समाजसेवीको रुपमा स्थापित देखिन्छन् ।

यसैगरी नेपाल पत्रकार महासङ्घ चितवन, बन्दीपुर हाइस्कुल, चितवन मा.वि., वीरेन्द्र क्याम्पस, बालकुमारी कन्या मा.वि., साहित्य सङ्गम चितवन आदिबाट सम्मानित भएका जोशी बहुआयामिक व्यक्तित्वका धनी, अग्रजस्रस्टा, समाजसेवी, जनसंघर्षका एक योद्धाले परिचित छन् । यस्ता बहुआयामिक व्यक्तित्वका धनी जोशीको उपचारका क्रममा वि.सं. २०६५ साल कार्तिक २८ गते भारतमा निधन भयो ।[३७]

---

३७ नौलो राँको, मदनमोहन जोशी, विशेषाङ्क, वर्ष ४१, अङ्क ९, २०६६ मार्ग , पृ. १४-११८ ।

### ४.१०.१.१.३ आनन्ददेव भट्ट

नेपालको साहित्यिक फाँटमा अति चर्चित नाम हो आनन्ददेव भट्ट । वि.सं. १९९३ साल असोज २५ गते जुम्ला जिल्लामा जन्मेका आनन्ददेव भट्ट चितौनेली प्रगतिवादी साहित्यका आरम्भकर्ता र प्रेरणास्रोत हुन् । जुम्ला जिल्लाबाट अध्यापनको सिलसिलामा चितवन हुँदै हाल काठमाडौंमा बसोबास गर्दै आएका भट्ट प्रगतिवादी साहित्यकार हुन् । पिता जयदेव भट्ट र माता हीरादेवी भट्टका कोखबाट जन्मेका भट्टले नेपाली विषयमा स्नातकोत्तर गरेका छन् । वि.सं. २०१३ सालमा इन्द्रेणी पत्रिकामा **म तयार छु** नामक कविता प्रकाशित गरेर साहित्यिक यात्रा आरम्भ गरेका भट्टका प्रकाशित कृतिहरुमा **अब हिमाल बोल्छ, ०९७ साल, गुराँस, जीवनकै थुम्कोबाट, आमा बोलाउछिन्, तिमीलाई देख्दा, साँहिली मैयाँ, युरी गागरिन** गरी नौं वटा कविता सङ्ग्रह रहेका छन् भने एउटा **केही आत्मपरक निबन्धहरु** (२०४५) निबन्ध सङ्ग्रह रहेको छ । यसैगरी समालोचनातर्फ **समालोचनाको बाटोतिर, हाम्रा प्रतिभाहरु, प्रतिभा पहिचान, व्यावहारिक समालोचना** आदि रहेका छन् ।

प्रगतिवादी साहित्यको क्षेत्रमा पुऱ्याएको योगदानको कदर गर्दै साहित्य सङ्गम चितवनबाट सम्मानित भट्ट यसका अलवा नेपाल नेशनल कलेज छात्रावृद्धि, प्रगतिशील प्राध्यापक समुहको सम्मानपत्र, युद्धप्रसाद मिश्र सम्मान, पद्मकन्या विद्याश्रम सम्मान, नेपाल सम्मान आदिद्वारा सम्मानित भएका छन् ।

प्रगतिशील लेखक सङ्घ, नेपाल बुद्धिजीवी परिषद, प्रगतिशील प्राध्यापक समुह, श्री पद्मकन्या विद्याश्रम आदि सङ्घ संस्थामा आवद्ध रहेका भट्टले प्रेरणा (साहित्यिक पत्रिका), पाठ्यक्रम विकास त्रि.वि.को प्रकाशन, उत्साह आदिजस्ता पत्रिकाको सम्पादन पनि गरिसकेका छन् । आफ्ना रचनामार्फत् समाजका शोषक र सामन्त वर्गप्रति तीब्र आक्रोश र घृणा व्यक्त गर्ने भट्ट यथार्थवादी, बुद्धिजीवी, क्रान्तिकारी र राष्ट्रिय कवि हुन् ।[३८]

### ४.१०.१.१.४ पोषराज पौडेल

पोषराज पौडेल चितौनेली प्रगतिवादी साहित्यिक फाँटमा समर्पित नाम हो । यिनको जन्म वि.सं. २००१ साल भाद्र ८ गते कास्की जिल्लाको घार्मीमा भएको हो । पिता डिल्लीराम पौडेल र माता धनसरा पौडेलका कोखबाट जन्मेका पौडेलको न्वारनको नाम पोषराज पौडेल नै हो । वि.सं. २०३५ सालमा कास्कीको घार्मीबाट चितवनको माडी बसाइँ सरेका पौडेल वि.सं. २०६२ सालदेखि चितवनकै भ.न.पा. ११ बसेनीमा बसोबास गर्दै आएका छन् । शिक्षा प्रवेशिका बताउने पौडेलको पेशा समाजसेवा रहेको छ । यिनको पहिलो रचना **सहिदकी आमा नरोऊ तिमी** (कविता) हो भने यो जनसाहित्य पत्रिकामा प्रकाशित भएको हो ।

३८ डी.आर.पोखरेलले २०६६ मार्ग १० गते उपलब्ध गराएको जानकारी ।

साहित्यिक लेखनको प्रेरणा स्रोत लेखनाथ पौडेल, लक्ष्मीप्रसाद देवकोटा र मेक्सिम गोर्की भएको बताउने पौडेलका प्रकाशित कृतिहरुमा **माडीयात्रा**(२०३९), **म्याक्सिम गो**र्की(२०४३), **पागलप्रलाप** (काव्य २०५५), **सहिदगाथा** (महाकाव्य २०५७), **आदर्शकोकिल** (काव्य २०६५), **आमा स्मृतिका छालमा** (काव्य २०६६) रहेका छन् ।

साहित्य सङ्गम चितवनका संस्थापक सदस्य, आजीवन सदस्य रहेका पौडेलले २०५८ फागुनदेखि २०६० माघसम्म सोही संस्थाको अध्यक्ष भई कार्यभार सम्हालिसकेका छन् । यिनी प्रगतिशील लेखक सङ्घ चितवन, अखिल नेपाल लेखक सङ्घ, एकिकृत अखिल नेपाल जन साँस्कृतिक महासङ्घजस्ता सङ्घ संस्थामा सम्लग्न रहेका छन् । वि.सं. २०६४ साल माघ २६ गते प्रगतिवादी साहित्यको विकासमा योगदान पुऱ्याएवापत साहित्य सङ्गम चितवनबाट **साहित्य सङ्गम सम्मान** प्राप्त गरेका पौडेल शिक्षक सङ्गठन र शिक्षक सङ्घबाट पनि सम्मानित भएको बताउँछन् । 'साहित्य जीवनपयोगी र सामाजिक रुपान्तरणको अचुक अस्त्र हो' भन्ने साहित्यप्रतिको दृष्टिकोण राख्ने पौडेलले साहित्य सङ्गम चितवनप्रतिको धारणा यसरी व्यक्त गरेका छन्- "साहित्य सङ्गम चितवनका सबै प्रगतिशील एवम् प्रगतिवादी लेखकहरुको साझा मञ्च हो ।"[३९]

## ४.१०.१.१.५ निनु चापागाईं

नेपालको साहित्यिक फाँटमा निनु चापागाईं राष्ट्रिय स्रस्टा हुन् । वि.सं.२०४ साल माघ २७ गते दिङला साङ्राङ् भोजपरमा जन्मिएका चापागाईंको माताको नाम युवकुमारी चापागाईं हो भने पिताको नाम डण्डपाणि चापागाईं हो । नागरिकताको नाम निरञ्जन चापागाईं बताउने निनु प्रगतिवादी साहित्यकार हुन् । नेपालीमा एम्.ए. र नब्य व्याकरणमा आचार्य गरेका चापागाईंको पेशा राजनीति रहेको छ ।

साहित्यिक लेखनको प्रेरणास्रोत गुरु हरिप्रसाद काफ्ले, पारिजात र पुस्तकालय बताउने चापागाईंले वि.सं.२०२३ सालमा **राल्फाली** पत्रिकामा **अवोध** शीर्षकको कथा प्रकाशित गरेर आफ्नो साहित्ययात्रा शुरु गरेका हुन् । हाल काठमाडौंमा बसोबास गर्दै आएका चापागाईंका प्रकाशित कृतिहरुमा **मार्क्सवादी चिन्तनमा सौन्दर्य** (२०४५), **यथार्थवादी रचना दृष्टि र विवेचना** (२०५१), **सन्दर्भ संस्कृति र साँस्कृतिक रुपान्तरण** (२०६१), **उत्तर आधुनिकतावाद भ्रम र वास्तविकता** (२०६१) रहेका छन् । यसैगरी यिनले **वेदना** (साहित्यिक त्रैमासिक), **जनएकता** (साप्ताहिक), **जनादेश** (२०४८) जस्ता पत्रिकाहरुको सम्पादन पनि गरिसकेका छन् । शुरुका दिनमा प्रगतिशील लेखक सङ्घ र इन्द्रेणी समाजमा आवद्ध रही कार्यभार सम्हालेका चापागाईं हाल कुनै पनि संस्थामा आवद्ध छैनन् ।

नेपाली साहित्यको क्षेत्रमा महत्त्वपूर्ण योगदान पुऱ्याएकोमा यिनी कृष्णमणि साहित्य पुरस्कार, युद्धप्रसाद मिश्र स्मृति पुरस्कार, गोकुल साहित्य पुरस्कार, पारिजात सिर्जन पुरस्कार, हृदयचन्द्र स्मृति पुरस्कार र साहित्य सङ्गम चितवनबाट सम्मानित व्यक्तित्व हुन् । 'साहित्य सामाजिक यथार्थको

३९ पोषराज पौडेललाई लिइएको लिखित अन्तर्वार्ताअनुसार ।

सक्रिय कलात्मक प्रतिबिम्ब हो' भन्ने मान्यता राखेका चापागाईंको साहित्य सङ्गम चितवन प्रतिको धारणा यस्तो रहेको छः- 'साहित्य सङ्गम चितवनले नेपाली साहित्यको विकासको वातावरण सिर्जना गर्न महत्त्वपूर्ण भूमिका निभाएको छ ।'[४०]

## ४.१०.१.१.६ पूर्णविराम

पूर्णविराम्को जन्म वि.सं. २०१० सालमा ज्ञानेश्वर धोवीखोला काठमाडौंमा भएको हो । माता सरस्वती शर्मा भट्टराई र पिता गोवर्धन शर्मा भट्टराईको कोखबाट जन्मिएका पूर्णविराम प्रगतिवादी साहित्यकार हुन् । नागरिकताको नाम बलराम शर्मा भट्टराई बताउने पूर्णविरामको 'पूर्णविराम' साहित्यिक नाम हो । शिक्षा आइ.ए. रहेका विरामको पेशा नोकरी रहेको छ ।

वि.सं. २०२७ सालमा **नयाँ सन्देश** पत्रिकामा विना शीर्षकको कविता प्रकाशित गरेर साहित्यिक यात्रा तय गरेका पूर्णविरामको लेखनको प्रेरणा स्रोत पारिजात हुन् । वि.सं. २०२७ सालदेखि औपचारिक रुपमा साहित्य यात्रा तय गरेका पूर्णविरामका हालसम्म आइपुग्दा थुप्रै कृतिहरु प्रकाशित भइसकेका छन् । ती प्रकाशित कृतिहरुमा **आफन्त** (२०३७), **झ्यालसँगको झ्यालिन्चा** ( २०४१), **पानी माथि पानी** (२०४१), **इतिहासका किल्लाहरुमा** (२०४३), **गोविन्द ठिक भन्यो** ( २०५०), **ए मेरा आदरणीय लेकाली फूल** (२०६४), **लड्न जन्मेकाहरुले** (२०६५) रहेका छन् ।

नेपाली साहित्यको विकासमा योगदान पुऱ्याएवापत उनले अस्विकृत विचार पुरस्कार, दायित्व पुरस्कार, दिपिका कथा पुरस्कार, पारिजात सिर्जन पुरस्कार, कृष्णसेन इच्छुक स्मृति पुरस्कार, प्रलेस पुरस्कार आदि पुरस्कार प्राप्त गरेका छन् भने अरुणिमा शैक्षिक प्रतिष्ठान, नागार्जुन विशेष सम्मान, नगरपञ्चायत, साहित्य सङ्गम सम्मान आदिबाट पनि सम्मानित भएका छन् । 'साहित्य सर्वहारा वर्गको राज्य स्थापनाको निम्ति कलात्मक अभिव्यक्ति हो' भन्ने साहित्यप्रतिको धारणा राख्ने पूर्णविरामको साहित्य सङ्गम चितवन प्रतिको धारणा यस्तो पाइन्छः- 'साहित्य सङ्गम चितवनले प्रगतिशील साहित्यको विकासमा महत्त्वपूर्ण भूमिका खेलेको छ ।'[४१]

## ४.१०.१.१.७ डी.आर.पोखरेल

डी.आर.पोखरेल तनमन धनले चितौनेली प्रगतिवादी भाषा, साहित्यप्रति समर्पित अति चर्चित नाम हो । चितवनकै सेरोफेरोमा मात्र होइन एउटा साहित्यिक अनुसन्धानकर्ता, राजनीतिक विश्लेषक, दार्शनिक व्यक्तित्व, समालोचकका रुपमा राष्ट्रिय व्यक्तित्वहरुकै लहरमा लाम लागि सकेको नाम हो । वि.सं.२०११ साल भदौ ११ गते ओखलढुङ्गा जिल्लाको वितलब, रुम्जाटार गा.वि.स.जन्मिएका डी.आर.पोखरेल प्रगतिशील साहित्यकार हुन् । यिनका पिताको नाम डण्डराज

---

४० गरिमा साक्षात्कार, गरिमा, २०६३ चैत्र, पृ.१२६ र निनु चापागाईंसँग लिइएको फोन अन्तर्वार्ताबाट प्राप्त जानकारी ।

पोखरेल हो भने माताको नाम कृष्णकुमारी पोखरेल हो । साहित्यिक नाम डी.आर. रहेका पोखरेलको वास्तविक नाम डिल्लीराम पोखरेल हो । पेशा यिनको लेखन हो भने शिक्षा प्रमाणपत्र तह रहेको छ । हाल भ.न.पा.वडा नं. १० मा बसोबास गर्दै आएका पोखरेलले २०३२ सालबाट लेखनको शुरुवात गरेका हुन् ।

वि.सं. २०३२ सालम इन्जिनियरिङ्ग अध्ययन संस्थान पुल्चोक, ललितपुरबाट प्रकाशित हुने **प्राविधिक विकास** नामक पत्रिकामा **मेरी आमाको व्यथा** नामक कविता 'वैरागी' उपनामबाट प्रकाशित गरेपछि यिनको साहित्यलेखन शुरु भएको हो । साहित्य लेखनको प्रेरणास्रोत हजुरआमा, बाबा र कवयित्री पारिजात बताउने पोखरेलका प्रकाशित कृतिहरुमा **माओत्सेतुङबाट सिकौं** (२०३६), **कम्युनिस्ट के चाहन्छन् ?** (२०४७), **यथार्थवादी समालोचनाको गोरेटोमा** (२०५८), **पारिजातको साहित्यिक मूल्याङ्कन** (२०६२), **खुलाआकाशतर्फ** (२०६३), **संस्कृतिको सेरोफेरो** (२०६४), **साहित्य सङ्गम चितवनको विगत र वर्तमान** (२०६४)**निकुञ्ज र जनताबीचको द्वन्द्व र समता:एक अध्ययन** ( २०५९) रहेका छन् । यसैगरी रुम्जाटार स्मारिका, सिर्जना, नागरिकता बुलेटिन विधेयक, हाम्रो सिर्जना आदि जस्ता पत्रिकाको सम्पादन पनि गर्दै आएका छन ।

साहित्य सङ्गम चितवनको अध्यक्ष भई कार्यभार समेत सम्हालिसकेका पोखरेल यसै संस्थाका आजीवन सदस्य रहेका छन् भने प्रगतिशील लेखक संघ नेपाल, चितवन अध्ययन केन्द्र, प्रगतिशील लेखक सङ्घ चितवन र रामेश्वर पुस्तकालय आदि सङ्घ संस्थाहरुमा आवद्ध रहेका छन् ।

नेपाली साहित्यमा योगदान पुऱ्याएवापत साहित्य सङ्गम चितवनबाट साहित्य सङ्गम सम्मान, वाल्मीकि साहित्य सदनबाट वाल्मीकि साहित्य सम्मान, यथार्थ कुरा साहित्यिक पत्रिका झापाबाट यथार्थ प्रतिभा सम्मान, नारायणी टुडे मासिक पत्रिकाद्वारा कदरपत्र, नमूना आवासीय मा.वि. गैडाकोट नवलपरासी सम्मान पत्र, कालिका एफ्.एम्.बाट कालिका स्रस्टा सम्मानबाट सम्मानित व्यक्तित्व हुन । आफ्नो जीवन प्रगतिवादी साहित्यमा अर्पण गरेका डी.आर.ले साहित्यप्रतिको दृष्टिकोण यसरी राखेका छन्:- 'साहित्य जीवनको निम्ति लेखिनुपर्छ । यो सामाजिक भावना र वैयक्तिक अनुभूतिहरुको संयोजित प्रस्तुतीकरण हो ।' उनको साहित्य सङ्गम चितवन प्रतिको धारणा यस्तो रहेको छ:- 'साहित्य सङ्गम चितवन चितवनका प्रगतिवादी स्रस्टाहरुको चलखेल गर्ने साझा थलो हो ।' आज चितवनका सम्पूर्ण प्रगतिवादी स्रस्टाहरु यही संस्थामा समाहित भएका छन् । प्रगतिवादी चिन्तन र लेखनलाई अघि बढाउने काममा यसको अहम् भूमिका रहँदै आएको छ । साहित्य सङ्गम चितवनले म लगायतका लेखन्तेहरुलाई सम्मान गरेर स्तुत्य कार्य गरेको छ । जसबाट लेखनकार्यमा अघि बढ्न थप उर्जा मिलेको छ ।[४२]

४१ पूर्णविराम्सँग लिइएको लिखित अन्तर्वार्ताबाट प्राप्त जानकारीअनुसार ।
४२ डी.आर.पोखरेलसँग लिइएको लिखित अन्तर्वार्ताबाट प्राप्त जानकारीअनुसार ।

## ४.१०.१.१.८ कृष्णसेन इच्छुक

कृष्णसेन इच्छुकको जन्म वि.सं. २०१३ साल कार्तिक ३ गते भारतको देहरादुनमा भएको हो । कृष्णसेन इच्छुकको पिताको नाम यमबहादुर सेन र माताको नाम भिमकुमारी सेन हो । यिनको न्वारानको नाम कृष्णसेन हो भने 'इच्छुक' साहित्यिक नाम हो । प्रारम्भिक शिक्षा दाङको लालमटिया हाइस्कुलबाट प्राप्त गरेका इच्छुकले बी.एड. गरेका छन् । साहित्यिक क्षेत्रको कुरा गर्दा उनी गोर्की र लुसुनबाट निकै प्रभावित थिए । दाङको इलावासको साल्ट ट्रेनिङमा केही वर्ष जागिरे जीवन बिताएका इच्छुक कवि, पत्रकार, लेखक र राजनीतिक व्यक्तित्व आदि हुन् ।

वि.सं.२०३२ सालमा **मातृभूमि** पत्रिकामा **भोलिप्रति** शीर्षकको कविता छपाएर साहित्यिक यात्रा तय गरका इच्छुकका प्रकाशित कृतिहरुमा **शोकाञ्जली** (२०४८), **बन्दी र चन्द्रगिरी** (२०५८), **इतिहासको घडीमा** (२०५६) रहेका छन् । यसैगरी **कलम** (साहित्यिक त्रैमासिक), **जनादेश** ( साप्ताहिक) र **जनदिशा** (दैनिक) जस्ता पत्रिकाको सम्पादन समेत गरेका इच्छुक साहित्य सन्ध्या पुरस्कार (२०५७), पारिजात सिर्जनशील साहित्य पुरस्कार (२०५९), कृष्णमणि साहित्य पुरस्कार, प्रेस सेनानी पुरस्कार र साहित्य सङ्गम चितवनबाट सम्मानित तथा पुरस्कृत व्यक्तित्व हुन् । प्रगतिवादी कविता लेखनमा उत्कृष्ट योगदान पुऱ्याएकोमा वि.सं. २०५८ सालमा साहित्य सङ्गम चितवनद्धारा सम्मानित इच्छुक अखिल नेपाल जनसाँस्कृतिक सङ्घ, अ.ने.रा.स्व.वि.यु., नेकपा माओवादी, प्रलेस, दक्षिण एसियाली क्षेत्रीय पत्रकार सङ्घ आदि सङ्घसंस्थामा आवद्ध रहेका थिए । करिब एकदशक जेल जीवन भोगेका इच्छुकले वि.सं. २०५९ साल जेठ १३ गते सर्वहारा वर्गीय मुक्ति आन्दोलनमा वैचारिक सहयोग गरेबापत महेन्द्र पुलिस क्लबको हिरासतमा सहादत प्राप्त गरेका हुन् । यसका अतिरिक्त इच्छुक नेपाली नयाँ जनवादी क्रान्ति र सांस्कृतिक आन्दोलनका साथै नेपाली कम्युनिस्ट आन्दोलनका समेत एक महान् क्रान्तिकारी योद्धा तथा आदर्श व्यक्तित्व हुन् ।[४३]

## ४.१०.१.१.९ रविकिरण निर्जीव

प्रगतिवादी साहित्यको क्षेत्रमा पुऱ्याएको योगदानको कदर गर्दै साहित्य सङ्गम चितवनबाट साहित्य सङ्गम सम्मान प्राप्त गरेका निर्जीवले यसै संस्थाबाट वितरण गरिने सहिद शिव पौडेल स्मृति पुरस्कार पनि प्राप्त गरेको हुनाले यिनको बारेमा यसै परिच्छेदको ४.१०.१.३.१ मा परिचय दिइएको छ ।

माथि परिचय प्रस्तुत गरिएका साहित्य सङ्गम चितवनबाट सम्मानित स्रस्टाहरुलाई तालिकामा यसरी देखाउन सकिन्छः-

४३ कृष्णसेन इच्छुक स्मृति ग्रन्थ (२०६१), पृ. १२-२४७ ।

तालिका नं. ६

| क.सं. | पुरस्कृत व्यक्तित्व | साल | पुरस्कृत गरिएको मूल उद्देश्य | क्षेत्र |
|---|---|---|---|---|
| १ | कृष्णसेन इच्छुक | २०५८ | प्रगतिशील साहित्यको सेवामा समर्पित | राष्ट्रिय |
| २ | गोरखराज भारो | **Error! Not a valid link.** | प्रगतिशील साहित्यको सेवामा समर्पित | स्थानीय |
| ३ | आनन्ददेव भट्ट | २०६० | प्रगतिशील साहित्यको सेवामा समर्पित | **Error! Not a valid link.** |
| ४ | पूर्णविराम् | **Error! Not a valid link.** | प्रगतिशील साहित्यको सेवामा समर्पित | **Error! Not a valid link.** |
| ५ | मदनमोहन जोशी | २०६२ | प्रगतिशील साहित्यको सेवामा समर्पित | **Error! Not a valid link.** |
| ६ | निनु चापागाइँ | **Error! Not a valid link.** | प्रगतिशील साहित्यको सेवामा समर्पित | **Error! Not a valid link.** |
| ७ | रविकिरण निर्जीव | **Error! Not a valid link.** | प्रगतिशील साहित्यको सेवामा समर्पित | **Error! Not a valid link.** |
| ८ | पोषराज पौडेल | २०६४ | प्रगतिशील साहित्यको सेवामा समर्पित | **Error! Not a valid link.** |
| ९ | डी.आर.पोखरेल | **Error! Not a valid link.** | प्रगतिशील साहित्यको सेवामा समर्पित | **Error! Not a valid link.** |

### ४.१०.१.२ स्व. गणेश तथा हस्तकुमारी (लक्ष्मीदेवी) पन्त स्मृति पुरस्कारबाट सम्मानित प्रतिभाहरुको सङ्क्षिप्त परिचय

भरतपुर न.पा. वडा नं. ११, भोजाड निवासी समाजसेवी मुरारीकृष्ण पन्तले आफ्ना श्रदेय पिता गणेश पन्त तथा ममतामयी माता हस्तकुमारी (लक्ष्मीदेवी) पन्तका स्मृतिमा वि.सं. २०६४ साल माघ ६ गते स्थापना गरेका हुन् । यस पुरस्कारको लागि रु. पचास हजारको अक्षयकोष खडा गरिएको छ भने त्यसबाट वर्षेनी प्राप्त व्याजबाट चितवन जिल्ला तथा अन्य जिल्लामा रही नेपाली भाषा साहित्यको विकासमा योगदान पुऱ्याउने स्रस्टालाई प्रदान गर्ने प्रावधान रहेको छ । यसरी सम्मानित हुने स्रस्टा प्रगतिशील लेखक हुनुपर्ने प्रावधान पनि रहेको छ। स्रस्टा/कृति छनोटका लागि

प्रत्येक वर्ष साहित्य सङ्गम चितवनले एउटा छनोट समितिको गठन गर्ने र त्यसले सिफारिस गरेको कृतिलाई कार्यकारिणी समितिले अनुमोदन गरी प्रत्येक वर्ष पुण्य तिथिका दिन वितरण गर्ने गर्दछ । वि.सं. २०६५ सालमा यो पुरस्कार मकवानपुर जिल्ला हेटौंडा निवासी युवा कवि निमेष निखिल र उनको कृति **मनहरुको परिसर** (कवितासङ्ग्रह) लाई प्रदान गरेको छ भने २०६६ सालको पुरस्कार दुई जना नारी हस्ताक्षर पोखराकी सरस्वती प्रतिक्षा र उनको कृति **बिम्बहरुको कठघरा** र अछाम निवासी निभा शाह र उनको कृति **कालापानीकी द्रौपदी** लाई प्रदान गरेको छ । यस पुरस्कारबाट पुरस्कृत प्रतिभाहरुको संक्षिप्त परिचय निम्नानुसार रहेको छ ।[४४]

---

४४ संस्थाका कोषाध्यक्ष रमेश प्रभातले वि.सं.२०६६ बैशाख ५ गते शोधार्थीलाई उपलब्ध गराएको जानकारीअनुसार ।

## ४.१०.१.२.१ निमेष निखिल

निमेष निखिल मकवानपुरे साहित्यमा सुपरिचित नाम हो । वि.सं. २०३२ सालमा सिन्धुली जिल्लाको सुमनाम पोखरीमा जन्मिएका निखिलका पिताको नाम प्रेमप्रसाद बराल हो भने माताको नाम सरस्वती बराल हो । यिनको न्वारनको नाम फणिन्द्र बराल हो भने निमेष निखिल साहित्यिक नाम हो । हाल मकवानपुर जिल्ला हेटौंडामा बसोबास गर्दै आएका निखिलले नेपाली विषयमा स्नातकोत्तर गरेका छन् । पेशाका रुपले उनी एक कुशल प्राध्यापक रहेका छन् ।

वि.सं. २०५१ सालमा युवामञ्च पत्रिकामा **नेता** शीर्षकको मुक्तक प्रकाशित गरेर साहित्यिक यात्रा तय गरेका निखिलको एक मात्र प्रकाशित कृति **मनहरुको परिसर** (कवितासङ्ग्रह २०६४) रहेको छ । सोही कृतिका लागि निखिल साहित्य सङ्गम चितवनबाट प्रदान गरिने गणेश तथा हस्तकुमारी स्मृति पुरस्कारबाट सम्मानित भएका छन् । हाल साहित्य सङ्गम मकवानपुरको अध्यक्ष रही कार्यभार सम्हाल्दै आएका निखिल नेपाल पत्रकार महासङ्घ शाखा हेटौंडाको तदर्थ समितिका संयोजक पनि रहेका छन् । विभिन्न पत्रपत्रिकाका सम्पादक, स्तम्भकार निखिलका साहित्यिक लेखरचनाहरु विभिन्न स्थानीय तथा राष्ट्रिय पत्रपत्रिकामा छरिएर रहेका छन् ।[४५]

## ४.१०.१.२.२ निभा शाह

निभा शाह युवा प्रगतिशील साहित्यकारहरुमध्ये चर्चित नाम हो । पिता तेजबहादुर शाह र माता सुशीला शाहका कोखबाट वि.सं. २०२८ सालमा काठमाडौंमा जन्मिएर नेपालकै एउटा विकट जिल्ला अछाममा हुर्केकी हुन् । हाल काठमाडौं कालीमाटीमा बसोबास गर्दै आएकी शाहले प्रारम्भिक शिक्षा अछाममा हासिल गरेकी हुन् भने कैलाली भारतको लखनउ हुँदै दिल्लीमा पुग्दा स्नातकसम्म अध्ययन गरेकी छन् । विद्यार्थी जीवनदेखि नै राजनीतिको प्रभाव परेकी शाह साहित्य र राजनीति दुवै क्षेत्रमा सक्रिय रहेकी छन् । साहित्यिक प्रेरणास्रोत पिता तेजबहादुर शाह र राजनीतिमा प्रेरणास्रोत

आमा सुशीला शाह बताउने शाह प्रगतिवादी साहित्यको क्षेत्रमा म्याक्सिम गोर्कीको **आमा** उपन्यासबाट प्रभावित रहेकी छन् ।

वि.सं. २०५४ सालदेखि साहित्यिक यात्रा प्रारम्भ गरेकी निभाका जनादेश, जनाशिक्षा, जन आह्वान, कान्तिपुर लगायत थुप्रै पत्रपत्रिकामा रचनाहरु प्रकाशित छन् भने पुस्तककार कृतिको रुपमा **इन्कलाब जिन्दावाद** (२०६३) कवितासङ्ग्रह र **कालापानीकी द्रौपदी** (२०६६) कबितासङ्ग्रह प्रकाशित रहेका छन् । प्रगतिशील साहित्यको क्षेत्रमा पुऱ्याएको योगदानको कदर गर्दै वि.सं. २०६६ सालमा **कालापानीकी द्रौपदी** कवितासङ्ग्रहका लागि साहित्य सङ्गम चितवनद्धारा प्रदान गरिने गणेश तथा हस्तकुमारी (लक्ष्मीदेवी) पन्त स्मृति पुरस्कारबाट सम्मानित भएकी हुन् ।

वि.सं. २०५२ को माओवादी जनयुद्धबाट प्रभावित भई वि.सं. २०५८ सालदेखि जनयुद्धमा

४५ निमेष निखिलसँग लिइएको फोन अन्तर्वार्ताबाट प्राप्त जानकारीअनुसार ।

शाह हालसम्म माओवादी पार्टीमा सक्रिय रहेकी शाह नेवा राज्य समितिकी सदस्य, अखिल नेपाल लेखक सङ्घको केन्द्रीय सदस्य र एकिकृत अखिल नेपाल जनसाँस्कृतिक महासङ्घमा पनि आबद्ध रहेकी छन् । उनको पहिलो कृति **इन्क्लाब जिन्दाबाद** बारेमा मन्तव्य राख्ने माओवादी पार्टीकै केन्द्रिय नेतृ हिसिला यमीले नयाँ पारिजात बन्ने सम्भावना बोकेकी कवियत्री भनेर मूल्याङ्कन समेत गरेकी शाह देशीय राजनीति, सामाजिक विकृति, नारी जागरणका स्वर तथा नारी सत्ताको स्थापनार्थ तीखो कलम चलाउने स्रस्टा हुन् ।[४६]

## ४.१०.१.२.३ सरस्वती प्रतीक्षा

सरस्वती प्रतीक्षा पोखरेली प्रगतिवादी साहित्यका क्षेत्रमा सम्मानित नाम हो । वि.सं. २०३८ साल जेठ १० मा कास्की ९ पोखरामा पिता सुमेन्द्र लालचन र माता राधा लालचनका कोखबाट जन्मेकी सरस्वती लालचन आजकी सरस्वती प्रतीक्षा हुन् । पोखरेली साहित्यमा नारीहस्ताक्षरकी अगुवा बनेकी प्रतीक्षाले स्नातकोत्तर गरेकी छन् । पेशा व्यापार बताउने प्रतीक्षाको प्रारम्भिक शिक्षा न्यू मोडेल बोडिङ्ग स्कुल पोखरामा गरेकी हुन् ।

साहित्यिक लेखनको प्रेरणास्रोत समाज र सामाजिक घटना, परिघटनाप्रति आफ्नो सहमति र असहमतिको तीब्र संवेदनात्मक चेत बताउने प्रतीक्षाले वि.सं. २०५५ सालदेखि साहित्य यात्रा आरम्भ गरेकी हुन् । वि.सं. २०५५ सालमा **गुञ्जन** (साहित्यिक मासिक) पत्रिकामा दुई कविताहरु **प्रश्नहरु नाजवाफ छन् र मृत्युका बाजाहरु** कविता छपाएर साहित्यिक यात्रा तय गरेकी प्रतीक्षाका पुस्तककार कृति **यद्यपि प्रश्नहरु** (कवितासङ्ग्रह २०६२) र **बिम्बहरुको कठघरा** (कवितासङ्ग्रह २०६६) प्रकाशित भैसकेका छन् ।

पोखरेली युवा साँस्कृतिक परिवार पोखरा, संरक्षण कविता आन्दोलन, डागर स्मृति प्रतिष्ठान पोखरा, साहित्यकार सरुभक्त सरोकार केन्द्र पोखरा, अक्षर यात्रा पोखरा र गजल सन्ध्या पोखरा आदि

सङ्घ संस्थामा आवद्ध रहेकी प्रतीक्षाले साहित्यप्रतिको धारणा यसरी व्यक्त गरेकी छन्ः- 'साहित्य समाज र समयकाप्रति जहिले पनि उत्तरदायी हुनुपर्छ । केवल रुमानी अभिव्यक्त र शाब्दिक विलासका पछाडि साहित्यकारहरु कहिल्यै लाग्नु हुदैन । साहित्य समाजको ऐना मात्र होइन, समाज परिवर्तन र रुपान्तरणको माध्यम हो ।' प्रगतिवादी साहित्यमा पुऱ्याएको योगदानको कदर गर्दै साहित्य सङ्गम चितवनद्वारा प्रदान गरिने गणेश तथा हस्तकुमारी (लक्ष्मीदेवी) पन्त स्मृति पुरस्कारबाट २०६६ सालमा **बिम्बहरुको कठघरा** (२०६६) कविता सङ्ग्रहका लागि सम्मानित भएकी प्रतीक्षा समताकाव्य सम्मान, धादिङ साहित्य समाज सम्मान आदिबाट समेत सम्मानित भएकी छन् भने जिल्ला तथा राष्ट्रियस्तरका निबन्ध तथा वक्तृत्वकला प्रतियोगितामा प्रथम स्थान प्राप्त गरेकी

४६ इन्द्र रेग्मी, कालापानीकी द्रौपदीमा निभा शाहः एक टिप्पणी, स्रस्टा अङ्क ४, जेठ २०६७ पृ. ९ ।

बढेको अनुभव भइरहेको र कुनै विशेष कृतिको निम्ति पुरस्कार दिइएको हुनाले आउँदा दिनहरुमा कृतिगत गहनतामा ध्यान दिन उर्जा मिलेको बताउने प्रतीक्षाको साहित्य सङ्गम प्रतिको धारणा यस्तो रहेको छः- 'नेपाली वाङ्मयको उन्नयनका निम्ति सक्रिय एउटा यस्तो संस्था जसले साहित्यलाई आम जनमानससम्म पुऱ्याउन महत्त्वपूर्ण भूमिका खेल्दै आइरहेको छ । चाहे प्रकाशनका दृष्टिकोणले होस् वा साहित्यिक क्रियाकलापका दृष्टिकोणले यसले सीमान्तकृतको मुद्धा र आवाजलाई जहिले पनि प्राथमिकतामा पार्दै आइरहेको छ र जुन सर्वाधिक प्रशंसनीय पनि छ ।'[४७]

**स्व.गणेश तथा हस्तकुमारी (लक्ष्मीदेवी) पन्त स्मृति पुरस्कारबाट सम्मानित प्रतिभाको विवरण**

**तालिका नं.७**

| क्र.सं. | नामथर | कृतिको नाम | वितरण गरिएको साल | कैफियत |
|---|---|---|---|---|
| १ | निमेष निखिल | मनहरुको परिसर | २०६५ | एकल |
| २ | निभा शाह | कालापानीकी द्रौपदी | २०६६ | संयुक्त |
| ३ | सरस्वती प्रतिक्षा | बिम्बहरुको कठघरा | २०६६ | संयुक्त |

## ४.१०.१.३ सहिद शिव पौडेल स्मृति पुरस्कारबाट सम्मानित प्रतिभाहरुको परिचय

भरतपुर नगरपालिका वडा नं. ११ निवासी फणिनारायण पौडेल र कुन्दन पौडेलद्धारा वि.सं. २०६४ सालमा आफ्ना सुपुत्र/भाई शिव पौडेलको स्मृतिमा यो पुरस्कार स्थापना गरेका हुन् । यस पुरस्कारको अक्षयकोष नभएपनि पचास हजार रकम बाट प्राप्त हुने व्याज बराबरको रकम उपलब्ध गराई प्रत्येक वर्ष नेपाली भाषा, साहित्य, कला र सँस्कृतिको क्षेत्र मध्ये कुनै क्षेत्रमा विशिष्ट योगदान पुऱ्याएबापत लेखक, स्रस्टा एवम् अनुसन्धानकर्ताको कृतिलाई यो पुरस्कार प्रदान गर्दै आएको छ । उक्त कृति छनोटका लागि कार्यकारिणी समितिले प्रत्येक वर्षका निम्ति एउटा मूल्याङ्कन समिति गठन गर्ने र त्यसले सिफारिस गरेको प्रतिभाको कृतिलाई कार्यकारिणी समितिले अनुमोदन गरी

प्रत्येक वर्ष शाहदत प्राप्त गरेको मिति चैत्र १ गते प्रदान गर्दै आएको छ । यसरी प्रदान गर्दै आएको पुरस्कारको रकम हाल ४००१।- र दोसल्ला तथा सम्मानपत्र रहेको छ । यो पुरस्कार २०६५ सालमा भरतपुर निवासी निबन्धकार रविकिरण निर्जीव र उनको कृति **सोझा निर्जीवका थप वाङ्गा निबन्धहरु** (२०६४) निबन्ध सङ्ग्रहलाई प्रदान गरिएको छ भने २०६६ सालको पुरस्कार भरतपुर नै निवासी निबन्धकार तथा ज्योतिष कपिल अज्ञात र उनको कृति **देवकोटा आयाम र प्रवृति** - समालोचना सङग्रह) लाई प्रदान गरिएको छ । यसरी पुरस्कृत हुन स्रस्टा प्रगतिशील साहित्यकार

---

४७ सरस्वती प्रतीक्षासँग लिइएको लिखित अन्तर्वार्ताबाट प्राप्त जानकारीअनुसार ।

हुनुपर्ने व्यवस्था रहेको देखिन्छ ।[४८] यस पुरस्कारबाट सम्मानित स्रस्टाहरुको संक्षिप्त परिचय यसप्रकार रहेको छः-

## ४.१०.१.३.१ रविकिरण निर्जीव

चितवनको साहित्यिक फाँटमा रविकिरण निर्जीव अति चर्चित नाम हो । वि.सं. २००३ साल जेठ २९ गते लमजुङ जिल्लाको अलैंचेमा जन्मिएका निर्जीव प्रगतिवादी साहित्यकार हुन् । माता रेणुका रेग्मी र पिता श्रीप्रसाद रेग्मीका सुपुत्रका रुपमा जन्मिएका निर्जीवको वास्तविक नाम रुद्रनाथ रेग्मी हो । साहित्यिक नाम रविकिरण निर्जीवका नामले परिचित निर्जीव शिक्षण पेशाबाट निवृत भई हाल सामाजिक, साहित्यिक कार्यमा सम्लग्न हुँदै आएका छन् । हाल भरतपुर १२ मा बसोबास गर्दै आएका निर्जीवलाई गुणात्मक हिसावले चितौनेली साहित्यका अब्बल दर्जाका स्रस्टाका रुपमा लिन सकिन्छ ।

वि.सं. २०१८ सालदेखि साहित्य लेखन यात्रा शुरुवात गरेका निर्जीवका विभिन्न स्थानीय तथा राष्ट्रिय पत्रपत्रिकामा लेखरचनाहरु छरिएर रहेका छन् । निर्जीवका **नवजीवनको फूलबारी कवितासङ्ग्रह** (२०२३), **छेपेटार** (२०४२), **सोझा निर्जीवका बाङ्गा निबन्धहरु** (२०४७), **कालो कर्णालीको सेतो छाँया** (२०५६), **ऐजेरु लागेको पिपल** (२०६३), र **सोझा निर्जीवका थप बाङ्गा निबन्धहरु** (२०६४) कृतिहरु प्रकाशित भैसकेका छन् । यसैगरी उनले **प्रकाशपुञ्ज** (२०२४), **दोभान** (२०२४), **सेरोफेरो** (२०४४), **नौलो राँको** (२०४७) आदि जस्ता पत्रिकाको सम्पादन समेत गरिसकेका छन् ।

प्रगतिशील लेखनमा क्रियाशील निर्जीव साहित्य सङ्गम चितवनका संस्थापक सदस्य, पूर्व अध्यक्ष, आजीवन सदस्य र हाल सल्लाहकार रहेका छन् । यसका अतिरिक्त अखिल नेपाल लेखक सङघ (अध्यक्ष), लायन्सक्लब अफ चितवन सेन्ट्रल (उपाध्यक्ष) र निवृत शिक्षक समाज (उपाध्यक्ष)मा आवद्ध रहेका छन् ।

उनले नेपाली साहित्यको क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याएबापत विभिन्न सङ्घ संस्थाहरुबाट सम्मानित भएका छन् । श्री हिमालय मा.वि. चितवन रजत महोत्सव सम्मान (२०६१), नेपाल राष्ट्रिय शिक्षक सङ्घ केन्द्रीय समिति काठमाडौंबाट रजतवर्ष सम्मान (२०६१), अस्वीकृत विचार साहित्यिक पुरस्कार काठमाडौं (२०६१), साहित्य सङ्गम सम्मान (२०६२) आदिबाट सम्मानित निर्जीवले पुनः साहित्य सङ्गम चितवनले प्रदान गर्ने सहिद शिव पौडेल स्मृति पुरस्कारबाट पुरस्कृत भएका छन् । यो पुरस्कार उनको **सोझा निर्जीवका थप वाङ्गा निबन्धहरु** - २०६४) निबन्धसङ्ग्रहले प्राप्त गरेको छ । साहित्यले मानिसका मनका विचारहरुलाई पखाली शुद्ध र विकसित तुल्याउन मद्दत गर्दछ भन्ने साहित्यप्रतिको दृष्टिकोण राख्ने निर्जीवले साहित्य सङ्गम

---

४८ संस्थाका कोषाध्यक्ष रमेश प्रभात, पूर्ववत् ।

चितवनप्रतिको धारणा यसरी व्यक्त गरेका छन्:- 'सामन्तवाद, साम्राज्यवाद र सबै खाले उत्पीडनको विरुद्ध साहित्य सिर्जना गर्न साहित्यानुरागीहरुलाई लेखनमा उत्प्रेरित गर्दै एउटा स्वस्थ्य र समुन्नत समाज स्थापनार्थ प्रतिवद्ध साहित्यिक संस्था हो ।'[४९]

## ४.१०.१.३.२ कपिल अज्ञात

कपिल अज्ञात चितौने साहित्यका अविस्मरणीय हस्ती तथा स्थापित साहित्यकार हुन् । वि.सं. २०१४ साल चैत्र १६ गते स्याङ्जा जिल्लाको पौवेगौडे ढाडेटारीमा जन्मिएका अज्ञात प्रगतिवादी साहित्यकार हुन् । माता चन्द्रकला रेग्मी र पिता लीलाधर रेग्मीका कुशल पुत्ररत्नका रुपमा जन्मेका अज्ञातको वास्तविक नाम कपिलमणि शर्मा रेग्मी हो । हाल भ.न.पा. बाह्र थानीचोकमा बसोबास गर्दै आएका अज्ञातले नेपालीमा स्नातकोत्तर गरेका छन् । हाल वीरेन्द्र बहुमुखी क्याम्पस भरतपुरमा सहप्राध्यापक पदमा रही सहायक क्याम्पस प्रमुखको जिम्मेवारी समेत सम्हालेका छन् ।

**मेरो देश महान् छ ?** (अप्राप्य) शीर्षकको रचना छपाएर नेपाली साहित्य यात्रामा लागेका अज्ञातका थुप्रै पुस्तककार कृतिहरु प्रकाशित भएका छन् । **अज्ञातका कविता** कवितासङ्ग्रह, (२०४७) समालोचना सङ्ग्रहहरु **साहित्य सिर्जना प्रक्रिया** (२०५५), **समालोचनाको सन्दर्भ** (२०५५), **समीक्षा सन्धान** (२०६४), **देवकोटा आयाम र प्रवृति** (२०६५), **पत्रसन्देश** (२०६४), **अनुभूतिका उमङ्ग** मुक्तक सङ्ग्रह (२०६४), निबन्ध सङ्ग्रह-**भूलहरुका विरुद्ध** (२०६४), **ज्योतिष र साहित्य** (२०६६) प्रकाशित भएका छन् ।

विवेक, वागिश्वरी, हरिहर क्षेत्र सन्देशजस्ता संस्थागत मुखपत्र (स्मारिका)को सम्पादन गरेका अज्ञात चितवन साहित्य परिषदद्वारा स्थापित कृष्णाकुमारी गुरुङ्ग स्मृति पुरस्कार (२०५६) संयुक्त रुपमा तथा चितवन साहित्य परिषद प्रतिभा पुरस्कार (२०६३), साहित्य सङ्गम चितवनद्वारा प्रदान गरिने सहिद शिव पौडेल स्मृति पुरस्कार (२०६६) बाट सम्मानित भएका छन् । यसका अतिरिक्त

अज्ञात कालीगण्डकी साहित्य कला पुरस्कार, पल्लव सम्मान, ज्योतिष दिवाकर ज्योतिष मार्तण्ड, कालिका स्रस्टा सम्मान आदिद्वारा समेत सम्मानित भएका छन् ।[५०]

**सहिद शिव पौडेल स्मृति पुरस्कारबाट सम्मानित प्रतिभाको विवरण**

**तालिका नं.८**

| क्र.सं. | नामथर | कृतिको नाम | वितरण गरिएको साल | कैफियत |
|---|---|---|---|---|
| १ | रविकिरण निर्जीव | सोझा निर्जीवका थप वाङ्गा निबन्ध | २०६५ | एकल |
| २ | कपिल अज्ञात | देवकोटा आयाम र प्रवृति | २०६६ | एकल |

४९ रविकिरण निर्जीवले भरेको व्यक्ति विवरण फारमबाट प्राप्त जानकारीअनुसार ।
५० कपिल अज्ञात, ज्योतिष र साहित्य, चितवन अध्ययन केन्द्र, (२०६६) पछिल्लो बाहिरी गाता ।

## ४.१०.१.४ स्व. मदनमोहन जोशी स्मृति पुरस्कार

साहित्य सङ्गम चितवनले प्रत्येक वर्ष पुण्य तिथिको अवसर पारेर वितरण गर्ने तेस्रो पुरस्कार स्व.मदनमोहन जोशी स्मृति पुरस्कार हो । यस पुरस्कारको स्थापना साहित्य सङ्गम चितवनका संस्थापक संयोजक सञ्चारकर्मी तथा राजनीतिक व्यक्तित्व मदनमोहन जोशीको परिवारजनले जोशीको स्मृतिमा वि.सं. २०६५ सालमा एक लाख चार हजार रुपैयाँको अक्षयकोष खडा गरी गरेको हो । प्रत्येक वर्ष यस रकमबाट प्राप्त हुने व्याजबाट नेपाली भाषा, साहित्य, कला र सँस्कृतिको क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याउने विशिष्ट स्थानीय स्रस्टालाई प्रदान गर्ने प्रावधान रहेको छ । यो पुरस्कारको राशी हाल रु ६००५।- नगद, प्रशंसापत्र र दोसल्लाले स्रस्टा सम्मान गर्ने गरेको छ। वि.सं. २०६५ सालमा स्थापना गरी वि.सं. २०६६ सालबाट वितरण गर्न शुरु गरेको यो पुरस्कार पहिलो पटक चितवन शारदानगर गा.वि.स. वडा नं. ८ निवासी गीतकार, सङ्गीतकार एवम् गायक समेत रहेका खुशीराम पाख्रिनलाई उनको कृति **रक्तक्रान्तिका गीतहरु** लाई प्रदान गरिएको छ । यो पुरस्कार वितरणको निम्ति पनि सहिद शिव पौडेल स्मृति पुरस्कारकै मूल्याङ्कनका आधार रहेका छन् ।[५१]

### ४.१०.१.४.१ खुशीराम पाख्रिन

खुशीराम पाख्रिन चितवन जिल्लामा मात्र नभई राष्ट्रिय रुपमा चिरपरिचित नाम हो । वि.सं. २००९ साल कार्तिक ११ गते गोरखा जिल्लाको सिस्ने खरिबोटमा जन्मिएका पाख्रिन नेपाली प्रगतिशील सांस्कृतिक आन्दोलनका एक योद्धा हुन् । हाल शारदानगर ८ चितवन बसोबास गर्दै आएका पाख्रिन वादन, गायन, र लेखन तीनै पक्षका धनी रहेका छन् । क्रान्तिकारी गीतकार गायक र योद्धाका रुपमा करिब तीनदशक लामो साधानाले मुक्तिकामी जनताको हृदयमा अमिट र मौलिक पहिचान बनाइ सकेका पाख्रिनका प्रकाशित कृतिहरुमा **आँसुको भाका भाग १ र २** (गीतसङ्ग्रह) र **रक्तक्रान्तिका गीतहरु** (२०६३) गीतसङ्ग्रह रहेका छन् । यसका अतिरिक्त यिनले तामाङ भाषामा पनि प्रगतिवादी

गीतको रचना गरेर जातीय मुक्ति आन्दोलनलाई माथि उठाउन महत्त्वपूर्ण भूमिका खेलेका छन् । यसैगरी पाखिन ने.क.पा. का केन्द्रीय सल्लाहकार र इच्छुक साँस्कृतिक प्रतिष्ठानका सदस्य समेत रही हाल सभासदको रुपमा चिनिने पाखिनले आफ्नो सम्पूर्ण जीवन नेपाल र नेपालीको मुक्ति र परिवर्तन कै निम्ति अर्पेका र खर्चेका छन् । उनलाई प्रगतिवादी सांगितिक क्षेत्रमा पुऱ्याएको योगदानको कदर गर्दै २०६६ सालको स्व.मदनमोहन जोशी स्मृति पुरस्कार प्रदान गरिएको हो । 'कठोर साधना मात्र होइन, कष्टकर यात्रा पनि हो जीवन । सिर्जनाको साधना मात्र होइन क्रान्ति र मुक्तिको साधना पनि जीवन हो । दुनियालाई विश्लेषण गर्नु मात्र होइन परिवर्तन गर्नु, रुपान्तरण गर्नु हो ।' भनि ठान्ने पाखिनले नेपाली जनवादी क्रान्तिलाई माथि उठाउन थुप्रै इँटा थपेका छन् ।[५२]

---

५१ 'पारदर्शी', राष्ट्रिय दैनिक, वर्ष १४, अङ्क १९७, २०६६ मंसिर २१ गते ।
५२ पाखिनका गीतमा डुबेर हेर्दा, प्रकाशकीय, रक्तक्रान्तिका गीतहरु, २०६३, पृष्ठ उल्लेख नभएको ।

**स्व.मदनमोहन जोशी स्मृति पुरस्कारबाट सम्मानित प्रतिभाको विवरण**

**तालिका नं.९**

| क्र.सं. | नामथर | कृतिको नाम | वितरण गरिएको साल | कैफियत |
|---|---|---|---|---|
| १ | खुशीराम पाखिन | रक्तक्रान्तिका गीतहरु | २०६६ | एकल |

## ४.१०.२ नौलो राँको मुखपत्रको प्रकाशन

साहित्य सङ्गम चितवनको महत्त्वपूर्ण कार्यमध्ये अर्को प्रमुख उत्कृष्ट कार्य हो- संस्थाको मुखपत्र प्रकाशन । यस संस्थाले वि.सं. २०२६ सालदेखि प्रकाशित हुँदै आएको **नौलो राँको** नामक पत्रिकालाई वि.सं. २०४७ कार्तिकदेखि (छैटौं अङ्कबाट) आफ्नो मुखपत्रको रुपमा प्रकाशित गर्दै आएको छ । यसले आफ्नो मुखपत्रका रुपमा प्रकाशन गर्न थालेदेखि अहिलेसम्म चार वटा अङ्क प्रकाशित गरेको छ भने यसभन्दा अगाडि पाँचवटा अङ्क प्रकाशित भैसकेका छन् । समग्रमा हेर्दा यो पत्रिका २०२६ देखि २०६७ सालसम्म जम्मा नौवटा अङ्क प्रकाशन भएको छ । मुखपत्रमा संग्रहित साहित्यका विभिन्न विधाहरु धेरै थोरै नेपाली साहित्यको विकास तथा समुन्नतिमा तत्पर रहेका छन् । मुखपत्र प्रकाशन नियमित र व्यवस्थित हुन नसकेपनि हालसम्म यसले चारवटा अङ्क प्रकाशित गरेको छ । यिनीहरुको आवश्यक संक्षिप्त चर्चा यसप्रकार क्रमशः गरिएको छ ।

### ४.१०.२.१ नौलो राँको (अङ्क १, पूर्णाङ्क ६, २०४७ असोज)

साहित्य सङ्गम चितवनको प्रकाशकत्वमा २०४७ साल असोजमा पहिलो मुखपत्रको रुपमा **नौलो राँको** पत्रिकाको छैटौं अङ्क प्रकाशित भएको छ । हरिहर खनाल, रविकिरण निर्जीव र घनश्याम पौडेल सम्पादक रहेको यस अङ्कको मूल्य रु दश रहेको छ । **जनआन्दोलन** कविता अङ्कका रुपमा प्रकाशित यस अङ्कको मुद्रण सिर्जना छापखाना नारायणगढ रहेको छ । आवरण पृष्ठ निकै

आकर्षण देखिने यस अङ्कमा कविता विधाका एकचालीस वटा रचनाहरु सङ्ग्रहित रहेका छन् । आवरण पृष्ठ सहित अठहत्तर पृष्ठ रहेको यस अङ्कमा सङ्ग्रहित रचनाहरुको विवरणलाई तालिकामा यसरी देखाउन सकिन्छः-

**तालिका नं.१०**

| क्र.सं. | लेखक | शीर्षक | विधा | पृष्ठ संख्या |
|---|---|---|---|---|
| १ | पोषराज पौडेल | सहिदकी आमा र नरोऊ तिमी | कविता | २ |
| २ | निराधार | खबरदार | कविता | १ |
| ३ | प्रेमविनोद नन्दन | सहिद बन्दना | कविता | १ |
| ४ | होमनाथ सापकोटा | परिवर्तनको धुन | कविता | १ |
| ५ | घनश्याम पौडेल | सामयिक सन्दर्भ | कविता | २ |
| ६ | रामहरि श्रेष्ठ | त्यो युवक फेरि आउने छ | कविता | २ |
| ७ | मीनप्रसाद सहाय | नयाँवर्ष २०४७ | कविता | २ |
| ८ | इन्द्र रेग्मी | नयाँ नेता | कविता | २ |
| ९ | बन्धु पौड्याल | गाइजात्रा र मेरोदेश | कविता | **Error! Not a valid link.** |
| १० | सरस्वती रिजाल | सहिदको आत्माभिव्यक्ति | कविता | २ |
| ११ | नारायणप्रसाद खनाल | विश्वासको गीत गाउनुपर्छ | कविता | **Error! Not a valid link.** |
| १२ | डिल्ली घिमिरे | मेरो प्रिय संगमचोक | कविता | २ |
| १३ | हरिहर खनाल | आजको कविता | कविता | ३ |
| १४ | मदनमोहन जोशी | सहिदको सपना विपना हुनेछ | कविता | २ |
| १५ | किरण भट्टराई | आमा मलाई जान दिनुहोस्..... | कविता | १ |
| १६ | माधवप्रसाद पोखरेल | मै मन्त्री भाकै छु | कविता | २ |
| १७ | जगतराज पौडेल | आशातीत मुस्कान बाँकी नै छ | कविता | ३ |
| १८ | कपिल अज्ञात | सहिद | कविता | १ |

| | | | | |
|---|---|---|---|---|
| १९ | भूवन अधिकारी | विश्वमानवका हाराहारीमा | कविता | १ |
| २० | डा.टंकप्रसाद बराकोटी | पर्छ | कविता | २ |
| २१ | सुनिल खनाल | अझै बाँकी छ | कविता | २ |
| २२ | हरिहर खनाल | मेरा ज्यूँदा सहिद मित्रहरुलाई पत्र | कविता | १ |
| २३ | भट्ट 'उराठ' | तिमी आऊ | कविता | ३ |
| २४ | शरद परासर | .........र अब नानीहरु | कविता | २ |
| २५ | प्रकाश चापागाइँ | किन किन आजभोलि | कविता | १ |
| २६ | पुण्य रेग्मी 'दैलेखी' | पढेलेखेका मूर्खलाई | कविता | १ |
| २७ | गोरखराज भारो | इन्ल्काव जिन्दावाद | कविता | १ |
| २८ | पद्मपाणि 'विरक्ति' | निर्दल बहुदल व्यवस्था र ....... | कविता | २ |
| २९ | रविकिरण निर्जीव | सात मुछिएको बाटोःमेरो बाटो | कविता | २ |
| ३० | सूर्य जमरकट्टेल | तीन कविता | कविता | १ |
| ३१ | रविकिरण पौडेल | अभिवादन सहिद | कविता | १ |
| ३२ | निर्मोही व्यासका दुई कविता | हत्यारा हो तिमीलाई थुक्ने...... | कविता | १ |
| ३३ | विष्णु 'छिमेकी' | त्यो कसरी आउछ | कविता | २ |
| ३४ | आहुति | भविष्यको चिन्ता | कविता | ३ |
| ३५ | ईश्वर श्रेष्ठ | यहाँ यस्तै छ | कविता | २ |
| ३६ | रामबहादुर भण्डारी | नभन्दै ऊ आँधी भएर आयो | कविता | ४ |
| ३७ | आर.के.रेग्मी | सहिदको सम्झना | कविता | १ |
| ३८ | सिताराम कोइराला | हामी सम्झिरहन्छौं | कविता | १ |
| ३९ | गोविन्दबाबु तिवारी | मेरो वर्तमान | कविता | १ |
| ४० | पार्वती र अञ्जना | किसानको गीत | कविता | १ |
| ४१ | निर्मोही व्यास | एकै ढिक्का भई जुटौं | कविता | १ |

माथिको तालिकाको विवरणलाई अध्ययन गर्दा एकचालीस वटा रचनाहरु यस अङ्कमा आवद्ध रहेक छन् । यी रचनाहरु बढीमा चार पृष्ठ र घटीमा एक पृष्ठका रहेका छन् भने यी रचनाहरु प्रायः गद्य भाषामा लेखिएका र केही झ्याउरे र छन्दोवद्ध शैलीमा लेखिएका छन् । विशेष गरी रचनाहरुले प्रगतिवादी स्वर सुसेल्दै सामाजिक समानताका लागि आह्वान गरेका छन् । यसैगरी यी रचनाहरुमा देशभक्ति, राष्ट्रियता र मानवताको भाव पाइनुका साथै समाजमा व्याप्त अन्याय र अत्याचार विरुद्ध व्यङ्ग्य गर्दै पाशविक चरित्रप्रति घृणा व्यक्त गरिएको छ । सामाजिक समानताका लागि आह्वान गरिएको एउटा दृष्टान्त हेरौं-

“छाप्रो छैन हरे बसेर जसमा ओतिन्छ यो जिन्दगी
झुप्रोसम्म कहाँ मिलोस् र जसले ढाकिन्छ यो जिन्दगी
पीठोसम्म नपाउदा दिनदिन कोक्किन्छ रे जिन्दगी
खाँचो गास, बास, कपासहरुको नै त्यै पूरा हुन्न् की ?” पृ.७

यसैगरी देशभक्ति र राष्ट्रिय भावले ओतप्रोत एउटा दृष्टान्त-

“आज सुगौली सन्धिको दिन
हत्केलामा उठाएको एक अञ्जुली माटो खसेर
किनारा लाग्दा
वर्षौ देखिको एउटा घाउ
म चाहेर पुर्न सक्दिन
मसँग प्वाँखहरु छैनन्”[५३] पृ. ७७।

५३ नौलो राँको, अङ्क १, पूर्णाङ्क ६, २०४७, पृ. ७-७७।

## ४.१०.२.२ नौलो राँको -अङ्क १, पूर्णाङ्क ७, २०५६)

साहित्य सङ्गम चितवनको प्रकाशकत्वमा वि.सं. २०५६ मा दशवर्ष पछि दोस्रो मुखपत्रको रुपमा **नौलो राँको** सातौं अङ्क प्रकाशित भएको छ । रविकिरण निर्जीव, प्रकाश चापागाइँ र गुणराज लोहनी सम्पादक रहेका यस अङ्कमा पोषराज पौडेल सम्पादन सहयोगी रहेका छन् । मूल्य रु बीस रहेको यस अङ्कको आवरण पृष्ठ आर्सी पियाले बनाएका छन् भने मुद्रण बहुमुखी छापाखाना नारायणगढ रहेको छ । यस अङ्कमा कविता, कविता, कथा, लेख/निबन्ध, यात्रासंस्मरण, समालोचना, कृति परिचय, एकाङ्की र विविध आदि विधाका अठ्तीस वटा रचनाले स्थान पाएका छन् । यो आवरण पृष्ठ सहित एकसय बाह्र पृष्ठ रहेको छ भने मूल पृष्ठ एकसय चार रहेको छ । यस अङ्कका रचनाहरुको विवरणलाई तालिकामा यसरी देखाइन्छः

**तालिका नं.११**

| क्र.सं. | लेखक | शीर्षक | विधा | पृ.सं. |
|---|---|---|---|---|
| १ | चेतकान्त चापागाइँ | फूल नौलो सजाऊँ | कविता | १ |
| २ | सरद परासर | नारायणी निरन्तर बगिरहन्छ | कविता | १ |

| | | | | |
|---|---|---|---|---|
| ३ | पोषराज पौडेल | लू सुन यै भन्दथे | कविता | २ |
| ४ | शारदा श्रेष्ठ | वीरगति पाएको खबर सुन्दै छु | कविता | १ |
| ५ | दुर्गाप्रसाद पोखेल | चोटहरु भित्रको देश | कविता | १ |
| ६ | रुद्र शर्मा 'कर्तव्य' | ठिक्क र दिक्क | कविता | १ |
| ७ | दीक्षा सापकोटा | म र मेरो शहर | कविता | १ |
| ८ | पद्मपाणि विरक्ति | बेग मारेर आऊ | कविता | १ |
| ९ | ईश्वरचन्द्र ज्ञवाली | कामरेड | कविता | २ |
| १० | केदार लुइटेल | सहिद | कविता | १ |
| ११ | पाखिन | अनेकोटको गीत | कविता | १ |
| १२ | चन्द्रप्रकाश 'विवेकी' | अन्त्येष्टी | कविता | १ |
| १३ | रमेश हरिलट्टक | परदेशी र परिवर्तित देश | कविता | १ |
| १४ | सुरेन्द्र अस्तफल | आजको नेपाली कविता | कविता | १ |
| १५ | सिर्जन अविरल | देश दुखेको दिन | कविता | २ |
| १६ | श्रीमती राधा पौडेल | सांसद पुकार | कविता | १ |
| १७ | रह शर्मा | राजधानी | कविता | २ |
| १८ | गोपीलाल देवकोटा | मेरो राष्ट्रियता बिक्रीमा छ | कविता | २ |
| १९ | माधव रेग्मी | आशीर्वाद लिएर | कविता | १ |
| २० | ध्रुवकिरण रेग्मी | यात्रा | कविता | १ |
| २१ | पेनजिनि | वर्तमान | कविता | २ |
| २२ | रमेश प्रभात | श्रमिक न्याय | कथा/लघुकथा | १ |
| २३ | हरिहर सविता | तपाईको घर कहाँ ? | कथा | ७ |
| २४ | दीपक पाठक | अक्कलप्रसाद...... | कथा | ७ |
| २५ | हरिहर खनाल | सन्त्रास | कथा | ४ |
| २६ | दीपेन्द्र पाठक 'पुष्पराज' | मृत्युको भयानक छायामा | कथा | १ |
| २७ | मदनमोहन जोशी | च्यातेर फ्याकिएको कथा | कथा | ३ |
| २८ | रविकिरण निर्जीव | अतीतले गिज्याएको वर्तमान | निबन्ध | ४ |
| २९ | राजेन्द्र सुवेदी | जामात दशमोग्रह | लेख | ६ |
| ३० | गुणराज लोहनी | आफ्नै देशमा विदेशीबाट पिटिंदाको क्षण | यात्रासंस्मरण | ६ |
| ३१ | डा.ताराकान्त पाण्डे | उदात्तको पतनः सन्दर्भ समकालीन | समालोचना | ९ |

| | | | | |
|---|---|---|---|---|
| | | सिर्जना(१) | | |
| ३२ | भागवतशरण न्यौपाने | विसंगत समाजलाई सुसंगत पार्ने असफल प्रयत्न | समालोचना | २ |
| ३३ | विष्णुप्रसाद सापकोटा | यात्रामुक्ति शिखरको कविता सङ्ग्रहमा एकक्षण | कृतिपरिचय | ६ |
| ३४ | प्रकाश चापागाइँ | बस्तीपुर जागिसकेको छ | एकाङकी | ९ |
| ३५ | इन्द्रप्रसाद रेग्मी | सांसद-मन्त्री संवाद | संवाद | २ |
| ३६ | अलका अधिकारी | तीन हाइकू | कविता | १ |
| ३७ | सूर्य 'पुस्कर' | गजल | कविता | १ |
| ३८ | ____________ | नौलो राँको र साहित्य सङ्गम चितवनको जन्म | इतिहासको उत्खनन् | ५ |

माथिको तालिकाको विवरणलाई अध्ययन गर्दा यस अङ्कमा विभिन्न विधाका अठ्तीस वटा रचनाले स्थान पाएका छन् । यस अङ्कका रचना बढीमा नौ पृष्ठ र घटीमा एक पृष्ठका छन् । यी रचनाहरुको शीर्षकमा विविधता भएपनि भावमा एकरुपमा पाइन्छ । हरेक शीर्षकमा राष्ट्र, राष्ट्रियता, स्वतन्त्रता र देशभक्तिको भाव पाइनुका साथै सामाजिक असमानता, विकृति, विसंगति, अन्याय र अत्याचारको विद्रोह पनि गरिएको छ । समग्रमा भन्दा यस अङ्कका रचनामा राष्ट्र र स्वतन्त्रतामा जोड दिइएको छ ।

दृष्टान्तको लागि केही पद्याशंहरुः-

"क्रान्तिप्रति समर्पित उनको त्यो जीवनलाई
युग युगसम्म सम्झिरहने छौं प्रिय वीर कमरेडलाई
उनको अठोट लडिरहने
एक थोपा रगत छउञ्जेल भिडिरहने
न्यायिक युद्धमा जीत हाम्रै हो
संसारै हुनेछ सर्वहाराको ।" पृ.१९

"मलाई गर्व छ म नेपाली
बलभद्र र भक्ति थापाहरुको सन्तति हुँ
मेरो राष्ट्रियता
तिनै पुर्खाहरुले आर्जेको हो
जीवन बली चढाएर जोगाएको हो ।"[५४] पृ.९४ ।

## ४.१०.२.३ नौलो राँको, अङ्क १, पूर्णाङ्क ८, २०६४

साहित्य सङ्गम चितवनको प्रकाशकत्वमा वि.सं. २०६४ कार्तिकमा तेस्रो मुखपत्रको रुपमा **नौलो राँको** को आठौं अङ्क प्रकाशित भएको छ  पूर्णबहादुर अधिकारी, रविकिरण निर्जीव र होमनाथ सापकोटा सम्पादक रहेको यस अङ्कको मूल्य सहयोग स्वरुप रु.साठी रहेको छ । मुद्रक चितवन प्रिन्टर्स प्रा.लि. प्रेसमार्ग नारायणगढ रहेको यस अङ्कको आवरण कला प्रकाश आर्ट्स, बरुण घिमिरेले बनाएका छन् । आवरण पृष्ठ निकै जुभ्कारु देखिने यस अङ्कमा कविता, कथा, निबन्ध, गीत आदि विधाका जम्मा उन्पचास वटा रचनाले स्थान पाएका छन् । एकसय चवालीस पृष्ठ रहेको यस अङ्कका रचनाहरुलाई तालिकामा यसरी देखाइन्छः-

**तालिका नं.१२**

| क्र.सं. | लेखक | शीर्षक | विधा | पृ.सं. |
|---|---|---|---|---|
| १ | आनन्ददेव भट्ट | लोकतान्त्रिक गणतन्त्र उन्मुख नेपाल | लेख | ८ |
| २ | मोहन दुलाल | गणतन्त्र | कविता | २ |
| ३ | रामविनय | सपनाका जपनाहरु | कविता | ३ |
| ४ | हरिहर खनाल | एकदिन अचानक | कविता | २ |
| [illegible] | [illegible] | [illegible] | [illegible] | |
| ६ | चेतकान्त चापागाइँ | प्रश्नै प्रश्न | कविता | २ |
| ७ | रविकिरण निर्जीव | गणतन्त्रको प्रकार | **Error! Not a valid link.** | ४ |
| ८ | चूडा ढकाल | हुरी मान्छेहरुको कथा | **Error! Not a valid link.** | ३ |
| ९ | होमनाथ सापकोटा | देवराज पौडेलको गीतिसङ्ग्रह | समिक्षा | १० |
| १० | तेजराज सुवेदी | सम्भ्फना पुष्पकमलको | कविता | १ |
| ११ | मोदनाथ मरहट्टा | बालुवाटार तिमी कति पानीमा छौं ? | कविता | १ |
| १२ | भूपिन व्याकुल | ईश्वरको मलामी | कविता | १ |
| १३ | पोषराज पौडेल | उसकी प्रिय सान्त्वना | कथा | ६ |
| १४ | रामहरि श्रेष्ठ | होसियार | कविता | १ |
| १५ | पद्मपाणि 'विरक्ति' | हाम्रो छ सत् स्वागत | कविता | १ |

५४ गोपीलाल देवकोटा, नौलो राँको, अङ्क १, पूर्णाङ्क ७, २०५६, पृ.१९-९४ ।

| | | | | |
|---|---|---|---|---|
| १६ | ठाकुरप्रसाद सिग्देल | पर्दैन धम्क्याउन | कविता | १ |
| १७ | कपिल अज्ञात | सभ्य हुने धुनमा | निबन्ध | ३ |
| १८ | ध्रुवकिरण रेग्मी | जनताको अवस्था | कविता | १ |
| १९ | अथाहसागर तीर्थमान | गजल | कविता | १ |
| २० | सरिता तिवारी | रङ्गहरुको जुलुश | कविता | १ |
| २१ | रह शर्मा | मनको तरेलीमा हुस्टनको यात्रा | निबन्ध | १ |
| २२ | केशवराज सुवेदी | गणतन्त्र एक अपरिहार्य मार्ग | कविता | ३ |
| २३ | हिमांशु ढकाल | गणतन्त्र | कविता | १ |
| २४ | लीलानाथ रेग्मी | गणतन्त्रः बिम्ब प्रतिबिम्ब | कविता | १ |
| २५ | प्रकाश चापागाइँ | जनआन्दोलन भित्रका मोडहरु | एकाङ्की | १ |
| २६ | कृष्ण सुदामा | गजल | कविता | १ |
| २७ | राजेन्द्र घायल | गजल | कविता | १ |
| २८ | नमूना शर्मा | सगरमाथा फेरि झुक्ला है | कविता | १ |
| २९ | पूर्णबहादुर अधिकारी | गणतन्त्र, नातिनी उषा र तोरीको साग | संस्मरण | ६ |
| ३० | विवेकी | सारङ्गी र सपनाहरु | कविता | १ |
| ३१ | सी.एम्.अपिल चितौने | आदिवासी थारु | लेख | १ |
| ३२ | प्रेम पण्डित | गणतन्त्र घोषणा गर | कविता | १ |
| ३३ | रुद्र पोखरेल | वर्तमान र हाम्रो दायित्व | कविता | २ |
| ३४ | हरिहर सविता | गणतान्त्रिक झोला | कथा | ६ |
| ३५ | धनेश्वर भट्टराई | घाइते मन | कविता | १ |
| ३६ | मुरलीधर घिमिरे | नेपाल मेरो घर | कविता | १ |
| ३७ | लकाश पौडेल | नयाँ नेपाल मेरो सपना | कविता | १ |
| ३८ | रामकिरण रेग्मी | केही हाइकू | कविता | १ |
| ३९ | इन्द्र रेग्मी | गणतन्त्र र स्रस्टाहरु | निबन्ध | ५ |
| ४० | विद्याधर पोखरेल | गणतन्त्र | कविता | १ |
| ४१ | अविरल मुस्कान | विजयको होली मनाउनेहरु | कविता | १ |
| ४२ | हरिबहादुर अधिकारी | सबै गणतन्त्रतिरै | निबन्ध | २ |
| ४३ | बाबुराम पाण्डे | नौलो राँको विगत र वर्तमानमा | कविता | ४ |
| ४४ | सीताराम कोइराला | अनुशासनले कोर्ने गणतन्त्रको..... | निबन्ध | ३ |
| ४५ | मुकुन्द पौडेल | गणतन्त्रमा भोट | कविता | १ |

| | | | | |
|---|---|---|---|---|
| ४६ | आसान सुमानी | गणतन्त्र नयाँ नेपाल | गीत | २ |
| ४७ | जगत श्रेष्ठ | गणतन्त्र के हो ? | कविता | २ |
| ४८ | जनकराज सापकोटा | आकाशको कुनै भर छैन् | निबन्ध | २ |
| ४९ | मदनमोहन जोशी | नौलो राँको र सासचिको सम्बन्ध | इतिहास | १३ |

माथिको विवरणलाई हेर्दा यस अङ्कमा विभिन्न विधाका उन्पचासवटा रचनाले यस अङ्कमा स्थान पाएका छन् । यस अङ्कका रचनाहरु बढीमा नौ पृष्ठ र घटिमा एक पृष्ठका रहेका छन् । यस अङ्कका रचनाहरुको शीर्षकमा विविधताभएपनि भावमा एकता पाइन्छ । त्यसो त कुनै कुनै शीर्षकमा पनि एकरुपता रहेको छ । प्रायः सबै जसो रचनाहरु गणतन्त्रको वरिपरि नै घुमेका छन् । कविताहरु प्रायः गद्यलयमा र केही झ्याउरे र छन्दोवद्ध पनि रहेका छन् । समग्रमा भन्नुपर्दा यो अङ्कको मुल भाव गणतन्त्र प्राप्ति देखिन्छ । दृष्टान्तका लागि केही पद्याशंहरुः-

> "कुहिरो यो फारी प्रकाश मिर्मिरेको डाँक
> हिमाल, पहाड, तराईमा समताको हाँक
> राष्ट्रघाति तस्करको अहमको अन्त
> शंखघोष लोकतान्त्रिक जनगणतन्त्र ।"[५५] पृ.१०५

## ४.१०.२.४ नौलो राँको वर्ष ४१, अङ्क ९, २०६६ मार्ग

साहित्य सङ्गम चितवनको प्रकाशकत्वमा वि.सं. २०६६ मंसिर २० गते चौथो मुखपत्रको रुपमा नौलो राँकोको नवौं अङ्क मदनमोहन जोशी विशेषाङ्क प्रकाशित भएको छ । भवनाथ सडौला प्रधान सम्पादक र द्वारिका नेपाल, रमेश प्रभात, पूर्णबहादुर अधिकारी, देवराज पौडेल सम्पादक रहेका यस अङ्कको मुद्रण चितवन प्रिन्टर्स प्रा.लि. नारायणगढ रहेको छ । आवरणकला डी.आर. पोखरेल (अवधारणा)/महेश पौडेलले बनाएका छन् भने यसको मूल्य सहयोग भनि एकसय राखिएको छ । एकसय छत्तीस पृष्ठ रहेको यस अङ्कमा विभिन्न विधाका पैंतीसवटा रचनाले स्थान पाएका छन् । यस अङ्कका रचना मदनमोहन जोशी कै वरिपरि घुमेका छन्भने यसमा आवद्ध रचनाहरुको विवरणलाई तालिकामा यसरी देखाइन्छः

**तालिका नं.१३**

| क्र.सं. | लेखक | शीर्षक | विधा | पृ.सं. |
|---|---|---|---|---|
| १ | मदनमोहन जोशी | चितवनको संक्षिप्त इतिहास | सा.इतिहास | ४ |
| २ | रामहरि श्रेष्ठ | क.मदनमोहन जोशीको संक्षिप्त परिचय | जीवनी | ४ |
| ३ | कपिल अज्ञात | वर्गीय चरित्र मूर्धन्य व्यक्तिःमदनमोहन जोशी | ज्योतिष | ३ |
| ४ | नारायण सापकोटा | मदनमोहन जोशी एक व्यक्तिः अनेक | व्यक्तित्व | १ |

[५५] लकी पौडेल, नयाँ नेपाल: मेरो सपना, नौलो राँको, अङ्क [illegible], पूर्णाङ्क [illegible], २०६४, पृ.१०५।

| | | | | |
|---|---|---|---|---|
| | | व्यक्तित्व | चर्चा | |
| ५ | विद्या श्रेष्ठ | मदनदाइ एक स्मृति | संस्मरण | ३ |
| ६ | मिजला भट्टराई | मेरो पथप्रदर्शक | कविता | २ |
| ७ | हरिहर खनाल | स्मृति बिम्बमा मदनमोहन जोशी | संस्मरण | ७ |
| ८ | डी.आर. पोखरेल | भविष्यको कथाको कथ्यगत संसार | समीक्षा | ४ |
| ९ | पोषराज पौडेल | मदनदाइ मेरो सम्झनामा | संस्मरण | ३ |
| १० | इन्द्रप्रसाद रेग्मी | 'चोलानाथ' अर्थात् मदनमोहन जोशी | संस्मरण | ३ |
| ११ | रविकिरण निर्जीव | मरेर बाँचेका मदनदाइ | संस्मरण | ३ |
| १२ | नारायणप्रसाद खनाल | आफूले कमसङ्गत गरेका गम्भीर...... | संस्मरण | २ |
| १३ | श्रीभक्त अच्युत वाग्ले | मदनमोहन जोशीको सम्झनामा........ | पत्र | २ |
| १४ | अनिल शर्मा विरही | सम्झनाको तरेलीमा मदनमोहन जोशी | संस्मरण | ४ |
| १५ | होमनाथ सापकोटा | बिर्सन नमिल्ने नाम | कविता | ७ |
| १६ | हरिहर सविता | म मर्दिन भन्ने पनि मर्‍यो बा र | संस्मरण | १ |
| १७ | मोहनबहादुर कायस्थ | सिद्धान्तका प्रतिपादक हुन् क. मदन........ | संस्मरण | २ |
| १८ | मीनप्रसाद सहाय | अमर जूनकीरी | कविता | ३ |
| १९ | सरिता तिवारी | स्मृतिका बिम्बमा जोशीज्यू | संस्मरण | ३ |
| २० | धनेश्वर भट्टराई | हो-चि- मिन्हाभित्रका मदनमोहन जोशी | समीक्षा | ३ |
| २१ | जगतबहादुर श्रेष्ठ | जोशीजीलाई सम्झदा | संस्मरण | २ |
| २२ | लक्ष्मण श्रेष्ठ 'प्रतीक' | मैले चिनेका मदनमोहन | संस्मरण | २ |
| २३ | रणेन्द्र बराली | मार्क्सवाद-मदनमोहन जोशी | संस्मरण | ४ |
| २४ | बाबुराम पाण्डे | कर्मयोगी मदनमोहन जोशीप्रतिका सम्झनाहरु | संस्मरण | ७ |
| २५ | चेतकान्त चापागाइँ | फुल्दै लाली मदन उठ र | कविता | १ |
| २६ | कृष्णप्रसाद पण्डित | मदनमोहन जोशीलाई सम्झदा | संस्मरण | २ |
| २७ | रह शर्मा | विज्ञापनप्रति ल्याएपछि रकम लगे हुन्न ? | संस्मरण | २ |
| २८ | भानुभक्त पौडेल | श्रद्धाञ्जली तिमीलाई | कविता | १ |
| २९ | पूर्णबहादुर अधिकारी | अनुवादक मदनमोहन जोशी | समिक्षा | १ |
| ३० | किसान प्रेमी | कवि मदनमोहन जोशीका सम्झना | कविता | १ |
| ३१ | सिन्धु पन्त | मदनदाइको सम्झनामा | कविता | १ |
| ३२ | द्वारिका नेपाल | मदनमोहन जोशी र उनका.......... | समिक्षा | २ |
| ३३ | शारदा चौलागाईं | गजल | गजल | १ |

| | | | | |
|---|---|---|---|---|
| ३४ | जगतराज पौडेल | प्रातःस्मरणीय दाजु मदनमोहन जोशीज्यूमा... | कविता | १ |
| ३५ | भवनाथ सडौला | सासचि र मदन......... | आलेख | ४ |

माथिको विवरणलाई हेर्दा यस अङ्कमा विभिन्न विधाका पैंतीसवटा रचनाले स्थान पाएका छन् भने यी रचनाहरु बढीमा तेह्र पृष्ठ र घटीमा एक पृष्ठका रहेका छन् । यो अङ्क मदनमोहन जोशीकै वरिपरि घुमेका छन् तथा उनको जीवनका विविध पाटाहरुलाई उजागर गरिएको छ ।

दृष्टान्तका लागि केही उल्लेखित पद्यांशहरुः-

"किनारामा रहेर पनि केन्द्रको गहिराइ बुझ्ने, फेदीमा रहेर पनि लेकको दुखेसो जान्ने........" पृ.२३

"जोशी ज्यू
अवश्यपनि तपाइँ
मर्नु भएको छैन
जीवित छ तपाइँले ठम्याउनु भएको सत्यसार
अमर छ तपाइले रोज्नु भएको सुन्दर विचार ।"[५६] पृ.८५

५६ सरिता तिवारी, स्मृतिबिम्बमा जोशीज्यू, नौलो राँको, वर्ष ४१, अङ्क ९, २०६६ मार्ग, पृ.८५ ।

## साहित्य सङ्गम चितवनबाट प्रकाशित 'नौलो राँको' पत्रिकाको संक्षिप्त परिचय

**तालिका नं.१४**

| क्र.सं. | अङ्क | सम्पादक मण्डल | प्रकाशित साल | कैफियत |
|---|---|---|---|---|
| १ | १ | हरिहर खनाल<br>रविकिरण निर्जीव<br>घनश्याम पौड्याल | २०४७ असोज | सामयिक भेट |
| २ | २ | रविकिरण निर्जीव<br>प्रकाश चापागाइँ<br>गुणराज लोहनी<br>सम्पादन सहयोगी<br>पोषराज पौडेल | २०५६ कार्तिक | सामयिक सङ्कलन |
| ३ | ३ | प्रधान सम्पादक | २०६४ कार्तिक | सामयिक |

| | | | | |
|---|---|---|---|---|
| | | पूर्णबहादुर अधिकारी<br>सम्पादन<br>रविकिरण निर्जीव<br>होमनाथ सापकोटा | | सङ्कलन |
| ४ | ४ | संयोजक<br>भवनाथ सडौला<br>प्रधान सम्पादक<br>भवनाथ सडौला<br>सम्पादक<br>द्वारिका नेपाल<br>रमेश प्रभात<br>पूर्णबहादुर अधिकारी<br>देवराज पौडेल<br>सदस्य<br>डी.आर.पोखरेल<br>रामहरि श्रेठ | २०६६ मार्ग | विषेशाङ्क |

*स्रोतः नौलो राँकोका अङ्कहरु ।*

## ४.१०.३ साहित्य सङ्गम चितवनद्धारा प्रकाशित साहित्यिक कृतिहरु

साहित्य सङ्गम चितवनका महत्त्वपूर्ण कार्यहरुमध्ये अर्को कार्य हो कृति प्रकाशन । साहित्यिक प्रतिभाहरुको उत्थान र हौसला बढाउन सङ्गमले आफ्नो उद्देश्य अनुरुप विभिन्न समयमा साहित्यिक कृतिहरु सङ्कलन र प्रकाशन गर्दै आइरहेको छ । सङ्गमले कृति प्रकाशनको आर्थिक भार व्यहोर्न नसकेपनि सङ्गमबाट प्रचार प्रसार विमोचन तथा संस्थागत मूल्य मान्यता स्थापित गर्ने भूमिका खेलेको छ । हालसम्म यस संस्थाले झण्डै एक दर्जन कृतिहरु प्रकाशन गरेको छ । यहाँ साहित्य सङ्गम चितवनबाट प्रकाशित कृतिहरुको संक्षिप्त परिचय दिइएको छ ।

### ४.१०.३.१ श्यामप्रसाद शर्मा र उनको लेखसङ्ग्रह 'साहित्यमा सापेक्षता' (२०५०)

वि.सं. २०५० सालमा श्यामप्रसाद शर्माद्वारा लिखित **साहित्यमा सापेक्षता** लेखसङ्ग्रह साहित्य सङ्गम चितवनद्धारा प्रकाशित पहिलो श्रृङ्खला हो । समयसमयमा विभिन्न पत्रिकामा प्रकाशित लेखहरुलाई समेटी पुस्तककार कृतिको रुपमा प्रकाशित गरिएको प्रस्तुत कृतिमा नौवटा लेखहरु समावेश भएका छन् ।

**साहित्यमा सापेक्षता** लेखसङ्ग्रहको पहिलो आवरण पृष्ठ सामान्यखालको रहेको छ । मुद्रण सिर्जना छापाखाना सहिदचोक नारायणगढ रहेको यो कृतिमा विषयसूची बाहेक अन्य भूमिका प्रकाशकीय भनाइ केही पनि छैन । प्रस्तुत लेखसङ्ग्रहमा तेत्तीस पृष्ठभित्र नौवटा विभिन्न शीर्षकका लेखहरु समावेश गरिएका छन् । न्यूनतम दुई पृष्ठदेखि बढीमा पाँच पृष्ठसम्मको आयाम भएका लेखहरु रहेको यस कृतिमा साहित्यमा सापेक्षता, अनुवादको कुरा आउँदा, साहित्यमा अनुवाद, साहित्यको वार्षिक सिंहालोकन, साहित्यमा आर्थिक समस्या, साहित्यको आर्थिक समस्या, साहित्यको इतिहास, साहित्यकार र गाउँशहर साहित्यमा आलोचना, साहित्यमा देशभक्ति जस्ता शीर्षकहरु रहेका छन् ।

यस कृतिमा समावेश सबै लेखहरु साहित्यसँग सम्बन्धित रहेका छन् । गद्यशैलीमा लेखिएका सबै लेखहरुमा सरल, सहज एवम् सुललित शब्दहरुको समन्वय गरी भाषालाई बोधगम्य गराएको देखिन्छ । यो सङ्ग्रहभित्रका लेखहरु सबै सरल एवम् तार्किक देखिन्छन् ।

### ४.१०.३.२ डी.आर. पोखरेल र उनको कृति यथार्थवादी समालोचनाको गोरेटोमा ( २०५८)

साहित्य सङ्गम चितवनको दोस्रो प्रकाशन श्रृङ्खलाका रुपमा समालोचक डी.आर.पोखरेलको पहिलो पुस्तककार कृति **यथार्थवादी समालोचनाको गोरेटोमा** (समालोचना सङ्ग्रह) प्रकाशन गरेको छ । खण्ड एक र खण्ड दुई गरी दुई भागमा विभाजित यस कृतिमा अठारवटा समालोचनात्मक लेखहरु समाविष्ट गरिएका छन् । समय समयमा विभिन्न पत्रपत्रिकामा प्रकाशित र अप्रकाशित समालोचनात्मक लेखहरुलाई समेटी पुस्तककार कृतिको रुपमा प्रकाशित गरिएको प्रस्तुत कृतिको पहिलो खण्डमा दशवटा खोजमूलक एवम् चिन्तनपरक समालोचनात्मक लेखहरु समावेश गरिएका छन् भने दोस्रो खण्डमा केही खोजमूलक, केही समालोचनात्मक र केही सिर्जनात्मक गरी आठवटा लेखहरु समाहित भएका छन् ।

**यथार्थवादी समालोचनाको गोरेटो** मा समालोचना सङ्ग्रहको आवरण पृष्ठ रामहरि श्रेष्ठले बनाएका छन् भने पछिल्लो आवरण पृष्ठमा डी.आर.पोखरेलको सानो तस्विर सहितको परिचय, प्रकाशित कृतिहरुको नाम र प्रकाशोन्मुख कृतिहरुको नाम दिइएको छ । यस सङ्ग्रहमा एकसय नौ पृष्ठभित्र अठारवटा विभिन्न शीर्षकका समालोचनात्मक लेखहरु समावेश गरिएका छन् । आयामगत दृष्टिले हेर्दा यस सङ्ग्रहका समालोचना कम्तिमा दुई पृष्ठदेखि बढीमा चौध पृठसम्मका रहेका छन् ।

प्रस्तुत कृति कुनै एक व्यक्ति वा कृतिकारको एउटा ग्रन्थका विषयमा मात्र केन्द्रित छैन् । स्वदेशदेखि लिएर विदेशी लेखक-लेखिकाका रचनाहरु यसभित्र समेटिएका छन् । पारिजातदेखि तशलिमा नसरिनसम्म, मोदनाथदेखि लिएर सूबसेन हुदै पोषराज पौडेलसम्म, मई दिवसदेखि आस्थाको गोरेटो हुँदै चितवनको पत्रकारितासम्म विषयवस्तु समेटिएको प्रस्तुत समालोचना सङ्ग्रहमा खोजमूलक, चिन्तनपरक एवम् सृजनात्मक विषयवस्तु रहेको पाइन्छ ।

प्रस्तुत सङ्ग्रहमा लेखकले गद्य शैलीका सबै समालोचनामा सहज, सरल एवम् सुललित शब्दहरुको समन्वय गरी भाषालाई बोधगम्य गराएको देखिन्छ । यो सङ्ग्रहभित्रका प्रायः सबै समालोचनाहरु सरल एवम् तार्किक देखिन्छन् । यस सङ्ग्रहभित्रका समालोचनाहरु कलामा भन्दा विचारमा सशक्त देखिन्छन् । यसरी साहित्य सङ्गम चितवनले अनुसन्धानका लागि समेत सहयोगी हुने किसिमका समालोचनाको सङ्ग्रह प्रकाशन गरेर प्रशंसनीय कार्य गरेको छ ।[५७]

## ४.१०.३.३ ध्रुवकिरण रेग्मी र उनको कृति 'दरिद्रताको परिवेश' (२०६२)

साहित्य सङ्गम चितवनको तेस्रो प्रकाशन श्रृङ्खलाका रुपमा ध्रुवकिरण रेग्मीको दोस्रो पुस्तककार कृति **दरिद्रताको परिवेश** (कवितासङ्ग्रह) प्रकाशन गरेको छ । यसभन्दा अघि रेग्मीको **नारी-पीडा** (कवितासङ्ग्रह) प्रकाशित भैसकेको छ । दरिद्रताको परिवेश कृतिमा कविता विधाका चौवीसवटा रचनाहरु सङ्ग्रहित छन् भने यी रचनाहरु समय समयमा विभिन्न पत्रपत्रिकामा प्रकाशित र अप्रकाशित रहेका छन् । बहुदल आउनु अघिका तीनवटा र यसपछि लेखिएका एक्काइसवटा प्रस्तुत सङ्ग्रहका कविताहरुले विषय विविधता बोकेका छन् ।

प्रस्तुत कृतिको आवरण पृष्ठ गोविन्दराज विनोदी, प्रकाश आर्टसले बनाएका छन् भने पछिल्लो आवरण पृष्ठमा ध्रुवकिरण रेग्मीको सानो तस्विर सहितको परिचय, प्रकाशित कृतिहरुको नाम, प्रकाशोन्मुख कृतिहरुको नाम, संलग्न संस्थाहरुको परिचय दिइएको छ । मूल्य तीस मात्र रहेको यस कृतिको मुद्रक सूर्यमुखी छापाखाना रहेको छ ।

**दरिद्रताको परिवेश** कवितासङ्ग्रहमा जम्मा बाउन्न पृष्ठभित्र चौवीसवटा विभिन्न शीर्षकका [illegible] कम्तिमा एक पृष्ठदेखि बढीमा नौ पृष्ठसम्मका रहेका छन् ।

प्रस्तुत सङ्ग्रहका कविताहरुको भावपक्षतिर दृष्टि दिँदा राष्ट्रियता, देशप्रेम, जातिप्रेम, कर्तव्यबोध, युगबोध, क्रान्तिचेत, जलस्रोत, विसङ्गति, विकृति, असमानता, सामाजिक, राजनैतिक स्थिति आदिजस्ता विषयवस्तुलाई समेटेर लेखिएको पाइन्छ ।

यस सङ्ग्रहमा सङ्ग्रहित रचनाहरुका विषयवस्तु विचारका दृष्टिले महत्त्वपूर्ण रहेका छन् । विचार विविधता कम र एकरुपताको अधिकता छ । कवितामा शैलीपक्ष अर्थात् कलापक्षमा पनि निखार आएको देखिन्छ । कविताको स्पष्टवादिता यसको विशेषता देखिन्छ । यसमा रहेका कविताहरु सौन्दर्ययुक्त, सन्देशमूलक, सकरात्मक र सचेततायुक्त रहेका छन् ।

सामाजिक असमानता तथा देशको गरीबी उजागार गरिएको एउटा दृष्टान्तः-

"माग्दामाग्दै सडकमा
एउटी बूढी आमा मरिसकिन्
पाँच पैसाको निम्ति

५७ प्रकाशकिय, यथार्थवादी समालोचनाको गोरेटोमा (२०५८), पृष्ठ उल्लेख नभएको ।

हजारचोटि उनले नमस्कार गरिसकिन् ।"[५८] पृ.११

## ४.१०.३.४ डी.आर.पोखरेल र उनको कृति साहित्य सङ्गम चितवनको विगत र वर्तमान (२०६४)

वि.सं २०६४ सालमा डी.आर.पोखरेलद्वारा लिखित साहित्य सङ्गम चितवनको विगत र वर्तमान साहित्य सङ्गम चितवनको चौथो प्रकाशन श्रृङ्खला हो । यो पुस्तक नभई पुस्तिका हो । यस पुस्तिकामा कुनै रचनाहरुले स्थान पाएका छैनन् । यसमा **साहित्य सङ्गम चितवन** नामक संस्थाको इतिहासका बारेमा लेखिएको छ । यो साहित्य सङ्गम चितवनले विगतदेखि वर्तमान (२०६४) सालसम्म भए गरेका कुराहरुको संक्षिप्त सङ्गालो हो । यसमा अन्य कृतिमा जस्तो औपचारिकता निभाइएको छैन । यस पुस्तिकाको पहिलो आवरण पृष्ठ सामान्य खालको सेतो कमर र त्यसम तीनवटा ठाडा धर्काकोरी त्यसको शीरमा साहित्य सङ्गम चितवनको विगत र वर्तमान भनि लेखिएको छ भने बीचमा लेखक, प्रकाशक र संस्थाका वर्तमान अध्यक्ष (भवनाथ सडौला) को नाम लेखिएको छ । यस पुस्तिकामा प्रकाशकीय, शुभकामना, मन्तव्य, मूल्य, मुद्रक, विषयसूची आदि केही पनि खुलाइएको छैन ।

यो पुस्तिका जम्मा चौवीस पृष्ठको रहेको छ । जसबाट यो पुस्तक  नभएर पुस्तिका हो भन्ने कुराको सङ्केत मिल्दछ । पृष्ठ एकदेखि सिधै पृष्ठभूमि हुँदै स्थापना, संस्थाका अधिवेशन, कार्यसमिति, साहित्य सङ्गम चितवन र नौलो राँकोको सम्बन्ध, संस्थाले गरेका मुख्य मुख्य कामहरु, संस्थाका आजीवन सदस्यहरुको नामावली, अक्षयकोष, स्रस्टा सम्मान र सम्मानित व्यक्तित्व, दुर्बल पक्ष, उपलब्धिहरु र उपसंहार हुँदै पुस्तिकाले पूर्णता प्राप्त गरेको छ । यसरी साहित्य सङ्गम चितवनले इतिहास सम्बन्धी पुस्तिका प्रकाशन गरेर यस क्षेत्रका बारेमा अध्ययन अनुसन्धान र जानकारी चाहनेहरुलाई सहयोग पुऱ्याएर प्रशंसनीय कार्य गरेको छ ।

५८ ध्रुवकिरण रेग्मी, दरिद्रताको परिवेश (२०६२), पृ.११ ।

## ४.१०.३.५ पूर्णबहादुर अधिकारी र उनको कृति अनुभूतिका त्रिवेणी (२०६५)

साहित्य सङ्गम चितवनको पाँचौ प्रकाशन श्रृङ्खलाका रुपमा निबन्धकार पूर्णबहादुर अधिकारीको पहिलो पुस्तककार कृति **अनुभूतिका त्रिवेणी** (निबन्धसङ्ग्रह) प्रकाशन गरेको छ । बाबु आमाप्रति समर्पण गरी २०६५ सालमा प्रकाशित यस कृतिको आवरणकला दिपेन्द्र जोशी 'निक'ले गरेका छन् । मूल्य रु एक सय रहेको यस कृतिको मुद्रक बहुमुखी छापाखाना रहेको छ ।

खण्ड क, ख र ग गरी तीन भागमा विभाजित यस कृतिमा उनान्तीसवटा नैबन्धिक लेखहरु समाविष्ट गरिएका छन् । समय समयमा विभिन्न पत्रपत्रिकामा प्रकाशित र अप्रकाशित निबन्धात्मक लेखहरुलाई समेटी पुस्तककार कृतिको रुपमा प्रकाशित गरिएको छ । प्रस्तुत कृतिको पहिलो खण्डमा

सत्रवटा संस्मरण, दोस्रो खण्डमा छवटा निबन्ध समावेश गरिएका छन् भने तेस्रो खण्डमा छवटा नियात्रात्मक लेखहरु समाहित भएका छन् ।

यस निबन्धसङ्ग्रहमा चौरानब्बे पृष्ठभित्र उनान्तीसवटा निबन्धात्मक शीर्षकका लेखहरु समावेश गरिएको छ । न्यूनतम एक पृष्ठदेखि अधिकतम् आठपृष्ठ सम्मको आयाम भएका निबन्धहरु यस सङ्ग्रहमा रहेका छन् । आफूले जान्ने र सम्झने समयदेखि हालसम्म देखेभोगेका संस्कार, परम्परा, सामाजिक व्यवहार, विकृति र विसङ्गतिहरुको सफा चित्र खिचेर पुरानो समाजलाई सबैका अगाडि राखिदिएर त्यसलाई विस्तारै परिमार्जन गर्न सिकाउनु यस सङ्ग्रहको धेय रहेको छ । यस सङ्ग्रहका सबै लेखहरु सरल भाषाशैलीमा लेखिएका छन् भने विषयवस्तु यथार्थवादी छन् । कथाकथकको चामत्कारिक प्रस्तुति नभए पनि लेखकको जीवनमा घटेका, भोगेका भुक्तक्षणहरुको चित्रण गहकिलो रुपमा गरेका छन् । यिनको चित्रण वा वर्णनमा कतैपनि अतिशयोक्ति पाइँदैन ।

यसरी साहित्य सङ्गम चितवनले **अनुभूतिका त्रिवेणी** नामक निबन्धसङ्ग्रह प्रकाशन गरेर यहाँको साहित्यमा विविधता थपेको छ ।[५९]

## ४.१०.३.६ प्रकाश चापागाईं र उनको कृति स्मृतिका बिम्बमा सीता (२०६५)

साहित्य सङ्गम चितवनको छैटौं प्रकाशन श्रृङ्खलाका रुपमा कवि एवम् नाटककार प्रकाश चापागाईंद्वारा लिखित एवम् (सम्पा) कृति **स्मृतिका बिम्बमा सीता** प्रकाशन गरेको छ। **स्मृतिका**

५९ प्रकाशकीय, अनुभूतिका त्रिवेणी, २०६५, पृष्ठ उल्लेख नभएको ।

**बिम्बमा सीता** साहित्य सङ्गम चितवनका आजीवन सदस्य पूर्व सचिव एवम्र सल्लाहकार स्रस्टा प्रकाश चापागाईंकी जीवनसंगिनी सीता चापागाईंको देहावसानको दुःखद् क्षणका समवेदनाको अभिव्यक्तिहरुको संगालो हो । वि.सं.२०२६ सालमा पिता महोदत्त पौडेल र माता छलीदेवी पौडेलको कोखबाट गीतानगरमा जन्मिएकी, २०४३ सालमा प्रकाश चापागाईंसँग विवाहसुत्रमा बाँधिएकी सीता चापागाईंको २०६४ साल जेठ १३ गते निधन भएको हो । अठ्तीस वर्षको अल्पायुमा भएको उनको दुःखद् निधनका घटनाले घरपरिवार, आफन्तजन, टोलछिमेक आदि सबैलाई स्तब्ध बनाएकोले उनको स्मतिमा शोक र समवेदना व्यक्त गर्न आउने मानिसहरुका शोक भाव र हस्ताक्षरहरु यस

५८ डी.आर.पोखरेल, साहित्य सङ्गम चितवनको विगत र वर्तमान (२०६४) ।

[illegible] री पुस्तककार कृतिको रुप लिएको छ ।

**स्मृतिका बिम्बमा सीता** समवेदनाका स्वरहरुको सङ्गालोको आवरण पृष्ठ प्रकाश आर्टस, नारायणगढले बनाएको छ भने यसको मूल्य रु पचास रहेको छ । पछिल्लो आवरण पृष्ठमा स्व.सीताको परिचय रहेको छ । बैसठ्ठी पृष्ठ रहेको यस कृतिमा समाविष्ट भावहरुलाई संस्थागत, भावगत, काब्यगत र समूहगत गरी चार खण्डमा छुट्टाइएको छ । संस्थागत समवेदनामा स्व.सीताको स्मरणमा विभिन्न साहित्यिक एवम् सामाजिक संस्था र तिनका प्रमुखहरुबाट अभिव्यक्त भावनाहरु

समेटिएका छन् । भावगत समवेदनामा सीताका आफन्त एवम् परिचित व्यक्तिहरुबाट व्यक्त भएका भावहरु रहेका छन् । काव्यगत समवेदनामा चितवनका अग्रज कविहरुका छन्दोवद्ध शोककविता रहेका छन् भने समूहगत समवेदनामा सीताको स्मरणमा राखिएको शोक पुस्तिकामा हस्ताक्षर गर्ने व्यक्तिहरुका नाम र ठेगाना उल्लेख गरिएको छ ।

यस कृतिमा समाविष्ट भावहरुलाई खण्डगत रुपमा हेर्दा निम्नानुसार देखिन्छः-

**खण्ड क) संस्थागत समवेदना अर्पण गर्नेहरुमाः** साहित्य सङ्गम चितवन, चितवन वाङ्मय प्रतिष्ठान, त्रिवेणी साहित्य परिषद आदि लगायत चौवीसवटा संस्था रहेका छन् ।

**खण्ड ख) भावगत समवेदना अर्पण गर्नेहरुमाः** ऋषि घिमिरे, होमनाथ सापकोटा, भोजराज न्यौपाने, जगतराज पौडेल लगायत पाँच दर्जनभन्दा बढी व्यक्तिहरु रहेका छन् ।

**खण्ड ग) काव्यगत समवेदना व्यक्त गर्नेहरुमाः** प्रेमविनोद नन्दन, गोविन्दराज विनोदी लगायत अठार जना स्रस्टाहरु रहेका छन् ।

**खण्ड घ) समूहगत समवेदना अर्पण गर्नेहरुमाः** यस खण्डमा सीताको स्मरणमा राखिएको शोक पुस्तिकामा हस्ताक्षर गर्ने व्यक्तिहरुका नाम र ठेगाना उल्लेख गरिएको छ । जसमा चितवन जिल्ला भित्रकै दुइसय एकाउन्न जना व्यक्तिको हस्ताक्षर र ठेगाना उल्लेख गरिएको छ ।[६०]

---

६० प्रकाशकीय, स्मृतिका बिम्बमा सिता, २०६५, पृष्ठ उल्लेख नभएको ।

## ४.१०.३.७ चेतकान्त चापागाईं र उनको कृति चेतनमनका गुञ्जन (२०६६)

वि.सं. २०६६ सालमा कवि चेतकान्त चापागाईंद्वारा लिखित र साहित्य सङ्गम चितवनद्वारा प्रकाशित **चेतनमनका गुञ्जन** कवितासङ्ग्रह सातौं प्रकाशन श्रृङ्खला हो । खण्ड एक, दुई र तीन गरी तीन भागमा विभाजित यस सङ्ग्रहमा बयालीसवटा कविताहरु समाविष्ट गरिएका छन् । वि.सं. २०५८ देखि २०६६ सालसम्म विभिन्न अवसरमा रचिएका फुटकर कविताहरुलाई समेटी पुस्तककार कृतिको रुपमा प्रकाशित गरिएको प्रस्तुत कृतिकै पहिलो खण्डमा (समसामयिक प्रसङ्गका सिर्जना) दशवटा रचना रहेका छन् भने दोस्रो खण्ड (स्मृतिपत्रहरु) मा एक्काईसवटा कविता समाविष्ट छन् भने तेस्रो खण्ड (गीतिकविता) मा एघारवटा कविता समाविष्ट भएका छन् ।

**चेतनमनका गुञ्जन** कवितासङ्ग्रहको आवरणकला सन्दिप सुवेदीले बनाएका छन्, जसमा नेपालको नक्सा र नक्साभित्र एउटा महिलाको अपूर्ण टाउको रहेको छ, जसले सीमा अतिक्रमणलाई प्रष्ट पार्दछ । पछिल्लो आवरण पृष्ठमा कवि चेतकान्त चापागाईंको सानो तस्विर सहितको परिचय, प्रकाशित कृतिहरुको नाम र परिचय दिइएको छ । मूल्य रु एक सय रहेको यस कृतिको मुद्रक सिद्धबाबा अफसेट प्रेस भरतपुर रहेको देखिन्छ ।

**चेतनमनका गुञ्जन** कवितासङ्ग्रहमा एकसय एक पृष्ठभित्र बयालीसवटा विभिन्न शीर्षकका कवितात्मक रचनाहरु समावेश गरिएका छन् । न्यूनतम एक पृष्ठदेखि अधिकतम् चार पृष्ठसम्म आयाम भएका कवितात्मक रचनाहरु रहेका छन् ।

प्रस्तुत सङ्ग्रहका कविताहरुमध्ये पहिलो खण्डमा दशवटा कविता समसामयिक सिर्जनाका रहेका छन्, जसमा कविले समसामायिक राजनीतिक र सामाजिक क्षेत्रका विकृति, विसङ्गतिलाई चिरफार गरेका छन् । दोस्रो खण्डमा (स्मृतिपत्रहरु) एक्काईसवटा कविता समाविष्ट छन् । जसमा कविले पूर्वका मोती भनेर चिनिने झापाका स्रस्टा चूडामणि रेग्मी, बारा कलैयाका निर्मोही व्यास, धादिङका जनकवि केवलपुरे किसान, कवयित्री कल्पना अधिकारी, लमजुङ भारतेका विजयराज न्यौपाने लगायत नवलपरासीका वरिष्ठ कवि गोविन्दराज विनोदी, चितवनका धनराज गिरी आफ्ना सहयात्री रविकिरण निर्जीवजस्ता स्रस्टाको सम्झनामा रचिएका कविता समाविष्ट रहेका छन् साथै विभिन्न व्यक्तिको निधन हुँदा रचिएका श्रद्धाञ्जली भाव व्यक्त भएका कविता पनि समावेश छन् । जसमा कविले वि.सं. २०५८ को दरबार हत्याकाण्डदेखि माओवादीको सशस्त्र जनयुद्ध र सङ्कटकालमा जेलमा परेका आफ्ना मित्रद्वय पोषराज पौडेल र रविकिरण निर्जीवको सम्झना गरेका छन् ।

प्रस्तुत सङ्ग्रहका कविताहरु मूलतः शार्दूलविक्रीडित र मन्दाक्रान्ता अनि लोक गीतिलयमा संरचित रहेका छन् । सरल शब्दचयन, लयात्मक प्रस्तुति, विषयवस्तुको मार्मिक भावात्मक अभिव्यक्ति कवि चापागाईंका मूल प्रवृतिका रुपमा देखिन्छन् भने उनका कवितामा प्रगतिवादी क्रान्तिकारी भावना, प्रगतिवादी चिन्तन, मानवतावाद, राष्ट्रियता आदि झल्केको पाइन्छ । त्यसका साथै राजतन्त्रको अन्त्य, सुशासनको स्वागत आदि पनि देख्न सकिन्छ ।

दृष्टान्तका लागि केही पद्याशंहरुः-

> “हाम्रै ‘देरादुन’ अघि थियो ‘दार्जलिङ्’ गो गुमेर
> आँखा गाढ्दै अझ छ कवि जी ‘बर्दीया’ कामचोर
> कैयौं हाम्रो जमिन हड्प्यो बाँध बाँध्यो डुबायो
> बिर्ता उस्कैसरि हृदय यो फेरि हाम्रै उवायो ।” पृ.४
>
> “एउटा खेल समाप्त भो जब घुँडा टेकेर साँढे बस्यो
> अर्को खेल रछ्यानबाट थुतुनो जोतेर चौको पस्यो
> थाल्दै छौ अझ लाज कुल्चन तिमी नेताहरु हो किन ?
> लाग्ने छौ पछिसम्म यै मति रहे आफै तिमी सिद्धिन ।”[६१] पृ.१५

यसरी साहित्य सङ्गम चितवनले चेतकान्त चापागाईंको खारिएका कविताहरुको सङ्ग्रह प्रकाशन गरेर यहाँको साहित्यमा टेवा पुऱ्याएको छ ।

### ४.१०.३.८ धनेश्वर भट्टराई र उनको कविता सङ्ग्रह आस्थाका स्वरहरु (२०६६)

साहित्य सङ्गम चितवनको आठौं प्रकाशन श्रृङ्खलाका रुपमा धनेश्वर भट्टराईको दोस्रो पुस्तककार कृति **आस्थाका स्वरहरु** (२०६६) कवितासङ्ग्रह प्रकाशन गरेको छ । कवि धनेश्वर भट्टराईको यसभन्दा अघि समालोचनासङ्ग्रह **कृति र दृष्टि** (२०६१) सहलेखन प्रकाशित भैसकेको छ । माता नेत्रमाया र पिता मुक्तिनाथ भट्टराईमा समर्पित गरी २०६६ सालमा प्रकाशित यस कृतिको आवरणकला महेश पौडेलले बनाएका छन् । मूल्य रु असी मात्र रहेको यस कृतिको मुद्रण चित्रवन प्रिन्टर्स प्रा.लि. मा भएको छ ।

प्रस्तुत कृति **आस्थाका स्वरहरु** पद्यखण्ड र गद्यखण्ड गरी दुई भागमा विभाजित गरिएको छ भने यसमा चालीसवटा कविता समाविष्ट रहेका छन् । विभिन्न समयमा विभिन्न पत्रिकामा प्रकाशित र अप्रकाशित रचनाहरुलाई समेटी पुस्तककार कृतिको रुपमा प्रकाशित गरिएको प्रस्तुत कृतिको पहिलो खण्डमा पद्यलयका छब्बीसवटा रचना रहेका छन् भने दोस्रो खण्डमा गद्यलयका चौधवटा रचनाहरु समाविष्ट गरिएका छन् ।

प्रस्तुत **आस्थाका स्वरहरु** कवितासङ्ग्रहमा अठहत्तर पृष्ठभित्र चालीसवटा विभिन्न शीर्षकका कवितात्मक रचनाहरुले स्थान पाएका छन् । न्यूनतम एक पृष्ठदेखि अधिकतम चार पृष्ठसम्म आयाम भएका कवितात्मक रचनाहरु यस सङ्ग्रहमा रहेका छन् ।

६१ चेतकान्त चापागाईं, चेतनमनका गुञ्जन, २०६६, पृ.४-१३ ।

र वर्तमान भोगाइका साथै भविष्यप्रतिको चासो, विकृत यथार्थप्रतिको पीडाबोध, राष्ट्रियता र राष्ट्रवादप्रतिको चिन्ता, प्रजातन्त्र, लोकतन्त्र र गणतन्त्रप्रतिको दृष्टिकोण, नारीको अस्तित्व, अस्वस्थ्य राजनीतिक प्रतिस्पर्धा, नेताहरुको विकृत चरित्र, निम्नवर्गीय जीवनप्रति सहानुभूति, जीवनको सौन्दर्यको खोजी, अभावको आँधीमा पिल्सिनु परेका गाउँलेको आत्मकथन, प्रजातन्त्रको आदर्श बिम्ब, परम्परागत नयाँ वर्षप्रतिको अस्विकृत, मानवतावादजस्ता भावहरु समेटिएका छन् । यसैगरी यस सङ्ग्रहमा कविले पूर्ण प्राप्तिको दिशातर्फ अग्रसर बन्न, सत्ता प्राप्तिलाई नै सर्वश्व ठान्ने नेताहरुलाई भ्रमबाट मुक्त हुन्, कलिला नानीहरुलाई इतिहास र वर्तमानबाट पाठ सिकेर भविष्यप्रति चनाखो बन्न, नेताहरुका आश्वासनमा मात्र भरोसा नगर्न, आफ्नै माटो, श्रम र पौरखप्रति आस्थावान हुन, राष्ट्र र समृद्धिका निम्ति जुट्न आह्वान पनि गरेका छन् ।

प्रगतिवादी चासो र चिन्तन झल्केको अनुभूति हुने यस सङ्ग्रहका कविताहरु अनुस्टुप, शार्दूलविक्रीडित, मन्दाक्रान्ता, भुजङ्गप्रयात र गद्यलयमा संरचित छन् । सरल शब्द चयन, लयात्मक प्रस्तुति, अनुभूतिका प्रबलता, कवि मूल प्रवृत्तिका रुपमा देखिन्छ भने प्रगतिवादी चिन्तनका साथै मानवतावाद, राष्ट्रियता आदि झल्केको पनि पाइन्छ ।

दृष्टान्तका लागि केही पंद्याशहरुः-

“जुटेर बढ नेपाली फुकेर चाल पाइला
छन् चुनौति अझै धेरै सङ्घर्ष र मुकाविला
किन हुन्न यहाँ हुन्छ सबै सम्भव बन्छ त्यो
असम्भव कुनै छैन सधैं योग्य रहन्छ जो ।” पृ.४०

“जब जब दास मनोवृत्ति बोक्नेहरु
स्वतन्त्रताको व्याख्या गर्छन्
प्रजातान्त्रिक व्यवस्थभित्र
निर्दोष नागरिकको हत्या गर्छन्
गाउँ-गाउँ र बस्ती बस्तीमा
अकालमै मानिसहरु मर्ने गर्छन्
र जब जब नेताहरु
शान्ति विकास र सुशासनको नारा
टी.भी., रेडियो र पत्रिकामा मात्रै छर्ने गर्छन्
तब तब यहाँ चक्रवात चल्ने गर्छ ।”[६२] पृ.५७

६२ धनेश्वर भट्टराई, आस्थाका स्वरहरु, २०६६, पृ.४०-५७ ।

## ४.१०.३.९ सरिता तिवारी र उनको कवितासङ्ग्रह अस्तित्वको घोषणापत्र (२०६७)

साहित्य सङ्गम चितवनको नवौं प्रकाशन श्रृङ्खलाका रुपमा सरिता तिवारीको दोस्रो पुस्तककार कृति **अस्तित्वको घोषणापत्र** (२०६७) कवितासङ्ग्रह प्रकाशन गरेको छ । वि.सं. २०३६ बैशाख २ गते माता बुद्धिमाया तिवारी र पिता चूडामणि तिवारीकी कान्छी सन्तानका रुपमा जन्मिएकी तिवारीको यस अघि **बुद्ध र लाभाहरु** (२०५७) कवितासङ्ग्रह प्रकाशित भैसकेको छ । छोरी र छोराप्रति समर्पण गरी २०६७ सालमा प्रकाशित यस कृतिको आवरणचित्र अमर न्यौपानेले बनाएका छन् । मूल्य रु एकसय पच्चीस रहेको यस सङ्ग्रहको मुद्रण शब्दघर अपसेट प्रेस बागबजार काठमाडौं रहेको छ ।

प्रस्तुत कवितासङ्ग्रह **अस्तित्वको घोषणापत्र** विभिन्न समयमा विभिन्न पत्रपत्रिकामा प्रकाशित र अप्रकाशित रचनाहरुलाई समेटी पुस्तककार कृतिको रुपमा प्रकाशित कृति हो । यसमा विभिन्न शीर्षकका उन्साठीवटा रचनाहरु रहेका छन् । यो सङ्ग्रह एकसय बाह्र पृष्ठको रहेको छ भने न्यूनतम एक पृष्ठदेखि अधिकतम चार पृष्ठसम्म आयाम भएका कवितात्मक रचनाहरु यस सङ्ग्रहमा रहेका छन् ।

पुरुषकेन्द्री एकल सत्ताविरुद्ध नारी पुरुष समतामय मानवसत्ताको उद्घोष गरिएको यस सङ्ग्रहमा देशीय राजनीति, सामाजिक विकृति, राष्ट्रियता, सह-अस्तित्व, अस्वस्थ्य राजनीतिक

प्रतिस्पर्धा, देशप्रेम, मानव संवेदना, नारी जागरणका स्वर, निरङ्कुश राजतन्त्रप्रति वितृष्णा, नेताहरुको विकृत चरित्र आदिजस्ता भावहरु समेटिएका छन् भने भावी सन्ततीहरुलाई आफ्नो सपना साकार पार्न आग्रह गर्दै अग्रज नारी हस्ताक्षर पारिजातप्रति श्रद्धा व्यक्त गर्दै झमककुमारीप्रति सलाम ठोकेकी छन् ।

अत्यन्तै थोरैमा धेरै भन्न सक्ने तिवारीको प्रस्तुत सङ्ग्रहका कविता गद्यलयमा लेखिएका छन् भने प्रायःजसो कविताहरु प्रतिकात्मक रहेका छन् । प्रगतिवादी चासो र चिन्तन झल्केको अनुभूति हुने यो सङ्ग्रह मानवीय अस्तित्वको घोषणापत्र, उनको जीवनको घोषणापत्र र नारीवादी चेतनाको घोषणापत्रको रुपमा देखिएको छ ।

दृष्टान्तका लागि केही पद्याशंहरुः-

"...तिम्रो विधानले भने झैं.
नारी हरदम कोमल हुनुपर्छ भन्ने छैन
नारी जहिले सुकै सहनशीला बन्नुपर्छ भन्ने छैन
म तिमीले बनाएको सत्यलाई चुनौती दिन्छु पुरुष !
म तिमीले लेखेको विधान माथि धावा बोल्छु पुरुष !!
म लेख्नु एउटा समत्वको व्याकरण
र निर्माण गर्छु सर्वथा नयाँ
सहअस्तित्वको नूतन वर्णमाला ।
च्यातेर तिम्रा धर्मशास्त्रका पानाहरु
कुल्चेर तिम्रा विधिशास्त्रका हरफहरु
उभिन्डो पारेर नीतिशास्त्रका अक्षरहरु
उभिएकी छु म यतिखेर
अहम् युद्धको कुरुक्षेत्रमा ।"पृ.५६

"ऊ कहिल्यै भोको मर्दैन
ऊ कदाचित नाङ्गो पाउ हिड्दैन
उसले
चाखेको छ सत्ताको स्वाद
सुँघेको छ सत्ताको गन्ध
त्यसैले,
व्यवस्था जुनसुकै फेरिएपनि
सत्तामा जो सुकै आए पनि

ऊ

सँधै सुकिलो र टक्टकाउँदो हुन्छ

आलिशान महलमा बस्छ, शानदार गाडी चढ्छ ।

उसको कुनै स्थायी जात हुँदैन

उसको कुनै स्थायी वर्ण हुँदैन ।"[६३] पृ.९९

### ४.१०.३.१० डी.आर.पोखरेल र उनको कृति समालोचनाको रुपरेखा (२०६७)

साहित्य सङ्गम चितवनको दशौं प्रकाशन श्रृङ्खलाका रुपमा समालोचक डी.आर.पोखरेलको छैटौं पुस्तककार कृति **समालोचनाको रुपरेखा** (२०६७) प्रकाशन गरेको छ । साहित्य सङ्गम चितवनको आजीवन सदस्य समेत रहेका पोखरेलका यसभन्दा अघि **समालोचनाको गोरेटोमा** (२०५८), **निकुञ्ज र जनताबीचको द्वन्द्व र एकताः एक अध्ययन** (२०५९), **पारिजातको साहित्यिक मूल्याङ्कन** (२०६०), **खुला आकाशतर्फ** (२०६३), **संस्कृतिको सेरोफेरो** (२०६४) जस्ता कृतिहरु प्रकाशित भइसकेका छन् भने त्यसको अतिरिक्त **माओत्सेतुङ्बाट सिकौं** (अनु. २०३६), **कम्युनिस्ट के चाहन्छन् ?** (२०४७) जस्ता कृतिहरु प्रकाशित भैसकेका छन् ।

प्रस्तुत समालोचनाको रुपरेखा डी.आर.पोखरेलको तेस्रो समालोचनात्मक कृति चित्रवन प्रिन्टर्स प्रा.लि. नारायणगढ चितवन रहेको छ । प्रस्तुत समालोचनाको रुपरेखा विभिन्न पत्रपत्रिकामा प्रकाशित भैसकेका तथा साहित्यिक कार्यक्रममा प्रस्तुत गरिएका समालोचनाहरुको सङ्ग्रह हो । यसमा विभिन्न शीर्षकका तेह्रवटा समालोचना रहेका छन् । एकसय पच्चीस पृष्ठभित्र रहेका तेह्रवटा समालोचनालाई आयामगत दृष्टिले हेर्दा न्यूनतम पाँच पृष्ठदेखि अधिकतम् चौध पृष्ठसम्मका समालोचनात्मक लेख रहेका छन् । विधागत दृष्टिले हेर्दा जसमा कविता/काव्यका दुई, आख्यान कथा/उपन्यास तीन, निबन्ध (अन्तर्वार्ता र आत्मवृत्तान्त) दुई, हास्यव्यङ्ग्य एक, समालोचना एक, नाटक एक, लोककथा एक, साहित्यिक व्यक्तिसँग सम्बन्धित एक, साहित्यिक प्रवृत्तिसँग एक गरी तेह्रवटा रचनाले स्थान पाएका छन् ।

प्रस्तुत कृति कुनै एक व्यक्ति वा कृतिकारको एउटा विधाका विषयमा केन्द्रित छैन । यो नेपालका विभिन्न जिल्लामा रही विभिन्न विधामा कलम चलाएर नेपाली साहित्यको उन्नयनमा विशिष्ट योगदान पु¥याएका कवि शिरोमणि लेखनाथ पौड्यालदेखि लिएर महाकवि देवकोटा, नाटककार गोपालप्रसाद रिमालसम्म हुँदै पूर्वेली स्रस्टाहरु पुण्य खरेल, श्यामकृष्ण श्रेष्ठ, चूडामणि रेग्मी हुँदै पोखरेली स्रस्टा विश्व शाक्य भएर चितवनका कथाकार हरिहर खनाल, प्रगतिवादी उपन्यासकार प्रदीप

६३ सरिता तिवारी, अस्तित्वको घोषणापत्र, २०६७, पृ.५६-९९ ।

नेपाल, 'राम्रो रचना मिठो नेपालीका' रचनाकार कृष्णप्रसाद पराजुलीदेखि प्रसिद्ध बङ्गाली स्रस्टा शरदचन्द्र चट्टोपाध्यायसम्मका व्यक्तित्व र कृतित्वको विवेचना गरिएको प्रस्तुत कृतिमा सुनकेशरी मैयालाई सुन्दै र गुन्दै जाँदा लोक कथा र प्रगतिवादी दृष्टिमा उत्तर आधुनिक सोध लेखले स्थान पाएका छन् ।

प्रस्तुत सङ्ग्रहका सबै समालोचनामा सहज, सरल एवम् सुललित शब्दहरुको समन्वय गरी भाषालाई बोधगम्य गराएको देखिन्छ । यस सङ्ग्रहभित्रका सबै समालोचना सरल एवम् तार्किक देखिन्छ भने यस सङ्ग्रहका समालोचनाहरु कलामा भन्दा विचारमा सशक्त देखिन्छन् ।[६४]

---

६४ प्रकाशकीय, समालोचनाको रुपरेखा, २०६७, पृष्ठ उल्लेख नभएको ।

## साहित्य सङ्गम चितवनबाट प्रकाशित पुस्तकहरुको तालिकाः

**तालिका नं.१५**

| क्र.सं. | स्रस्टाको नाम | कृति | विधा | प्रकाशन साल |
|---|---|---|---|---|
| १ | श्यामप्रसाद शर्मा | साहित्यमा सापेक्षता | लेख सङ्ग्रह | २०५० |
| २ | डी.आर.पोखरेल | यथार्थवादी समालोचनाको गोरेटोमा | समालोचना | २०५८ |
| ३ | ध्रुवकिरण रेग्मी | दरिद्रताको परिवेश | कवितासङ्ग्रह | २०६२ |
| ४ | डी.आर.पोखरेल | साहित्य सङ्गम चितवनको विगत र वर्तमान | इतिहास | २०६४ |
| ५ | पूर्णबहादुर अधिकारी | अनुभूतिका त्रिवेणी | निबन्धसङ्ग्रह | २०६५ |
| ६ | प्रकाश चापागाइँ (सम्पा.) | स्मृतिका बिम्बमा सीता | कविता | २०६५ |
| ७ | चेतकान्त चापागाइँ | चेतनमनका गुञ्जन | कविता | २०६६ |
| ८ | धनेश्वर भट्टराई | आस्थाका स्वरहरु | कविता | २०६६ |

| | | | | |
|---|---|---|---|---|
| ९ | सरिता तिवारी | अस्तित्वको घोषणापत्र | कविता | २०६७ |
| १० | डी.आर.पोखरेल | समालोचनाको रुपरेखा | समालोचना | २०६७ |

### ४.१०.४ मासिक साहित्य सङ्गम

साहित्य सङ्गम चितवनले नयाँ-नयाँ प्रतिभाहरुलाई अभिप्रेरित गर्ने र सिर्जनाको माध्यमबाट समाज रुपान्तरण गर्ने अभिप्रायले वि.सं. २०४४ साल कार्तिक २८ गते स्थापनाकै दिन हरेक महिनाको तेस्रो शनिबार मासिक रुपमा एकत्रित भई साहित्यिक गोष्ठी गर्ने निर्णय गरेको देखिन्छ ।[६५] सोही निर्णयअनुरुप हरेक महिना गर्दै आएको कार्यक्रम प्रशासनिक दमनका कारण करिब अढाइ वर्ष अवरुद्ध भई २०४७/१/२२ गतेबाट पुनः सञ्चालनमा आएको देखिन्छ ।[६६] प्रत्येक महिना सम्पन्न गरिने साहित्यिक कार्यक्रममा यसक्षेत्रका स्थापित तथा नवोदित साहित्यकारहरुको सङ्गम हुने गरेको छ । कार्यक्रममा सामयिक सन्दर्भका रचना सुन्ने सुनाउने, प्रतियोगितात्मक गोष्ठी गर्ने, कृतिहरुको समीक्षा गर्ने, विमोचन गर्ने आदि गरेको पाइन्छ । जसले गर्दा स्रस्टाहरुलाई खारिने अवसर र प्रेरणा प्राप्त हुने गरेको छ । साहित्य सङ्गम चितवन जेठो साहित्यिक संस्था भएकाले यो भावना र विचारको निकासको रुपमा छिट्टै लोकप्रिय बन्न पुगेको देखिन्छ । यस संस्थाबाट हुने कार्यक्रमले कतिसम्म प्रख्याती आर्जन गरेको थियो भन्ने कुरा नवलपरासीको डण्डा, चितवनको

---

६५ संस्थाका संस्थापक सदस्य इन्द्र रेग्मीले २०६६ असार १० गते शोधार्थीलाई दिएको जानकारीअनुसार ।
६६ संस्थाका सचिव द्वारिका नेपालले उपलब्ध गराएको निर्णय पुस्तिकाबाट प्राप्तजानकारी ।

पाइन्छ । समय समयमा प्रगतिवादी लेखकहरु मञ्जुल, खगेन्द्र सङ्ग्रौला, रमेश विकल, हरिगोविन्द लुइँटेल आदि लगायतका राष्ट्रिय स्तरका अनेक साहित्कारहरु पनि यस संस्थाका कार्यक्रममा भाग लिन आउथे ।[६७] यहाँ साहित्यमा रुची राख्ने बालकदेखि बृद्धसम्मका सबै स्रस्टाहरुको सहभागिता हुने गर्दथ्यो । साहित्य सङ्गम चितवनकै प्रेरणा स्वरुप जिल्लामा अनेक साहित्यिक संस्था खुल्ने र रचनावाचन गर्ने गराउने परम्परा बसेको पाइन्छ । त्यसैले पनि साहित्य सङ्गम चितवनका साहित्यिक गतिविधिले अन्य सङ्घसंस्थाहरुलाई प्रेरणादायी भूमिका खेल्दै नेपाली साहित्यको विकासमा महत्त्वपूर्ण योगदान दिएको छ ।

### ४.१०.५ जयन्तीहरु

साहित्य सङ्गम चितवनले आफ्ना उद्देश्य अनुरुप विभिन्न साहित्यिक कार्यक्रम गर्नेक्रममा विभिन्न विशिष्ट राष्ट्रिय साहित्यकारहरुको जन्मजयन्ती मनाउँदै आएको छ । ती जयन्तीहरुलाई यहाँ निम्नानुसार सङ्क्षिप्त चर्चा गरिएको छ ।

### ४.१०.५.१ भानु जयन्ती

वि.सं. २०४७/३/२९ गते साहित्य सङ्गम चितवनले पहिलो पटक भानु जयन्ती मनाउने निर्णय गरेर कार्यक्रम भव्यरुपमा सम्पन्न गरेको देखिन्छ । त्यस पछि प्रत्येक वर्ष निरन्तर रुपमा

भानुजयन्तीका अवसरमा नेपाली काव्य जगतका आदिकवि भानुभक्त आचार्यको व्यक्तित्व, कृतित्व र योगदानमाथि चर्चा गर्ने, रचना वाचन गर्ने, प्रतियोगितात्मक साहित्यिक कार्यक्रम गर्ने, स्रस्टा सम्मान गर्ने जस्ता कार्यक्रमलाई सङ्गमले निरन्तरता दिँदै आएको छ ।[६८]

## ४.१०.५.२ रिमाल जयन्ती

साहित्य सङ्गम चितवनले विशिष्ट साहित्यकारहरुको जन्मजयन्तीको अवसर पारेर विभिन्न कार्यक्रमहरु गर्दै आएको छ । यसरी मनाउने जयन्तीहरुमध्ये रिमाल जयन्ती पनि एक हो । साहित्य सङ्गम चितवनले रिमाल जयन्तीको अवसर पारेर कवि गोष्ठी, कृति विमोचन, कृति समीक्षा, कविता वाचन आदि जस्ता कार्यक्रमहरु सम्पन्न गर्ने गरेको छ । यसरी यस जयन्तीलाई निरन्तरता दिँदै आउने क्रममा पछिल्लो पटक २०६५/२/१८ गते सम्पन्न गरेको देखिन्छ । त्यस्तै गरी रिमालका साहित्यिक विधाहरुको बारेमा विभिन्न व्यक्तिहरुले चर्चा परिचर्चा गर्दै आएको पाइन्छ ।[६९]

---

६७ रामहरि श्रेष्ठ, साहित्य सङ्गम चितवनको केही अतीत केही वर्तमान, स्रस्टा, अङ्क २, पृ.७६ ।
६८ संस्थाका सचिव द्वारिका नेपालले उपलब्ध गराएको माइन्यूटबाट प्राप्त जानकारीअनुसार ।
६९ ऐजन ।

## ४.१०.५.३ कवि युद्धप्रसाद मिश्र जयन्ती

साहित्य सङ्गम चितवनले वि.सं. २०६१/९/१० को निर्णयअनुसार २०६१/९/२४ गते युद्धप्रसाद मिश्रको ९८ औं जन्मजयन्ती भव्यरुपमा सम्पन्न गरेको देखिन्छ । त्यसपछि कवि युद्धप्रसाद मिश्र जयन्तीको अवसर पारेर कविगोष्ठी, कृति विमोचन, प्रतियोगितात्मक कविगोष्ठी आदि गर्नुका साथै वरिष्ठ साहित्यकारको जीवनी, व्यक्तित्व र कृतित्वको बारेमा चर्चा गर्ने गरेको छ भने यसपछिका दिनहरुमा यसलाई निरन्तरता दिँदै आएको छ ।[७०]

## ४.१०.५.४ पारिजात स्मृति कार्यक्रम

साहित्य सङ्गम चितवनले अन्य जयन्तीहरु जस्तै पारिजात स्मृति कार्यक्रम पनि मनाउँदै आएको छ । साहित्य सङ्गम चितवनले यही संस्था खोल्न प्रेरणा दिने प्रगतिवादी साहित्यकार पारिजातको स्मृतिमा विभिन्न कार्यक्रमहरु सम्पन्न गरेको देखिन्छ । यस स्मृति कार्यक्रम वि.सं. २०६१/१/१२ को बैठकको निर्णयअनुरुप २०६१/१/१९ गते सम्पन्न गरेको देखिन्छ भने यसलाई पछिल्ला दिनहरुमा निरन्तरता दिँदै आएको छ । यस कार्यक्रममा पारिजातले नेपाली साहित्यको विकासमा गरेको योगदान, व्यक्तित्व, कृतित्वमाथि स्रस्टाहरुलाई चर्चा परिचर्चा गर्न लगाउने, साहित्यिक गोष्ठी गर्ने, कृति विमोचन, कविता वाचन र कृति समीक्षा आदि कार्यलाई निरन्तरता दिएको पाइन्छ ।[७१]

### ४.१०.५.५ कृष्णसेन इच्छुक स्मृति दिवस

साहित्य सङ्गम चितवनले महान प्रगतिवादी साहित्यकारहरुको जन्मजयन्ती मनाउने क्रममा वि.सं. २०६०/२/३१ गते बसेको बैठकको निर्णयअनुरुप २०६०/३/७ गते पहिलो पटक महान सहीद कृष्णसेन इच्छुकको प्रथम स्मृति दिवस सम्पन्न गरेको पाइन्छ । यस दिवसका अवसरमा कृष्णसेन इच्छुकको विभिन्न कोणबाट चर्चा परिचर्चा गर्ने, रचना वाचन गर्ने, कृति समीक्षा, कृति विमोचन, कृति प्रकाशन आदि गर्दै आएको छ भने यस पछिका दिनहरुमा इच्छुक स्मृति दिवसलाई निरन्तरता दिँदै आएको छ ।[७२]

### ४.१०.५.६ हृदयचन्द्रसिंह प्रधान विचार गोष्ठी

साहित्य सङ्गम चितवनले २०६० माघ १७ गते बसेको बैठकको निर्णय नं. २ अनुसार कवि हृदयचन्द्रसिंह प्रधानको बारेमा विचार गोष्ठी २०६१ जेठ १९ गते सम्पन्न गरेको देखिन्छ । उक्त कार्यक्रममा विभिन्न व्यक्तिहरुले कविता, निबन्ध, कथा, उपन्यास र नाटकका बारेमा विवेचना गर्नुका साथै कविता, गजल, गीत, हाइकू, मुक्तक र प्यारोडी सुनाएको पाइन्छ भने ती वाचित

---

७० ऐजन ।
७१ ऐजन ।
७२ ऐजन ।

रचनाहरुको टिप्पणी समेत गरेको पाइन्छ । त्यसपछिका दिनहरुमा यस कार्यक्रमलाई निरन्तरता दिँदै आएको पाइन्छ ।[७३]

### ४.१०.५.७ गोकुल जयन्ती

साहित्य सङ्गम चितवनले २०५९ चैत्र १५ गते पोषराज पौडेलको अध्यक्षतामा बसेको बैठकको निर्णयअनुरुप २०६० जेठ १० गते गोकुल जयन्ती मनाएको देखिन्छ । यस अवसरमा प्रतियोगितात्मक साहित्यिक गोष्ठी समेत सम्पन्न गरेको देखिन्छ भने पछिल्ला दिनहरुमा यसलाई निरन्तरता दिदै आएको छ ।[७४]

### ४.१०.६ साधनाकारण (मैले कसरी लेख्न सिकें/थालें) कार्यक्रम

वि.सं. २०६३ साल फागुन १८ गते इन्द्रप्रसाद रेग्मीको अध्यक्षतामा बसेको बैठकको निर्णय नं.१ अनुसार साहित्य सङ्गम चितवनले **साधनाकारण** भन्ने नयाँ खालको कार्यक्रम २०६३ सालको चैत्रको पहिलो शनिबार सम्पन्न गरेको छ । चेतकान्त चापागाइँको संयोजकत्वमा सप्तगण्डकी बहुमुखी क्याम्पसमा सम्पन्न भएको सो कार्यक्रमा चितवनका साहित्यिक स्रस्टाहरुको व्यापक सहभागिता रहेको थियो भने सो कार्यक्रममा स्रस्टाहरुले आ-आफ्ना अभिव्यक्तिहरु दिएका थिए ।[७५]

### ४.१०.७ लोकतान्त्रिक आन्दोलनमा सहभागिता

समाजमा विकृति विसङ्गति तथा बेथितिका संस्कारलाई बढारेर फ्याक्न र स्वच्छ प्रशासन, नवीन शैली र अग्रगमनतर्फ समाजलाई लम्काउन स्रस्टाहरुको अहम् भूमिका हुने कुरामा कुनै द्विविधा छैन । नेपाली समाज परिवर्तनको चाहनामा कैयौं वर्षदेखि पिल्सिएको अवस्थामा स्रस्टाहरुका अमर सिर्जनाले मुलुकलाई थप उर्जा दिने र नयाँ युगबोधको सकरात्मक मार्गचित्र कोर्ने हुँदा स्रस्टाहरु लोकतान्त्रिक आन्दोलनमा सहभागी भएका देखिन्छन् ।

नेपालमा लोकतान्त्रिक आन्दोलनको चेतनाले प्रवेश पाएको आठदशक भैसकेको छ । कृष्णलाल अधिकारी, लक्ष्मी नन्दन चालिसेजस्ता स्रस्टाहरुमा देखिएको राणाविरोधी चेतनाले लक्ष्मीप्रसाद देवकोटा, गोपालप्रसाद रिमाल लगायतका स्रस्टाहरुमा पुगेर झाँगिने अवसर पाउँछ भने धरणीधर कोइराला र महानन्द सापकोटा पनि यही लहरमा मिसिन आउछन् ।[७६] वि.सं. २००९ सालमा स्थापित 'प्रगतिशील लेखक सङ्घ' नेपाल लोकतन्त्र र प्रगतिशील चेतको स्थापनाका लागि नेपाली लोकतान्त्रिक आन्दोलनमा साङ्गठनिक हस्तक्षेपको प्रथम प्रयास थियो ।[७७]

---

७३ ऐजन ।
७४ ऐजन ।
७५ ऐजन ।
७६ रमेश भट्टराई, लोकतान्त्रिक आन्दोलनमा स्रस्टाहरुको भूमिका, मधुपर्क, वर्ष ३१, अङ्क ३, २०६३, पृ.५ ।
७७ ऐजन, पृ.५ ।

साहित्य सङ्गम चितवन चितवनको लोकतान्त्रिक आन्दोलनमा ऐक्यवद्धता र सहभागिताका लागि गरिएको पूर्वतयारी अनुरुप संस्थागत रुपमा नै रकम उठाएर सहभागी भएका चितवनका साहित्यिक संस्थाहरु मध्ये एक हो । यी साहित्यिक संस्थाका प्रतिनिधिहरुले लोकतान्त्रिक साहित्ययात्रा र कविता गोष्ठीसम्म नै सक्रिय रहेको देखिन्छ । यो कार्यक्रम नारायणगढको पुल्चोकमा बृहत लोकतान्त्रिक कवि गोष्ठीका रुपमा सम्पन्न भएको थियो । यस कार्यक्रममा विभिन्न रचनाहरु वाचन गरिएका थिए ।[७८]

समग्रमा साहित्य सङ्गम चितवनले लोकतान्त्रिक गणतन्त्रको पक्षमा स्रस्टाहरुलाई उतारेर प्रतिगमन र निरंकुशताका विरुद्धमा क्रियाशील रहेको छ । यस संस्थाले लोकतान्त्रिक पक्षमा गीत, गजल, कविता, मुक्तक, हाइकू आदि रचनावाचन गर्ने तथा साहित्यिक गोष्ठी र छलफलजस्ता कार्यक्रमलाई निरन्तरता दिएको पाइन्छ । यसले पनि के स्पष्ट पार्छ भने साहित्य सङ्गम चितवन लोकतन्त्रको पक्षमा जनतालाई साथ दिने सक्रिय र जीवित साहित्यिक संस्था हो ।

## ४.१०.८ गणतान्त्रिक कविता आन्दोलन सम्पन्न

साहित्य सङ्गम चितवनको आयोजनामा २०६४ भदौमा नारायणगढको लायन्सचोकमा गणतान्त्रिक कविता आन्दोलन सम्पन्न गरिसकेको छ । साहित्य सङ्गम चितवनका तत्कालीन अध्यक्ष इन्द्र रेग्मीको अध्यक्षतामा सम्पन्न सो कार्यक्रममा धेरै स्रस्टाहरुले गणतान्त्रिक कविता वाचन गरेका थिए । यसप्रकारको कार्यक्रम २०६४ जेठ ३ गते पनि सम्पन्न भएको थियो ।[७९]

## ४.१०.९ पारिजात काव्ययात्रा गणतान्त्रिक कविता प्रतियोगितामा ऐक्यवद्धता

चितवनका पन्ध्र र काठमाडौको एक गरी सोह्रवटा साहित्यिक सङ्घसंस्थाहरुको आयोजनामा वि.सं. २०६४ भाद्र २८ गतेका दिन भरतपुरमा पारिजात काव्ययात्रा गणतान्त्रिक कविता प्रतियोगिता सम्पन्न भएको देखिन्छ । यस कार्यक्रमको संयोजक साहित्य सङ्गम चितवनका सदस्य (हाल उपाध्यक्ष) कवि एवम् निबन्धकार भूपिन व्याकुल रहेको पाइन्छ । सोह्रवटा संस्थामध्ये साहित्य सङ्गम चितवन पनि एक रहेको छ । यी सोह्रवटा संस्थाहरुको संयुक्त आयोजनामा सम्पन्न सो गोष्ठीमा प्रतियोगी अप्रतियोगी गरी पचपन्न जना कविहरुले गणतान्त्रिक कविता वाचन गरेको देखिन्छ ।[८०]

## ४.१०.१० गणतान्त्रिक कविता उत्सवमा ऐक्यवद्धता

साहित्यको सम्बन्ध परिवर्तनसँगै हुने गर्दछ । नेपालको परिवर्तनका सम्बन्धमा स्रस्टाहरुले कलम अत्यन्तै जागरुक बन्न गएको छ । २०६२/०६३ को जनआन्दोलनले चाहना गरे मुताविक सङ्घीय लोकतान्त्रिक गणतन्त्रको कार्यान्वयनलाई थप बलियो तुल्याउने अभिप्रायका साथ चितवनका स्रस्टाहरु जुर्मुराए । तदअनुरुप “संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको हार्हिक स्वागत गर्दछौ” भन्ने नाराका साथ गणतान्त्रिक कविता उत्सव २०६५ कार्यान्वयन गर्ने अभिप्राय अनुरुप चितवनका विभिन्न सङ्घसंस्था र साहित्यिक मञ्चहरुको संयुक्त सहभागितामा यो कार्यक्रम सम्पन्न भएको देखिन्छ ।[८१]

यी माथिका कार्यक्रमहरुको अतिरिक्त सङ्गमले हरेक वर्ष वार्षिकोत्सवको अवसर पारेर प्रतियोगितात्मक कविगोष्ठी, पुस्तक लोकार्पण, कार्यपत्र प्रस्तुत, प्रगति प्रतिवेदन प्रस्तुत, स्रस्टाका कृतिहरुको मूल्याङ्कन, कविगोष्ठी, वृहत् साहित्य गोष्ठी, स्रस्टा सम्मान आदिजस्ता कार्यक्रमलाई निरन्तरता दिँदै आएको छ ।

यसैगरी संरक्षण कविता आन्दोलनले आयोजना गरेको कार्यक्रममा सहयोग ‘यथार्थ कुरा’ झापाले हरिहर खनाललाई अभिनन्दन गर्ने क्रममा सह-आयोजकको भूमिका निर्वाह गरेको छ भने संस्था नवीकरण, विभिन्न अधिवेशन सम्पन्न, विचार गोष्ठी, कुनै विशिष्ट व्यक्तिको व्यक्तित्व र कृतित्वसम्बन्धि समीक्षात्मक कार्यक्रम आदि कार्यहरु गरी चितवनको साहित्यिक उन्नयनमा टेवा पुर्‍याएको छ ।

## ४.११ निस्कर्ष

वास्तवमा साहित्य जीवनजगतका यावत् अनुभूतिको अभिव्यक्ति हो । यसमा सौन्दर्यात्मक अनुभूति हुन्छ । स्रस्टाका सिर्जनामा विचार सल्बलाएको हुन्छ । यही विचार वा भावयुक्त अभिव्यक्ति

७८ लक्ष्मणप्रसाद गौतम, लोकतान्त्रिक, गणतान्त्रिक आन्दोलन र चितवनको साहित्यिक परिवृत्तको सङ्क्षिप्त इतिहास, कवितामा गणतन्त्र (२०६५), पृ.९ ।

७९ ऐजन, पृ.[illegible]

८० ऐजन, पृ.७-८ ।

नै कला हो । यस्तो कलाको कुनै सीमा वा बन्धन हुँदैन, कला वा साहित्य अमूर्त शक्ति हो जसले भाव सम्प्रेषण गरेको हुन्छ । यस्तै भावना बोकेका स्रस्टाहरु साहित्य साधनामा लागेका देखिन्छन् ।

साहित्य सङ्गम चितवन कठिन कालो अन्धकारमा यहाँका केही बौद्धिक व्यक्तिहरुले जन्माएको संस्था हो । यो संस्था स्थापना भएपछि यसले गर्ने साहित्यिक गतिविधिहरु मोफसलका लागि प्रेरणाको स्रोत भएको देखिन्छ । यस संस्थाले हालसम्म छवटा कार्यसमितिका कार्यकालहरु पार गरिसकेको छ भने सातौं कार्यकालको अन्तिमचरणमा आइपुगेको छ । यसक्रममा साहित्य सङ्गम चितवनले प्रत्येक वर्ष भानुजयन्ती, रिमालजयन्ती, गोकुल जयन्ती, युद्धप्रसाद मिश्र जयन्ती, पारिजात स्मृति कार्यक्रम, कृष्णसेन इच्छुक स्मृति दिवस, हृदयचन्द्रसिंह स्मृति कार्यक्रम आदि मनाउँदै आएको छ भने मुखपत्र प्रकाशन, कृति प्रकाशन गरेर प्रकाशनको चरणमा पनि प्रवेश गरेको छ । यसैगरी पुरस्कार तथा मान सम्मानको स्थापना र वितरण, स्रस्टा सम्मानजस्ता रचनात्मक तथा गुणात्मक कार्यहरु पनि गर्दै आएको छ । यसैगरी मासिक रुपमा साहित्यिक कार्यक्रम गरेर नयाँ प्रतिभालाई प्रोत्साहन र पुरानालाई स्थापित बनाउने कार्य पनि गरेको छ । त्यसैगरी राष्ट्रिय रुपमा ख्याति कमाएका स्रस्टाहरुलाई सम्मान गरी राष्ट्रले गर्न नसकेको दायित्व पूरा गरेको छ । चितवन र वरपरका स्रस्टाहरुलाई नियमित जमघट गराई साहित्यिक यात्रामा अविछिन्न लाग्न लगाउन पनि साहित्य सङ्गम चितवन त्यत्तिकै सफल भएको छ । मासिक रुपमा गरिने गोष्ठीहरुमा कृति विमोचन, प्रतियोगितात्मक गोष्ठी, कृति समीक्षा, रचनावाचन, वाचित रचनाहरुको समीक्षा गर्ने परम्पराले स्रस्टाहरुलाई उत्साह प्राप्त भएको छ । यसैगरी स्थानीय स्तरका व्यक्तिहरुको कृतिको प्रतिस्पर्धा गराई पुरस्कार वितरण गर्ने प्रवृतिले साहित्यकारहरुलाई थप उर्जा मिलेको छ । यसैगरी लोकतान्त्रिक आन्दोलनमा सहभागिता जनाउने, प्रतिगमनका विरुद्ध गोष्ठी सञ्चालन गर्ने, सडक कविता कार्यक्रम गर्नेजस्ता कार्यले समाज रुपान्तरणमा महत्त्वपूर्ण भूमिका खेलेको देखिन्छ । यसका अतिरिक्त विभिन्न साहित्यिक सङ्घसंस्थाहरुसँग साहित्यिक कार्यक्रमका लागि ऐक्यवद्धता जनाउने जस्ता कार्य पनि गरेको देखिन्छ ।

यसरी साहित्य सङ्गम चितवनले नियमित साहित्यिक कार्यक्रम सञ्चालन गर्ने, पत्रिका प्रकाशन, पुस्तक प्रकाशन, पुरस्कार तथा मानसम्मानको स्थापना र वितरण, स्रस्टा सम्मान, साहित्यिक तथा गैरसाहित्यिक सङ्घसंस्थाहरुसँग समेत सहकार्य गर्ने जस्ता महत्वपूर्ण कार्यहरुको व्यवस्थित संयोजन तथा व्यवस्थापनले चितवन जिल्लामा अनगिन्ती स्थानीय तथा राष्ट्रिय स्तरका स्रस्टाहरु जन्माउन तथा हुर्काउन सफल भएको छ । यसरी यस संस्थाले आफ्नो सीमित साधन स्रोतबाट जिल्लामा जे जति रुपमा साहित्यिक क्रियाकलाप सम्पादन गर्‍यो त्यो आफैमा ऐतिहासिक र प्रशंसनीय छ ।

८१ ऐजन, पृ.८ ।

# परिच्छेद पाँच

# चितवन जिल्लाको साहित्यिक उन्नयनमा साहित्य सङ्गम चितवनको योगदान

## परि ाँचौं

### ५. चितवन जिल्लाको साहित्यिक उन्न[illegible] साहित्य सङ्गम चितवनको योगदान

### ५.१ पृष्ठभूमि

नेपाली साहित्यका उत्थान र विकासमा चितवन जिल्लाका साहित्यिक सर्जकहरु, साहित्यिक सङ्घसंस्थाहरु लगायत यस जिल्लाबाट प्रकाशित साहित्यिक समाचार तथा जानकारीमूलक पत्रिकाहरुले महत्त्वपूर्ण योगदान पुर्‍याएको पक्ष मननीय देखिन्छ । यस जिल्लाको साहित्यिक इतिहासलाई अध्ययन गर्दै जाँदा सबै भन्दा पुरानो साहित्यिक संस्थाको रुपमा वि.सं. २०१६ सालमा स्थापित नारायणी पुस्तकालय रहेको छ । वि.सं. २०१६ देखि अहिलेसम्म धेरै साहित्यिक सङ्घसंस्थाहरु, पुस्तकालयहरुले स्थानीय साहित्यको विकासमा उल्लेख्य रचनात्मक भूमिका खेलेको पाइन्छ । यसक्रममा चार दर्जनभन्दा बढी साहित्यिक पत्रपत्रिका अलवा समाचारप्रधान पत्रिकाहरु, स्मारिका तथा विभिन्न सङ्घसंस्थाहरुबाट प्रकाशित हुने मुखपत्र र एफ्.एम्.हरुले सञ्चालन गर्ने साहित्यिक कार्यक्रमको पनि उत्तिकै भूमिका रहेको देखिन्छ । यसैगरी गैरसाहित्यिक उद्देश्यले खुलेर पनि साहित्यिक कार्य गर्ने सङ्घसंस्थाहरुको पनि उत्तिकै महत्त्वपूर्ण भूमिका रहेको देखिन्छ । करिब चार दर्जन जति संख्यामा स्थापना भएका साहित्यिक सङ्घसंस्थाहरुले चितवन जिल्लाको साहित्यिक

विकासमा कुनै न कुनै रुपमा योगदान पुर्‍याएको पाइन्छ । साथै यी संस्थाहरुले विभिन्न धारा, वाद एवम् स्थानीय तथा क्षेत्रीय रुपबाट नेपाली साहित्यलाई सङ्ख्यात्मक तथा गुणात्मक योगदान पुर्‍याउदै आएको देखिन्छ । चितौनेली साहित्यिक सङ्घसंस्थाहरु छिटफुट रुपमा उदाउने र अस्ताउने यस्ता खाले श्रृङ्खलामा अविराम अनन्त यात्राको आरम्भस्वरुप साहित्य सङ्गम चितवनको स्थापना भएको हो ।

## ५.२ योगदान

औपचारिक आरम्भ वि.सं. २०४४ साल तथा विधिवत् आरम्भ वि.सं. २०४७ देखि भएको यस साहित्य सङ्गम चितवनको जन्म पञ्चायती शासनव्यवस्थाका कारण सुखद् हुन नसकेपनि प्रजातन्त्रको पुनर्बहालीले अपेक्षित वातावरण पाएको देखिन्छ । साहित्य सङ्गम चितवनको समग्र गतिविधिलाई हेर्दा अथवा पञ्चायती कालारात्रीदेखि वर्तमान गणतन्त्रसम्मको यात्रालाई परिक्रमा गर्दा 'साहित्य सङ्गम चितवन' चितवनको साहित्यिक उन्नयनमा महत्त्वपूर्ण योगदान रहेको देखिन्छ । स्रस्टाहरुलाई एकत्रित पारी प्रजातन्त्रको जग सुदृढ पार्ने कामदेखि गणतन्त्रको संस्थागत विकास गर्न यस संस्थाले त्यत्तिकै महत्त्वपूर्ण भूमिका खेलेको पाइन्छ ।

यसले आफ्नो उद्देश्यअनुरुप जिल्ला र जिल्लाबाहिर रहेका प्रतिभाहरुको खोजी गरी तिनीहरुको व्यक्तित्व एवम् कृतित्वको अभिलेख राखी सम्मान तथा पुरस्कृत गर्ने गरेको छ भने स्थानीय तथा राष्ट्रिय स्रस्टाहरुलाई प्रेरणा र साहित्यिक वातावरण दिई मासिक रुपमा कार्यक्रम गर्दै आएको छ । मासिक साहित्यिक गोष्ठीमा वाचित रचनाहरु प्रगतिवादी विचारधाराका साहित्य साधकहरुको सहभागितामा सम्पन्न गरिने हुँदा अग्रज, उदीयमान र नवोदित स्रस्टाहरुको त्रिकोणका रुपमा मासिक गोष्ठी रहेको छ । साथै देशमा विद्यमान निरंकुश शासन व्यवस्थाको अन्त्य र लोकतान्त्रिक गणतन्त्रको पक्षमा सक्रिय रुपमा स्रस्टाहरुको सहभागिता र सम्लग्नताले सार्वभौम, स्वतन्त्रता, मौलिक अधिकारको खोजी र देश विकासको पक्षमा सङ्गमले आफूलाई उभ्याउन सफल भएको देखिन्छ ।

यसैगरी सङ्गमले नेपाली भाषा, साहित्य, कला र संस्कृतिको क्षेत्रमा उत्कृष्ट योगदान पुर्‍याएका स्थानीय तथा राष्ट्रिय रुपमा प्रतिष्ठित स्रस्टाहरुलाई सम्मान गर्ने परम्परा बसाली राष्ट्रले गर्न नसकेको काम गरी भाषा, साहित्य, कला र संस्कृतिप्रतिको सरकारी उदासीनतालाई झस्काउने काम गरेको छ । यस कार्यबाट स्रस्टाहरुलाई आफ्नो कलमप्रति गर्व गर्न सक्ने अवस्था बनाइदिएको छ । यसैगरी स्थानीय तथा राष्ट्रिय स्तरबाट कृतिको आह्वान गरी उत्कृष्ट ठानिएको कृतिलाई गणेश तथा हस्तकुमारी पन्त स्मृति पुरस्कार तथा स्थानीय स्तरबाट कृतिको आह्वान गरी उत्कृष्ठ ठहरिएको कृतिलाई सहिद शिव पौडेल स्मृतिपुरस्कार र स्व.मदनमोहन जोशी स्मृतिपुरस्कार वितरण

गर्दै आएको छ । जुन स्वच्छ प्रतिस्पर्धाले साहित्यिक दिशानिर्देश गरेको पक्ष उत्तिकै अविस्मरणीय रहेको देखिन्छ ।

यसैगरी साहित्य सिर्जनामा प्रोत्साहन गर्ने, मासिक साहित्य सङ्गम गर्ने, साहित्यिक गोष्ठी तथा प्रतियोगिताहरुको आयोजना गर्ने कार्यलाई निरन्तरता दिएको छ । जसले एकातिर अनगिन्ती नवप्रतिभाहरु जन्माएको छ भने अर्कोतिर स्रस्टाका रचनाहरुलाई उत्तिकै खार्ने काम गरेको छ । यसैगरी सडककविता कार्यक्रमको आयोजना तथा सहभागिता र विभिन्न सङ्घसंस्थाहरुसँग ऐक्यवद्धता, विभिन्न राष्ट्रिय स्रस्टाहरुको जन्मजयन्तीहरु मनाउने, 'साधनाकारण' जस्तो नवीन कार्य गर्नु, जनाउनु, गणतान्त्रिक आन्दोलनमा सहभागिता जनाउनु, औचित्यका दृष्टिले दृस्टान्त देखिन्छ ।

यसैगरी यस संस्थाले वि.सं. २०२६ सालदेखि प्रकाशित हुँदै आएको पत्रिका **नौलो राँको** लाई आफूले वैधानिकता प्राप्त गरेको सालदेखि आफ्नो मुखपत्र स्वरुप निरन्तरता दिदै आउनु औचित्यका दृष्टिले अर्को दृष्टान्त देखिन्छ । सङ्गमसँग आवद्ध तथा स्थानीय तथा राष्ट्रियस्तरका स्रस्टाहरुका रचनाहरु समेटी पुस्तकीय रुप दिई प्रकाशित गर्ने क्रममा विभिन्न चार अङ्कहरु प्रकाशित भइसकेको देखिन्छ । यी मध्ये पहिलो अङ्क जनआन्दोलन कविता अङ्क, दोस्रो सामयिक भेट, तेस्रो अङ्क सामयिक सङ्कलन र चौथो अङ्क मदनमोहन जोशी विशेषाङ्कको रुपमा रहेका छन् । यी मुखपत्र मार्फत् रचना रच्न प्रेरित तथा परिस्कृत गर्ने पक्ष पनि उत्तिकै मननीय रहेको छ ।

यसैगरी साहित्यिक कृति तथा अभिलेखहरुको सङ्कलन एवम् सामयिक रुपमा साहित्यप्रधान कृति तथा पत्रिकाहरु प्रकाशन गर्ने, भाषा, संस्कृति तथा इतिहासको खोजी गर्ने र प्रकाशमा ल्याउने क्रममा विभिन्न विधाका करिब एक दर्जन जति पुस्तकहरु प्रकाशन गरेको छ । श्यामप्रसाद शर्माको लेखसङ्ग्रह **साहित्यमा सापेक्षता** (२०५०), डी.आर.पोखरेलको **यथार्थवादी समालोचनाको गोरेटो**मा (२०५८), समालोचनासङ्ग्रह, इतिहाससम्बन्धी साहित्य सङ्गम **चितवनको विगत र वर्तमान** (२०६४), ध्रुवकिरण रेग्मीको कवितासङ्ग्रह **दरिद्रताको परिवेश** (२०६२), पूर्णबहादुर अधिकारीको निबन्धसङ्ग्रह **अनुभूतिका त्रिवेणी** (२०६५), प्रकाश चापागाईं (सम्पा.)को **स्मृतिका बिम्बमा सीता** (२०६५), चेतकान्त चापागाईंको कवितासङ्ग्रह **चेतनमनका गुञ्जन** (२०६६), सरिता तिवारीको कवितासङ्ग्रह **अस्तित्वको घोषणापत्र** (२०६७), धनेश्वर भट्टराईको कवितासङ्ग्रह **आस्थाका स्वरहरु** (२०६६), डी.आर.पोखरेलको **समालोचनाको रुपरेखा** (२०६७) जस्ता कृतिहरु प्रकाशित गरेर मुख्य गरी कविता, निबन्ध, लेख, समालोचना आदि विधाहरुले उत्कृष्टता प्राप्त गरेका छन् भने कृतिगत गहनतामा ध्यानदिन उर्जा मिलेको छ ।

यसैगरी आफ्नो दुई दशकभन्दा बढी समयावधिमा विभिन्न अवसरमा सम्पादित साहित्यिक गतिविधिहरुमा राष्ट्रियस्तरमा स्थापित स्रस्टा तथा व्यक्तित्वहरुलाई आमन्त्रित गरी उनीहरुका अभिव्यक्तिबाट यहाँका सर्जकहरुलाई लाभान्वित पुर्‍याएको छ । यसैगरी राष्ट्रिय तथा स्थानीय

स्तरमा ख्याती कमाएका स्रस्टाहरुलाई आफ्ना विभिन्न कार्यक्रमहरुमा ल्याई सम्मान गरी स्रस्टाहरुप्रति व्यक्त गरेको अतीव श्रद्धालाई उदाहरणीय मान्न सकिन्छ ।

साहित्य सङ्गम चितवनमा संलग्न स्रस्टाहरु विभिन्न महत्त्वपूर्ण ओहदामा पुग्न सफल भएका छन् । जसले सङ्गमको गरिमामा थप अभिवृद्धि भएको देखिन्छ । स्थापित र दिग्गज स्रस्टाहरुको सहभागिता र उनीहरुको निर्देशन र प्रेरणाले नवोदित स्रस्टाहरुलाई लेखन क्षेत्रमा लाग्न प्रेरित गरेको पाइन्छ ।

यसैगरी आजीवन सदस्यताको शुरुवात र विस्तार गरी बयासी जना आजीवन सदस्य बनाउनु सम्भवतः मोफसलको दृष्टान्त हुन सक्छ । यसरी चितवनको पहिलो स्थापित संस्था, नियमित रुपमा आफ्ना कार्यक्रमहरु सञ्चालन, मुखपत्र (नौलो राँको) प्रकाशनलाई निरन्तरता, विभिन्न प्रकारका कार्यक्रम सम्पादन, पुस्तक प्रकाशन, राष्ट्रिय प्रतिभालाई आमन्त्रण, विभिन्न साहित्यिक क्षेत्रमा विशिष्ट योगदान पुर्‍याएका स्रस्टालाई सम्मान, राष्ट्रिय तथा स्थानीय रुपमा उत्कृष्ट ठहरिएका कृतिलाई पुरस्कार, पुरस्कार वितरणार्थ अक्षयकोष स्थापना, आजीवन सदस्यताको शुरुवात र निरन्तरता, प्रगतिवादी विचार र आस्थाका स्रस्टाहरुको साझा मञ्चका रुपमा सङ्गमले आफूलाई उभ्याएको छ ।

## ५.३ साहित्य सङ्गम चितवनको शक्ति र सीमा

'साहित्य सङ्गम चितवन' चितवन जिल्लामा स्थापित सबै भन्दा जेठो साहित्यिक संस्था हो । यस संस्थाले आफ्नो स्थापनाकाल देखि नै विविध साहित्यिक क्रियाकलाप गर्दै चितवनको साहित्यिक उन्नयनमा महत्त्वपूर्ण योगदान दिएको छ । यस संस्थामा संलग्न साहित्यिक प्रतिभाहरु राष्ट्रियस्तरमा आफ्नो पहिचान दिएका छन् । यस संस्थाका संस्थापक एवम् आजीवन सदस्य स्व.मदनमोहन जोशी पत्रकार एवम् समाजसेवीका रुपमा परिचित छन् भने अर्का संस्थापक एवम् आजीवन सदस्य हरिहर खनाल कविता, कथा, अनुवाद, सस्मरण, निबन्ध तथा समीक्षा आदि विधामा राष्ट्रिय रुपमा नै परिचित रहेका छन् । यसैगरी अर्का आजीवन सदस्य डी.आर.पोखरेल वरिष्ट समालोचकका रुपमा चिनिदै आएका छन् भने डा.भीमराज अधिकारी, डा.रविमोहन सापकोटा, डा.बालकृष्ण थापा, डा.अर्जुन श्रेष्ठ र डा.गणेशप्रसाद खराल यस संस्थामा आवद्ध रहनु यस क्षेत्रकै लागि उल्लेख्य प्राप्ति मान्नु पर्छ । यसै गरी कपिल अज्ञात, रविकिरण, निर्जीव, रामहरि श्रेष्ठ, भवनाथ सडौला, भागवतशरण न्यौपाने, होमनाथ सापकोटा, धनेश्वर भट्टराई, पूर्णबहादुर अधिकारी, ध्रुवकिरण रेग्मी, चेतकान्त चापागाईं, पोषराज पौडेल, देवराज पौडेल, इन्द्रप्रसाद रेग्मी आदि स्रस्टाहरु राष्ट्रको शैक्षिक तथा प्रशासनिक क्षेत्रको अनुभव हासिल गरी सम्बन्धित क्षेत्रको जिम्मेवारी बहन गरेक र महत्त्वपूर्ण पदमा पुगेकाले पनि यी स्रस्टाहरुबाट यस सङ्गमको गरिमालाई अभिवृद्धि गरेको देखिन्छ । जसले गर्दा सङ्गमले राष्ट्रिय महत्त्व बोकेका क्षेत्रमा सम्लग्न साहित्यिक व्यक्तित्वहरुको सहभागिता प्राप्त

गरेको पाइन्छ । यसैगरी युवा पुस्ताका सशक्त कविहरु रमेश प्रभात, भूपिन व्याकुल, बाबुराम पाण्डे, शशिकिरण रेग्मी आदि युवाकविहरुले पनि यस संस्थामा सक्रिय रुपमा रहेर साहित्यिक सेवा गरी रहेका छन् । यसै गरी सरिता तिवारी, नमूना शर्मा, मिथिला प्याकुरेल, कल्पना आचार्य आदि नारी प्रतिभाहरुको पनि यस संस्थामा सक्रिय उपस्थिति रहेको छ । यसैगरी रह शर्मा, रेवतीरमण खनाल, चूडा ढकाल, जगतराज पौडेल, विवेकी, महेश न्यौपाने, रामकिरण रेग्मी, भानुप्रसाद उपाध्याय, मोदनाथ मरहट्टा, गोपीलाल देवकोटा, जगन्नाथ थपलिया आदि लगायत थुप्रै स्रस्टाहरुले यस संस्थामा सम्लग्न रही नेपाली साहित्यको क्षेत्रमा योगदान दिएका छन् । यसैगरी विभिन्न वामपन्थी शक्तिहरुलाई एकत्रित गरी अद्यापि थेगिराख्न सक्नु यसको शक्तिको अर्को दृष्टान्त मान्न सकिन्छ ।

यसले वर्षेनी विशिष्ट राष्ट्रिय साहित्यिक व्यक्तित्वहरुका जन्मजयन्तीमा विविध साहित्यिक कार्यक्रम गरेर साहित्यकर्मीहरुलाई भेला पार्ने, तिनका रचना वाचन गर्ने, पुरस्कार प्रदान गर्ने, भाषा विकासका गोष्ठीहरु गर्ने आदि महत्त्वपूर्ण कार्य गर्दै आएको छ ।

आवधिक निर्वाचनका माध्यमबाट नेतृत्व चयन, स्थापनाकालदेखि नै विभिन्न साहित्यिक तथा सामाजिक संस्थाहरुसँग हातेमालो गर्दै विभिन्न कार्यक्रम सम्पादन गर्नु, पुरस्कार वितारणार्थ अक्षयकोष स्थापना, प्रगतिशील विचारका प्रतिभाहरुको साझा मञ्च तथा आधारस्तम्भ, स्थानीय स्तरमा विशुद्ध साहित्यिक संस्था, सबैभन्दा पहिला स्थापना भएर पनि हालसम्म जीवित र सक्रिय संस्थाका रुपमा रहनु, राष्ट्रिय स्तरका लेखक कविहरुका बीचमा परिचित र सम्मानित तथा अग्रज र अनुजहरुको सहभागिता यस संस्थाका शक्ति हुन् ।

त्यसैगरी पत्रिका प्रकाशन, पुस्तक प्रकाशनलाई निरन्तरता, स्थानीय तथा राष्ट्रियस्तरका प्रतिभाहरुको छनोट गरी नगद सहित सम्मान गर्नु, नवीन खालका कार्यक्रम गर्नु, कार्यक्रमको समयमा अन्य साहित्यिक संस्थाका सदस्यहरुले सहभागिता जनाउनु, आजीवन सदस्यको शुरुवात गरी बयासी जना आजीवन सदस्य बनाउन सक्नु यसको अर्को महत्त्वपूर्ण पाटो हो ।

साहित्य सङ्गम चितवनले राष्ट्रका महत्त्वपूर्ण क्षेत्रमा पुगेका वरिष्ठ साहित्य सर्जकहरुलाई सम्मान र पुरस्कृत गर्ने सन्दर्भमा होस् चाहे विभिन्न स्रस्टाहरुका कृति विमोचन गर्ने थलोको रुपमा कृति प्रकाशन गर्ने, संस्थाको रुपमा यसका प्रत्येक कार्यक्रम र गतिविधि उच्चस्तरका देखिनु सह्रानीय पक्ष हुन् । यहाँ उल्लेखित सबै विषयवस्तुहरु, गतिविधिहरु र यसले पुर्‍याएको योगदान नै वास्तवमा साहित्य सङ्गम चितवनका शक्ति हुन् र यी महत्त्वपूर्ण उपलब्धिका रुपमा रहेका छन् ।

साहित्य सङ्गम चितवनका माथि उल्लेख गरिएका केही शक्ति र उपलब्धिहरुको चर्चा पश्चात् यसका केही आलोच्य पक्ष समेत देखापरेका छन् । तिनीहरुलाई यहाँ सीमाअन्तर्गत राखेर केही संक्षिप्त रुपमा चर्चा गर्ने प्रयास गरिएको छ । यो संस्था प्रगतिवादीहरुको विचार बिसाउने र प्रगतिवादी स्रस्टाहरुलाई गोलबद्ध गर्ने थलोका रुपमा रहेको देखिन्छ । प्रगतिशील कविहरुको साझा मञ्चको रुपमा रहेको यस संस्था सबै प्रकारका आस्था र वैचारिक स्थलको रुपमा हुन नसकेको

देखिन्छ । यो कुनै एउटा वादमा मात्र सीमित नभई हरेक वादका स्रस्टाहरुलाई मञ्च दिन सकेमा यो संस्थाले अझै लोकप्रियता हासिल गर्न सक्ने कुरामा दुईमत देखिदैन् । वामपन्थी शक्तिभित्र पनि धेरैवटा समूहरुमा विभाजित स्रस्टाहरुको संस्था भएकाले कतिपय मामलामा समूह स्वार्थ प्रवल भएको र राजनीतिक द्वन्द्व भएको पनि देखिन्छ । पहिलो कार्य समिति र दोस्रो कार्यसमितिको नेतृत्व बीचमा यस्तै द्वन्द्व भएको पाइन्छ । यसैगरी यस संस्थाले स्थापनाकालदेखि मनाउदै आएको जन्मजयन्तीहरुलाई निरन्तरता दिनु तर प्रगतिवादी स्रस्टाहरुको (प्रतिभाहरुको) जयन्तीलाई विशेष प्राथमिकता दिनु र अन्य जयन्तीलाई नदिनु सीमा मान्न सकिन्छ । नियमित रुपमा मुखपत्र प्रकाशन र साहित्यिक गोष्ठीहरु गर्न नसक्नु यसको अर्को कमजोर पक्ष ठहर्छ । यसैगरी सबैभन्दा पहिला स्थापना भएर पनि सन्तोषजनक रुपमा कृति प्रकाशन गर्न नसक्नु र प्रकाशित कृतिहरु तथा पत्रिकाको व्यवस्थित भण्डार गर्न नसक्नु अर्को कमजोरी रहेको देखिन्छ । यसैगरी प्रकाशित पुस्तकहरुको बारेमा प्रचार प्रसारको लागि पनि खासै काम भएको पाइँदैन । यस संस्थाले चितवन जिल्लाभन्दा बाहिरका संस्थाहरुसँग त्यति सहकार्य गरेको देखिदैन् । यसले यस क्षेत्रमा मात्र सीमित नरही अन्य जिल्लास्तरका साहित्यिक संस्थाहरुको घनीभूत सम्लग्नतामा समन्वय कायम गरी कार्यक्रम गर्न सकेको खण्ड यस क्षेत्रकै गौरवशाली संस्थाका रुपमा रहने देखिन्छ । यसैगरी सङ्गमद्वारा प्रकाशित मुखपत्रको गुणात्मक आयामलाई संख्यात्मक रुपमा नै वृद्धि गर्नुपर्ने देखिन्छ ।

## ५.४ निष्कर्ष

सङ्गमले स्थानीय स्रस्टाहरुलाई नियमित भेटघाट गर्न साहित्यिक वातावरण तय गर्ने कामदेखि लिएर मुखपत्र प्रकाशन, कृतिप्रकाशन, विभिन्न पुरस्कार तथा मानसम्मानको वितरण, पुरस्कार वितरणार्थ अक्षयकोष स्थापना, स्रस्टा सम्मान, मासिक साहित्य सङ्गम सञ्चालन, विभिन्न अग्रज प्रगतिवादी साहित्यकारहरुको जन्मजयन्ती पारने विभिन्न प्रकारका कार्यक्रम सम्पादनजस्ता महत्त्वपूर्ण कामहरुमा साहित्य सङ्गम चितवन लागि परेको देखिन्छ । यी विभिन्न गतिविधिहरुबाट साहित्यप्रति झुकाव राख्ने नवोदित स्रस्टाहरुले आधारभूमि प्राप्त गरेका छन् भने अग्रज स्रस्टाहरु पथप्रदर्शकको भूमिकामा बस्न पाएको देखिन्छ । राष्ट्रिय रुपमा स्थापित स्रस्टाहरुलाई सम्मान गरी सर्जकहरुप्रति राष्ट्रले गर्न नसकेको कर्तव्यमात्र पूरा नगरी नव प्रतिभाहरुलाई पनि उत्प्रेरणा प्रदान गर्ने काम गरेको छ । विभिन्न पुरस्कारहरुको संयोजन गरी स्थानीय तथा राष्ट्रिय प्रतिभा पहिचान गरी पुरस्कृत गर्ने परिपाटी बसाली नवप्रतिभाहरुलाई अपार हौसला र आधारभूमि प्रदान गर्न साहित्य सङ्गमको अद्वितीय भूमिका रहेको देखिन्छ । यसले मुखपत्रको रुपमा विभिन्न चार अङ्कहरु प्रकाशित गरी विभिन्न तप्काका स्रस्टाहरुलाई स्थान दिई पुस्तकीय कृतिका लागि प्रोत्साहन गरेको देखिन्छ । सबै खाले स्रस्टा र रचनाहरुलाई सङ्ग्रहित गरी प्रकाशन गर्ने परिपाटीले साहित्यकारका कृति

प्रकाशनमा प्रोत्साहन तथा साहित्यलाई व्यावसायिक रुपमा विस्तार गर्नतर्फ सङ्केत गरेको देखिन्छ। साहित्य सङ्गम चितवन स्थापना भएदेखि अद्यापि निरन्तर रुपमा तेइसौं वर्षदेखि साहित्यिक संस्थाका रुपमा आफूलाई चिनाउन सफल र जीवन्त संस्थाका रुपमा देखा परेको छ । यसरी साहित्य सङ्गम चितवनले चितवन जिल्लामा प्रगतिशील साहित्यको उत्थानमा महत्त्वपूर्ण भूमिका खेलेको छ। यो संस्था नै चितवनको प्रगतिशील साहित्यको आधारस्तम्भ हो ।

# परिच्छेद छ

# उपसंहार

# पा छ

## ६. उपसंहार

चितवनको साहित्यिक उन्नयनमा साहित्य सङ्गम चितवनको योगदान शीर्षकको प्रस्तुत शोधपत्रको उपसंहार खण्डमा परिच्छेद-परिच्छेदको निष्कर्षलाई सङ्क्षेपमा प्रकाश पार्नु सान्दर्भिक ठानिएको छ ।

### ६.१ पहिलो परिच्छेद

यस परिच्छेदमा शोधपत्रको शोधपरिचय सम्बन्धित स्तम्भहरु राखिएका छन् ।

### ६.२ दोस्रो परिच्छेद

चितवन जिल्ला प्राकृतिक सौन्दय र रमणीय छटाहरुले भरिपूर्ण विभिन्न नदीनालाहरुबाट अभिसिञ्चित, जैविक विविधता, जातीय एवम् धार्मिक विविधतायुक्त भित्रि मधेशीय जिल्ला हो । सांस्कृतिक, ऐतिहासिक तथा पुरातात्विक दृष्टिले महत्त्वपूर्ण मानिने यस जिल्लाको प्राकृतिक सौन्दर्यका साथै राजनीतिक महत्त्व पनि रहेको छ । यहाँको भौगोलिक अवस्था जाति, धर्म, भाषा, जनसंख्या, शिक्षा, स्वास्थ्य, यातायात, सञ्चार प्रमुखवाली आदिको विकासले चितवन जिल्लालाई

समृद्धशाली बनाएको छ । बहुभाषी, बहुजाति र बहुधर्माबलम्बीहरुको साझा फुलबारीको रुपमा रहेको यो जिल्ला नेपालका प्रायः सबै जिल्लाबाट बसाइँ सरेर आउने विभिन्न समुदायको अन्तरसमन्वयले गर्दा एक प्रकारको समावेशी संस्कृतिको धनी छ भन्न सकिने अवस्था रहेको छ ।

प्रारम्भमा घना जङ्गल, थारु र चेपाङ जातिको बसोबास रहेको यस जिल्लामा वि.सं. २०११ सालमा राप्तीदून विकास परियोजनाले विकास क्षेत्र घोषणा गरेपछि विकास निर्माणका पूर्वाधारहरु सँगै साहित्यले पनि गति लिन थाल्यो र अलिखित रुपमा रहेको लोकसाहित्यय पनि लिखित रुपमा आउन थाले । यसैक्रममा कलानाथ अधिकारीले थारु लोककथा जितिया पावनी (२०१६) प्रकाशन गरेर लिखित साहित्यको सुरुवात गरे । त्यसपछि चितवन हाइस्कुलका विद्यार्थीहरुले निकालेको **'चितवनको चिनो'** (२०२१) पत्रिका, रामपुरमा सम्पन्न राष्ट्रव्यापी साहित्य सम्मेलन (२०२२), प्रेमविनोद नन्दनको गीतसङ्ग्रह **सपनीबाट ब्युँझेर** (२०२३), जिल्लास्तरीय साहित्य गोष्ठी (२०२४), संयुक्त रुपमा प्रकाशित पत्रिका **दोभान** (२०२५), **नौलो राँको** (२०२६), **जाँगर** (२०३६) आदिको पृष्ठभूमिमा चितवनको साहित्य हुर्केको पाइन्छ ।

## ६.३ तेस्रो परिच्छेद

राप्तीदून परियोजना लागु भई औलो उन्मूलन भएपछि अन्यत्रबाट चितवन बसाइँ सर्ने प्रवृति साहित्यकला प्रतिको अनुराग, शिक्षाको जागरण, सामाजिक, आर्थिक र राजनीतिक रुपमा अगाडि बढ्ने क्रममा साहित्यिक रचना गर्ने र तिनलाई प्रकाशन गर्ने क्रमसँगसँगै साहित्यिक सङ्घसंस्थाहरु पनि स्थापना हुन थाले । यसैक्रममा वि.सं. २०१६ सालमा नारायणी पुस्तकालय, वि.सं. २०१८ सालमा नारायणीकला मन्दिर हुँदै वि.सं. २०४४ सालमा साहित्य सङ्गम चितवन र २०४५ सालमा चितवन साहित्य परिषदको स्थापना भयो । बहुदलीय प्रजातन्त्रको पुनःस्थापना हुनुभन्दा अगाडि सङ्घसंस्था स्थापनाको लागि कठिन भएपनि बहुदलीय प्रजातन्त्रको पुनःस्थापना पछि दर्जनौं साहित्यिक संस्थाहरु स्थापना भए । यसैक्रममा नारायणी पुस्तकालय (२०१६) बाट आरम्भ भएको सङ्घसंस्था स्थापनाको क्रम आजसम्म झण्डै चारदर्जनको हाराहारीमा रहेको पाइन्छ । तर यी सबै साहित्यिक संस्थाहरु वर्तमान अवस्थासम्म क्रियाशील भने देखिएका छैनन्  कतिपय संस्थाहरु एक अर्कोमा विलिन भएका छन् भने कतिपय समयको प्रवाहमा निरन्तरता दिन नसकेकाले इतिहासको गर्भमा मात्र सिमित रहन पुगेका छन् । कतिपय संस्थाहरु स्थापनाका सुरुका वर्षमा सक्रिय रहेका र पछि सुस्ताउँदै गएको पाइन्छ । साहित्य सङ्गम चितवन, चितवन साहित्य परिषद, वाल्मिकी साहित्य सदन लगायत आधादर्जनभन्दा बढी दर्ता भएका र अक्षर समूह, हाम्रो मझेरी साहित्य प्रतिष्ठान आदि लगायत दर्जनौं संस्थाहरुले संस्था दर्ता नगरेपनि साहित्यिक कार्य सञ्चालन गर्दै आएका छन् भने दर्जनौं संस्थाहरु अन्य उद्देश्यले खुले पनि साहित्यिक कार्य गरी चितवनको साहित्यिक उन्नयनमा सहयोग पुर्‍याएका छन् ।

## ६.४ चौथो परिच्छेद

पञ्चायती चरम दमन र शोषणका कारण पञ्चायतप्रतिको असन्तुष्टि पोख्ने थलोको रुपमा नेपाली साहित्य बन्दै गरेको राष्ट्रिय अवस्थाबाट चितौनेली स्रस्टा र साहित्य पनि अछुतो रहन सकेन । फलस्वरुप चितवनका केही प्रगतिवादी अग्रज साहित्यानुरागीहरुको सक्रियतामा साहित्य सङ्गम चितवनको स्थापना भएको हो । मदनमोहन जोशीको संयोजकत्वमा वि.सं. २०४४ साल कार्तिक २८ गते गठन भएको यो संस्था वि.सं. २०४७ जेठ २ गते जिल्ला प्रशासन कार्यालय चितवनमा दर्ता भई स्थापनाका दृष्टिले प्रथम तर दर्ताका दृष्टिले दोस्रो साहित्यिक संस्थाका रुपमा आफूलाई चिनाएको छ ।

बयासी जना आजीवन सदस्य, आवधिक निर्वाचनका माध्यमबाट नेतृत्व चयन गरी मदनमोहन जोशीदेखि हरिहर खनाल, रविकिरण निर्जीव, पोषराज पौडेल हुँदै हाल भवनाथ सडौलाले नेतृत्व सम्हालेका साहित्य सङ्गम चितवनले जिल्लामा विविध साहित्यिक क्रियाकलाप सम्पादन गर्दै आएको छ । स्थापित र नवोदित तथा प्रगतिवादी विचार र आस्थाका स्रस्टाहरुको साझा चौतारी साहित्य सङ्गम चितवनले बैङ्कमार्फत् आर्थिक कारोबार, पुरस्कार वितरणार्थ अक्षयकोष स्थापना, संस्था नवीकरण गरी आफ्ना गतिविधि सञ्चालन गर्दै आएको छ । यसैगरी यस संस्थामा सम्लग्न स्रस्टाहरु विभिन्न महत्त्वपूर्ण ओहदामा पुग्न सफल भएका छन् । जसले गर्दा सङ्गमको गरिमामा थप अभिवृद्धि भएको देखिन्छ ।

सङ्गमको आर्थिक स्थिति कमजोर रहेको छ । विभिन्न क्षेत्रबाट आर्थिक स्रोत जुटाएर मात्र कार्यक्रमहरु सम्पन्न गरेको देखिन्छ । नियमित रुपमा प्राप्त भइरहने कुनै भरपर्दो आर्थिक स्रोत नभएकाले कार्यक्रम विस्तार गर्न कठिनाई भएको देखिन्छ । तापनि सीमित साधन र श्रोतबीच रहेर पनि सङ्गमका सदस्यहरुको सक्रियता र जनसहभागिताको समर्थन तथा सहयोगले जे जति कार्य गर्‍यो त्यो प्रशंसनीय नै देखिन्छ ।

यसले स्थानीय तथा राष्ट्रिय रुपमा रही नेपाली भाषा, साहित्यको क्षेत्रमा उत्कृष्ट योगदान पुर्‍याएवापत साहित्य सङ्गम सम्मान तथा पुरस्कारले सम्मानित गर्दै आएको छ । यी मध्ये हालसम्म गणेश तथा हस्तकुमारी (लक्ष्मीदेवी) पन्त स्मृति पुरस्कारबाट तीनजना , सहीद शिव पौडेल स्मृति पुरस्कारबाट दुईजना, मदनमोहन जोशी स्मृति पुरस्कारबाट एकजना तथा साहित्य सङ्गम सम्मानद्धारा नौ जना गरी जम्मा स्रोह जना स्रस्टाहरुलाई सम्मान गरिसकेको छ । यी माथिका पुरस्कार तथा सम्मान मध्ये **साहित्य सङ्गम सम्मान** प्रत्येक दुई वर्षमा कुनै विशेष दिन पारेर वितरण गरिन्छ भने अन्य पुरस्कार वार्षिक पुण्य तिथिको अवसर पारेर वितरण गर्दै आएको छ । यसैगरी आफ्नो मुखपत्रका रुपमा **नौलो राँको**लाई निरन्तरता दिंदै यसको चार अङ्क सम्म प्रकाशन भएको छ । यसका सामयिक सङ्कलन, सामयिक भेट र मदनमोहन विशेषाङ्क आदि समेत प्रकाशित भैसकेका छन् । यसैगरी यसले श्यामप्रसाद शर्माको **साहित्यमा सापेक्षता** (२०५०) लेखसङ्ग्रह, डी.आर.पोखरेलको समालोचना सङ्ग्रह **यथार्थवादी समालोचनाको गोरेटोमा** (२०५८) **समालोचनाको रुपरेखा** (२०६७), ध्रुवकिरण रेग्मीको कविता सङ्ग्रह **दरिद्रताको परिवेश** (२०६२), पूर्णबहादुर अधिकारीको निबन्ध सङ्ग्रह **अनुभूतिका त्रिवेणी** (२०६५), प्रकाश चापागाइँको (सम्पा.) **स्मृतिका**

**बिम्बमा सीता** (२०६५), चेतकान्त चापागाइँको कवितासङ्ग्रह **चेतनमनका गुञ्जन** (२०६६) धनेश्वर भट्टराईको कवितासङ्ग्रह **आस्थाका स्वरहरु** (२०६६), सरिता तिवारीको कवितासङ्ग्रह **अस्तित्वको घोषणापत्र** (२०६७) जस्ता कृति र पत्रिका प्रकाशित गरेर सङ्गमको इतिहासलाई महत्त्वपूर्ण उपलब्धिका रुपमा देखाएका छन् ।

## ६.५ पाचौं परिच्छेद

साहित्य सङ्गम चितवन चितवनको पहिलो स्थापित संस्था हो । यसले चितवनको साहित्यिक उन्नयनमा महत्त्वपूर्ण योगदान पुर्‍याएको छ । यो भन्दा पछाडि जिल्लाको साहित्यिक विकासका क्रममा स्थापना भएका कैयौं संस्थाहरु इतिहासको कालखण्डमा स्थापना भएर र ती इतिहासकै गर्भमा विलिन समेत भएको पाइन्छ । तर साहित्य सङ्गम चितवन निरङ्कुश चरम दमनको अवस्थामा जन्म भएको देखिन्छ । विभिन्न बाधा व्यवधान र अड्चनका बावजुद पनि जन्म भएर पञ्चायती व्यवस्थाका विरुद्ध र लोकतान्त्रिक शासन व्यवस्थाका पक्षमा सदा सङ्घर्ष गर्दै सबै प्रगतिवादी विचारका स्रस्टाहरुको मन विसाउने साझा चौतारीको रुपमा विकसित हुँदै सबैलाई सङ्गठित पार्दै वि.सं. २०४६ को जनआन्दोलनदेखि वि.सं.२०६३ सालको जनआन्दोलन दुई सम्म सक्रिय सहभागिता जनाउँदै जनतको बीचबाट जन्मेर जनतामै समर्पित एवम् जनताकै साहित्यलाई खोजी गर्ने, फूल्ने फल्ने अवसर दिने र साहित्य, भाषा, कला र संस्कृतिको क्षेत्रमा निरन्तर समर्पित तथा क्रियाशील संस्थाका रुपमा सङ्गम अद्यापि देखिएको छ । स्थानीय स्रस्टाहरुलाई नियमित भेटघाट गर्न साहित्यिक वातावरण तय गर्ने काम देखि लिएर नियमित रुपमा गोष्ठी तथा प्रतियोगिताको आयोजना गर्नु, विभिन्न पुरस्कार तथा स्रस्टा सम्मानको व्यवस्था गर्नु, पत्रिका तथा कृतिहरु प्रकाशन गर्नु, विभिन्न राष्ट्रिय अग्रज स्रस्टाहरुका जन्म जयन्ती पारेर विशेष कार्यक्रम गर्नु, विभिन्न साहित्यिक कार्यक्रम आयोजनामा अन्य संस्थाहरुसँग ऐक्यबद्धता जनाउनु आदि जस्ता साहित्यिक गतिविधि र क्रियाकलापले चितवन जिल्लाको साहित्यिक उन्नयनमा साहित्य सङ्गम चितवनको महत्त्वपूर्ण योगदान रहेको छ । यस संस्थाको चितवन जिल्लाको साहित्यिक विकासमा महत्त्वपूर्ण योगदान हुँदा हुँदै पनि केही कमी कमजोरी पनि नभएका होइनन् । त्यस्ता कमजोरीहरुलाई भविष्यमा परिमार्जन र संशोधनीय रुपमा अझ प्रभावकारी ढङ्गले सबैको सक्रिय सहभागितामा गतिशील बनाई राख्नु पर्ने आवश्यकता महसुस गरिएको छ । जेहोस् सङ्गम गतिशील र प्रगतिशील विचारधारालाई लिएर आफ्नो लक्ष्यमा अडिक रहेको सबै स्रस्टाहरुको वैचारिक मन्थनको साझा चौतारीका रुपमा रहेको छ ।

## ६.६ छैटौं परिच्छेद

यस परिच्छेदमा एक परिच्छेददेखि पाँचौं परिच्छेदसम्मका परिच्छेदहरुको समीक्षात्मक निष्कर्ष निकाली उपसंहार दिइएको छ । यसरी साहित्य सङ्गम चितवनले आफ्नो सीमित साधन स्रोतबाट जिल्लामा जे जति साहित्यिक क्रियाकलाप सम्पादन गर्‍यो त्यो आफैमा ऐतिहासिक र प्रशंसनीय छन् ।

## ६.७ समग्र निष्कर्ष

चितवन जिल्ला प्राकृतिक सौन्दर्यले भरिपूर्ण विभिन्न नदी नालाहरुबाट अभिसिञ्चित जातीय एवम् धार्मिक विविधता, जैविक विविधतायुक्त भित्रि मधेशीय जिल्ला हो । साँस्कृतिक, ऐतिहासिक, पर्यटन तथा पुरातात्विक दृष्टिले महत्त्वपूर्ण मानिने यस जिल्लाको प्राकृतिक सौन्दर्यका साथै राजनीतिक महत्त्व पनि रहेको छ । नेपालको मध्यभागमा अवस्थित विभिन्न जाति, धर्म, भाषा, संस्कृति मान्ने समुदायका मानिसहरुको बसोबास स्थलका साथै शिक्षा, स्वास्थ्य, यातायात, सञ्चार, वाली आदिको विकासले पनि चितवन जिल्लालाई समृद्धशाली बनाएको छ । बहुभाषी, बहुजाती र बहुधर्माबलम्बीहरुको साझा फूलबारीको रुपमा रहेको यो जिल्ला नेपालका प्रायः सबै जिल्लाबाट बसाइँ सरेर आउने विभिन्न समुदायको अन्तरसमन्वयले गर्दा एक प्रकारको समावेशी संस्कृतिको धनी छ भन्न सकिने अवस्था रहेको छ ।

प्रारम्भमा घना जङ्गल, थारु र चेपाङ जातिको बसोबास रहेको यस जिल्लामा वि.सं. २०११ सालमा राप्तीदून विकास परियोजनाले विकास क्षेत्र घोषणा गरेपछि विकास निर्माणका पूर्वाधारहरु सँगै साहित्यले पनि गति लिन थाल्यो र अलिखित रुपमा रहेको लोकसाहित्य पनि लिखित रुपमा आउन थाले । यसैक्रममा कलानाथ अधिकारीले थारु लोककथा जितिया पावनी (२०१६) प्रकाशन गरेर लिखित साहित्यको सुरुवात गरे । त्यसपछि चितवन हाइस्कुलका विद्यार्थीहरुले निकालेको **'चितवनको चिनो'** (२०२१) पत्रिका, रामपुरमा सम्पन्न राष्ट्रव्यापी साहित्य सम्मेलन (२०२२), प्रेमविनोद नन्दनको गीतसङ्ग्रह **सपनीबाट ब्युँझेर** (२०२३), जिल्लास्तरीय साहित्य गोष्ठी (२०२४), संयुक्त रुपमा प्रकाशित पत्रिका **दोभान** (२०२५), **नौलो राँको** (२०२६), **जाँगर** (२०३६) आदिको पृष्ठभूमिमा चितवनको साहित्य हुर्केको पाइन्छ ।

राप्तीदून परियोजना लागु भई औलो उन्मूलन भएपछि अन्यत्रबाट चितवन बसाइँ सर्ने प्रवृति साहित्यकला प्रतिको अनुराग, शिक्षाको जागरण, सामाजिक, आर्थिक र राजनीतिक रुपमा अगाडि बढ्ने क्रममा साहित्यिक रचना गर्ने र तिनलाई प्रकाशन गर्ने क्रमसँगसँगै साहित्यिक सङ्घसंस्थाहरु पनि स्थापना हुन थाले । यसैक्रममा वि.सं. २०१६ सालमा नारायणी पुस्तकालय, वि.सं. २०१८ सालमा नारायणीकला मन्दिर हुँदै वि.सं. २०४४ सालमा साहित्य सङ्गम चितवन र २०४५ सालमा चितवन साहित्य परिषदको स्थापना भयो । बहुदलीय प्रजातन्त्रको पुनःस्थापना हुनुभन्दा अगाडि सङ्घसंस्था स्थापनाको लागि कठिन भएपनि बहुदलीय प्रजातन्त्रको पुनःस्थापना पछि दर्जनौं साहित्यिक संस्थाहरु स्थापना भए । यसैक्रममा नारायणी पुस्तकालय (२०१६) बाट आरम्भ भएको सङ्घसंस्था स्थापनाको क्रम आजसम्म झण्डै चारदर्जनको हाराहारीमा रहेको पाइन्छ । तर यी सबै साहित्यिक संस्थाहरु वर्तमान अवस्थासम्म क्रियाशील भने देखिएका छैनन् कतिपय संस्थाहरु एक अर्कोमा विलिन भएका छन् भने कतिपय समयको प्रवाहमा निरन्तरता दिन नसकेकाले इतिहासको गर्भमा मात्र सिमित रहन पुगेका छन् । कतिपय संस्थाहरु स्थापनाका सुरुका वर्षमा सक्रिय रहेका र पछि सुस्ताउँदै गएको पाइन्छ । साहित्य सङ्गम चितवन, चितवन साहित्य परिषद, वाल्मिकी साहित्य सदन लगायत आधादर्जनभन्दा बढी दर्ता भएका र अक्षर समूह, हाम्रो मझेरी साहित्य

प्रतिष्ठान आदि लगायत दर्जनौं संस्थाहरुले संस्था दर्ता नगरेपनि साहित्यिक कार्य सञ्चालन गर्दै आएका छन् भने दर्जनौं संस्थाहरु अन्य उद्देश्यले खुले पनि साहित्यिक कार्य गरी चितवनको साहित्यिक उन्नयनमा सहयोग पुर्‍याएका छन् ।

पञ्चायती चरम दमन र शोषणका कारण पञ्चायतप्रतिको असन्तुष्टि पोख्ने थलोको रुपमा नेपाली साहित्य बन्दै गरेको राष्ट्रिय अवस्थाबाट चितौनेली स्रस्टा र साहित्य पनि अछुतो रहन सकेन । फलस्वरुप चितवनका केही प्रगतिवादी अग्रज साहित्यानुरागीहरुको सक्रियतामा साहित्य सङ्गम चितवनको स्थापना भएको हो । मदनमोहन जोशीको संयोजकत्वमा वि.सं. २०४४ साल कार्तिक २८ गते गठन भएको यो संस्था वि.सं. २०४७ जेठ २ गते जिल्ला प्रशासन कार्यालय चितवनमा दर्ता भई स्थापनाका दृष्टिले प्रथम तर दर्ताका दृष्टिले दोस्रो साहित्यिक संस्थाका रुपमा आफूलाई चिनाएको छ ।

बयासी जना आजीवन सदस्य, आवधिक निर्वाचनका माध्यमबाट नेतृत्व चयन गरी मदनमोहन जोशीदेखि हरिहर खनाल, रविकिरण निर्जीव, पोषराज पौडेल हुँदै हाल भवनाथ सडौलाले नेतृत्व सम्हालेका साहित्य सङ्गम चितवनले जिल्लामा विविध साहित्यिक क्रियाकलाप सम्पादन गर्दै आएको छ । स्थापित र नवोदित तथा प्रगतिवादी विचार र आस्थाका स्रस्टाहरुको साझा चौतारी साहित्य सङ्गम चितवनले बैङ्कमार्फत् आर्थिक कारोबार, पुरस्कार वितरणार्थ अक्षयकोष स्थापना, संस्था नवीकरण गरी आफ्ना गतिविधि सञ्चालन गर्दै आएको छ । यसैगरी यस संस्थामा सम्लग्न स्रस्टाहरु विभिन्न महत्त्वपूर्ण ओहदामा पुग्न सफल भएका छन् । जसले गर्दा सङ्गमको गरिमामा थप अभिवृद्धि भएको देखिन्छ ।

सङ्गमको आर्थिक स्थिति कमजोर रहेको छ । विभिन्न क्षेत्रबाट आर्थिक स्रोत जुटाएर मात्र कार्यक्रमहरु सम्पन्न गरेको देखिन्छ । नियमित रुपमा प्राप्त भइरहने कुनै भरपर्दो आर्थिक स्रोत नभएकाले कार्यक्रम विस्तार गर्न कठिनाई भएको देखिन्छ । तापनि सीमित साधन र श्रोतबीच रहेर पनि सङ्गमका सदस्यहरुको सक्रियता र जनसहभागिताको समर्थन तथा सहयोगले जे जति कार्य गर्‍यो त्यो प्रशंसनीय नै देखिन्छ ।

यसले स्थानीय तथा राष्ट्रिय रुपमा रही नेपाली भाषा, साहित्यको क्षेत्रमा उत्कृष्ट योगदान पुर्‍याएवापत साहित्य सङ्गम सम्मान तथा पुरस्कारले सम्मानित गर्दै आएको छ । यी मध्ये हालसम्म स्व.गणेश तथा हस्तकुमारी (लक्ष्मीदेवी) पन्त स्मृति पुरस्कारबाट तीनजना , सहिद शिव पौडेल स्मृति पुरस्कारबाट दुईजना, मदनमोहन जोशी स्मृति पुरस्कारबाट एकजना तथा साहित्य सङ्गम सम्मानद्धारा नौ जना गरी जम्मा स्रोह जना स्रस्टाहरुलाई सम्मान गरिसकेको छ । यी माथिका पुरस्कार तथा सम्मान मध्ये **साहित्य सङ्गम सम्मान** प्रत्येक दुई वर्षमा कुनै विशेष दिन पारेर वितरण गरिन्छ भने अन्य पुरस्कार वार्षिक पुण्य तिथिको अवसर पारेर वितरण गर्दै आएको छ । यसैगरी आफ्नो मुखपत्रका रुपमा **नौलो राँको**लाई निरन्तरता दिंदै यसको चार अङ्क सम्म प्रकाशन भएको छ । यसका सामयिक सङ्कलन, सामयिक भेट र मदनमोहन विशेषाङ्क आदि समेत प्रकाशित भैसकेका छन् । यसैगरी विभिन्न विधाका दश वटा कृतिहरु पनि प्रकाशित गरेको छ ।

साहित्य सङ्गम चितवन विभिन्न बाधा व्यवधान र अड्चनका बावजुद पनि जन्म भएर पञ्चायती व्यवस्थाका विरुद्ध र लोकतान्त्रिक शासन व्यवस्थाका पक्षमा सदा सङ्घर्ष गर्दै सबै प्रगतिवादी विचारका स्रस्टाहरुको मन विसाउने साझा चौतारीको रुपमा विकसित हुँदै सबैलाई सङ्गठित पार्दै वि.सं. २०४६ को जनआन्दोलनदेखि वि.सं.२०६३ सालको जनआन्दोलन दुई सम्म सक्रिय सहभागिता जनाउँदै जनतको बीचबाट जन्मेर जनतामै समर्पित एवम् जनताकै साहित्यलाई खोजी गर्ने, फूल्ने फल्ने अवसर दिने र साहित्य, भाषा, कला र संस्कृतिको क्षेत्रमा निरन्तर समर्पित तथा क्रियाशील संस्थाका रुपमा सङ्गम अद्यापि देखिएको छ । त्यसैले पनि साहित्य सङ्गम चितवन जनताको साहित्यिक संस्था हो र जनसाहित्यको विकासमा समर्पित रहेको छ ।

स्थानीय स्रस्टाहरुलाई नियमित भेटघाट गर्न साहित्यिक वातावरण तय गर्ने काम देखि लिएर नियमित रुपमा गोष्ठी तथा प्रतियोगिताको आयोजना गर्नु, विभिन्न पुरस्कार तथा स्रस्टा सम्मानको व्यवस्था गर्नु, पत्रिका तथा कृतिहरु प्रकाशन गर्नु, विभिन्न राष्ट्रिय अग्रज स्रस्टाहरुका जन्म जयन्ती पारेर विशेष कार्यक्रम गर्नु, विभिन्न साहित्यिक कार्यक्रम आयोजनामा अन्य संस्थाहरुसँग ऐक्यबद्धता जनाउनु आदि जस्ता साहित्यिक गतिविधि र क्रियाकलापले चितवन जिल्लाको साहित्यिक उन्नयनमा साहित्य सङ्गम चितवनको महत्त्वपूर्ण योगदान रहेको छ । यस संस्थाको चितवन जिल्लाको साहित्यिक विकासमा महत्त्वपूर्ण योगदान हुँदा हुँदै पनि केही कमी कमजोरी पनि नभएका होइनन् । त्यस्ता कमजोरीहरुलाई भविष्यमा परिमार्जन र संशोधनीय रुपमा अझ प्रभावकारी ढङ्गले सबैको सक्रिय सहभागितामा गतिशील बनाई राख्नु पर्ने आवश्यकता महसुस गरिएको छ । जेहोस् सङ्गम गतिशील र प्रगतिशील विचारधारालाई लिएर आफ्नो लक्ष्यमा अडिक रहेको सबै स्रस्टाहरुको वैचारिक मन्थनको साझा चौतारीका रुपमा रहेको छ ।

साहित्य सङ्गम चितवनका केही सामाग्रीहरुलाई यसै शोधपत्रको परिशिष्ट खण्डमा राखिएको छ । जसले यसको योगदानलाई थप पुष्टि गर्न सक्ने देखिन्छ । अतः समग्र रुपमा चितवन जिल्लाको साहित्यिक उन्नयनमा साहित्य सङ्गम चितवनको योगदान खोज्दा यसले गरेका साहित्यिक गतिविधि र यसले वहन गरेका दायित्वको बोधलाई समेत अध्ययन गर्दा सङ्गमको मूल्याङ्कन उच्च स्तरको रहेको पाइन्छ । त्यसैगरी चितवन जिल्लाका लामो समयदेखि क्रियाशिल र जीवित साहित्यिक संस्थाहरुको अनुसन्धान गर्ने हो भने पनि साहित्य सङ्गम चितवनकै नाम जोडिन आएको देखिन्छ । त्यसैले चितवन जिल्लाको साहित्यिक उन्नयनमा साहित्य सङ्गम चितवनको उल्लेखनीय र महत्त्वपूर्ण योगदान रहेको छ ।

यो शोधपत्र तयार गर्ने क्रममा उत्पन्न भएका समस्याहरुलाई ध्यानमा राख्दै भविष्यमा शोध गर्न चाहने व्यक्ति वा संस्थाहरुलाई सजिलो होस् भन्ने उद्देश्यले यहाँ केही सम्भावित शोधशीर्षकहरु उल्लेख गरिएको छ :-

## सम्भावित शोधशीर्षकहरु

१. चितवन जिल्लाको साहित्यिक विकासमा पत्रपत्रिकाहरुको योगदान ।

२. साहित्य सङ्गम चितवनबाट प्रकाशित कृतिहरुको विश्लेषण र मूल्याङ्कन ।

३. प्रगतिशिल साहित्यिक संस्थाहरुको गोरेटोमा साहित्य सङ्गम चितवनको भूमिका ।

४. चितवनका साहित्यिक संस्थाहरुको तुलनात्मक अध्ययन ।

५. साहित्य सङ्गम चितवन विगत र वर्तमानको कसौटीमा ।

६. चितवन जिल्लामा क्रियाशिल साहित्यकारहरुको सर्वेक्षण र मूल्याङ्कन ।

# सन्द ्ची

## क) सन्दर्भः पुस्तकसूची


अधिकारी, पूर्णबहादुर, **अनुभूतिका त्रिवेणी**, चितवन, साहित्य सङ्गम चितवन २०६५ ।

अस्तफल, सुरेन्द्र, **शब्दक्रान्ति**, चितवन अभिव्यञ्जना साहित्य प्रतिष्ठान, २०६६ ।

अज्ञात, कपिल, **ज्योतिष र साहित्य**, चितवन अध्ययन केन्द्र, २०६६ ।

**कृष्णसेन "इच्छुक", स्मृतिग्रन्थ**, काठमाडौ, अखिल नेपाल जनसांस्कृतिक महासङ्घ केन्द्रीय समिति, २०६५ ।

गौतम, लक्ष्मणप्रसाद, **चितवनको साहित्य सर्वेक्षण र विश्लेषण,** चितवन, चितवन वाङ्मय प्रतिष्ठान, २०५२ ।

गौतम, लक्ष्मणप्रसाद, **कवितामा गणतन्त्र**, चितवन, २०६५ ।

**चितवन जिल्लाको भौगोलिक तथा भौतिक स्थिति चित्रण**, चितवन जिल्ला पार्श्वचित्र, २०६१ ।

चापागाईं, चेतकान्त, **चेतनमनका गुञ्जन**, चितवन, साहित्य सङ्गम चितवन, २०६६ ।

चापागाईं, प्रकाश (सम्पा.), **स्मृतिका बिम्बमा सीता**, चितवन, साहित्य सङ्गम चितवन, २०६५ ।

तिवारी, सरिता, **अस्तित्वको घोषणापत्र**, चितवन, साहित्य सङ्गम चितवन, २०६७ ।

पाख्रिन, खुशीराम, **रक्तक्रान्तिका गीतह**रु, काठमाडौ, २०६३ ।

पोखरेल, डी.आर., **यथार्थवादी समालोचनाको गोरेटोमा**, चितवन, साहित्य सङ्गम चितवन, २०५८ ।

पोखरेल, डी.आर., **साहित्य सङ्गम चितवनको विगत र वर्तमान,** चितवन, साहित्य सङ्गम चितवन, २०६४ ।

पोखरेल, डी.आर., **समालोचनाको रुपरेखा**, चितवन, साहित्य सङ्गम चितवन, २०६७।

भट्टराई, धनेश्वर, **आस्थाका स्वरहरु**, चितवन, साहित्य सङ्गम चितवन, २०६६ ।

रेग्मी, ध्रुवकिरण, **दरिद्रताको परिवेश,** चितवन, साहित्य सङ्गम चितवन, २०६२ ।

शर्मा, श्यामप्रसाद**, साहित्यमा सापेक्षता,** चितवन, साहित्य सङ्गम चितवन, २०५० ।

श्रेष्ठ, दयाराम, **साहित्यको इतिहास, सिद्धान्त र सन्दर्भ,** काठमाडौ, त्रिकोण प्रकाशन, २०५९ ।

## ख) सन्दर्भः पत्रिकासूची

अज्ञात, कपिल, **चितवनको संस्थागत साहित्य र विकास,** चितवन महोत्सव स्मारिका, २०६५, पृष्ठ १४३ देखि १५३ ।

कोइराला, रामकला, **चितवन जिल्लाबाट प्रकाशित साहित्यिक पत्रिकाहरुको विवरणात्मक अध्ययन,** अप्रकाशित स्नातकोत्तर शोधपत्र त्रि.वि., (वीरेन्द्र बहुमुखी क्याम्पस) २०६१ ।

खनाल, केदारनाथ, ***चितवनको साहित्य र सँस्कृति,*** रत्ननगर दशै महोत्सव स्मारिका २०५७, पृष्ठ उल्लेख नभएको ।

खनाल, केदारनाथ, ***वाङ्मयको विकासमा चितवनका साहित्यिक सङ्घसंस्थाहरु,*** चितवन महोत्सव स्मारिका २०६१, पृष्ठ ३३ ।

खनाल, केदानरनाथ, **चितवन शैक्षिक नगरको रुपमा,** चितवन महोत्सव स्मारिका २०६५, पृष्ठ १०७ देखि १०८ ।

खनाल, नारायणप्रसाद, **चित्रवन शब्दः निर्वचन प्रक्रियाको कसिमा,** विवेक (वर्ष ५ अङ्क २ २०४६) पृष्ठ १५४ ।

खनाल, हरिहर, **साहित्य र अनुसन्धानका क्षेत्रमा चितवन,** विवेक, वर्ष २ अङ्कक ५, २०४६, पृष्ठ २४६ ।

खनाल, हरिहर, ***साहित्यः एक विहङ्गम दृष्टि,*** चितवन महोत्सव स्मारिका, २०५५ पृष्ठ ५२ ।

खनाल, हरिहर, **चितवनको साहित्यिक प्रकाशन,** चितवन महोत्सव स्मारिका २०५७, पृष्ठ ८५ ।

गौतम, लक्ष्मणप्रसाद, **चितवनको साहित्य यात्रा र प्रवृत्ति,** चितवन महोत्सव स्मारिका २०५७ पृष्ठ ९९ ।

**चितवन जिल्ला एक परिचय,** हातेपत्रिका, जि.वि.स.चितवन, २०६५, पृष्ठ उल्लेख नभएको ।

**जिल्लाको भौगोलिक तथा भौतिक स्थिति चित्रण**, चितवन जिल्ला पार्श्वचित्र, जि.वि.स.चितवन २०६१ ।

जोशी, मदनमोहन, ***नौलो राँको र साहित्य सङ्गम चितवनको सम्बन्ध,*** नौलो राँको, वर्ष ३९ अङ्क १ पूर्णाङ्क ८, २०६४, पृष्ठ १३१ ।

थपलिया, बालकृष्ण**, चितवनको साहित्यिक उन्नयनमा चितवन साहित्य परिषदको योगदान,** अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि.(वीरेन्द्र बहुमुखी क्याम्पस) २०६७।

निर्जीव, रविकिरण, **स्रष्टा चिनारी,** वर्गीकृत राष्ट्रिय दैनिक २०६२ माघ २६ गते, चितवन, पृष्ठ १२ ।

पोखरेल, डी.आर., ***चितवनको साहित्यिक पत्रपत्रिकाको संक्षिप्त रुपरेखा,*** हाम्रो सिर्जना, अङ्क ८ र ९, २०६६ असोज, पृष्ठ ५ देखि ६ ।

पौडेल, रमेशकुमार, ***चर्चा चितवनका पत्रपत्रिकाको,*** चितवन, रामेश्वर स्मारिका २०६४, पृष्ठ ९९ ।

भट्टराई, रमेश, ***लोकतान्त्रिक आन्दोलनमा स्रस्टाहरुको भूमिका,*** मधुपर्क, वर्ष ३१, अङ्क ३, २०६३, पृष्ठ ५ ।

मल्ल, विश्व, **समृद्ध र पूर्ण नेपाल,** चितवन महोत्सव स्मारिका, २०६५, पृष्ठ ८७ ।

रेग्मी, इन्द्र, ***कालापानीकी द्रौपदीमा निभा शाहः एक टिप्पणी,*** स्रस्टा अङ्क ४ जेठ २०६७ पृष्ठ ९ ।

वाग्ले श्रीचन्द्र, **चितवनका साहित्यिक सङ्घसंस्थाहरुको सर्वेक्षण र मूल्याङ्कन,** अप्रकाशित स्नातकोत्तर शोधपत्र त्रि.वि., (वीरेन्द्र बहुमुखी क्याम्पस २०६३) ।

शर्मा, लालकृष्ण, **चितवन जिल्लाको भौगोलिक परिचय,** विवेक, वर्ष ५ अङ्क २ २०४६, पृष्ठ १५ ।

सडौला, भवनाथ, ***साहित्य सङ्गम चितवन र मदनमोहन जोशीको सम्बन्ध,*** नौलो राँको, वर्ष ४१ अङ्क ९ २०६६, पृष्ठ ११७ ।

**ग) सहयोग लिएका अन्य पत्रिकाहरुः**

**नौलो राँको**का सबै अङ्कहरु, **पारदर्शी दैनिक, चितवन पोष्ट, वागेश्वरी, मधुलिका, मारुनी, गरिमा लगायत अभिलेखहरु** आदि ।

# परिशिष्ट खण्ड

## व्यक्ति परिचय फारमको नमूना

मैले त्रिभुवन विश्व विद्यालय वीरेन्द्र बहुमुखी क्याम्पस भरतपुर, नेपाली विभाग स्नातकोत्तर तह दोस्रो वर्षको दशौं पत्रको अनुसन्धानको लागि **चितवनको साहित्यिक उन्नयनमा साहित्य सङ्गम चितवनको योगदान** विषयमा शोध गर्न लागेकी र सो संस्थाबाट यहाँ सम्मानित हुनु भएकोमा निम्नानुसार जिज्ञासा मेटाइदिनुहुन हार्दिक अनुरोध गर्दछु :

**-निर्मलादेवी शर्मा**

क) सम्मानित प्रतिभाको संक्षिप्त परिचयः

१. नाम थर :

२. जन्म स्थान :

३. जन्म मिति :

४. बाबुआमा :

५. पारिवारीक संरचना :

६. शिक्षादिक्षा :

७. पेशा :

ख) लेखकीय परिचयः

१. साहित्यिक लेखनको सुरुवात :

२. पहिलो प्रकाशित रचना :

ग) प्रकाशित कृतिहरुः

| क्र.सं. | कृतिको नाम | प्रकाशित साल | विधा | कैफियत |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |
| ५ | | | | |

घ) सम्पादित कृतिहरुः

| क्र.सं. | कृतिको नाम | प्रकाशित साल | विधा | कैफियत |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |
| ५ | | | | |

ङ) सामाजिक/साहित्यिक सङ्घसंस्थामा क्रियाशिलताः

| क्र.सं. | संस्थाको नाम | जिम्मेवारी | साल |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |
| ५ | | | |

च) मान सम्मान/पुरस्कारः

| क्र.सं. | मानसम्मानको नाम | मानसम्मान गर्ने संस्थाको नाम | साल |
|---|---|---|---|
| १ | | | |
| २ | | | |

| | | | |
|---|---|---|---|
| ३ | | | |
| ४ | | | |
| ५ | | | |

छ) लेखन प्रेरणा:

ज) साहित्यप्रतिको दृष्टिकोण:

झ) साहित्य सङ्गम चितवनप्रतिको धारणा:

हस्ताक्षर

मितिः

सम्पर्क फोन:

***यहाँको सम्पूर्ण समय र जानकारीको लागि धन्यवाद ।***

**-निर्मलादेवी शर्मा**

# लिखित अर्न्तवार्ताका लागि प्रश्नावली

१. साहित्य सङ्गम चितवनको स्थापना तथा संस्थापकहरुको भेला कहिले र कसरी भयो ? (गते, महिना र साल पनि दिनुहोला)

२. यस संस्थाको नामाकरण कसरी भयो ?

३. साहित्य सङ्गम चितवनको प्रथम र दोस्रो बैठक कहिले भयो ? यि दुवै बैठकले गरेका निर्णयहरु के के थिए ? (गते, महिना र साल पनि)

४. यो संस्था स्थापना गर्नुको उद्देश्यहरु के के थिए ?

५. यस संस्थाले गरेका महत्त्वपूर्ण निर्णयहरु के के हुन र ती के कति कार्यान्वयन भए जस्तो लाग्छ ?

६. अन्य संस्थाका साहित्यिक गतिविधिका तुलनामा यस संस्थाको योगदान बताइदिनुहोला ।

७. यस संस्थाको अनय संस्थासँगको सम्बन्धको बारेमा बताइदिनुहोला । (यहाँलाई जानकारी भए कुन कुन संस्था सँग के कस्तो सम्बन्ध छ खुलाई दिनुहोला)

८. यस संस्थाले सम्पादन गरेका कार्यहरुको बारेमा यहाँलाई के थाहा छ ? (यदि थाहा छ भने कस्ता कस्ता कार्यहरु कहिले कहिले सम्पादन गरियो)

९. उद्देश्यका आधारमा हेर्दा यस संस्थाको योगदान कस्तो देख्नुहुन्छ ?

१०. यहाँको कार्यकालमा भएका महत्त्वपूर्ण कुरा वा प्रस्ताव र निर्णयहरु के-के थिए ?

११. यदि कोही व्यक्ति यस संस्थाको सदस्य हुन चाहयो भने कसरी सदस्यता दिने चलन थियो वा कस्ता व्यक्ति यस संस्थाको सदस्य हुन सक्थे ?

१२. यस संस्थाले राष्ट्रिय सरोकारको विषयमा केहि प्रस्तावहरु पारित गरेको छ कि छैन ? छ भने ति के के हुन ?

१३. यस संस्थाको शक्ति र सिमा बारे बताइदिनुहोला ?

१४. गुणात्मकताका दृष्टिले हेर्दा यस संस्थालाई कस्तो पाउनुहुन्छ ?

१५. अन्तमा मैले सोध्न नजानेका वा बिर्सेका र यस संस्थाको बारेमा सोध गर्दा छुटाउन नहुने कुरा भए बताइदिनुहोला ?

## साहित्य सङ्गम चितवनको विधान

### प्रस्तावना

साहित्य समाजको सोपान हो । साहित्यले समाजलाई अग्रगति प्रदान गर्छ । साहित्य जीवनमूलक हुन्छ । साहित्य जीवनका निम्ति लेखिन्छ । त्यसैले यस्तो साहित्यलाई प्रगतिवादी साहित्य भनिन्छ । यो जीवनविरोधी गतिविधि र अन्याय, अत्याचार एवम् रुढीवादी परम्पराका विरुद्व दृढतापूर्वक उभिएको हुन्छ । यसै उद्देश्यलाई साकार रुप दिन साहित्य लेख्ने साहित्यकारहरु नै प्रगतिवादी साहित्यकार हुन् । यसै मान्यता राख्ने विभिन्न विधाका चितवनका साहित्यकारहरुबाट वि.सं.२०४४ साल कार्तिक २८ गते **'साहित्य सङ्गम चितवन'** को जन्म भएको हो । यसै प्रयोजनको लागि साहित्य सङ्गम चितवनको विधान तयार गरी जारी गरिएको छ ।

<u>परिच्छेद-१</u>

प्रारम्भ

१. संस्थाको नाम :- यस संस्थाको नाम 'साहित्य सङ्गम चितवन' हुनेछ ।

क) संस्थाको कार्यालय रहने ठेगाना :- यस संस्थाको कार्यालय चितवन जिल्ला भरतपुर नगरपालिकामा रहनेछ ।

ख) संस्थाको कार्यक्षेत्र :- यस संस्थाको कार्यक्षेत्र चितवन जिल्ला भै अन्य क्षेत्रमा शाखा कार्यालय खोल्न सकिनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा

क) 'विधान' भन्नाले साहित्य सङ्गम चितवनको विधान भन्ने बुझिनेछ ।

ख) 'धारा' भन्नाले यस विधानको धारा भन्ने बुझिनेछ ।

ग) 'संस्था' भन्ने साहित्य सङ्गम चितवनलाई बुझाउनेछ ।

घ) 'सदस्यता' भन्नाले यस संस्थाको विधानअनुसार सदस्यता लिने व्यक्ति वा संस्थालाई बुझाउनेछ ।

ङ) 'पदाधिकारी' भन्नाले यस संस्थाका अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्ष आदिलाई बुझाउँछ ।

च) 'साधारण सभा' भन्नाले यस संस्थाको सर्वोच्च अङ्गलाई बुझाउँछ ।

३. संस्थाको छाप र चिन्ह : यस संस्थाको झण्डा रातो पृष्ठभूमिको बीचमा चितवनको भौगोलिक आकृति प्रष्ट देखिने हरियो रङको रेखा, त्यस आकृतिको बीचमा एक खाली कापी र कापीको ठीक माथिल्लो भागबाट ६०° को कोणमा उठेको लेख्ने अवस्थामा रहेको कलम रहनेछ ।

## परिच्छेद-२

## उद्देश्य

४. संस्थाको उद्देश्य : यस संस्थाको उद्देश्य देहाय बमोजिमको हुनेछ :

क) यो संस्था मुनाफारहित जनहितकारी संस्था हुनेछ ।

ख) प्रगतिशील लेखकहरुको हकहितको संरक्षण तथा सम्बर्द्धनका लागि प्रयत्नशील र कार्यरत रहने ।

ग) विद्यमान स्वदेशी तथा विदेशबाट आयतीत जनविरोधी साहित्य तथा संस्कृतिको विरुद्ध संघर्ष गर्दै मौलिक राष्ट्रिय जन साहित्यको योजनाबद्ध निर्माणको लागि प्रयत्नशील रहने ।

घ) प्रगतिशील लेखनलाई सम्वृद्धशाली र विकसित तुल्याउन संगठित एवं योजनाबद्ध रुपमा कार्यरत रहने ।

ङ) विभिन्न जातिहरुका भाषाहरुको समानुपातिक विकास, अन्तरजातीय तथा अन्तर भाषिक सामन्जस्यता र प्रत्येक जातिहरुको भाषिक एंव साहित्यिक विकासको कार्यमा निरन्तर लाग्ने ।

च) राष्ट्रिय स्वाधीनता, सार्वभौमिकता, क्षेत्रीय अखण्डता तथा राष्ट्रिय अर्थतन्त्रको पक्षमा रहँदै सबै प्रकारका असमान सन्धिहरुका खारेजीको निम्ति प्रयत्नशील रहने र राष्ट्रियता विरोधी क्रियाकलापहरुको विरुद्धमा उभिने ।

छ) जनताका प्रत्येक न्यायपूर्ण संघर्षको पक्षमा कलम चलाउने र निरङ्कुशताको दृढतापूर्वक विरोध गर्दै मानवअधिकारको पूर्ण वहालीको निम्ति प्रयत्नशील रहने ।

ज) कुनै एक भाषाको मात्र विकासले विभिन्न भाषाहरु बोल्ने जातिहरुबीच साम्प्रदायिक कलह सिर्जना हुन सक्ने भएकोले सबै भाषाको समानधिकार र समान रुपमा उत्थानको लागि संघर्षशील रहने ।

झ) आवश्यकता अनुसार विभिन्न विदेशी तथा स्वदेशी भाषाका कृतिहरुलाई एक अर्काको भाषामा अनुवाद गर्ने ।

ञ) विभिन्न जातिका जनताहरु बीच, फूट, जातीय द्वेष, अहंकार फैलाउने र साम्प्रादायिक विचार भट्काउन खोज्ने तत्व र प्रयत्नहरुको विरुद्धमा कलम चलाउने ।

ट) कुनै पनि शक्ति राष्ट्रहरुको विश्व प्रभुत्व प्राप्त गर्न खोज्ने कृयाकलाप र अन्यायपूर्ण आक्रमणको विरोध गर्ने र प्रत्येक देशको सामाजिक मुक्ति संघर्ष र विश्व शान्तिको पक्षपाती रहने ।

ठ) स्वदेशका प्रगतिशील तथा जनवादी संस्कृति-साहित्यिक संगठनहरुसँग भाइचारा एवं मैत्रीपूर्ण सम्बन्ध राख्ने ।

५. संस्थाको उद्देश्य प्राप्त गर्न गरिने कामहरु : यस संस्थाको उपर्युक्त उद्देश्य प्राप्त गर्न देहायका कामहरु गर्नेछ :

क) संस्थाले प्रचलित नेपाल कानुन बमोजिम सम्बन्धित निकायबाट अनुमति वा इजाजत प्राप्त गरेर मात्र उपर्युक्त उद्देश्य कार्यान्वयन गर्नेछ ।

ख) संस्थालाई आवश्यक पर्ने भवन निर्माण गर्ने वा भाडामा वा लिजमा लिनेछ र कम्प्युटर, टेलिफोन, टाइपराइटर, फ्याक्स जस्ता कार्यालय सामान तथा सवारी साधन खरीद गर्नेछ वा भाडामा लिई प्रयोग गर्नेछ ।

ग) संस्थालाई आवश्यक पर्ने कर्मचारी नियुक्ति गर्ने तथा तिनको सेवाका सर्तहरु निर्धारण गर्नेछ ।

घ) संस्थामा प्राप्त रकम बैंकमा जम्मा गरी बैंक खाता सञ्चालन गर्ने छ ।

ङ) अन्य आवश्यक कुराहरु ।

## परिच्छेद-३

## सदस्यता

६. सदस्यताको वर्गीकरण :

क) साधारण सदस्य

ख) मानार्थ सदस्य

ग) आजीवन सदस्य

७. सदस्यताको प्राप्तिका लागि आवश्यक योग्यता :

क) साहित्य सङ्गम चितवनका आम कार्यक्रम र उद्देश्यसँग सहमत कुनै पनि साहित्यकार र लेखन कार्यमा संलग्न त्यस्ता व्यक्तिहरु जसका कम्तीमा दुईवटा रचनाहरु प्रकाशित भइसकेका छन् भने सङ्गमको सदस्य बन्न सक्नेछन् ।

ख) सङ्गमको उद्देश्य र कार्यक्रम अनुसार क्रियाशील रही साहित्यको लामो सेवा गरेका व्यक्तिहरुलाई सङ्गमको कार्यसमितिद्वारा निर्णय गराई मानार्थ सदस्यता प्रदान गर्न सकिनेछ ।

८. संस्थाको सदस्य नियुक्ति हुन वा बहाल रहन नसक्ने अवस्था : (१) देहायका कुनै व्यक्ति संस्थाको सदस्य पदमा नियुक्ति हुन सक्ने छैन :

क) गैह्र नेपाली नागरिक,

ख) मगज बिग्रेको वा बौलाएको,

ग) दामासाहीमा परेको,

घ) कुनै प्रकारको चोरी, ठगी, किर्ते वा जालसाझी गरेको वा आफ्नो जिम्माको धनमाल अनधिकृत तवरले मासेको वा दुरुपयोग गरेको वा भ्रष्टाचार गरेको अभियोगमा अदालतबाट कसुरदार ठहरी सजाय पाइ सजाय पाएको एक वर्ष भित्र,

ङ) सदस्यता शुल्क बुझाउन बाँकी भएको,

९. देहायको अवस्थामा कुनै व्यक्ति संस्थाको सदस्यमा वहाल रहने छैनः

क) उप दफा (१) बमोजिम सदस्य पदमा नियुक्त हुन नसक्ने भएमा,

ख) साधारण सभाबाट ७५% को बहुमतले संस्थाको सदस्य पदबाट हटाउने प्रस्ताव पास गरेमा,

ग) सदस्यले आफ्नो पदबाट दिएको राजिनामा स्वीकृत भएमा,

घ) संस्थाको काम कारवाहीमा बेइमानी वा बदनियत गरेको कुरा अदालतबाट प्रमाणित भएमा,

ङ) यस विधान बमोजिम संस्थाले गर्न नहुने भनी तोकिएको कुनै कार्य गरेमा,

कुनै व्यक्तिलाई संस्थाको सदस्यमा नियुक्ति हुन वा वहाल रहन अयोग्य ठहराउनु भन्दा अघि संस्थाले निजलाई सो कुराको सूचना दिई सफाईको सबुद पेश गर्ने मौका दिनुपर्नेछ ।

१०. सदस्यता शुल्क र सदस्यता प्रदान गर्ने विधि :

क) धारा ७ (क) मा उल्लेख भएअनुसार व्यक्तिहरुले सङ्गमद्वारा निर्धारित आवेदन भरेर पेश गरे पश्चात् साहित्य सङ्गम चितवनले सदस्यता प्रदान गर्नेछ ।

ख) सदस्यता शुल्कको रुपमा प्रत्येक सदस्यले एक कार्यावधिको लागि एकमुष्ट रु. १००।- बुझाउनु पर्नेछ ।

## परिच्छेद-४

## साधारण सभा तथा बैठक सम्बन्धी व्यवस्था

११. संस्थाको सभा बोलाउने तरिका र सभाका लागि दिनुपर्ने सूचना सम्बन्धी कुराहरुः

१) यस संस्थाको साधारण सभा देहाय बमोजिम हुनेछः

क) वार्षिक साधारण सभा

ख) विशेष साधारण सभा

२) यस संस्थाको प्रथम वार्षिक साधारण सभा संस्थापन भएको आर्थिक वर्ष समाप्त भएको मितिले २ महिना भित्रमा गरिनेछ र त्यसपछि वार्षिक साधारण सभाहरु आ.व.समाप्त भएको मितिले २ महिनाभित्र गरिनेछ ।

३) यस संस्थाको वार्षिक साधारण सभा गर्नका लागि कम्तिमा १५ दिन अगावै र विशेष साधारण सभा गर्नका लागि कम्तीमा ७ दिन अगावै सभा हुने ठाउँ, मिति र छलफल गर्ने विषय खोली सबै साधारण सदस्यलाई सूचना दिइनेछ ।

४) उपनियम (३) बमोजिम बोलाइएको साधारण सभामा नियम ८ बमोजिमको गणपुरक संख्या नपुगी सभा हुन नसकेमा कम्तीमा ७ दिनको म्याद दिई पुनः साधारण सभा बोलाइनेछ ।

१२. कार्य समिति :

क) कार्य समितिको गठन अधिवेशनबाट हुनेछ ।

ख) यस संस्थामा ११ जनाको कार्यसमिति हुनेछ ।

ग) कार्य समितिको कार्यकाल ३ वर्षको हुनेछ ।

घ) वार्षिक साधारण सभा हुनुभन्दा अगावै कुनै कार्य समितिमा रहेको सदस्यको पद रिक्त हुन आएमा बाँकी अवधिका लागि कार्य समितिका सदस्यको नियुक्ति कार्य समितिद्वारा गर्न सकिनेछ । कुनै सदस्यको पद बीचमा रिक्त भएमा सो पदमा नियुक्त भएको सदस्यको कार्यकाल सो सदस्य जुन सदस्य पद रिक्त भई नियुक्त भएको हो सो सदस्य बाँकी कार्यकालसम्मको लागि मात्र हुनेछ ।

ङ) कार्य समितिको बैठक आवश्यकताअनुसार कार्य समितिको अध्यक्षले बोलाउने छ । जम्मा सदस्य संख्याको ५१ प्रतिशत सदस्यले माग गरेमा अध्यक्षले कार्य समितिको बैठक बोलाउनुपर्नेछ ।

च) कार्य समितिको बैठकमा सदस्य स्वयं उपस्थित हुनुपर्नेछ ।

छ) सदस्यहरुको जम्मा संख्याको कम्तिमा ५१ प्रतिशत सदस्यहरु उपस्थित नभई कार्य समितिको बैठक हुने छैन ।

ज) कार्य समितिको बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ । अध्यक्षको अनुपस्थितिमा बैठकमा उपस्थिति सदस्यहरले छानेको सदस्यले अध्यक्षता गर्नेछ ।

झ) कार्य समितिको बैठकमा बहुमतको निर्णय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिन सक्नेछ ।

ञ) कार्य समितिको बैठकमा छलफल भएको विषय र तत्सम्बन्धमा भएको निर्णयको विवरण (माइन्युट) छुट्टै किताबमा लेखी राख्नुपर्नेछ र सो निर्णय विवरणमा बैठकमा उपस्थित सम्पूर्ण सदस्यहरुको कम्तीमा ५१ प्रतिशतले सही गर्नुपर्नेछ ।

ट) माथिका उपनियमहरमा जुनसुकै कुरा लेखिएको भएतापनि कार्य समितिले गर्न पाउने कुनै कामको सम्बन्धमा कार्य समितिका सबै सदस्यहरु लिखित रुपमा सहमत भएमा त्यस्तो सहमतिलाई निर्णय पुस्तिकामा संलग्न गरी त्यस्तो काम बैठक बिना पनि गर्न सकिनेछ । उपरोक्त बमोजिमको सहमतिलाई कायसमितिको बैठकको निर्णय सरह मानिनेछ ।

ठ) संस्थाले गर्ने भनिएको सम्पूर्ण कार्य कार्यसमितिको निर्णयबाट हुनेछ ।

## परिच्छेद-५

१३. काम, कर्तव्य र अधिकार :

क) अध्यक्ष :

अ) सङ्गमका पदाधिकारीहरुको निरीक्षण र सुपरिवेक्षण गर्ने ।

आ) सङ्गमको विकासको लागि नेतृत्व प्रदान गर्ने ।

इ) बैठकमा मतदान गर्नुपर्दा मत बराबर भएमा निर्णायक मत दिने ।

ई) सङ्गमको कोषबाट आवश्यकता अनुसार पछि बैठकबाट अनुमोदन गर्ने गरी रु. २००।- सम्म झिकेर खर्च गर्न सक्नेछन् ।

ख) उपाध्यक्ष :

अ) अध्यक्षको अनुपस्थितिमा अध्यक्षले गर्ने कार्य गर्ने ।

आ) अध्यक्षको काममा सहयोग र सल्लाह दिने ।

ग) सचिव :

अ) समितिको दैनिक कार्य सञ्चालन गर्ने ।

आ) अध्यक्षको परामर्श लिई बैठक बोलाउने, प्रतिवेदन तयार पार्ने र कार्यक्रम तर्जुमा गर्ने ।

इ) पछि कार्यसमितिको बैठकमा अनुमोदन गराउने गरी सङ्गमको कोषबाट बढीमा रु. १००।- सम्म खर्च गर्ने ।

घ) सह-सचिव :

अ) सचिवको अनुपस्थितिमा सचिवले गर्ने कार्य गर्ने ।

ङ) कोषाध्यक्ष :

अ) आम्दानी खर्चको फाँटवारी राख्ने ।

आ) अध्यक्षको निर्देशन अनुसार बजेट तयार पार्ने र बैठकमा पेश गर्ने ।

इ) सङ्गमलाई आर्थिक रुपले सुदृढ पार्न नेतृत्व प्रदान गर्ने ।

च) सदस्य :

अ) समितिको कार्यको अवलोकन र निरीक्षण गर्ने ।

आ) समितिलाई सहयोग र सल्लाह प्रदान गर्ने ।

छ) सल्लाहकार समिति : कार्यसमितिले संस्थामा योगदान पुऱ्याएका बरिष्ठ सदस्यहरुबाट सल्लाहकार समिति गठन गर्ने छ जसमा १ जना सदस्य रहने छन् ।

१४. गणपुरक संख्या : कुल सदस्य संख्याको ६० प्रतिशतको प्रतिनिधित्व हुने गरी साधरण सदस्यहरु उपस्थित नभई साधारण सभाको काम कारवाही हुनेछैन ।

तर विधानको दफा ११ को उपदफा (४) मा उल्लेख भए बमोजिम पुनःबोलाइएको साधारण सभामा कुल संस्थापक संख्याको ५१ प्रतिशत प्रतिनिधित्व हुने गरी उपस्थित भएमा सभा गर्न बाधा पर्ने छैन ।

१५. संस्थाको कोष : (१) संस्थाको आफ्नो एउटा छुट्टै कोष हुनेछ र सो कोषमा देहाय बमोजिम प्राप्त रकमहरु रहने छन् ।

क) सदस्यता शुल्क बापत प्राप्त रकम

ख) कसैले स्वेच्छाले दिएको अनुदान रकम

२) विदेशी संघ-संस्थाबाट अनुदान रकम लिनेभए संस्थाले अर्थ मन्त्रालयको स्वीकृति लिनेछ ।

१६. खाता सञ्चालन : संस्थाको अध्यक्ष र कोषाध्यक्षको संयुक्त दस्तखतबाट खाता सञ्चालन हुनेछ । प्रचलित ऐन नियम अनुसार खर्च गर्ने तथा खर्चको श्रेस्ता राख्ने व्यवस्था मिलाउनुपर्ने व्यवस्था गरिनेछ ।

१७. संस्थाको लेखा र लेखा परीक्षण :

क) संस्थाको आय-व्ययको लेखा प्रचलित कानुन बमोजिम राखिने छ ।

ख) संस्थाको लेखा परीक्षण प्रचलित कानुन बमोजिम रजिष्टर्ड लेखापरीक्षणबाट हुनेछ ।

ग) नेपाल सरकार वा स्थानीय अधिकारीले चाहेमा जुनसुकै बखत पनि संस्थाको हिसाब किताब जाँच्न वा जँचाउन सक्नेछ ।

घ) लेखा परीक्षकको नियुक्ति वार्षिक साधारण सभाबाट हुनेछ । तर प्रथम वार्षिक साधारण सभा नभएसम्म लेखापरीक्षकको नियुक्ति कार्य समितिबाट हुनेछ ।

## परिच्छेद-६

१८. निर्वाचन सम्बन्धी व्यवस्था :

निर्वाचन कार्य विधि :

क) कार्यकारिणीको निर्वाचन साधारण सभाबाट गठित निर्वाचन आयोगबाट हुनेछ ।

ख) निर्वाचन आयोग सर्वाधिकार सम्पन्न रहनेछ ।

ग) निर्वाचन सम्बन्धि उपनियमहरु आयोगले बनाउन सक्नेछ ।

१९. उम्मेदवार हुने योग्यता :

क) संस्थाको उद्देश्यसँग सहमत कुनै पनि सदस्य कार्यकारिणी उम्मेदवार हुन सक्नेछ ।

ख) निर्वाचन आयोगका सदस्य कुनै पनि पदमा उम्मेदवार हुन सक्ने छैनन् ।

२०. अविश्वासको प्रस्ताव :

क) प्रस्तुति प्रक्रियाः अविश्वसाको प्रस्ताव एक तिहाइ संख्याले ल्याउन सक्नेछ ।

ख) निर्णयः अविश्वासको प्रस्ताव दुई तिहाइ बहुमतले पास गर्न सक्नेछ ।

२१. विधान संशोधन :

कुल सदस्य संख्याको दुई तिहाइ सदस्यहरुले अनुमोदन गरे पश्चात् मात्र संस्थाको कुनै दफा संशोधन वा खारेजका लागि स्थानीय अधिकारी समक्ष सिफारिश गरी पठाउनु पर्नेछ । स्थानीय अधिकारीबाट स्वीकृत भए पश्चात् मात्र संस्थाको कुनै दफा संशोधन वा खारेज भएको मानिनेछ ।

२२. विनिमय बनाउन सक्नेः संस्थाले आफनो कार्य सम्पादन गर्ने सम्दर्भमा आवश्यक विनिमय बनाउन सक्नेछ र सो को जानकारी स्थानीय अधिकारीलाई दिनुपर्नेछ ।

२३. तदर्थ समिति : यो संस्था स्थापना गरी दर्ता गराउनको लागि गठित तदर्थ समितिले ६ महिनाभित्र विधान अनुसारको निर्वाचन कार्य गर्नका लागि समितिको गठन गर्नुपर्नेछ । सो अवधिमा कार्य समितिले गरेको कामहरु यसै विधान अनुसार भएको मानिनेछ ।

२४. संस्था खारेजी : (१) साधारण सभाले आवश्यक देखेमा विशेष प्रस्ताव पारित गरी संस्था खारेज गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम खारेजीको प्रस्ताव पारित गर्दा साधारण सभाले खारेजीको कामका लागि एक वा एकभन्दा बढी लिक्विडेटरहरु र संस्थाको हिसाबकिताब जाँच गर्नका लागि एक वा एकभन्दा बढी लेखा परीक्षकहरु नियुक्त गर्न सक्नेछन् । लिक्विडेटर र लेखापरीक्षकहरुको पारिश्रमिक साधारण सभाले तोकिएको बमोजिम हुनेछ ।


(३) उपनियम (२) बमोजिम नियुक्त लिक्विडेटर तथा लेखापरीक्षकले संस्था खारेजी सम्बन्धी काम कारवाही गर्नेछन् ।


२५. ऐन अनुसार हुने : यस विधानमा उल्लेख नभएका कुराहरु प्रचलित कानुन बमोजिम हुनेछ र संस्था दर्ता ऐन, नियम र प्रचलित कानुनसँग बाझिन गएका कुराहरु स्वतः निष्कृय हुनेछन् ।


२६. हामी "साहित्य सङ्गम चितवन" का निम्न संस्थापकहरु यस विधान बमोजिम कार्य गर्न मञ्जुर भई निम्न साक्षीको रोहवरमा विधान सहीछाप गर्दछौं ।


| संस्थापकको नाम, थर र ठेगाना | साक्षीको नाम, थर र ठेगाना |
|---|---|
| १. डि.आर. पोखरेल, भ.न.पा.-१० चितवन | १. श्री जनेश गुरुङ्ग, भ.न.पा.-१२, चितवन |
| २. श्री नमूना शर्मा, भ.न.पा.-२, चितवन | २. श्री देवराज पौडेल, गैडाकोट, नवलपरासी |
| ३. श्री सरिता तिवारी, भ.न.पा.-११, चितवन | ३. श्री भुपेन्द्र खड्का, भ.न.पा.-११, चितवन |
| ४. श्री जगतराज पौडेल, भ.न.पा.-१०, चितवन | ४. श्री प्रेमबहादुर, भ.न.पा.-११, चितवन |
| ५. श्री इन्द्रप्रसाद रेग्मी, भ.न.पा.-१०, चितवन | ५. श्री टंकराज शर्मा, गैडाकोट, नवलपरासी |

## साहित्य सङ्गम  चितवनबाट प्रकाशित पुस्तक तथा नौलो राँकोका अङ्कहरु


















अनुभूतिका त्रिवेणी
पूर्णबहादुर अधिकारी


स्मृतिका बिम्बमा सीता
प्रकाशक
साहित्य संगम, चितवन
२०६५


चेतनमनका गुञ्जन
(कविता सङ्ग्रह)


आस्थाका स्वरहरू









**नौलो राँकोका अङ्कहरु क्रमशः**








ल्लाको नक्सा

